# सत्यतत्त्व एक चिन्तन



सुखी होतु नेपाल
बुद्ध विहार-भृकुटीमण्डप

डा. गणेश माली

Downloaded from http://www.dhamma.digital

# सत्यतत्व एक चिन्तन

सुखी होतु नेपाल
बुद्ध विहार-भृकुटीमण्डप
फो नं. ०१-४-२२६७०२, ४-४४८२९८४

Downloaded from http://www.dhamma.digital

# सत्यतत्व एक चिन्तन

Dhamma.Digital

लेखक

डा. गणेश माली

सम्पादक तथा संयोजन

कोण्डन्य

सम्पादन सहयोगी

भिक्षु निग्रोध

Downloaded from http://www.dhamma.digital



# सत्यतत्व-एक चिन्तन

विश्व सत्यतामा आधारित छ, यहाँ परिवर्तनका नियमहरू भित्र पनि सत्यता हुन्छ । यस बारे आत्म चिन्तनको रूपमा सुरू भएको यो चिन्तन अझै अपूर्ण छ, यसमा अरु आयामहरू पनि थपिन सक्छन् ।- *लेखक*



Downloaded from http://www.dhamma.digital

# सत्यतत्व एक चिन्तन

लेखक

डा. गणेश माली

सम्पादक तथा संयोजन

कोण्डन्य

सम्पादन सहयोगी

भिक्षु निग्रोध

सहयोगीहरू

भिक्षु मंगल, भिक्षु वजिरबुद्धि,
फल समान शाक्य, राजु महर्जन,

प्रकाशन प्रबन्ध

बुद्ध विहार भृकुटीमण्डप, काठमाडौं

प्रकाशक

सुखी होतु नेपाल

बुद्ध विहार-भृकुटीमण्डप

फो नं. ०१-४-२२६७०२, ४-४४८२९८४

Downloaded from http://www.dhamma.digital

Sukhi Hotu BV Series 013/2547

प्रकाशक :
सुखी होतु नेपाल
बुद्ध विहार, भृकुटीमण्डप
फोन : ४२२६७०२, ४४८२९८४
E-mail : sukhi@ntc.net.np

© सुखी होतु नेपाल

मुद्रण कर्पोरेट बडी अफ द बुद्ध एजुकेशनल फाउण्डेशन, टाइवान

कम्प्यूटर डिल्लीराम गौतम 'राजु'

कभर : दिपक महर्जन
प्रकाशन : बु. सं. २५४७, बि. सं. २०६०
ने. सं. ११२४, ई. सं. २००४

Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन ।

**This book is strictly for free distribution, it is not to be sold.**
Printed in Taiwan

Downloaded from http://www.dhamma.digital

# यस पुस्तकको बारेमा

वाल्यकालमा दिवंगत पूजनीय बुबाज्यू (तीर्थ बहादुर माली) ले रोपी दिनुभएको सत्य शान्ति र धर्मको वीजलाई दरवार हाइस्कूलमा कक्षा ८-१० का विद्यार्थी छँदा अंग्रेजी व्याकरणको साथै धर्म र नैतिकता बढाउने दिवंगत पूज्य गुरुवर प्रा. क्षितीश चन्द्र चक्रवर्तीले मलजल हाली हुर्काउनु भएको विरूवालाई पछि (वि.स. २०५० देखि) आफ्नै स्वाध्याय, चिन्तन, साधना र केही बौद्ध बिद्वानहरूको सहायताले सम्बर्द्धन गरी करीब ५ दशकको अवधिभित्र फलेका फलहरू मध्ये केहीलाई लेखहरूको रूपमा प्रकाशित गरी आएको र यत्रतत्र छरिएका कतिपय लेखहरू मध्ये पनि धेरै जसो हराइ सकेको हुनाले, ती मध्ये बचेखुचेकालाई एउटा पुस्तकको रूपदिने सुझाव पूज्य भन्तेद्वय **बुद्ध विहारका प्रमुख भिक्षु कोण्डन्य र सुखी होतु नेपालका भिक्षु निग्रोधले** दिनु भएको थियो र वहाँहरूकै सत्प्रयासको फल स्वरूप केही नेपाली र नेपाल भाषामा लेखिएका लेखहरूलाई संगाली उहाँहरूलाई बुझाएं । उहाँहरूकै संयोजन र सम्पादनमा पहिलो चरणको रूपमा आज प्रकाशनमा देखिनुमा उहाँ श्रद्धेय भन्तेहरूप्रति जतिसुकै कृतज्ञता र आभार व्यक्त गरेपनि अपुगनै हुनेछ ।

यस पुस्तकमा लामो लेखको रूपमा समावेश गरिएको '**सत्यतत्व-एक चिन्तन**' लाई मेरो हृदयको ढुकढुकीनै भन्नु सायद अत्युक्ति नहोला, किनकि विगत ५० वर्ष देखि यसबारे मैले अटूट रूपमा चिन्तन मनन र साधना गर्दै आएको छु । बेला बेलामा यसलाई पुस्तकको रूपदिने प्रयास पनि गरेको र हाल आएर लामो लेखको रूपमानै भएपनि प्रकाशित हुन गएकोमा म भन्तेद्वयप्रति पुनः हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दछु । यस लेखलाई वर्तमान रूपमा ल्याउने बारे सुझावहरू दिने सबैमा पनि म यस अवसरमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

श्रद्धेय भन्ते कुमार काश्यप महास्थविरले पनि मेरा लेखहरू संग्रहको रूपमा प्रकाशित गर्ने सुझाव दिनुभएको र आफ्नो व्यस्तताको बावजूद

Downloaded from http://www.dhamma.digital

समय-समयमा मेरा कतिपय लेखहरू कत्ति झर्को नमानी हेर्नुभई लेखहरूलाई अझ उपयोगी वनाउन अनमोल मन्तव्यहरू दिंदै आउनुभएकोमा म श्रद्धेय भन्ते प्रति हार्दिक कृतज्ञता एवं धन्यवाद अर्पण गर्दछु । मेरा लेखहरू बेलाबखत हेर्नुभई अनमोल सुझावहरू दिने गर्नुभएका दिवंगत भन्ते सुदर्शन महास्थविरमा पनि म हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

मानव जातिलाई सत्य र शान्ति तर्फ लैजाने आधुनिक वैज्ञानिक युग सुहाउँदो विशुद्ध-बुद्धधर्मलाई प्रचार/प्रसार गर्ने कार्यमा प्रस्तुत पुस्तकले अलिकति मात्र भएपनि सघाएमा म आफ्नो सानो प्रयासलाई सफल भएको सम्झने छु ।

पुस्तकको प्रकाशन संयोजन गर्ने बुद्ध विहार भृकुटीमण्डप तथा पुस्तकलाई प्रकाशकको भूमिका निभाई आवश्यक सम्पूर्ण चाँजोपाँजो मिलाउने सुखी होतु नेपाललाई पनि साधुवाद व्यक्तगर्दै सुखी होतुले जनमानसमा बुद्धशासनिक कार्यका लागि निरन्तररूपमा अगाडि बढ्न कुनै बाधा-व्यवधान नआओस् भन्ने कामना गर्दछु । यसरीनै यस पुस्तकलाई निःशुल्क मुद्रण गर्न सदाशयता प्रकट गर्ने The Corporate Body of Buddha Educational Foundation, Taiwan का सम्पूर्ण परिवारप्रति हार्दिक साधुवाद व्यक्त गर्दछु । पुनः अन्तमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरूप्रति साधुवाद व्यक्त गर्दछु ।

**डा. गणेश बहादुर माली**

**क्षत्रपाटी**

**म्हपूजा ने.सं. ११२४**

**९ कार्तिक वि.सं. २०६०**

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय केही शब्द

सत्यतत्व एक चिन्तन बौद्ध जगतमा ज्यादै महत्वपूर्ण पठनीय एवं संग्रहनीय नै होला भन्ने दृढ भावना हामीलाई लागेको छ । डा . गणेश मालीद्वारा रचित प्रस्तुत पुस्तक कति महत्वपूर्ण छ भन्ने कुरा पाठकहरु स्वयं नै मूल्यांकन गर्नुहुने त नै बाकी छ । सुखी होतु नेपालको तेह्रौं प्रकाशन माला नेपाली बौद्धजन समक्ष टाइवानको The Corporate Body of the Buddha Eduational Foundation बाट नि:शुल्क मुद्रण भएर आउँदा सर्व सुलभ तरिकाले जिज्ञासुहरुलाई उपलब्ध गराउन सक्ने विषय निश्चय पनि सबैको लागिनै सुखकर विषय हो । यस पुस्तकलाई यो स्वरुपमा सम्पादन गरी प्रकाशन गर्ने कार्यमा भूमिकाका जिभाउने सुखी होतु नेपालका अध्यक्ष कोण्डन्य भन्तेलाई पनि साधुवाद छ ।

प्रस्तुत पुस्तकका रचनाकार डा . गणेश मालीको अथक प्रयासको गुणानुस्मरण गर्दै उहाँहरुमा साधुवाद एवं आभार ब्यक्त गर्दछु । साथै यस पुस्तकलाई टाइवानमा मुद्रण गर्न सहयोग गर्नेहरु भिक्षु मंगल, भिक्षु वजिरबुद्धिप्रति पनि साधुवाद व्यक्त गर्दछु । यसरीनै विशेषत: मुद्रण गर्न उदार दातृ संस्था The Corporate Body of the Buddha Educational Foundation प्रति हार्दिक आभार प्रकट गर्दै उत्तरोत्तर उन्नति एवं प्रगतिको कामना गर्दछु । प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरु सबैमा साधुवाद ।

अन्तमा सुखी होतु नेपालका सम्पूर्ण शुभ चिन्तकहरुप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु । चिरं तिट्ठतु सद्धम्मो ।

भिक्षु निग्रोध
(सचिव)

सुखी होतु नेपाल, बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं ।
म्ह पूजा, नेपाल सम्बत् ११२४

Downloaded from http://www.dhamma.digital

Sukhi Hotu BV Series 013/2547

Published By :
**Sukhi Hotu Nepal**
**Buddha Vihara Bhrikutimandapa**
**Phone : 4226702, 4482984**
**E-mail : sukhi@ntc.net.np**

© Sukhi Hotu Nepal

*Satyatatwa Yek Chintan :*
**Prof. Dr. Ganesh Bahadur Mali**

*Compiled and Management by :*
**Ven. Kondanya & Bhikhsu Nigrodha**

*Co-ordination :*
**Ven. Mangala, Ven. Vazira Buddhi**
**Phals Man Shakya, Raju Maharjan**

*Management for publication :*
**Buddha Vihara Bhrikutimandapa, KTM**

*Computer Layout :*
**Dilliram Gautam"Raju"**

*Published by :*
**Sukhi Hotu Nepal**

*Reprinted for free distribution by :*
**The Corpotate Body of The Buddha Educational Foundation, Taiwan**

Published :B.E. 2547. B.S. 2060
:N.E. 1124. A.D. 2004

Reprinted for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

**यो पुस्तक नि:शुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन ।**
**This book is strictly for free distribution, it is not to be sold.**

Printed in Taiwan

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

बुद्ध-जन्मभूमि नेपाल अधिराज्यमा बुद्ध, बुद्धधर्म, बौद्ध दर्शन एवं सभ्यतामा जुन तवरको विधि-व्यवहार हुनुपर्ने हो, त्यो सम्पूर्ण रूपमा जे-जसरी जुन रूपमा अगाडि बढ्नु पर्ने हो, त्यो पूर्ण भइसकेको छ भन्ने ठाउँ अझै गर्वकासाथ भन्ने ठाउँ रहेको छैन । आज बुद्धधर्म र दर्शन बारे विभिन्न पुस्तकहरू प्रकाशन हुँदै गइरहेको सबैको लागि सुखद् कुरा हो । धर्मलाई परम्परागत एवं संस्कारगत रूपमा जसरी निरन्तरता दिइनु पर्छ भनी एकपक्षको अभिमत रहेको छ भने अर्को पक्ष धर्मलाई विज्ञानसम्मत तवरमा अगाडि बढाइनुपर्छ भन्ने अर्को पक्ष रहेको छ। तर आजभोलि बुद्ध शिक्षालाई विज्ञानसम्मत तवरमा व्याख्या र विश्लेषण गर्ने जुन कार्यहरू एक पछि अर्को गर्दै प्रयोगात्मक रूपमा अगाडि बढेको छ, यो सकारात्मक एवं रचनात्मक पक्षनै हो भन्दा अत्यूक्ति नहोला ।

बुद्धधर्म र विज्ञान सम्बन्धी निरन्तर रूपमा लेख-रचना प्रकाशित गर्दै आउनु हुने डा. गणेश मालीले **"सत्यतत्व एक चिन्तन"** मा धर्म र विज्ञानलाई वैज्ञानिक तवरमा विश्लेषण गर्ने जमर्को गर्नु भएको सबैकोलागि सुखकर विषयनै हुनसक्छ । पुग-नपुग पाँच दशक अगाडिदेखि **धर्मोदय** बौद्ध मासिक पत्रिकामा लेख-रचना प्रकाशित गर्नुहुने उहाँ उपासक बुद्धधर्मको प्रकाशन जगतमा परिचित व्यक्तित्व हुनुहुन्छ । उहाँको कृतित्व र योगदानलाई कदर स्वरूप **"सुमङ्गल स्मृति पुरस्कार २०५९"** प्रदान गरिएको थियो । यसै दौरानमा डा. गणेश मालीको विज्ञानसम्मत बुद्धधर्म सम्बन्धी लेख-रचनालाई पुस्तकको रूपमा प्रकाशित गरिनुपर्ने विचार-विमर्श भएअनुरूप उहाँले **"सत्यतत्व एक चिन्तन"** शीर्षकमा लामो लेख लेख्नुभयो । उहाँले मौलिक रूपमा व्याख्या गर्नुभएको सो लेखलाई सुखी होतु नेपालले छुट्टै पुस्तकको रूपमा प्रकाशन गर्ने योजना बनाएको थियो तर पछि पुनः उहाँद्वारा लिखित पुराना लेखहरूलाई पनि समाविष्ट गरी अलग्गै ठूलो आकारमा पुस्तक प्रकाशन गर्ने निधो भयो। अन्ततः सो पुस्तकलाई अन्य पुस्तकसँगै टाइवानबाटनै

Downloaded from http://www.dhamma.digital

प्रकाशन गर्ने निर्णय भयो । यसरी **"सत्यतत्व एक चिन्तन"** पुस्तकलाई प्रकाशन गर्ने कुरा अगाडि बढ्यो । यसको लागि स्वयम् लेखकले लेख संकलन कार्यमा ठूलो मेहनत गर्नुभयो । यस पुस्तकमा लेखकका विभिन्न प्रकाशित लेख-रचनाहरू तथा कविता समेटिएका छन् भने लेखककै नेपाल भाषामा प्रकाशित लेख-रचना तथा कवितालाई पनि यसैमा समेटिनाले पाठकवर्ग लाभान्वितनै हुनेनै देखिन्छ । बुढेसकालमा पनि उहाँले बुद्धधर्म र परियत्ति शिक्षाको क्षेत्रमा अद्यावधि जुन तरहले वीर्याधिक उद्योग गरिरहनु भएको छ, त्यो प्रशंसनीयनै छ ।

असन्तुलित, अव्यवस्थित, अशान्त छाएको जीवनमा **"सत्यतत्व एक चिन्तन"** ले यौटा बौद्धिक खुराक भन्दा पनि धर्म र विज्ञान सम्बन्धी जीवन-पद्धतिको रूपमा ठूलो भूमिका निभाउने देखिन्छ । विज्ञानसम्मत पक्षलाई समेटी आज यो **"सत्यतत्व एक चिन्तन"** प्रकाशन हुने जमर्को हुनु निश्चय पनि सबैको लागि सुखद् कुरा हो । यस पुस्तकभित्र विविध पक्षलाई समेटी जोकसैलाई पनि बुद्धधर्म र विज्ञानसम्मत पक्ष बारे सवल र राम्रो ज्ञान हुनैपर्छ भन्ने सन्देश प्रवाह गर्न खोजिएको अनुभूति प्रत्येक पाठकलाई हुन्छनै भन्ने कुरा सम्पादनको दौरानमा हामीलाई पनि अनुभूत भएकै हो । अथक मिहेनती, साधक एवं लगनशील व्यक्तित्वका धनी, प्रसिद्ध शिक्षाविद् उपासक डा.गणेश मालीलाइ हामीले यस पुस्तकको अध्ययन पश्चात् उहाँलाई एक बुद्धधर्मलाई विज्ञानसम्मत तवरमा विचार-विमर्श गर्ने विचारक, एक बौद्ध कवि एवं बौद्ध दर्शनलाई वैज्ञानिक पद्धत्तिमा चिन्तन गर्ने व्यक्तित्वका रूपमा समेत चित्रण गर्न सकिने हुन्छ ।

**"सत्यतत्व एक चिन्तन"** मा आवश्यक सूचि, नामानुक्रमणी र शब्दानुक्रमणीलाई चटक्कै छोडिएको छ । यसरीनै जहाँसम्म भाषा-शैलीको सवाल छ, यसमा धेरैनै कमी-कमजोर नरहलान् भनी हामी भन्दैनौं । समयको अभावले गर्दा यसमा अझैपनि धेरै त्रुटीहरूलाई चाहिंदोमात्रामा सुधार गर्न नसकिनु हाम्रो कमजोरी पक्षनै हो । समयको अभाव अनि परदेशबाट ढुवानी बाहेक निःशुल्क मुद्रण गर्ने दातृसंस्थाको सामिप्यता पाउने वित्तिकै हतार

Downloaded from http://www.dhamma.digital

हतारमा पाण्डुलिपिलाई अन्तिम रूपदिन जुन चर्या गरिए, ती घडीलाई सम्झिंदा पीडाको अनुभूति हुन्छ। ढिलो हुनसक्ने यथेष्ठ सम्भावना एकातिर छ भने अर्कोतिर दातृसंस्था हतारिंदै हामीबाट विमुख होला भन्ने अर्को डर, वस्तुतः यसै बाध्यताले गर्दा हामीले आफ्नै तरहले प्रकाशननै ठूलो प्रश्न हो भन्ने मान्यता राखी प्रकाशनतर्फ अगाडि सरेका हौं भने प्रत्यक्ष अप्रत्यक्ष सबैको सहयोगबाट आज उपासक डा. गणेश मालीको हस्तेलाई हैंस्तै गरी यो महत्वपूर्ण **"सत्यतत्व एक चिन्तन"** प्रकाशित भएको छ। यस पुस्तकको सम्पादन कार्यमा सहयोग गर्ने भिक्षु निग्रोध, प्रकाशन व्यवस्थापन गर्ने बुद्ध विहार भृकुटीमण्डप, प्रकाशकको भारबोक्ने सुखी होतु नेपाल, निःशुल्क मुंद्रण गर्ने टाइवानी दातृसंस्था The Corporate Body of The Buddha Educational Faundation, Taiwan, विविध रूपमा सहयोग गर्नेहरू विश्व शान्ति विहार परिवार, श्रद्धेय भिक्षु मंगल, भिक्षु वजिर बुद्धि, फल समान शाक्य, राजु महर्जन र डिल्लीराम गौतम आदि सबैलाई साधुवाद व्यक्त गर्दै पुनः डा. गणेश मालीप्रति साधुवाद एवं शुभकामना प्रकट गर्दछु।

साधुवाद !

**कोण्डन्य**

बुद्ध विहार भृकुटीमण्डप
दिनाङ्क २०६०/१०/२०

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | सत्यतत्व-एक चिन्तन | १ |
| २. | बुद्धधर्म र विज्ञान सम्बन्धी लेख संग्रह | ३९ |
| ३. | वास्तविकताको बोध | ४१ |
| ४. | हाम्रो समाज र हाम्रा धर्महरु | ४९ |
| ५. | वैज्ञानिक परिप्रेक्षमा बुद्ध-धर्म | ५३ |
| ६. | मेरो सम्झनामा भन्ते सुदर्शन..... | ५९ |
| ७. | परियत्ति शिक्षा-आजको आवश्यकता | ६२ |
| ७. | वैशाख पूर्णिमाको सन्देश | ६७ |
| ८. | बौद्ध को हुन् को होइनन् ? | ६९ |
| ९. | सम्यक् सम्बोधि र अर्हत्व | ७३ |
| १०. | पुनर्जन्मको फेरा | ७६ |
| ११. | शान्ति वन हाम्रो गौरव, हाम्रो धन ! | ८० |
| १२. | संसारको स्वरुप | ८३ |
| १३. | शान्तिको लागि धर्मको उपयोग | ८८ |
| १४. | उत्थानको लागि बुद्धधर्म | ९३ |
| १५. | घटना, सत्य र यथार्थता | ९८ |
| १६. | प्रजातन्त्र र धर्मनिरपेक्षता | १०२ |
| १७. | भगवान् ! तिमीले मार्ग देखायौ | १०४ |
| १८. | बौद्धएकता आजको आवश्यकता | १०५ |
| १९. | भगवान् बुद्धको अनात्मवादी दर्शन | १०७ |
| २०. | विश्वबन्धुत्व र विश्वशान्ति | ११० |
| २१. | प्रतीत्यसमुत्पाद सिद्धान्त-वैज्ञानिक दृष्टिकोणमा | ११५ |
| २२. | पराप्रकृतिवादको अभ्यूदय तथा अवसान | १२० |
| २३. | वादरहित बुद्ध | १२४ |
| २४. | बाँच्ने नै हो यदि भने..... | १२८ |
| २५. | धर्म, संविधान र जनता | १२९ |


Downloaded from http://www.dhamma.digital

२६. पूज्य अश्वघोष भन्ते र अनात्मवाद १३३
२७. महामानव र अलौकिक चमत्कार १३५
२८. तृष्णाको स्वरूप १३८
२९. वैज्ञानिक ज्ञान र दर्शन १४३
३०. पृथ्वी बनोस् स्वर्ग हाम्रो १४६
३१. पुनर्जन्मको बन्धन १५०
३२. वर्तमान युगको धर्म-बुद्ध धर्म १५४
३३. विज्ञान तथा धर्म १५९
३४. दुःख सत्य १६४
३५. अनित्यता भित्र शान्ति १६६
३६. अनित्यतालाई बुझौं १६९
३७. अनात्मको रहस्य १७१
३८. बुद्ध धर्मका मूलभूत समस्याहरु १७३
३९. ब्रह्म तथा निर्वाण १७६
४०. जीवन र निर्वाण १७८
४१. विज्ञान र धर्म १८०
४२. सम्बोधि पछिका कुराहरु १८५
४३. पुनर्जन्मको परिकल्पना १८८
४४. वैज्ञानिक दृष्टिकोणमा पुनजर्न्म १९३
४५. बुद्ध, विज्ञान र पुनर्जन्म १९५
४६. सम्यक् दृष्टि १९८
४७. विज्ञानको परिप्रेक्षमा बुद्धधर्म २०४
४८. किन बदलिंदैन यो दुनियाँ ? २०९

## (नेपाल भाषा)

४९. बुद्धधर्म सम्बन्धी च्वसू मुना २१३
५०. धर्म व स्वार्थ २१५
५१. एस धम्मो सनन्तनो २१७
५२. वैज्ञानिक प्रकृतिवाद व बुद्ध धर्म २१८
५३. विज्ञान, दर्शन व धर्म २२३

Downloaded from http://www.dhamma.digital

५४. प्रश्न जीवन यात २२६
५५. सन् निदोः २२७
५६. अमर मतिना २२८
५७. द्यः म्हसीका २२९
५८. सत्यया ख्वाःपाः २३०
५९. सत्यया वाखँ २३१
६०. भौतिकवाद, शून्यवाद व ब्रह्मवाद २३३
६१. सत्य व असत्य २३८
६२. त्रिरत्न वन्दना २४१
६३. मार विजय २४२
६४. नेपाःदेया युवा २४६
६५. बुद्धधर्म हे ख्यें थ्वइ २४७
६६. मनहे धर्मया न्ह्यलुवाः खः २५१
६७. पंचशीलया महत्व २५३
६८. पञ्चशील पालन गथे यायेगु ? २५७
६९. दुःखी मन छु मालाच्वना ? २६१
७०. झीगु धर्म छु खः ? २६२
७१. भवचक्र व निर्वाण २६६
७२. हिन्दूराज्यया मोह २६९


## समाप्त

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विनम्र समर्पण

उन महाकारुणिक सम्यक् सम्वुद्धमा,
जसको महान अनुकम्पावाट अभिप्रेरित भई,
सत्य, शान्ति र धर्मको वाटोमा लाग्न सिकें,

ती असंख्य दु:ख र अशान्तिले पीडित नर नारीहरूमा,
जसको मार्मिक क्रन्दनलाई शान्त गर्ने अभिप्रायले
बेला बेलामा यी लेखहरू प्रस्फुटित हुनपुगे,

तथा

ती पूज्य गुरुवर धर्मप्राण सबै व्यक्तिहरूमा
जसले यी लेखहरू कोर्ने सामर्थ्य ममा जगाई
पुस्तकाकार रूप दिनमा सहायकसिद्ध भए ।

–लेखक

Downloaded from http://www.dhamma.digital

# सत्यतत्व-एक चिन्तन

यो हाम्रो विश्व, यो हाम्रो संसार एक वास्तविकता हो, हाम्रो कल्पना वा भ्रम होइन, एउटा वास्तविक अस्तित्वयुक्त सत्य हो, अनि फेरि यहाँ जे जति परिवर्तनहरू हलचलहरू भैरहेकाछन्, ती सबै परिवर्तनका नियमअनुसार भैरहेको एउटा वास्तविकता हो, यथार्थ हो, हाम्रो कल्पना वा भ्रमको उपज होइन । यो तथ्यको आधारमा हाम्रो यो चिन्तन अगाडि बढीरहेको छ ।

यो हाम्रो विश्व, यो हाम्रो संसारमा जेजति भैरहेको छ वास्तवमा भैरहेको छ, यो विश्व एक वास्तविकता हो, हाम्रो कल्पना वा भ्रमको उपज होइन । संसारमा केही दिन बाँचेर हामी मर्छौं, यो सत्य हो, तर हाम्रो यस संसारमा जति कृयाकलापहरू हुन्छन् सत्यतामा नै हुन्छन्, र मरेपछि हामी नरहे पनि यो संसार यथावत चलीनै रहन्छ । त्यसकारण यो एउटा वास्तविकता युक्त सत्य हो, अनि यहाँ जे जति परिवर्तनहरू भैरहन्छन्, सबै परिवर्तनका नियमहरूकै अनुसारनै भैरहन्छन्, जसमा एउटा यथार्थता वा सत्यता हुन्छ । यी सत्यताहरूलाई आधार बनाएर यो सत्य तत्व बारेको चिन्तन अगाडि बढीरहेको छ ।

## १. परिवर्तन-सत्य

जहाँपनि जहिले पनि हरघडी हरपल परिवर्तन हेरफेर भइरहेको छ, यो एक सत्य हो । व्यापक परिवर्तन बाहेक यहाँ यस विश्वमा स्थिर, नित्य भैरहने केही पनि छैन, त्यसकारण जहाँ जे जति छ– ती सबै अनित्य स्वभावका छन्– अर्थात् उत्पन्न भई विलाएर जाने हुन् । परिवर्तनको क्रममा अहिले नभएका भएर आउँछन्, भएका नभएर जान्छन् । अघिको अहिले विलाइ सक्छ, अहिलेको केही छिन पछि । हिजोको आज बिती सक्छ, आजको भोलि, त्यसकारण भन्न सकिन्छ- यो विश्व, नदी बगे जस्तै बगिरहेको छ, प्रवाहित भैरहेको छ । यसैलाई यहाँ विश्व प्रवाह भनिएको छ ।



Downloaded from http://www.dhamma.digital

बलीरहेको बत्ती हेर्दाखेरी केहीबेर स्थिर जस्तै लाग्न सक्छ, परन्तु वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, त्यसमा हरेक पल परिवर्तनहरू भैरहेका हुन्छन्, त्यसमा अणु-अणु चलायमान भइरहेका हुन्छन्, एक छिन पनि नरुकी अनवरत रूपमा भौतिक तथा रासायनिक कृया-प्रतिकृयाहरू भैरहेका हुन्छन् । त्यस्तैनै हाम्रो शरीर पनि हो । त्यस्तैनै परिवर्तनशील जे जति छन्, सबै हुन् । हाम्रो शरीर भित्र अनवरत रूपमा भौतिक तथा रासायनिक प्रकृयाहरू भैरहेका हुन्छन्, हाम्रो शरीरमा भैरहने स्नायु पुञ्ज र मस्तिष्कमा अनवरत भैरहने, कृया-प्रतिकृया, घात-प्रतिघातको प्रतिफल, हाम्रो मन, हाम्रो चिन्तन प्रणाली हो, त्यसकारण मन पनि अनित्य छ, परिवर्तनको नियम अनुसार परिवर्तन भएर जान्छ ।

त्यस्तैनै परिवर्तनशील छ यो हाम्रो विश्व ब्रह्माण्ड पनि । वैज्ञानिकहरूको भनाई अनुसार, एउटा अत्यन्त घनीभूत परिवर्तनशील शक्ति-पदार्थको गोलाको विस्फोटनबाट विश्वको वर्तमान प्रकृयाको थालनी भयो, (Big bang Theory) त्यसपछिको परिवर्तनको क्रममा हाम्रो विश्व ब्रह्माण्ड आजको रूपमा हाम्रो अगाडि रहेको छ । आज भन्दा करीब ५०००,०००,००० वर्ष जति अगाडि ग्रहहरू सहितको सूर्य बन्यो, अनि करीब ३५००,०००,००० वर्ष जति अगाडि यस पृथ्वीको महासागरमा त्यति बेलाका पदार्थहरू परिवर्तन हुने क्रममा पुनरूत्पादन सामर्थ्य भएका जीव कोषहरू बने, र परिवर्तन हुँदै-हुँदै विकास हुने क्रममा आजको संसार हाम्रो सामु छ । अन्य ताराहरू जस्तै सूर्य पनि, अनवरत रूपमा आफ्नो हाइड्रोजनको भण्डारलाई क्रमशः हेलियममा बदल्दै, सो आणविक कृयाको फलस्वरूप निस्कने शक्तिद्वारा देदीप्यमान भएर चारैतिर प्रकाश र ताप शक्तिहरू छर्दैछ, जुन ताप र प्रकाश शक्ति पाएर यो हाम्रो संसारमा परिवर्तनहरू हुँदैछन् । परिवर्तनको क्रममा यस्तो पनि समय आउनेछ, जब सूर्यको हाइड्रोजन भण्डार सिद्धिने छ, अनि सूर्यको वर्तमान स्वरूप रहने छैन, र यसले ग्रहहरूलाई ताप र प्रकाश दिने शक्तिको अन्त हुनेछ, त्यतिबेला पृथ्वी एउटा जीवनहीन अति ठण्डा ग्रहमा बदलिनेछ, शक्तिशाली दूरविक्षण यन्त्रहरूद्वारा हेर्दा ताराहरू जन्मदै पुरानो हुँदै मर्दै गएका हामी अनुभव गर्न सक्छौं । हाम्रो सूर्यपनि एउटा मझौला खालको तारा हो,



Downloaded from http://www.dhamma.digital

जो अहिले वृद्धावस्था र मृत्युतिर लाग्दैछ । विश्वव्यापी यस परिवर्तनको क्रममा एउटा अणु-परमाणु र परमाणविक कण (परमाणु भन्दा पनि साना कण) हरू पनि आफ्नै नियमानुसार परिवर्तन हुँदैछन् । यस्तै हाम्रो पृथ्वीको उत्पत्तिदेखि अहिलेसम्म यहाँ कति परिवर्तनभै आजको स्थितिसम्म आइपुगेको छ, र फेरि पछि परिवर्तन हुँदै के भएर जाने हो, यो सबै परिवर्तनको व्यापक नियम अनुसारनै हुन्छ, एउटै कुरा यहाँ निश्चित के छ भने आखिरमा गएर यहाँ जे जति छ, त्यसमा केही पनि रहँदैन, किनकि ती सबै परिवर्तन भई अर्कै थोक भइसक्छ । यो हाम्रो विश्वमा जहाँ पनि परिवर्तनको क्रम यसैगरी अगाडि बढ्दै जान्छ, यो विश्वको न आदि देखिन्छ न अन्त नै, केवल परिवर्तन मात्रै यहाँ नित्य छ, र हाम्रो लागि यस क्षणिक वर्तमान नै सत्य छ । यसरीनै अनादि कालदेखि परिवर्तनको क्रम अगाडि बढीरहेको छ ।

**(२) परिवर्तनका नियमहरू**

यी जुन परिवर्तनहरू भैरहेका छन्, यसमा पनि निश्चित नियमहरू देखिन्छन् । ती यस प्रकार छन् :-

**(क) अन्तर्सम्बद्धता**

यो विश्व ब्रह्माण्डमा जति पनि पदार्थ-शक्तिका रूपमा रहेका वस्तुहरू छन्– सबै परस्परमा सम्बन्धितभै परिवर्तन भैरहेका छन् । जस्तो कि कहिं एउटा घटना घटीरहेको छ भने, त्यस घटनामा सम्बन्धित प्रत्येक पक्षको अरु कैयन परिवर्तनहरूसँग परोक्ष वा अपरोक्ष सम्बन्ध हुन्छ । उदाहरणको रूपमा– मैले डट्पेनले कागजमा यी अक्षरहरू लेखी आफ्नो विचार व्यक्त गरीरहेछु- यो एउटा परिवर्तन भैरहेछ, अब यसका सम्बद्ध पक्षहरू हेर्ने हो भने यो परिवर्तन कृयाको सम्बन्ध मेरो आफ्नै शरीर र विचारहरूसँग छन्- जसको सम्बन्ध फेरि अन्य घटनाहरूसँग छन् । मैले प्रयोग गरेको डट्पेन असनको एउटा बजारमा थियो- त्यहाँसम्म डट्पेन आइपुग्नुको पछाडि अन्य घटना श्रृंखलाहरू छन् भने त्यहाँबाट मैले किनेर ल्याउनुदेखि अक्षर लेख्दासम्मका घटना श्रृंखलाहरू अलग्गै छन् । जुन कागजमा मैले लेखिरहेछु त्यस्को फेरि आफ्नै कहानी छ । सम्बन्धित सबै घटनाहरू सम्भव भएर एउटा घटना सम्भव हुन्छ ।

यसरी एउटा घटना घट्नुमा विश्वको उत्पत्तिदेखि लिएर सम्पूर्ण घटनाका श्रृंखलाहरू सम्बन्धित हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

विश्वमा भैरहेका कुनैपनि एक क्षणको परिवर्तनलाई यहाँ एउटा घटना भनी संज्ञा दिइएको छ । ठूला-ठूला घटनाहरूदेखि लिएर सामान्य हलचललाई पनि घटना शब्दले व्यक्त गरिएको (समेटेको) छ । कुनै पनि एउटा घटनालाई लिएर त्यसका अगाडि र पछाडिका घटनाक्रमहरूलाई अध्ययन गरेर हेर्ने हो भने अन्तर्सम्बद्धताको नियम प्रष्ट देखिन्छ ।

**(ख) कारण-कार्य सम्बन्धको नियम**

परिवर्तन हुँदाखेरी जुन कारण उपस्थित भएर जुन कार्य सम्पन्न भैरहेको छ, जुन स्थिति आइरहेको छ, फेरि यस विश्वमा कहिं, कतै त्यही कारण त्यही रूपमा त्यसरीनै उपस्थित हुन गएमा त्यहीनै कार्य हुन्छ त्यहीनै स्थिति आउँछ । यही कारण-कार्य सम्बन्धको नियम हो । जस्तै कि एउटा भाँडोमा हाइड्रोजन र अक्सीजन ग्याँसको मिश्रण २ : १ को अनुपातमा राखी, एउटा निश्चित चापमा तताइदियौं भने ती दुबै ग्याँस प्रतिकृया गरी पानी बन्छ । त्यसरीनै पानीलाई विद्युत विच्छेदन गर्दा हाइड्रोजन र अक्सीजन ग्याँसमा छुट्टीन जान्छ, विश्वमा कहीं त्यही स्थितिमा त्यसरीनै गरियो भने पुनः त्यस्तैनै हुन्छ । यदि यसो नहुँदो हो त, जुन बेला जे पनि हुने भएमा यहाँ न ज्ञान सम्भव हुन्छ न विज्ञान सम्भव हुन्छ । कारण-कार्य सम्बन्धको नियम लागू रहने भएकोलेनै विज्ञानले प्रगति गर्न सकेको हो, र ज्ञान खोज्ने अभियानमा दार्शनिकहरू लाग्न सकेका हुन् ।

यस नियमलाई हेतुवाद (Causality) को संज्ञा पनि दिइएको छ । विज्ञानले जे जति प्रगति गरेको छ, सबै यसै नियम अन्तर्गत रही गरेका हुन्- यो नियम नभइ दिएको भए, जे बाट जे पनि हुन सक्ने भए, संसारमा हामीहरूले बुद्धि लगाएर, विचार गर्नु पर्ने केही पनि हुने थिएन, हर घडी हाम्रो अगाडि जादू, चटक मात्रै भइरहन्थ्यो ।

तथागत भगवान् बुद्धले पनि आज भन्दा करीव २५०० वर्ष अघि- प्राणीहरूलाई किन दुःख हुन्छ, र यो दुःखको निराकरण कसरी हुन सक्छ भनी खोजी गर्दा-गर्दै यही नियम भेट्टाएका थिए । बुद्धले देख्नु भयो- एउटा विशेष कारणको उत्पत्ति भएमा प्राणीहरूलाई दुःख हुन्छ र सो कारणलाई निरोध गरेमा दुःख पनि निरोध हुन्छ । यही बुद्धको चतुरार्यसत्य (दुःख-सत्य, दुःख समुदय-सत्य, दुःख निरोध-सत्य र दुःख निरोध गामिनी प्रतिपदा



Downloaded from http://www.dhamma.digital

सत्य) को केन्द्रविन्दूमा रहेको छ। सारिपुत्र परिव्राजक (संजय परिव्राजकको चेला) हुँदा आयुष्मान् अश्वजितले भगवान् बुद्धको बाद वारे थोरै शब्दमा भगवान् बुद्धको वादलाई यसरी वताएका थिए। "हेतु (कारण) बाट उत्पन्न हुने जति पनि धर्म (दुःख आदि) छन्, तिनीहरूको हेतु (समुदय) तथागत भन्नुहुन्छ, तिनीहरूको जुन निरोध छ सो पनि बताउनु हुन्छ। महाश्रमण यस्तो वादको हुनुहुन्छ।" त्यतिखेर सारिपुत्र परिव्राजकलाई यो धर्म- संवाद सुनेर जे जति समुदय धर्म छन्, ती सबै निरोध-धर्म हुन्, यस्तो निर्मल धर्म चक्षु उत्पन्न भयो।

यो कार्य- कारण सम्बन्धको नियम प्रत्येक परिवर्तनशील वस्तु समूह वा परिस्थितिमा, विश्वभरीनै लागू हुन्छ, यस नियमको कुनै अपवाद छैन।




एक क्षण अगाडि स्थिति 'क', जे जति पदार्थ र शक्तिको संयोगबाट संभव भएको छ, त्यही एक क्षण पछि स्थिति 'ख' हुन्छ। अर्थात् स्थिति 'क' नै 'ख' मा बदलिन्छ, 'ख' मा आए पछि त्यस्मा जे जति शक्ति र पदार्थको स्थिति छ त्यही स्थिति 'ग' मा बदलिन्छ।

स्थिति 'क' मा जे जति कारण विद्यमान छ, त्यही स्थिति 'ख' पैदा गर्न सक्षम भएको हो। यहाँनिर अरु कुनै अदृश्य शक्ति वा पदार्थको हस्तक्षेपको आवश्यकता हुँदैन।

यसरीनै क्षण-प्रतिक्षण विश्वमा रहेका पदार्थ-शक्तिबाट निर्मित सबै थोक बदलिँदै छन्।

**(ग) परिवर्तनहरूको अपरावर्तनीयता (irreversibility)**

विश्व अत्यन्त विशाल छ र घटनाहरू अन्तर सम्बन्धित छन्। त्यसो भएको हुनाले संघटन विघटनको हिसाबले संभाव्यता अध्ययन गर्दा विश्वको कुनै पनि विन्दूमा त्यही घटना समपूर्ण त्यही क्रममा दोहरिनु प्राय: असम्भवनै हुन्छ। स्थान, समय र परिस्थिति फरक हुनुबाट केही न केही अवश्य फरक



Downloaded from http://www.dhamma.digital

भैहाल्छ। घटनाहरू अन्तर सम्बन्धित हुन्छन्। यसको मतलव एउटा घटनाले अर्कोलाई प्रभावित गरेको हुन्छ । कुनै एक घटना घट्नुको पछाडि यस विश्वका करीव-करीव सबै घटनाको परोक्ष वा अपरोक्ष रूपमा देन हुन्छ। यो अन्तर सम्बद्धतालाई हेर्न हामीले कुनै एउटा घटनालाई अध्ययन गरेर हेरेमा थाहा हुन्छ । जस्तै 'रूखमा एउटा चरा बसेर कराइरहेछ' यो एउटा सत्य घटना भयो। अब यो घटना सम्भव हुनलाई त्यहाँ सो रूख सो अवस्थामा हुनु पर्‍यो, यो हुनु अन्य धेरै कुरामा भरपर्छ, यसरी हेर्दै जाँदा पृथ्वीमा वनस्पतिहरूको उत्पत्ति सूर्य र ग्रहहरूको उत्पत्ति र विश्वकै उत्पत्ति (यदि छ भने) सबै सम्भव भएर सो रूख हुनु सम्भव भएको छ। सो रूखलाई कसैले त्यहाँ रोपेको थियो- यसमा सम्बन्ध खोज्दै जाँदा अन्य धेरै घटना सम्बद्ध भएर आउँछन् । त्यस्तै त्यो चरा त्यस रूखमा त्यहाँ हुनुको पछाडि पनि थुप्रै घटनाहरू हुन्छन् यसरी एउटा घटनाको कारणलाई हेर्दै गयो भने विश्वमा सुरू देखिको अहिले सम्मको परिवर्तननै जिम्मेवार भएको देखिन्छ। यसरी हामी देख्न सक्छौं कि फेरि त्यही घटना यही रूपमा दोहोरिन सम्भव हुँदैन। त्यस्तै चरा त्यहाँ केही समय पछि हुँदैन। त्यस्तै चरा त्यहाँ केही समय पछि बसी कराउँछ भने पनि चराको शारीरिक गठन फरक भइसक्छ। आवाज फरक भइसक्छ। दुइ पटक त्यही आवाज निस्कन सक्दैन। केही नभए पनि परि वर्तनको क्रमले त फरक नै हुन्छ। जस्तै वही रहेको नदिमा दुइपटक त्यही पानीमा त्यस्तै किसिमबाट पाइला हाल्न सकिन्न, त्यस्तै यो रूखमा भइरहेका घटनाहरू सबै एकतर्फी परिवर्तन हुन्छ। फेरि पछाडि फर्केर जान सम्भव हुँदैन र दुइपटक त्यही हुन पनि संभव हुँदैन । यसैलाई अपरावर्तनीयता (Irreversible) भनिएको हो।

विश्वमा जति परिवर्तन भैरहेको छ सबै एकतर्फी र कारण कार्यवश भैरहेको हुनाले एकक्षण अगाडि र एकक्षण पछाडि सबै वस्तुमा परिस्थिति बदली सकेको हुन्छ । यसैलाई हामी समय गैरहेको पनि भन्छौं । परि वर्तनलाई सम्यको हिसाबले हेर्छौं । समय दौडीरहेको हैन, परिवर्तन भैरहेको हो। जस्तै हामी एक घण्टा (६० मिनेट) बितिसक्यो भन्छौं, हामी र हाम्रो चारैतिर यति परिवर्तन भयो भनी त्यसबाट बुझ्न सक्छौं। यो पृथ्वी सुरूदेखि आजसम्म यहाँको यहीं छ र परिवर्तन हुँदै अहिलेको स्थितिमा



Downloaded from http://www.dhamma.digital

पुगेको छ, हामी भन्छौं गएको समय फेरि फर्कंदैन यस्को अर्थ हो- परिवर्तन फेरि दोहोरिदैन, एकतर्फी हुन्छ ।

दुइवटा घटना समान देखिए तापनि समयले गर्दा, ठाउँले गर्दा र त्यस घटनाको कारण फरक हुनेहुँदा दुइवटा घटनामा फरक हुन्छ। हामीले दुइचोटी 'क' उच्चारण गर्‌यौं भने ती दुइ अवाजलाई विश्लेषण गर्दा केही न केही फरक भैहाल्छ, र दुइ विभिन्न समयमा बोलिने हुँदा त्यसको असर पनि फरक फरक हुन जान्छ ।

**(घ) परिवर्त्तनको आदि र अन्तहीनता**

परिवर्त्तनको क्रममा विश्वका सम्पूर्ण परिवर्तनशील पदार्थ-शक्तिहरूको परिवर्तन श्रृखंला कहिल्यै थामिन्न, यसकारण विश्वका परिवर्तनहरूको न आदि छ, न मध्य छ, न अन्तनै । यी परिवर्तनका श्रृखंलाहरू वा अन्तर सम्बन्धित घटना प्रवाहहरू भूतकालबाट अत्यन्त क्षणिक वर्तमान हुँदै, भविश्यतिर बगी रहेको नदी जस्तै प्रवाहित छ । सम्पूर्ण परिवर्तनहरू अपरावर्तनीय हुनुको कारण विश्व प्रवाह आदिहीन, मध्यहीन र अन्तहीन पनि छ ।

परिवर्तनहरू अपरावर्तनीय छन् यसकारण विश्व बगीरहेको नदीजस्तै एकतर्फ मात्र परिवर्तन हुँदै गइरहेको छ । हामीले हेर्दाखेरी स्थायीजस्तो देखिने वस्तुहरूमा पनि परमाणविक कणहरू चलायमान भैरहन्छन् । स्थिर कुनै पनि छैन । स्वयं पृथ्वीनै दिनको एक फन्का मारी सूर्यको चारैतिर घुम्छ, सैयौं किलोमिटरप्रति सेकण्डको दरले । परिवर्तनको एकक्षण अगाडिको स्थिति बितीसकेको हुनाले हामी भूतकाल भन्छौं भने एक छिनको स्थिति नआइ सकेको हुनाले हामी भविश्यकाल भन्छौं, त्यसकारण वर्तमान कति क्षणिक छ हामी अन्दाज गर्न सक्छौं ।




एक सेकेण्ड अगाडि कुनै वस्तुको स्थिति (क) थियो एक सेकेण्ड पछि त्यस्को स्थिति (ग) छ भने (क) र (ग) को बीचमा पनि हामी (ख) स्थितिहरू हाल्न सक्छौं जुन (क) र (ग) को बीचमा छ । (क) लाई भूत र (ग) लाई भविष्य मानेमा वर्तमान ख स्थिति कति क्षणिक हुन्छ यसैबाट



Downloaded from http://www.dhamma.digital

अन्दाज गर्न सक्छौं । यसकारण वर्तमानको स्थितिलाई हामी छँदैछैन भनी भन्न सक्छौं । यसरी यो विश्वमा जुन परिवर्तनको लहर एकतर्फी (One way) गइरहेको छ सो आदिहीन,, मध्यहीन र अन्तहीन पनि छ परिवर्तन कहिल्यै नथामिने भएकोले यस्तो भएको हो, हामी अन्दाज गर्न सक्छौं यदि भूत कालमा कहिल्यै परिवर्तन थामिएको भए, वर्तमान सम्भवनै हुँदैन, र वर्तमानमा परिवर्तन थामिने भए पनि भविष्य सम्भवनै हुँदैन ।

**(ङ) परिवर्तनको उद्देश्य**

यो विश्वप्रवाह आदि, मध्य र अन्तहीन हुनाको कारणले समष्टिरूपमा यसको कुनै उद्देश्य देखिंदैन, उद्देश्य भन्नुनै केवल परिवर्तन मात्र छ। सीमित क्षेत्रमा सीमित अवधि भित्र- जस्तो कि एक व्यक्तिको कुनै कृयामा उद्देश्य हुन सक्छ– जब व्यक्ति निश्चित लक्ष उपलब्ध गर्न कृयाशील हुन्छ । किन्तु यो विश्वको लागि त्यस्तो कुनै स्थिति छैन जुन पाए पछि परिवर्तन रोकिन्छ । नियम अनुसारनै परिवर्तन हुनेहुँदा प्रत्येक परिवर्तन आफैमा कारण र उद्देश्य मान्न सकिन्छ अर्थात् प्रत्येक लक्षनै पुनः परिवर्तनको कारण पनि हो ।

उद्देश्य त्यसलाई भनिन्छ जुन प्राप्त गर्नु कृयाकलापहरूको ध्येय हो। तर जुन परिवर्तनको लहर विश्वमा चलीरहेको छ त्यो कतै गएर रोकिने होइन, त्यस्कारण त्यस परिवर्तनको कुनै उद्देश्य छैन। आफ्नो सीमित जीवनभित्र एक जना व्यक्तिले कुनै उद्देश्य राख्न सक्छ जसलाई ऊ हाँसिल गर्न चाहन्छ, त्यस्तै एक दिनभित्र म यति गर्छु उति गर्छु, भनी एउटा उद्देश्य राख्न सक्छ, र विश्वको परिवर्तन सावधिक छैन, यस्को आदि छैन अन्त छैन, यस किसिमको परिवर्तनले सिवाय परिवर्तन हुनु बाहेक अरु के उद्देश्य राख्न सक्छ ?

विश्वमा हुने कुनै पनि परिवर्तन सकारण हुने हुँदा, सो कारणभित्रै त्यस परिवर्तनको उद्देश्य रहेको मान्न सकिन्छ, तर त्यो उद्देश्य सीमित क्षत्र र समय मित्र सम्भव हुन्छ । हामी प्रत्येक पाइला केही न केही उद्देश्यले चाल्छौं, जस्तै तल चोकमा आएको गल्ली कुकुर धपाउन ढुंगाले हिर्काउनु एउटा उद्देश्य हुन सक्छ, तर पूरा जीवनकै के उद्देश्य छ, सो खोज्न कठिन हुन्छ, अझ पूरा मानव जातिको उद्देश्य, त्यसमाथि पूरा सौर्य परिवारको उद्देश्य खोज्न अझै कठिन हुन्छ, हुँदा-हुँदा कहिल्यै नरोकिई परिवर्तन हुने विश्व को कुनै उद्देश्य हुन सक्दैन। लक्षनै पुनः परिवर्तनको कारण पनि बन्न



Downloaded from http://www.dhamma.digital

जान्छ किनकि लक्ष प्राप्ति भइसके पछि फेरि त्यसैलाई पनि लिएर परिवर्तन अगाडि बढ्दछ। जस्तै SLC पास हुने अभिप्रायले खूब मेहनत गर्दा SLC पास हुनु उद्देश्य हुनजान्छ, तर पास भइसके पछि १०+२ पढाउने क्याम्पसमा भर्ना हुने उद्देश्य बन्छ जस्को एक कारण SLC पास हुनु पनि हो, यसरी उद्देश्यनै पुनः परिवर्तनको कारण पनि बन्न जान्छ।

## ३. घटनामा निहित सत्यता

### (क) सत्यको सामान्य अर्थ

सामान्यतया कुनै पनि वस्तु, (वस्तुस्थिति वा घटना) बारे जेजति अनुभूति, संचेतना (Sensations) का रूपमा इन्द्रियहरूले दिन्छ त्यही हाम्रो लागि सत्य हुन्छ। हुनसक्छ, इन्द्रियहरूको सीमितताको कारणले घटना वा वस्तु वा वस्तुस्थितिको सम्पूर्ण ज्ञान हामीलाई नहुन पनि सक्छ। कहिले काहिं हामीलाई भ्रम पनि हुन सक्छ, तर सत्यताको यही पहिलो माप हो। अरुहरूको अनुभूति भित्र आएको अरुहरूले सत्य भनेको तर आफ्नो अनुभूतिमा नआएको कुरालाई, सुनेर हामीले सत्य मान्नु वा नमान्नु केवल विश्वासमा भर पर्छ अथवा तर्कहरूमा निर्भर गर्छ। वैज्ञानिकहरूले निरीक्षण, परीक्षण र प्रयोगहरूको आधारमा प्रकृतिमा घटेका घटनाहरू बारे, वस्तुहरूबारे, वस्तुहरूमा हुने परिवर्तनहरू बारे हामीलाई बताएका तथ्यहरूलाई यसकारणले सत्य होला भनी मान्छौं, किनकि हामी आफैले गरी हेर्दा पनि त्यही तथ्यहरू सावित हुन आउँछन्।

आफ्नो इन्द्रियहरूले थाहा पाएको जे जति छ, त्योनै हाम्रो लागि पहिलो सत्य हुन्छ, इन्द्रियको अनुभूतिलाई शब्दमा व्यक्त गर्दा आफ्नो भाषामा व्यक्त गरिन्छ, जस्तै आँखाले एउटा रूख देख्यो अब रूखको बयान गर्दा व्यक्तिपिच्छे फरक हुनसक्छ तर इन्द्रियले रूखबारे दिएको अनुभूति व्यक्तिपिच्छे त्यति फरक हुँदैन। प्रत्येकले दिएको बयान रूखको बारेमा चक्षु इन्द्रियले दिएको अनुभूतिमानै निर्भर गर्छ। अब सो रूखलाई हातले छोइ चलाई हेर्न सक्छौं। त्यसलाई माटोभित्रका जराहरू र अन्य भागहरूलाई विस्तृत रूपमा हेरी रूखबारे थप कुराहरू थाहा पाउन सकिन्छ जुन रूखको बारेमा अध्ययन गर्ने व्यक्तिको लागि सत्य हुन्छ। रूख एउटै भएपनि फरक फरक व्यक्तिले रूखको बारेमा दिएको बयान फरक हुनसक्छ, तर फरक



Downloaded from http://www.dhamma.digital

भएर पनि मिल्ने कुराहरू धेरै हुन्छ, किनकि रूख त एउटै हो। अब अन्त कतै भएको रूखको बारेमा सत्य कुराहरू भनेर कसैले सुनाउन आएमा सो हाम्रो निम्ति (रूख नदेख्नेको निम्ति) सत्य कुरा सम्झनु नसम्झन अरुको बयानको विश्वासमा भर पर्छ। अथवा तर्क गरेर आफूले नै हेरेर आएको सत्य हो भनी अरुले सावित गर्नसक्छ। वैज्ञानिकहरूले खोजी गरेर पत्ता लगाएका वैज्ञानिक ज्ञान पनि यसै प्रकारका हुन्छन्। हामी वैज्ञानिकहरूको कामलाई पत्याउंछौ, त्यसैलाई सत्य मान्छौं तर यो विश्वासको काम भयो। त्यस्तै आफूले नजानेको यस विश्व र पृथ्वीको सृष्टि यसरी भयो उसरी भयो, भन्ने बारे हामी जे जति सुन्दै आएका छौं, त्यो हाम्रो लागि सत्य हुनु नहुनु हाम्रो विश्वासमा निर्भर गर्छ। किनकि ती कुराहरू हाम्रो आफ्नो इन्द्रियहरूको अनुभूतिबाट बाहिर छन्।

त्यसैले आफ्ना इन्द्रियहरूको अनुभूतिबाट प्राप्त ज्ञाननै हाम्रो लागि अन्तिमसत्य पनि हुन्छ। किनकि यी वाहेक अरु कुराहरू जसलाई हामी सत्य भनी ठान्छौं, ती हाम्रो विश्वास बदलिएमा भोलि गएर असत्य पनि लाग्न सक्छ।

कुनै पनि घटनालाई अवलोकन गर्दा त्यस्को सब्य पक्षमात्र हाम्रो इन्द्रियानुभूति भित्र पर्न सक्छ, अरु पक्षहरू इन्द्रियहरूबाट ओझेलमा पर्छन्। एकै घटनालाई एकै समय ४।५ जनाले अवलोकन गरेमा हरेकको वयानमा भिन्नता हुन सक्छ। कुनै घटना घट्दा त्यसमा हाम्रो अवलोकन बाहेक वैज्ञानिक सब्यताहरू पनि हुन्छन् जसलाई वैज्ञानिकहरूले अध्ययन गरेर अनावरण गर्न सक्छन्, जस्तै एउटा मैनबत्ती बलेको हेर्दा हामीले जे देख्छौं, वैज्ञानिकहरूले त्यसबारे हरेक पक्ष अध्ययन गर्दा त्यस भन्दा धेरै परिवर्तनहरू देख्न सक्छन्, त्यसमा भैरहेका भौतिक, तथा रासायनिक परिवर्तनहरूलाई अध्ययन गरी हेर्न सक्छन्,

संसारमा जति पनि चेतनशील (इन्द्रियहरू र स्नायुतन्तु र प्रणालीहरूले युक्त) प्राणीहरू छन्, सबैले आफ्नो आफ्नो स्थानबाट, आफ्नो वातावरणमा घटीरहेका घटनाहरू मध्ये आफ्नो अनुभूतिमा आएका तथ्य वा तथता (thing as it is) ग्राहण गरीरहेका हुन्छन्, र अनुभव अनुसार आफ्ना सत्यताहरूकै आधारमानै आफ्ना दैनिक व्यवहार



Downloaded from http://www.dhamma.digital

चलाईराखेका हुन्छन् । यी अनुभवहरूद्वारा प्राप्त तथ्यहरूनै व्यक्तिहरूको लागि सत्यताको प्राथमिक श्रोत बन्छन् ।

संसारमा मानिसहरू र अरु पनि धेरै प्राणीहरू छन् जसका आफ्नै प्रकारका इन्द्रियहरू हुन्छन्, जस्को कुनै न कुनै रूपमा स्नायु प्रणाली र मस्तिष्क हुन्छ, उनीहरू सबै आफ्-आफ्नो वातावरणमा इन्द्रियहरूद्वारा वातावरण बाट अनुभूतिहरू पाइरहेका हुन्छन् र उनीहरूले आफ्ना अनुभूतिहरूको आधारमा वातावरणमा रहेका वस्तुहरू वा वस्तुस्थितिहरू बारे यथार्थ धारणाहरू बनाइ रहेका हुन्छन् जो उनीहरूको निम्ति त्यो बेला आफ्नो-आफ्नो समक्ष अनुसार सव्य हुन्छन् । जस्तै कुनै फूलबाट भमराले रस चुसीरहेका घटनालाई विभिन्न व्यक्तिहरू हरेक वा प्राणीहरूले प्रणालीले विभिन्न तरिकाले 'यही सत्य हो' को रूपमा देख्छन् जवकि एउटा वैज्ञानिकले त्यहाँ परमाणुहरूको दरमा चलीरहेको कृया प्रतिकृयाहरूको लहर देख्न सक्छ । यसकारण आफ्नो आफ्नो समझबाट जुन 'सत्यता' भनी कुनै चीज वा वस्तुको बारेमा कसैले लिइरहेको अनुभूति हुन्छ, त्यो केवल व्यक्तिहरूको आफ्नो-आफ्नो व्यवहारमा प्रयोग गरिने सत्यता मात्र हुन्छन् । जसलाई हामी व्यवहारिक सत्य वा सापेक्षिक सत्य भनी भन्न सक्छौ । यही आफ्नो र वातारवाणको सीधा सम्पर्कवाट प्राप्त अनुभूतिहरूबाट वस्तुवारे जुन 'सत्यता' वनाइन्छ त्यही व्यक्तिको निम्ति प्राथमिक सत्यता हुन्छ ।

## ४. **सापेक्षिक सत्यता** (Relative truths)

प्रत्येक व्यक्तिले आफ्नो वातावरण आफ्नो व्यतिगत संसार बारे जति पनि तथ्य वा सत्यता अनुभव गरीरहेको हुन्छ, त्यसलाई उसको मानसिक स्थितिले प्रभावित गरीरहेको हुन्छ, मानसिक विकारहरू (जस्तै काम, क्रोध, लोभ, मद, इर्ष्या, द्वेष, मोह आदि) ले प्रभावित गरीरहेको हुन्छ । आफ्नो दैनिक व्यवहारको लागि आफ्नो संसारको बारेमा जतिपनि सत्यताहरू एक व्यक्तिले बटुलीरहेको हुन्छ, ती सो व्यक्तिका सापेक्षिक सत्यताहरू हुन्छन, जुन सबैको लागि सत्य नहुन पनि सक्छ । यसरी त्यो व्यक्ति आफ्नो सापेक्षिक दृष्टिकोणको कारण यस विश्वबारे आफ्नै तरहको एउटा सापेक्षिक जगत (relative world) को कल्पना गरीबसेको हुन्छ । प्रत्येक व्यक्ति आफ्ना सापेक्षिक



Downloaded from http://www.dhamma.digital

सत्यहरूका साथमा, आफ्नो सापेक्षिक जगतमा, हाँसेर, रोएर, झगडा गरेर, संघर्ष गरेर, आफ्नो मन, कामना वा स्वार्थ पूरा गर्ने हेतुले जीवन बिताई रहेका हुन्छन् ।

एउटै संसारलाई पनि शारीरिक र मानसिक अवस्था अनुसार हेर्ने दृष्टिकोण फरक-फरक हुन्छ । जुन् व्यक्तिको सापेक्षिक सत्यतामा निर्भर गर्छ । जस्तै सानो बच्चाको अवस्थादेखि वृद्धावस्थासम्म पुग्दाखेरी यस संसारलाई हामी विभिन्न रूपमा देख्छौं यो सबै हाम्रा सापेक्षिक सत्यताहरूमा हुने हेरफेरले गर्दा हुने हो ।

सापेक्षिक भन्नाले यहाँ लौकिक सत्य वा व्यवहारिक सत्यको अर्थमा लिइएको छ । साधारणतया संसारी व्यक्तिहरूमा ममता, मेरो तेरो, राग द्वेष मोह काम क्रोध द्वेष अभिमान आदि मानसिक तरंगहरू आइरहन्छन्, उनीहरू आफ्नो शारीरिक वा मानसिक सुखको दृष्टिकोणले संसारलाई देख्छ र बुझ्न खोज्छ । साधारणतया संसारमा हाम्रो दैनिक व्यवहार कामकाज हामीले देखेका बुझेका यिनै सत्यताका आधारहरूमा चल्छ । यही व्यवहारिक सत्यता अन्तर्गतनै हामी हाम्रा जीवनहरूलाई हेर्छौं, मूल्यांकन गर्छौं र अगाडि बढाउँछौं, त्यसकारण यस्को बारेमा केही दृष्टान्तहरू दिई व्याख्या गरीरहन आवाश्यक नहोला ।

### ५. निरपेक्षिक (absolute) वा परमार्थिक सत्यता ।

साधारणतया हामीहरू जे जस्तो यस संसारलाई देख्छौं, थाहा पाउँछौ, बुझ्छौं, त्यो भन्दा फरक दृष्टिकोणले वैज्ञानिकहरू वा दार्शनिकहरू यस संसारलाई देख्छन्, बुझ्छन् र आफ्नो समझअनुसार जीवन यापन गर्छन् ।

धेरैजसो वैज्ञानिकहरू संसारिक प्राणीहरूजस्तै अथवा वैज्ञानिकहरू हुनुभन्दा अघिकै सरह जीवन बिताउँछन्, र संसारलाई हेर्छन् बुझ्छन्, वैज्ञानिक कृयाकलापमा लाग्ने बेलामा मात्र उनीहरू एउटा पानी भएको गिलासलाई चलायमानप्रति कृयाशील अणु, परमाणुहरूको सम्मिश्रणको दृष्टिले हेर्छन् अन्यथा दैनिक कामकाजमा उनीहरूले जस्तैनै त्यस्लाई पानी भएको गिलास सरहनै लिन्छन् ।



Downloaded from http://www.dhamma.digital

जीवनका सुख-दु:खलाई अन्य संसारी व्यक्तिहरूले जस्तैनै वैज्ञानिकहरू पनि सम्भन्छन्, बुभ्छन्, तर धेरै जसो दार्शानिकहरूको जीवन आफ्नो दार्शनिक दृष्टिकोणले प्रभावित भएको देखिन्छ र उनीहरूको जिउने तरिका पनि सांसारिक प्राणीह भन्दा भिन्न हुन्छन् । उनीहरूको दृष्टि निरपेक्षिक सत्यता अथवा परमार्थिक सत्यतातर्फ भुकेको हुन्छ । उनीहरू निरपेक्षिक (absolute) वा परमार्थिक दृष्टिकोणबाट संसारिक वस्तुहरूलाई देख्छन्, वस्तुहरूलाई कृया-प्रतिकृयाको थलो, वास्तविक अस्तित्व नभएको शून्य सरह शून्यवादी दार्शनिकहरू हेर्छन् भने, सांसारिक जीवनलाई दुइ दिनको घामछाँया भुलभुलैया अथवा परमेश्वरको मायाको रूपमा मायावादी वा परमात्मावादी दार्शनिकहरू देख्छन् ।

निरपेक्षिक वा परमार्थिक सत्यतामा प्रवेश गर्न चाहने व्यक्तिहरू दार्शनिकहरू वा वैज्ञानिकहरू हुन्छन्, जस्तै वैज्ञानिक प्रकृतिवाद, वा वैज्ञानिक भौतिकवाद, इत्यादि । तर कुनै पनि वादको लागि विज्ञान एउटै हुन्छ, संसारलाई विज्ञानको दृष्टिकोणले मूल्यांकन गर्नेमा मात्र कुन चांहि वाद भन्ने निर्भर गर्छ ।

वैज्ञानिक ज्ञानको विकास हुनु भन्दा अगाडि, जतिवेला विभिन्न धर्महरू प्रादुर्भाव भए, त्येसबेला विभिन्न प्रकारका मत वा वाद वाला दार्शनिकहरू पनि थिए र अभै पनि छन् । कुनै पनि दार्शनिक वा वैज्ञानिक वास्तवमा आफूले देखी आएका, व्यवहार गर्दै आएका यी सबै के हुन्, यिनीहरू बारे वास्तविक सत्यता के हो, भन्ने तर्फनै लागेका हुन्छन् । विश्वमा जुन परिवर्तनहरू भैरहेको छ, जीवित र निर्जीव वस्तुहरू छन् यी सबै वास्तवमा के हुन् कसरी परिवर्तित भैरहेका छन्, कसरी वस्तुहरूको उत्पत्ति र विनाश हुन्छ, घटनाहरू भित्रको वास्तविक सब्यता के हुन्, जसलाई हामी जीवन र मृत्यु भन्छौं वास्तवमा के हुन् ? विश्व स्वचालित छ वा परचालित छ ? आदिवारे यथार्थ कुरा थाहा पाउन चाहन्छन् ।

### ६. वैज्ञानिक तथा दार्शनिकहरू कसरी 'सत्य' पत्ता लगाउँछन् ?

दार्शनिकहरू र वैज्ञानिकहरू विश्वका कुनैपनि वस्तु, वस्तुस्थिति वा घटनाबारे, अथवा सम्पूर्ण विश्वप्रवाह बारे नै यथार्थ के हो ?



Downloaded from http://www.dhamma.digital

वास्तविकता के हो ? भन्ने प्रश्नको जवाफ यिनीहरू खोज्छन् तथा प्राप्त गर्न चाहन्छन् ।

वास्तविक सत्यतामा पुग्न वैज्ञानिकहरूले तथा दार्शनिकहरूले बेग्लाबेग्लै पद्धति निकालेका छन् :-

वैज्ञानिकहरू त्यहीं जान्छन् जहाँ समस्या छ, जसबारे केही थाहा पाउनु छ, खोजीनीति गर्नु छ । जस्तै कुनै बिरूवाको बारे जान्नु छ भने विरूवा भएको ठाउँमा जान्छन्, त्यहाँको स्थिति अध्ययन गर्छन्, अनि विरूवालाई त्यसका अवएवहरू छुट्याएर हेर्छन्, सूक्ष्मदर्शक यंन्त्रको प्रयोग गरेर हेर्छन्,, विरूवाभित्र कसरी कस्ता कृया-प्रकृया चलीरहेको छ अध्ययन गर्छन्, पृथ्वीको बारेमा जान्न चाहन्छन् भने पृथ्वीका विभिन्न भागहरूको अध्ययन गर्छन्, विभिन्न प्रयोगहरू गरेर पृथ्वीको भित्री अवस्था बारे पत्ता लगाउँछन्, चट्टानहरूको परीक्षण गरेर पृथ्वी कति वर्ष पुरानो भयो भनी पत्ता लगाउँछन्, सूर्य, पृथ्वी, चन्द्रमा तथा अन्य ग्रहहरूलाई दूरवीक्षण यन्त्रको प्रयोगगरी तथा अन्य वैज्ञानिक विधि अपनाई अध्ययन गर्छन् र सौर्य परिवार बारे पत्ता लगाउँछन्, अन्तरीक्षको बारे थाहा पाउन रकेटहरूमा यन्त्रहरू जडान गरेर पठाउँछन् र अध्ययन गर्छन् ।

हुन त, मानव सभ्यताको शुरू देखिनै मानिसहरूमा वैज्ञानिक प्रवृत्ति थियो तथा खोजीनिति गरी हेर्ने तथा निष्कर्ष निकाल्ने स्वभाव उनीहरूमा थियो, तर द्रुततर गतिले विज्ञान अगाडि बढेको करीव ४।५ सय वर्ष जति मात्रै भएको छ । यति सानो अवधिभित्र विज्ञानले आश्चर्यजनक प्रगति गरिसकेको छ र गर्दैछ जसको कारण हामी वैज्ञानिक युगको थालनी भएको सम्झन्छौं । हाम्रो वातावरणमा हाम्रो जीवनसँग सम्बन्धित कुनै यस्तो विषय बाकी रेहको छैन जहाँ वैज्ञानिकहरूको दृष्टि नपुगेको होस् ।

विज्ञानले जतिपनि वैज्ञानिक ज्ञान यस संस्साकार बारे हामीलाई दिएको छ, सबै निरपेक्षिक सत्यतासँगनै सम्बन्धित छ र निरपेक्षिक सत्यता कै अंग हुन्, किनभने, वैज्ञानिकलाई हाम्रा व्यक्तिगत वा



Downloaded from http://www.dhamma.digital

सापेक्षिक संसारका गुणहरू, राग, द्वेष, मोहले असर गर्दैनन्, वैज्ञानिकहरू आफ्नो साधनामा दत्तचित्त हुन्छन् तब उनीहरूको दृष्टि निरपेक्षिक सत्य (objective truth) तिर केन्द्रित हुन्छ, र यसैलाई प्राप्त गर्ने उनीहरूको लक्ष हुन्छ । यथार्थ सत्य (absolute truth) पत्ता लगाउने लक्ष वैज्ञानिकहरूको रहेतापनि, इन्द्रियहरूको र साधनहरूको सीमितताले गर्दा, त्यहिंसम्म भने उनीहरू पुग्न सकेका छन्, तर प्रयास जारीनै छ ।

बाह्य तथा भित्री संसारबारे इन्द्रियहरूले दिएको संचेतनाहरूलाई लिएर मन भित्र गुनेर तर्क वितर्कको आधारमा निष्कर्ष निकाल्छन्, र संसारको स्वभावलाई दर्शाउने ज्ञानलाई दर्शनको रूपमा व्यक्त गर्दछन्, मानव सभ्यताको सुरूदेखिनै यस विश्व ब्रह्माण्ड लगायत जीवनका कुनै यस्ता पक्ष छैनन् होला, जहाँ दार्शनिकहरूको दृष्टि नपुगेको होस् ।

दर्शन शास्त्र, दार्शनिकहरूको व्यक्तिगत सोच समझको विषय हुनाले, आफ्नो मनन चिन्तनको आधारमा संसारका प्रमुख दार्शनिकहरूले आफ्ना-आफ्ना मत जाहेर गरीआएका छन् र यो क्रम अधावधि जारीनै छ । दार्शनिक यथार्थ सत्य (absolute truth) सम्म पुग्ने प्रयत्न गर्दछन् र यसरी प्राप्त गरेको ज्ञानको प्रकाशलाई दर्शनको रूपमा व्यक्त गर्दछन् ।

दार्शनिकहरू न केवल ज्ञानलाई मात्र प्रकाश गर्छन्, किन्तु यो ज्ञानको आधारमा मानवहरूले अपनाउनुपर्ने काम, कर्तव्य , अधिकार अर्थात् धर्मको पनि निरूपण गर्दछन् । प्रायः सबै जसो संसारका धर्म प्रवर्तकहरू एकाग्र चिन्तन मनन वा समाधिको क्रममा आफूलाई चरम ज्ञानको प्रकाश खुलेको अनुभव व्यक्त गर्दछन् ।

दर्शन र विज्ञानको वास्तविकतासित सम्बन्ध निम्न चित्रमा दर्शाएको छ ।



Downloaded from http://www.dhamma.digital




परिवर्तनशील विश्व र हाम्रो चारैतिरको वातावरण सत्यको मूल श्रोतमा रहेको छ।

विश्व एउटै छ, त्यसकारण यस विश्वमा प्रकृयाहरू बारे, परिवर्तनका नियमहरू बारे 'सत्य वा वास्तविकता पनि एउटै छ। त्यही एउटा 'सत्य' प्राप्त गर्न मानव जातिले दुइवटा राजमार्ग खोलेका छन्– एक विज्ञानको र अर्को दर्शन को।

मानव आफ्नो स्नायु प्राणालीमा रहेका इन्द्रियहरूले संचेतन युक्त भई वातावरणसित कृया-प्रतिकृया गरीरहन्छ। यही सिल-सिलामा ज्ञानप्रति उत्कण्ठा उत्पन्न हुन्छ र यथार्थता थाहा पाउन एकातिर निरीक्षण परीक्षण र प्रयोगगरी पत्ता लगाउने विज्ञानको बाटो रोजेको छ भने अर्कोतिर चित्त, मनन समाधि र ध्यानको बाटो लिएको छ। आखिर दुबैको लक्ष एउटै छ वास्तविक सत्य यथार्थ सत्य थाहा पाउने, साक्षात्कार गर्ने। व्यवहारिक सत्यताहरूबाट माथि उठी निरपेक्षिक वा यथार्थ सत्यता थाहा पाउन मानव जाति लागिरहेको छ।

विज्ञान खोज र अनुसन्धानको बाटो भएको हुनाले, खोजनीति गरी पत्ता लगाएका नयाँ तथ्यहरूको आधारमा पहिलेका निश्कर्षहरूलाई संशोधन गर्दै सत्यतिर अगाडि बढ्छ। वैज्ञानिक ज्ञान खारिंदै संशोधित हुँदै 'सत्य' नजिक पुग्ने प्रयत्न गर्छ र यहीनै अन्तिम सत्य हो अब अगाडि बढ्नु छैन भनी कहिल्यै रोकिन्न।



Downloaded from http://www.dhamma.digital

दार्शनिकहरूले आफ्ना इन्द्रिय अनुभूतिहरूको आधारमा विश्वमा प्रकृयाहरू बारे थाहा भएका कुराहरू (व्यवहारिक सत्यहरू) लाई एकाग्र चित्तले मनन गरी जुन् कुरा आफूलाई ठीक लाग्छ, त्यसैको आधारमा अन्तिम सत्यता 'यथार्थ सत्यता' लाई लक्ष गरी आफ्नो दृष्टिकोण वा दर्शन बनाउँछन् । कहिले काहीं ठोकुवा गर्छन कि सत्य यही हो । अब जान्नु पर्ने, गर्नुपर्ने बाकी केही छैन ।

संसारका भिन्नदेश काल परिस्थितिमा हुर्केका दार्शनिकहरूको आफ्ना-आफ्ना व्यवहारिक सब्यताहरू अनुरूपका आफ्नो आफ्नो दृष्टिकोण हुन्छ । आफ्ना-आफ्ना दर्शन तथा वादहरू हुन्छन् त्यसकारण कहिले काहीं विभिन्नवादहरू बारे वादविवाद चर्कीरहन्छ र दार्शनिकहरू आफ्नो-आफ्नो वादको सत्यता प्रमाणित गर्न खोज्छन् । दर्शनमा दार्शनिहरूको एउटा 'पकड' हुन्छन् आत्मीयता हुन्छ, त्यसकारण दर्शन आफ्नो लक्षमा पुगेको जस्तो आफूलाई लाग्छ भने त्यहींनेर रोकिन्छ, उदाहरणको लागि आत्मवादको कुरा लिउँ, गीता दर्शनमा जीव, भूत, आत्मा र 'म' अर्थात् परमात्मामा गएर दर्शन टुंगिएको छ । गीता दर्शन हजारौं वर्ष यतादेखि ज्यों का त्यों छ, त्यस्तै विभिन्न प्रकारका मतमतान्तरहरूको पनि यस्तै हालत छ । दार्शनिकहरूलाई व्यंग्य गरेर एकजना अंग्रेजी कविले 'The blind men and the elephant' भन्ने कवितामा लेखेका छन्- हात्ती कस्तो हुन्छ भनी पत्ता लगाउन ६ जना अन्धाहरू गएर हरेकले हात्तीलाई छोएर हात्तीको बयान गरे - कान छुनेले हात्ती नांग्लो जस्तो छ भने, दन्त छुनेले तरवार जस्तो छ भने, पुच्छर छुनेले डोरी जस्तो छ भने, पेट छुनेले पर्खाल जस्तो छ भने खुट्टा छुनेले खम्बा जस्तो छ भने र सूँड छुनेले सर्प जस्तो छ भने् ।

कवि भन्छन्– वास्तवमा सबै गलत थिए, तर सबै ठीक पनि छन् ।

वैज्ञानिकहरू पहिलेनै आफ्नो अज्ञानतालाई स्वीकार्छन, र जति मात्रामा अनुसंधानको सिल-सिलामा ज्ञान खुल्दै जान्छ त्यति मात्रामा मात्रै ज्ञानलाई स्वीकारेर अगाडि बढ्छन् । भगवान् बुद्धले पनि एक कुशल वैज्ञानिकले जस्तै चतुरार्य सत्यलाई सबै तिरबाट परीक्षण गरी ठिक लागेकोले स्वीकारेका छन् । यसमा पनि कथं कदाचित कसैले केही नयाँ



Downloaded from http://www.dhamma.digital

कुरा पत्ता लगाए पनि भगवान् बुद्धले त्यसलाई नकार्नु हुन्न किन भने वहाँको अभिवृत्ति वैज्ञानिकहरूको जस्तो छ। Richard Feynmann नामक एक नोवेल पुरस्कार प्राप्त वैज्ञानिकले विज्ञानको परिभाषा यसरी दिएका थिए "Science is belief in the ignorance of experts" अर्थात् "विज्ञान भनेको दक्ष व्यक्तिहरूको अज्ञानतामा विश्वास गर्नु हो ।"

विश्व, वातावरणको वास्तविक सत्यता वा यथार्थ सत्य वास्तवमा दर्शन र विज्ञानको पहुँच बाहिरै परेको देखिन्छ, फरक कति छ भने वैज्ञानिकहरू इमान्दारी पूर्वक स्वीकार्छन कि उनीहरू सत्यको नजिक पुग्न सक्छन् तर अन्तिम सत्यसम्म पुग्न सक्दैनन् जवकि दार्शनिकहरू अन्तिम सत्यसम्म पुगेको दावी गर्छन जवकि यथार्थमा उनीहरू पुगेका हुँदैनन् । यसै भएको हुनाले एकजना ग्रीक दार्शनिक सुकरातले दार्शनिकहरूको सीमिततालाई यसरी व्यक्त गरेका थिए- एउटै कुरो मात्र मलाई निश्चितता पूर्वक थाहा छ- त्यो यो हो कि मलाई वास्तवमा केही थाहाछैन ।

कुनै पनि वस्तुस्थिति वा घटनामा निहित सर्वागिंन सत्य हाम्रो पहुँचको बाहिर भएतापनि हाम्रो चासोको विषय मात्र होइन हामीले थाहा पाउने हाम्रो परम उद्देश्य पनि रही आएको हुनाले आफ्नो इन्द्रियहरू सीमितता, वौद्धिक क्षमताको सीमितता र मानसिक शक्तिको सीमिततालाई स्वीकार्दै सत्यको अवधारणालाई अघि बढाउने प्रयत्न यहाँ गरिएको छ ।

## ७. सर्वव्यापी सर्वज्ञ तत्वको परिकल्पना

### (क) घटनामा निहित निरपेक्षिक सत्यता

कुनै पनि घट्ना कसैको इन्द्रिय अनुभूति भित्र आएको छ भने इन्द्रियहरूको सीमितताको कारण वा अवलोकन गर्दा सबै पक्षमा उत्तिकै ध्यान पुग्न नसक्नुको कारण घटनाको पनि एक पक्षीय तथ्यहरूको मात्र उसलाई इन्द्रियहरूले दिएको संचेतना अनुसार मात्र ज्ञान हुन्छ, यही उसको निम्ति घटनाको एकमात्र सत्य पनि हुन जान्छ। यदि त्यहीबेला सो घटनाको अवलोकन अन्य अवलोकनकर्ताहरूले पनि गरेको छ भने, सबैको अनुभूतिहरू भित्र आएका कुराहरू मिलाई सो घटनाबारे अझ बढी सत्यता खुल्न जान्छ । सो घटनाका वैज्ञानिक पक्षहरू मिलाएर सो घटनााको निरपेक्षिक सत्यताको करीव-करीव नजिक पुग्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

यथार्थमा सो घटना कसरी घट्यो, के कारणले घट्यो, सो घटनाको अन्य परिवर्तनहरूसित कस्तो सम्बन्ध छ, सो घटनाको असर के के पर्‍यो, सबै मिलाएर सो घटनाबारे एउटा निरपेक्षिक सत्यता बन्छ । अवलोकन कर्ता वा अनुभवकर्ताले घटनाको उस्को स्नायु प्रणालीले भित्र्याएको एक पक्षको मात्र अनुभव गरेको भएपनि, सो घटनाको एउटा निरपेक्षिक सत्यता पनि हुनसक्छ । किनकि त्यो घटना वास्तविक हो, र निश्चित तवरले घटेको छ । किनकि कुनै घटना वास्तवमा घटेको हुन्छ, र चाहे हामी थाहा पाउन सकौं या नसकौं- सो घटना घट्दा घटिरहेको हुन्छ । त्यसमा एउटा विशेष अवस्था हुन्छ जसबाट सो घटना भूतकालको संयोजनहरू बाट घटेर भविष्यतर्फ लागिरहेको हुन्छ, त्यसलाई यहाँ घटना बारेको निरपेक्षिक सत्यता भनिएको हो चाहे त्यो सत्यताको स्थिति क्षणिक वर्तमानको लागि मात्र किन नहोस् । यदि सो घटना घटेको क्षणमा हामी त्यहाँ उपस्थित भएको भए हाम्रा इन्द्रियहरूले भ्याएसम्म त्यस सर्वांगिन सत्यको एकपक्षीय भए पनि केही झ-झल्को पाउँथ्यो होला । यही कुरा विश्वभरको वर्तमान, भूत र भविष्यको घटनाहरूको लागि पनि लागू हुन्छ ।

**(ख) विश्वप्रवाह भित्रको निरपेक्षिक सत्यता**

एउटा घटनामा निरपेक्षिक सत्यता भएजस्तै, आदि देखि अनन्तकालसम्म हर घडी हरपल सबै ठाउँमा घटीरहेका घटनाहरूको पनि निरपेक्षिक सत्यता हुन्छ– अर्थात् सम्पूर्ण विश्व-प्रवाह सत्यताले व्याप्त छ, चाहे त्यस भित्रका सम्पूर्ण घटनाहरू कसैको जानकारीमा आएको होस् या नहोस् । दार्शनिकहरूको लक्ष्य यही सम्पूर्ण सत्यताको यथार्थ अवलोकन गर्नु तथा (आत्मसात) साक्षात्कार गर्नु रहेको छ । वैज्ञानिकहरू पनि यही ध्येयतिर अगाडि बढीरहेका छन् ।

किनकि विश्वका प्रत्येक वस्तु, वस्तुस्थिति वा घटनाहरूमा निरपेक्षिक सत्यता हुन्छ जुन् दार्शनिक तथा वैज्ञानिहरूको पहुँच बाहिर भएपनि जस्लाई प्राप्त गर्न उनीहरूको अन्तिम चाहना पनि हो, त्यसकारण त्यस सत्यता अर्थात् विश्वभरिका वस्तु, वस्तुस्थिति वा घटनाहरूमा निरपेक्षिक तवरले व्याप्त सत्यतालाई लक्ष गरेर परिकाल्पनिक भए पनि एउटा तत्वलाई यहाँ मूर्तरूप दिने प्रयत्न गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

**(ग) सर्वव्यापी सर्वज्ञ सत्यतत्व**

अनादिकालदेखि अनन्तकालसम्म यस विशाल विश्वमा घटीरहने घटना प्रवाह (घटनाहरूको अनवरत श्रृंखला) मा प्रत्येकमा निहित निर पेक्षिक सत्यता हुन्छ, अतः सत्यता सर्वव्यापी र सर्वकालिक छ । यी सबै सत्यताहरूको ज्ञान राख्ने, यी सबै सत्यताहरूको आधार स्वरूप एक तत्वलाई यहाँ सत्यतत्वको संज्ञा दिइएको छ । छोटकरीमा भन्न सकिन्छ सत्यतत्व सर्वव्यापी छ, सर्वज्ञ छ र सबै घटना प्रवाहको आधार स्वरूप पनि छ । यही सत्यतत्व तपाईं हामी सबैमा व्याप्त छ र विश्वमा जेजति भैसकेका छन्, र हुनेछन् सबैको लेखाजोखा सत्यतत्व भित्र छ । परमाणुदेखि लिएर सम्पूर्ण विश्व ब्रह्माण्डको अन्तिम सत्यता पनि सत्यतत्व भित्र छ ।

सत्यतत्वको वास्तविक अस्तित्व छ ? छ पनि, छैन पनि । छ भनुँ भने यो केवल सांकेतिक मात्र हो, छैन भनूँ भने यस सत्यतत्व अन्तर्गतका सत्यताहरूनै विश्वप्रवाहमा व्याप्त छ । यो त्यतिकै ध्रुव सत्य छ, जत्तिको ध्रुवसत्य विश्वप्रवाह भित्रका सत्यताहरू छन्, त्यत्तिकै ध्रुव सत्य छ जत्तिको ध्रुव सत्य विश्वमा घटेको कुनै पनि वास्तविक घटना हुन्छ ।

यसैलाई 'सत्यतत्व' भनी संज्ञा दिइएको छ, वैज्ञानिकहरूको अन्तिम लक्ष यही सत्यतत्वलाई साक्षात्कार गर्नु रहेको छ भने, दर्शन तथा अन्य मानव शास्त्रहरूको लक्ष पनि यसको जति सक्यो उति नजिक पुग्नु रहेको छ ।

**(८) सत्यतत्वको विशेषता**

**(क) सत्यतत्वको सर्वज्ञता**

सत्यतत्व त्यो तत्व हो, जसलाई विश्वका कुनै पनि वस्तु, वस्तु स्थिति, अथवा घटनाको बारेमा सम्पूर्ण ज्ञान छ, वैज्ञानिकहरूको अन्तिम सत्य जसमा छ र दार्शनिकहरूको पनि अन्तिम सत्य त्यसमा छ ।

अनवरत परिवर्तनसंगसँगै घटीरहेने विश्वका सम्पूर्ण वस्तु, वस्तुस्थिति वा घटनाको बारेमा पूर्णज्ञान हुनु मानव मस्तिष्कको लागि कल्पना मात्र हुनसक्छ तर त्यस्तो ज्ञान अवश्यपनि छ, यो हामीलाई हुने सत्यताको अनुभवबाट भन्न सकिन्छ, यही संभव भएरनै वैज्ञानिक तथा दार्शनिकहरूको प्रयत्न (लक्ष) त्यसैतर्फ केन्द्रित छ ।



Downloaded from http://www.dhamma.digital

**(ख) सत्यतत्वको सर्वव्याप्तता र सर्वकालिकता**

सत्यतत्व विश्वको अनादिकालदेखि अनन्त कालसम्म जहाँ तहीं छ, त्यसो भएरै सर्वज्ञ भएर सम्पूर्ण सत्य त्यसमा समाहित भएको छ ।

सत्यतत्व सर्वव्यापी हुनुको अर्थ यो हुन आउँछ कि यही तत्व भित्र विश्व क्षण क्षणमा परिवर्तन भएर प्रवाहित भैरहेको छ ।

यसै कारण सब्यतत्व सर्वकालिक पनि छ ।

अर्को शब्दमा भन्ने हो भने, सत्यतत्वले सम्पूर्ण विश्वलाई अनादि कालदेखि अनन्त कालसम्म आफूभित्र समेटीराखेको छ, र प्रत्येक परिवर्तन, प्रत्येक घटना, र घटना भित्रका प्रत्येक वस्तु र प्रत्येक वस्तु स्थितिलाई पनि लिएर रहेको छ ।

**(ग) सत्यतत्वको सर्वशक्तिसम्पन्नता**

विश्व प्रवाहलाई अनादिकालदेखि अनन्त कालसम्म आफूभित्र समेटी सर्वज्ञ भैरहने यो सर्वव्यापी तत्व सर्वशक्ति सम्पन्न पनि छ कि ?

विश्वमा जे जति भैरहेको छ सबै सत्यतत्वकै इच्छामा निर्भर छ कि ?

सत्यतत्व सांकेतिक भला सही, तर वास्तविक पनि हो । तपाईं, हामी र विश्वमा जे जति परिवर्तशील छन् सबैमा सत्यतत्व अवस्थित छ । अवस्थित भएर पनि विश्व प्रवाहमा यो निर्लिप्त पनि छ, परिवर्तनका नियमहरू अनुसार संचालित विश्वप्रवाह वा घटना श्रृंखलाहरूमा यसलाई लिनु दिनु केही छैन, विल्कुल संस्कार रहित, तृष्णारहित छ ।

यो सर्वज्ञ छ, सर्वव्यापी छ, सर्वकालिक पनि छ, परिवर्तन सबै यस भित्र छ तर यो आफै निस्कृय छ । सम्पूर्ण परिवर्तनको सारमा रहेर पनि यो आफू खुशी गरेर हिँड्ने सर्वशक्तिवान् भने अवश्य पनि होइन ।

अगाडिको परिवर्तननै पछाडि हुने परिवर्तनको कारण स्वरूपलाई कारण कार्य प्रवाहको रूपमा क्षण-क्षणमा परिवर्तन भैरहने यस परिवर्तनशील विश्वका आफ्नै नियम छन्, यस अर्थमा भन्ने हो भने विश्व स्वचालित छ, सानो परिधि भित्र स्वतन्त्र ईच्छालाई महसूस गर्न सकिन्छ, तर समष्टिगत रूपमा हेर्ने हो भने, र मानव वा अन्य प्राणीहरूको स्नायु पुञ्ज तथा मस्तिष्क भित्र हुने कार्यहरूलाई सूक्ष्म दृष्टिमा हेर्ने हो भने, प्रत्येक इच्छा कारण कार्यवश घटित प्रवाहकै एक अभिन्न अंश हुन्छ ।



Downloaded from http://www.dhamma.digital

सम्पूर्ण घटना प्रवाह सत्यतत्व अन्तर्गत घट्ने हुनाले सत्यतत्वलाई सर्वशक्ति सम्पन्न मान्न सकिन्छ भने, कारण कार्यप्रवाह अन्तर्गत सबै घटनाक्रम चलीरहने हुँदा सत्यतत्व विल्कुल निस्पृह, निष्काम पनि हुन्छ ।

जस्तै कि सानो परिधिभित्र हेर्दा एउटा कमिलाको जीवनमा पनि एउटा उद्देश्य हुन्छ, जस्को परिपूर्तिको लागि ऊ आफ्नो स्वतन्त्र इच्छाले लागिरहेको हुन्छ तर वृहत परिधिमा विश्वका अन्य घटनाहरूसँग सम्बन्धित गरी हेर्दा ऊ परिस्थितिर घटनाक्रमको एउटा उपज मात्र हुन्छ, जसमा कारण-कार्य सम्बन्धको नियम पूर्ण रूपेन लागू हुन्छ, यही कुरा मानव जीवनमा पनि लागू हुन्छ र सत्यतत्वको सम्बन्धमा पनि लागू हुन्छ । त्यसकारण सम्पूर्ण घटनाप्रवाह सत्यतत्वकै देखापरेमा भने जस्तै सम्पन्न भैरहेको भएपनि सबै घटनामा सत्यतत्व आफैं निस्पृह हुन्छ, निष्काम हुन्छ ।

सत्यतत्व वास्तवमा हामीले आफ्नो संचेतना शक्ति र ज्ञान प्राप्त गर्न सक्ने मानसिकतालाई विश्वमा प्रक्षेपण मात्र गरेका हौं, वास्तवमा, हामी वेगर सत्यतत्वको आफ्नै अस्तित्व छ वा छैन हामी भन्न सक्दैनौं । स्नायु प्रणाली र चेतनशील मनको विकास हुनु अघि विश्वमा स्वचालित कृया प्रवाह सिवाय अरु केही पनि थिएन । हाम्रो चेतन मन र सोच्न सक्ने सामर्थ्य, पदार्थ शक्तिको एउटा खास उपज मात्र हो भन्ने भौतिकवादी सोच र त्यस्को आफ्नो छुट्टै अस्तित्व छ भने अध्यात्मवादी सोचबीच सायद सत्यता पर्छ होला ।

सत्यतत्वको वास्तविक (आफ्नै) अस्तित्व छ ? छ पनि र छैन पनि । छ भनूँ भने यो केवल सांकेतिक प्रक्षेपण मात्र हो, छैन भनुँ भने यस सत्यतत्व अन्तर्गतका सत्यतानै हामी चेतनशील प्राणीहरूको लागि विश्व प्रवाहमा व्याप्त छ ।

सत्यतत्व त्यत्तिकै ध्रुव सत्य छ, जतिको ध्रुवसत्य विश्वप्रवाह भित्रका सत्यताहरू छन्, जतिको ध्रुव सत्य यस विश्वमा हाम्रो जीवन छ र हाम्रो जीवनका सत्यताहरू छन् । सत्यतत्व सांकेतिक रूपमा विश्वका सत्यताहरूलाई प्रतिनिधित्व गर्ने तत्वको रूपमा व्यवहार गरिएको एउटा तत्व हुनसक्छ तर यो अवास्तविक कदाचित होइन ।

यही सत्यतत्वलाई विश्वमा सकृय तत्वको रूपमा, विश्वमा सर्वज्ञ सर्वव्यापी सर्वशक्ति सम्पन्न 'ईश' तत्वको रूपमा पनि लिएकाहरू छन्



Downloaded from http://www.dhamma.digital

भने, वास्तविक तर निराकार शून्य न चेतन न अचेतन तत्वको रूपमा लिनेहरू पनि छन् ।

वास्तवमा हामी चेतनशील प्राणीहरूलाई संसारमा खान, लाउन, बाँच्न र मर्न मात्र पाएर पनि पुग्दैन, हाम्रो मनले हरबखत एउटा यस्तो आधार खोजी रहेको हुन्छ जसलाई सबै नाशवान भएर जाने पदार्थ-शक्ति रचित सांसारिक वस्तुहरू बाहेक एउटा चिरस्थायी आधारको रूपमा आश्रयको रूपमा लिन चाहेको हुन्छ । हाम्रो सो चाहनालाई सत्यतत्वको विभिन्न रूपमा गरिने साधनाले पूर्तिगरी रहेको छ ।

**(ङ) सत्यतत्वको साधना**

निरपेक्षिक जगत (धरातल) मा अवस्थित भएर मात्रै हामीले सत्यतत्वलाई साक्षात्कार गर्न सक्छौं- यहाँ साक्षात्कारको अर्थ हो– सत्यतत्वसित एक रूप हुनु जुन वास्तवमा हामी छौं । तर यसको लागि कामलोकको राग, द्वेष, मोहयुक्त रंगीन काम वासनायुक्त धरातलबाट माथि उठ्न आवश्यक हुन्छ । अभ्यासद्वारा मात्रै हामी कामलोकको क्लेशहरूबाट मुक्त हुन सक्छौं ।

कामलोकको फन्दाबाट मुक्त हुन, शील समाधि प्रज्ञाको स्वर्णिम बाटो महान सत्य द्रष्टा शान्ति नायक बुद्धले खोली दिनुभएको छ, हामीलाई देखाइ दिनुभएको छ जसको बारेमा "अपावृतं अमृतस्य द्वारं" भनी उहाँले घोषणा गर्नु भएको थियो ।

यस मार्गमा लाग्ने उत्तम साधनालाई विपश्यनाको माध्यमबाट कल्याणमित्र श्री सत्यनारायण गोयन्काले स्पष्ट गर्नुभएको छ । 'विपश्यना के हो ?' भन्ने एउटा लेखमा गोयन्का भन्नुहुन्छ "विपश्यना सत्यको उपासना हो सत्यमा जिउने अभ्यास हो । सत्य अर्थात् यथार्थ"......... "आवरण, माया भ्रम भ्रान्ति विहीन यस क्षणको जुन सत्य हो, जस्तो छ, त्यसलाई ठीक त्यसरीनै त्यसको सही स्वभावलाई हेर्नु बुझ्नु यही विपश्यना हो । विपश्यना सम्यक् दर्शन हो । विपश्यना सम्यक् ज्ञान हो ।"

सत्यतत्व सर्वव्यापी छ र हामी प्रत्येकमा यो तत्व व्याप्त छ । हामीहरू स्वयं विश्वका घटना प्रवाहका एक अंग हौं, यस वास्तविकतालाई



Downloaded from http://www.dhamma.digital

यथार्थ बोध गर्न हामीमा निरपेक्षता (Objective thinking) को आवश्यकता हुन्छ, हामी स्वयंले आफूलाई विश्व प्रकृयाको एक अभिन्न अंगको रूपमा देख्नु र विश्व प्रकृयामा एकरूपतालाई बुभ्नुनै वास्तवमा आफ्नो अहं भावबाट मुक्त भई आफ्नो 'स्व' लाई 'आफू' लाई विश्वमा विलाउनु हो, यस सत्यको बोध गर्न हामीहरू राग, द्वेष मोहादि विकारबाट मुक्त भई वस्तुगत रूपमा विश्वका प्रकृयाहरूलाई बोध गर्नसक्ने हुनु आवश्यक हुन्छ, र यस प्रकारको दृष्टिप्राप्त गर्नु अभ्यासको जरूरत छ । भगवान् बुद्धद्वारा प्रतिपादित आर्य अष्टांगिक मार्गको अभ्यासद्वारा चित्तलाई शान्त र सुस्थिर गरेर आफूलाई सत्यतत्वमै विलीन गरी क्लेश मुक्तभई निर्वाण प्राप्त गर्न सकिन्छ । यो कुरा हाम्रा अग्रज अर्हत निर्वाण प्राप्त व्यक्तिहरूले सिद्ध गरीसकेका छन् ।

सत्यतत्वको साधनामा लाग्ने एउटा सुगम उपाय हो सम्यक् जीवन (Right living) जुन मानसिक स्वास्थ्यको लागि पनी अत्यावश्यक छ । यसका ४ अंगहरू छन् । सम्यक् आचरण, सम्यक् भोजन, सम्यक् व्यायाम र सम्यक् विश्राम । मन, वचन र कर्मले सदाचरणमा लाग्नु सम्यक् आचरण हो । नियमित तरिकाले शरीरलाई आवश्यक मात्रामा मात्र संतुलित भोजन गर्नु सम्यक् भोजन हो । शरीरका अंगप्रत्यंगहरूलाई सुचारू राख्न नियमित रूपले गरिने व्यायाम सम्यक् व्यायाम हो तथा शरीर र मन दुबैलाई चाहिने मात्रामा निद्राद्वारा र जागृत अवस्थामा ध्यानाभ्यासद्वारा शान्त सुसमाहित राख्नु सम्यक् विश्राम हो ।

यद्यपि सांसारिक झन्झटहरूबीच सम्यक् जीवन जिउन र आफ्नो रोजी रोटी कमाउन सजिलो त अवश्य पनि हुँदैन तर अभ्यासले यही बाटोलाईनै एकमात्र सुगम बाटोबनाई दिन्छ । सत्यतत्व साक्षात्कारको लागि अरु छोटकरी मन्त्र तन्त्रादिको बाटोहरू पनि बताइएको पाइन्छ तर जति छोटकरी भयो उति चिप्लिएर लड्ने डर पनि हुन्छ । फेरि सजिलै पाएको धनको दुरुपयोग पनि हुनसक्छ र धेरैकाल टिक्दैन पनि ।

सम्यक् जीवन शील, समाधि र प्रज्ञाको मार्ग हो । शीलको अर्थ हो यस प्रकारको आचरण गर्नु, दैनिक कार्यकलापहरू, शरीर वचन तथा मनले गर्नु जसबाट न आफ्नो मनमा उद्विघ्नता, चंचलता र अशान्ति पैदा



Downloaded from http://www.dhamma.digital

होस्, न अर्काको मनमा। अष्टांगिक मार्गको सम्यक् वचन, सम्यक् कर्मान्त सम्यक् आजीव, यस अन्तर्गत पर्दछ। सम्यक् समाधि प्राप्त गर्नु, सम्यक् कर्मान्त, सम्यक् वचन र सम्यक् आजीवकाको त जरूरत हुन्छ नै, यस बाहेक सम्यक् प्रयत्न, सम्यक् व्यायाम (मानसिक) को पनि र सम्यक् स्मृतिको पनि जरूरत हुन्छ, दुर्भावनाहरू हटाई सद्भावनाहरू मनमा जागृत गराउनु, मनलाई अस्थिर गराउने प्रवृत्तिहरू हटाई स्थिर गराउने प्रवृत्तिहरू अपनाउनु र हरबखत जागरुक भई सत्यका विभिन्न पक्षहरूलाई आफ्नो स्मृतिमा ल्याउनु, विपश्यनाको अभ्यास गर्नु इत्यादि जम्मै सम्यक् समाधि अन्तर्गत पर्दछ। सम्यक् दृष्टि र सम्यक् संकल्प, प्रज्ञाका अंगहरू हुन्, यथार्थता बोध गर्ने संकल्प र सत्यसँग एक रूपता कायम गरी सम्यक् दृष्टि प्राप्त गर्ने संकल्पबाटै प्रज्ञा अर्थात् यथार्थ ज्ञान अर्थात् सत्यको बोध सम्भव हुन्छ।

## १०. सर्वशक्तिसम्पन्न तत्व

यद्यपि विश्व-प्रवाह अन्तर्गत जतिपनि घटना घटेका थिए, घटीरहेछ वा घट्ने छ सबैमा सत्यता छ र सत्यतत्व अन्तर्गत नै पर्दछन्, तथापि सत्यतत्व सर्वशक्ति सम्पन्न तत्व होइन। प्रकृतिमा जति पनि घटना घट्छन् प्रकृतिका नियम अनुसारनै घट्छन्, र नबुझ्नेलाई चमत्कार वा अलौकिक जस्तो लागेता पनि अप्राकृतिक तथा कारण-कार्यको नियम विपरित भने हुँदैन। चाटकीको चटक जस्तै अथवा विज्ञानको चमत्कार जस्तै सबैमा कारण-कार्यको पद्धति लागू हुन्छ। कारण-कार्य नियमकै अन्तर्गत विश्वका सम्पूर्ण प्रकृयाहरू, मानव मस्तिष्क र स्नायु प्राणालीमा हुने सबै प्रकारका परिवर्तन पनि सोही नियम अन्तर्गतनै संचालन हुन्छन्, जटिलताको कारणले मात्रै यस बारेका नियमहरू र प्रकृतिहरू अवलोकन गर्नमा कठिनाई हुन सक्छ। तर यस भित्रपनि उही विश्वप्रकृया र सत्यतत्वनै कृयाशील हुन्छ।

## ११. विश्व-प्रकृया र सत्यतत्वको सम्बन्ध

विश्व-प्रवाह अर्थात् परिवर्तनशील विश्वको अनादिदेखि अनत्व कालसम्मको जुन अनित्य स्वभाव छ त्यही स्वभाव सत्यतत्वमा पनि हुन्छ, किनकि, कुनै वस्तुमा जुन सत्यता छ सो तत्कालको लागि मात्र हुन्छ।



Downloaded from http://www.dhamma.digital

जस्तै कुनै ठाउँमा कुनै घटना घट्यो भने सो घटना बारेको सत्यता तत्कालको लागि मात्र हुन्छ, त्यस्को एक छिनपछि घटनाको प्रकृयामा परिवर्तन भएजस्तै सत्यतामा परिवर्तन हुन्छ, जस्तै वाल्यकालको कुनै एक बखत शरीर भित्रका प्रणालीहरू बारे जुन सत्यता छ सोही सत्यता वृद्धावस्थामा पनि त्यसै रहँदैन । यसको कारण यो हो कि विश्वप्रकृया को मानसपटलमा अंकित जुन परमार्थ सत्यता छ, त्यो पनि प्रवाहित छ परिवर्तित छ ।

यो यसकारणले हो कि सत्यता भन्नुनै विश्व प्रकृयामा मानसिक प्रक्षेपण (Projection) मात्र हो । यथार्थमा यस सत्यताको पनि अस्तित्व शून्यवत छ ।

भौतिक पृष्ठ भूमिमा आधारित हाम्रो मानसिक कृयाहरू, क्षणिक हुनाको कारणले शून्यवत भए जस्तैनै हाम्रो मनले निर्माण गरेको सत्यतत्व पनि अत्यन्त विशाल, सर्वकालिक, सर्वव्यापी र पदार्थ शक्तिको अन्तिम रूपसम्म पनि थाहा पाउन सक्ने अति शक्तिशाली इन्द्रियहरूलेयुक्त भए पनि यथार्थतामा अस्तित्व रहितनै छ ।

अत्यन्त क्षणिक यो विश्व प्रवाह वास्तविक भएता पनि, शून्यवत भएजस्तै, त्यसैको मानसिक प्रतिमूर्ति सत्यतत्व पनि त्यस्तै क्षणिक र शुन्यवतनै हुनु स्वभाविकै हो । हामीहरू सबै विश्व प्रकृया अन्तर्गतका सत्यतत्वकै एक अभिन्न अंग भएको नाताले, सत्यतत्वको चिन्तन र साधनामा हामीहरू यस विश्व प्रकृयाको एक अभिन्न अंशको रूपमा सागरमा गाग्रोको पानीजस्तै अवश्य विलाएर जान सक्छौं तर त्यतिमा मात्र हाम्रो साधना सीमित रहँदैन, किनकि सत्यतत्व त्यस्तै क्षणिक र शून्यवत छ जस्तो कि विश्वप्रवाह ।

त्यसो भएको हुनाले यस विश्वमा परिवर्तनशील तत्वहरू बाहेक एउटा सुनिश्चित स्थिर आधार खोज्ने साधकहरू सत्यतत्व भन्दा पनि परजाने प्रयत्नमा लाग्छन् ।

**१२. सत्यतत्व भन्दापर-परमतत्व :**

सत्यतत्वलाई हामी सम्पूर्ण सत्यताको सामूहिक प्रतिनिधित्व गर्ने सांकेतिक तत्वको रूपमा लिएका छौं । तर सांकेतिक भएपनि त्यसको प्रत्यक्ष सम्बन्ध परिवर्तनशील (अनित्य) विश्वप्रवाह र त्यसभित्रका सत्यताहरूसित छ ।



Downloaded from http://www.dhamma.digital

त्यसकारण दार्शनिकहरूले एउटा यस्तो तत्व खोजी निकालेका छन् जुनबाट सम्पूर्ण विश्व प्रवाह र सत्यताहरू प्रवाहित छन्, जो अचल, ध्रुव, स्थिर र शान्त छ, जो परिवर्तनशील प्राणीहरूको लागि अन्तिम आश्रयको रूपमा छ, परिवर्तनशील जगतमा हुने अनित्यता, दु:ख र अनात्मिकताको विपरित यो तत्वलाई, नित्य सुख (आनन्द) स्वरूप र आत्मिकताको रूपमा लिइएको छ । यस प्रकारको आश्रय बारे बुद्धको यो कथन मननीय छ ।

"छ, भिक्षुहरू हो ! त्यस्तो आयतन (आवलम्बन, आश्रय) जो अजात, अमूत, अकृत, असंस्कृत छ, यदि यस्तो आयतन नहुँदो हो त जात, भूत, कृत, संस्कृतबाट निस्सरण (निकास) सम्भव हुने थिएन ।"

"यस्तो पनि एउटा लोक छ, जहाँ न पृथ्वी छ न जल, न अग्नि छ न हावा, न अनन्त आकाश छ न अनन्त विज्ञान, न यो संसार छ न अर्को, न सूर्य चम्कन्छ न चन्द्रमा । म भन्छु यहाँ न आउँछ, न जान्छ र खडा र हन्छ न उत्पत्ति हुन्छ न विनास । आलम्बनहीन, आदिहीन र आधारहीन यो छ, यहीं सम्पूर्ण दु:खको अन्त हुन्छ ।"

त्यही अर्हतहरूको निर्वाणभूमि पनि हो, जसमास्थित भएकालाई महान दु:खहरूले पनि विचलित गर्न सक्तैन ।

अत: यस तत्वलाई शाश्वत, शान्तिमय र प्राणीहरूको अन्तिम आश्रय निर्वाण पनि मानिन्छ जुन प्राप्त गरेपछि प्राणीहरू फेरि संसारको अनित्य परिवर्तनमा फर्केर आउँदैनन् ।

यस तत्वको बारेमा केही गहिराईमा पुगेर बुझ्नु नितान्त आवश्यक छ ।

पहिलो कुरा त, यो जुन क्षण क्षणमा परिवर्तन भैरहने, पदार्थ-शक्तिले रचना भएको, कारण कार्य नियम अन्तर्गत स्वचालित विश्व प्रवाह छ, र यस विश्व प्रवाहका अभिन्न अंशको रूपमा जुन यो प्राणीहरू (वनस्पति र जनावरहरू) को देह स्नायु पुञ्ज र मस्तिष्क (brain) छ, र यो स्नायु पुञ्ज र मस्तिष्कमा भैरहने हलचल परिवर्तन स्वरूप जो हाम्रो मन वा चित्त छ, यस बाहेक अझ त्यही छ, भने त्यो परिकल्पित तत्व मात्रै हुन्छ ।

दोश्रो कुरा, कुनै पनि परिकल्पित रूप कृया वा कृयाशील तत्वलाई अत्यन्त श्रद्धाले सत्यताले पूर्ण अस्तित्व युक्तनै हो भनी एकाग्र मनले ध्यान



Downloaded from http://www.dhamma.digital

गरेमा सो परिकल्पित वस्तु वा स्थिति वा आश्रय जे होस, त्यसले् सो ध्यान गरी एकाग्र चित्त गर्नेको लागि साँचो जस्तो लाग्न पनि सक्छ । देवी देवताहरू प्रकट हुनु उनीहरूसँग वार्तालाप हुनु आदि हाम्रा मनभित्र हुन सक्ने संभाव्यताहरू हुन् । तर यसो हुँदैमा पदार्थ शक्ति प्रवाहको अंशको रूपमा मानसिक परिकल्पित वस्तु वा स्थितिलाई लिन मिल्दैन । सत्यतत्वको वास्तविक अस्तित्व छैन, यो केवल विश्व प्रवाहको हाम्रै मानसिक प्रक्षेपण मात्र हो, यथार्थ सत्यको हाम्रो कल्पनाले उब्जाएको तत्वमात्रै हो । त्यस्तै चाहे आत्मा भनौं वा परमात्मा, ब्रह्म भनौं वा निर्वाण, परमेश्वर भनौं या भूत प्रेत, देवदेवीहरू भनौं या दैत्यहरू, यी सबै हाम्रै स्नायु पुञ्ज र मस्तिष्कले उब्जाएका परिकल्पित वस्तुहरू स्थिति वा आश्रयहरू हुन्, यथार्थमा त यहाँ केवल पदार्थ र शक्तिहरू छन् र तिनीहरूमा भैरहने कृया प्रतिकृयाहरू । वैज्ञानिकहरूको खोजले यस तथ्यलाई प्रकाशित गरेको छ ।

त्यसो भए के संसारको दुःखहरूबाट मुक्त गरी निर्वाण प्राप्त गर्नुको अर्थ एउटा परिकल्पित स्थितिको आश्रयमात्र लिनु हो त ?

हो, यथार्थमा यी परिकल्पित स्थितिहरू मात्र हुन् जसलाई हामी यसकारणले वास्तविक मान्छौं यस्ता स्थितिहरूलाई हामी आफ्नो चित्त भित्र अनुभव गर्न सक्छौं । जस्तो कि, यदि हामीले सारा संस्कारहरू र स्थितिहरूको अनित्यता, अनात्मिकता र दुःखलाई यथार्थरूपमा मनन चिन्तन गरी तदनुसार आफ्नो चित्तलाई तृष्णा विहीन क्लेशहरू मुक्त गर्न सकेमा (जुन गर्ने सामर्थ्य हामी मध्ये हरेकमा छ), हाम्रो मन क्लेश मुक्त भएर एउटा यस्तो स्थितिमा पुग्छ, जुन अत्यन्त शान्त गंभीर, सुख दुःखको चक्रबाट मुक्त संस्कार रहित निर्वाणको स्थिति छ ।

यस्तै कुरा आत्मा, परमात्मा, ब्रह्म र परमेश्वरको बारेमा भन्न सकिन्छ ।

उदाहरणको लागि, जुनलाई हामी आत्मा भन्छौं यसको पदार्थ शक्तिको रूपमा परिवर्तनशील तत्वहरूको रूपमा अस्तित्व छैन । आत्मा के हो ? विश्वमा परिवर्तनशील जेजति छन् सबै अनात्म छन्, जस्लाई हामी आफू आफ्नो भन्छौं ती कुनै पनि आत्मा हैन, जस्लाई हामी श्याम, राम, गौतम, रमा, वा म भनी भन्छौं ती त नाम मात्र हुन्, कसैलाई जाहेर गर्नेशब्द मात्रै हुन्, वास्तवमा 'म' भन्नु यहाँ केही पनि छैन, सिवाय एउटा



Downloaded from http://www.dhamma.digital

**शून्य अस्तित्वहीन परिकल्पित तत्व** जसलाई हामी 'आत्मा' भन्छौं । जव आत्माको कुनै रूप, रंग, गुण छैन तव यसको बारेमा अनेक परिकल्पना गर्न सकिने हुन्छ, जस्तै यसैको कारणले शरीर जीवित रहन्छ इन्द्रियहरू र मन र वृद्धि आफ्नो आफ्नो कामहरू गर्छन् इत्यादि । जव शरीर मर्छ तव आत्मा शरीरबाट निस्केर शून्य प्रायः भएर घुम्छ र पुनः अर्को शरीर धारण गर्छ, अथवा परमात्मामा मिल्छ । इत्यादि ।

परमात्मा के हो ? विश्वमा भएका पदार्थ शक्ति र परिवर्तनशील वस्तुहरू स्थितिहरू इत्यादि मध्ये कुनै पनि परमात्मा हैन, यो त सबै आत्माको पनि आत्मा, जस्तो शरीरको आत्मा त्यस्तै विश्वको परमात्मा । विश्वका अस्तित्वयुक्त मध्ये कुनै पनि परमात्मा हैन, तर परमात्माकै उपस्थितिले गर्दा विश्व संचालित छ जीवित छ, विश्वका परिवर्तनहरूका आफ्नै नियमहरू हुन्छन्, तसर्थ परमात्मा ती सबैमा निस्पृह हुन्छ । विश्वमा कार्य प्रवाह चलीरहन्छ परमात्मा साक्षी स्वरूप द्रष्टाको रूपमा रहन्छ, भर्ता भोक्ताको रूपमा रहन्छ इत्यादि ।

जसरी शरीरको अस्तित्वलाई बोध गर्ने एउटा शब्द (नाम) को रूपमा 'म' को प्रयोग हुन्छ त्यस्तै आत्मा केवल नाम मात्र पनि होइन, कर्मको प्रवाह जारीराख्ने अदृश्य शक्ति पनि हो । परमात्मा पनि सर्वज्ञ, सर्वव्यापी, सर्वकालिक, सर्वशक्तिवान हुन्छ, त्यतिमात्र नभै यो सबै सुखको खानी पनि हुन्छ, यसैमा आएर मानिसको सबै कामनाको अन्त हुन्छ, त्यसैले महान शक्ति पनि प्राप्त हुन्छ भनी परिकल्पना बनाउन सकिन्छ ।

## १३. परमात्म तत्व

जीव विकासको क्रममा प्राणीहरूमा विशेष गरी जनावरहरूमा स्नायु प्रणालीको विकास भयो । यद्यपि स्नायु प्रणाली पदार्थ-शक्ति, अणु परमाणुहरूद्वारानै बनेको छ, जस्लाई जड मानिन्छ, तथापि त्यसमा प्रकाश, ध्वनि, ताप आदि शक्तिका तरंगहरूलाई संचेतना (sensations) का रूपमा लिई संचालन गर्नसक्ने सामर्थ्य छ, अर्थात् यी शक्तिका तरंगहरूको असर पर्छ र मस्तिष्कद्वारा स्नायुहरूले भित्र्याएको शक्ति तरंगहरूलाई रूप, शब्द, गन्ध आदिको रूपमा ग्रहण गर्दछ । भौतिक तथा रासायनिक कृयाहरूद्वारा सम्पन्न हुने यस प्रकृयाबाट मस्तिष्कमा हुनेकार्यहरू हुन्छ,



Downloaded from http://www.dhamma.digital

जसलाई हामी सचेतन र अचेतन चित्तको रूपमा चिन्छौं । यस स्नायु प्रणालीको न केवल बाहिरका संचेतनाहरू ग्रहणगरेर बाह्य जगत बारे जानकारी लिने सामर्थ्य छ, किन्तु स्नायु पुञ्जयुक्त देहको अस्तित्व बारे पनि संचेतना प्राप्त गर्ने सामर्थ्य हुन्छ । स्नायु प्रणालीमा हुने भौतिक, रासायनिक कृयाहरूकै फलस्वरूप यी सामर्थ्यहरू उत्पन्न हुन्छन् ।

यद्यपि देहमा हुने यी सबै प्रकृयाहरू विश्वमा भइरहेका अन्य परिवर्तनहरूसित सम्बद्ध भएर प्रकृयाहरूकै एक अभिन्न अंशको रूपमा रहेका छन् तापनि आफ्नो अस्तित्व आफै महसूस गर्नसक्ने कारणले गर्दा आफूलाई वातारणबाट अलग्याएर 'म' छु भन्ने भावना उत्पन्न गराउँछ । यही 'म' बाट मेरो (ममता) को भावना जागृत हुन्छ– 'मेरो शरीर', 'मेरो मन' इत्यादि । विश्वप्रकृयाको एक अभिन्न अंश भएर पनि व्यक्तिमा 'म' अलग्गै हुँ, मेरो अलग्गै अस्तित्व छ भन्ने जुन नासम्झी (misunderstanding) उत्पन्न हुन्छ, त्यहिंबाट व्यक्तिको 'म' पना (अहंकार) र आफूप्रतिको अनुरागअर्थात् मोहको जन्म हुन्छ । जहाँ मोह हुन्छ त्यहाँ आफूलाई मन पर्नेनपर्ने अर्थात राग द्वेषको जन्म हुन्छ । यसरी ठीक नजान्नु अथवा अज्ञानबाट उत्पन्न रागद्वेष र मोहको धुरीमा बाँधिएर व्यक्तिको जीवन-चक्र (life-cycle) चली रहन्छ । यसरी जब यो संचेतना युक्त शरीरमा जुन आत्मभाव शुरु हुन्छ त्यसैको सूक्ष्म रुप त्यो आत्मतत्व हो– जुन प्रत्येक जीवित (संचेतनायुक्त) देहमा रहेको भान हुन्छ ।

आत्मभाव अहंकारको जननी, अविद्या र मोहको जननीको रूपमा रहेको हुन्छ, 'म' को उपस्थितिबाट 'मेरो' को भावना जागृत हुन्छ, म रहुँ तर मेरो भन्ने भावना नरहोस् यो सम्भव हुँदैन । अविद्याको कारण राग, द्वेष, मोह उत्पन्न हुन्छ, प्रिय अप्रिय सुरू हुन्छ, मेरो सुखको लागि हो होइन भन्ने स्वार्थ भावना सुरू हुन्छ, र यसैबाट संसारी व्यवहारहरू र सुख दुखादि चक्रहरू सुरू हुन्छ । यो राग, द्वेष, मोहको बन्धनमा बाँधिएको आत्मभाव भन्दा आत्मातत्व विलकुल भिन्न हुन्छ जुन् राग, द्वेष र मोहबाट, अविद्याबाट अछूत रहन्छ त्यो आत्मा जुन सांसारिक कर्महरूबाट विलकुल अलिप्त रहन्छ, जुन परमात्माको अंशको नाताले शरीरको सम्पूर्ण कृयाहरूबाट



Downloaded from http://www.dhamma.digital

अलग निर्लिप्त निराशक्त रहन्छ, यो सबै यस कारणले हुन्छ कि जबकि सांसारिक 'म' को सम्बन्ध सांसारिक वस्तुहरू देह, शरीर र मनसँग बाँधिएको हुन्छ, यो आत्मा एक आर्थमा शरीरको वा मनको केहीसँग पनि असम्बन्ध रहेर फेरी सबैमा व्याप्त पनि रहन्छ ।

यथार्थ र वास्तविक विश्व प्रवाहको अनित्यताबाट त्राण पाउने उद्देश्यले खडा गरिएका यी परिकल्पित तत्वहरू, वास्तवमा परिकल्पित भएर पनि अनित्य, दु:खमय अनात्मिक विश्वमा नित्य, सदा शान्तिमय, आफ्नो संधैको निवास स्थानको रूपमा मानिएको पनि छ ।

यो आत्मतत्वको अवधारणाबाटनै यस विश्व-प्रक्र्यासँग हरपल रहीरहने पर मात्मातत्वको अवधारणाको विकास हुन्छ । जसरी आत्मतत्व प्रत्येक जीवधारीको देहमा छ त्यस्तैनै सम्पूर्ण विश्व प्रवाहको नियंता, धर्ता, हर्ताको रूपमा विश्वात्मा वा अविनाशी, अनादि, अनन्त परमात्मा तत्वको बास छ भन्ने निष्कर्ष निस्कन्छ । सूक्ष्म रूपमा आत्मतत्व, परमात्मतत्वकै एक अंश मानिन्छ ।

राग, द्वेष, मोह, अंहकारबाट विल्कुलनै पर रहेको शारीरिक-मानसिक प्रवाहको रूपमा अस्तित्वयुक्त भएर जुन सूक्ष्म 'म' छ, त्यही वास्तवमा विश्व प्रवाह अन्तर्गतको परमतत्व मानिन्छ, जुन सत्य तत्व भन्दा पनि पर सत्यतत्वको आधारको रूपमा रहेको मानिन्छ ।

सूक्ष्म रूपमा यो जुन 'आफू 'म' भन्ने भावना छ, त्यो विश्व प्रवाहकै अभिन्न अंशको रूपमा रहेको संचेतना युक्त परिवर्तनशील देह (शरीर मन) भित्रको परमात्मतत्व वा परमतत्वकै एउटा अंश हो, जुन यस विश्व प्रवाहमा व्याप्त छ । सत्यतत्व भन्दा पर यस परमतत्व वा परमात्मतत्वको अस्तित्वको जानकारी हामीलाई साधनाद्वारा त्यस परम पद प्राप्त गर्ने अर्हत्, संत, योगीहरूले दिएका छन् ।

यस विश्वका जतिपनि परिवर्तनशील अनित्य, पदार्थ- शक्ति निर्मित वस्तुहरू छन् वा स्थितिहरू छन् ती सबैअर्थात् सत्यतत्व अन्तर्गतका सबै न 'म' हुँ न 'मेरा' हुन्, भन्ने तत्वत: थाहा पाउने सतहरूकोलागि अन्तिम आश्रय, अवलम्बनको रूपमा रहेको त्यस परमतत्वको भूमिलाईनै सबै सूक्ष्म आत्मतत्वहरूको पनि अन्तिम निवास स्थान मानिन्छ, जुनमा उनीहरू अन्तत्वगत्वा विलीन भएर जान्छन् ।



Downloaded from http://www.dhamma.digital

परिकल्पना वास्तविकता भन्दा भिन्न हुनसक्छ। परिकल्पना गर्दैमा कुनै वस्तु सत्य हुने होइन। यसका कतिपय उदाहरणहरू दिन सकिन्छ।

अक्सर गरी, जब हामीहरूलाई प्राकृतिक कृयाहरू बारे यथार्थतः ज्ञान हुँदैन, र आफ्नो ज्ञानको आधारमा त्यसलाई व्याख्या गर्न असमर्थ हुन्छौं तर हामीले परिकल्पित देवी देवता इत्यादिको सहायता लिने गर्छौं। विज्ञानको विकास हुनुभन्दा अगाडि र अहिले पनि जहाँ विज्ञानको प्रकाश पुग्न सकेको छैन त्यहाँ प्राकृतिक प्रकृयाको व्याख्या गर्न परिकल्पित तत्वहरूको प्रयोग गर्ने गरिन्छ। त्यस्कारण हाम्रा अनगिन्ती देवीदेवताहरू हुन्छ,, जस्ले पानी पार्छ, चट्याङ्ग ल्याउँछ, हावा चलाउँछ, भूकम्प गराउँछ, रोग ल्याउँछ, मृत्यु ल्याउँछ, मरेकोलाई जीवन दिन्छ, इत्यादि। आफूलाई थाहा छैन भन्नु भन्दा पनि थाहा हुने गर्नसक्ने कुनै तत्वको परिकल्पना गरिन्छ। देवताले रूखबाट फलहरू उत्पन्न गर्छ, देवताले मानिसहरूको आयुको लेखा जोखा राख्दछ। इत्यादि।

त्यस्तै यो सम्पूर्ण विश्वप्रवाह कसद्वारा संचालित छ भन्ने प्रश्नको उत्तरमा सजिलैसित जवाफ दिन्छौं 'इश्वर' द्वारा, इश्वरको संकल्पद्वारा इत्यादि।

यी सबै परिकल्पनाहरू अवैज्ञानिक अवास्तविक हुन्छन्, यस कारण यथार्थमा आधारित हुने हो भने, यी सबै परिकल्पनाबाट टाढा जे जस्तो हामीलाई हाम्रा इन्द्रियानुभूतिहरूको आधारमा थाहा भएका सत्यताहरू छन् त्यसै भित्र सीमित रहनुपर्ने हुन्छ।

सबै अनित्य छन्, सबै दुःखमय छन् सबै अनात्म छन् भन्ने दृष्टिकोण यथार्थ अनुभवमा आधारित छन्। विश्वमा भैरहने परिवर्तनशील प्रकृयाको पृष्ठभूमिमा आसक्ति युक्त प्राणीहरूलाई दुःखको अनुभूति हुन्छ। यो पनि यथार्थअनुभूतिको आधारमा थाहा भैरहेको वास्तविकता हो। सम्पूर्ण आसक्तिको अभावमा हामी दुःखवबट मुक्त हुन सक्छौं। यो पनि वास्तविक यथार्थनै हो। विशेष मानसिक र शारीरिक आचरणद्वारा अनासक्तिको विकास गरी क्लेशबाट मुक्त हुन सक्छौं, क्लेशबाट मुक्त भएपनि के हुन्छ? हामीलाई सुख सुख भनी राग द्वेष मोहयुक्त भई सांसारिक दौडमा लाग्न पर्ने हुँदैन, हामी शान्त हुन्छौं यसैलाई बुद्धले निर्वाणको स्थिति, संसारमा दौडन



Downloaded from http://www.dhamma.digital

नपर्ने क्लेश रहित स्थिति भनेका थिए । निर्वृत्त व्यक्तिको स्थिति विश्व प्रकृया र सत्यतत्व भन्दा पनि परको स्थिति यसकारणले हुन्छन् कि यद्यपि निर्वृत्त व्यक्तिलाई पनि साधारण व्यक्तिलाई जस्तै खान, लाउन, वस्न सुत्न सबै कुराको जरूरत हुन्छ तथापि सम्पूर्ण विश्वप्रकृयामा विरक्त उस्को मनस्थिति हुने हुनाले निर्वाणको स्थितिलाई सत्यतत्व र विश्वप्रवाह भन्दा पर मान्न सकिन्छ ।

यसकारण निर्वाण एउटा यथार्थमा घट्ने सत्य प्रकृया मात्र हो जसभित्र कुनै परिकल्पित तत्व छैन ।

## १४. जीवनको अन्तिम लक्ष

जिउनु, अझ राम्ररी जिउनु- सुख सुविधापूर्वक जिउनु जीवनको प्रथम लक्ष हो । व्यवहारिक जीवनमा हामी यसै लक्ष अन्तर्गत कृयाशील रहन्छौं ।

एउटा सामान्य व्यक्तिको लक्ष हुन्छ– स्वस्थ रहनु, राम्रो शिक्षा दीक्षा ग्रहण गर्नु, धन कमाउनु, परिवार पाल्नु, केटाकेटीहरूको लालन पालन गर्नु, उनीहरूलाई सांसारिक जीवन बिताउन योग्य बनाइदिनु, अन्तमा छोराछोरी नाति पनातिहरूबीच आनन्दपूर्वक रही शान्तपूर्वक मर्नु ।

तर विरलै कोही यसरी शान्तिपूर्वक बाँच्न र शान्तिपूर्वक मर्न सक्षम हुन्छन् । संसार दुःखपूर्ण छ । यहाँ सुखहरू आउँछन् जान्छन् । दुःख त दुःखनै भए सुखहरू पनि दुःखमा बदलिन्छन् । जन्म, जरा, व्याधि, मृत्यु, अप्रिय संयोग, सुख कामना अपूर्ति हुनु र संक्षेपमा भन्ने हो भने संसारमा परिवर्तनशील भई जीन्दगी गुजार्ने देह, मन, शरीर सबै दुःखमय छन् । केवल परिवर्तन मात्रमा सुख पाउनु पनि कसरी सम्भव हुन्छ ? एक पछि अर्को जीवन यसरीनै केवल परिवर्तनशीलभै संसारमा आउनु-जानु, आउनु-जानु गरी रहेको हामी देख्छौं । एकातिर हाम्रा सुख कामनाहरूको अन्त कहिल्यै हुँदैन भने अर्कोतिर तिनीहरूको परिपूर्ति पनि कहिल्यै हुँदैन, आदर्श जीवन केवल आदर्शमात्र रहीरहन्छ ।

एकदिन यस्तो पनि आउँछ, यो जुनीमा नभए अर्को जुनीमा, जब हामी परिवर्तनशील जीवन चक्रमा चक्कर मार्दा मार्दै थाक्छौं, अनित्यमा नित्यता खडा गर्ने सपनाहरूको अन्त हुन्छ र हामी सच्चा अर्थमा विश्राम



Downloaded from http://www.dhamma.digital

चाहन्छौं, यस फेरिफेरि जन्मने, मर्ने, परिवर्तन भैरहने संसारबाट निकास खोज्छौं । त्यतिबेला हाम्रो हृदयले खोजी रहेको हुन्छ त्यो विश्रान्ति जुन सत्यतत्व भन्दा पर परमतत्वमा पाउन सक्छौं ।

त्यतिबेला हामीलाई लाग्छ, मानौं जीवनको अन्तिम लक्ष यही अचल ध्रुव शान्ति हो, बाकी त सबै केवल बदलीरहने दुइदिनका खेलहरू मात्र हुन् । यो त्यही ध्रुव शान्ति हो जहाँ सबै दुःखहरू निरोध हुन्छन्, विलय हुन्छन् । यही अन्तिम आश्रय हो । चाहे यसलाई ब्रह्म भनोस् वा निर्वाण, परमात्मा, जे नाम दिनुहोस् ।

तर के यो परमतत्व वास्तवमा छ त ? अथवा छ भन्ने हाम्रो मनको भावना मात्र हो ? वचपनमा जब हामी ज्यादै थाक्छौं वा विसञ्चो हुन्छौं वा चोटपटक लाग्छ हामी आमालाई पुकारी शरणमा जान्छौं । 'आमा' वास्तविक आस्तित्व भएको यथार्थ हो । त्यस्तै 'परमतत्व', चाहे त्यो काल्पनिकनै किन नहोस्, हामीलाई शरण दिने अन्तिम आश्रय हो, त्यसकारण त्यस्को हाम्रो लागि आस्तित्व छ, जहाँ हामी संसारको सारा सुख दुःख बिसाउन सक्छौं र परम शान्तिको अनुभव गर्न सक्छौं ।

सत्यतत्व आफैमा एउटा परिवर्तनशील अनित्यता भित्रको सत्यलाई समेट्ने तत्व भएकोले, यसको वास्तविक अस्तित्व छ तापनि यस्मा परिवर्तनशील वस्तुहरूमा सत्यता देख्न सक्ने थाहापाउन सक्ने हाम्रो चेतनशीलताको पनि सम्मिश्रण छ । तर सत्यतत्व भन्दा परको कुनै पनि स्थिति परिकाल्पनिक मात्र हुन्छ । अर्को शब्दमा भन्ने हो भने, केवल पदार्थ र शक्तिको मात्र अस्तित्व भएको यस विश्वमा, हामी जुन आफ्नो चित्त तरंग वा मनको चैतन्यको विभिन्न स्थितिहरू, त्यही पदार्थ-शक्तिको एउटा स्वरूप मानेको खण्डमा त्यस कल्पनाबाट उब्जेका सबैको वास्तविक पदार्थ शक्तिको रूपमा अस्तित्व हुनु कुनै जरूरी छैन । जस्तै अँध्यारोमा हामी भूतको कल्पना गर्छौं जुन वास्तवमा त्यहाँ हुँदैन तर जस्को अस्तित्व केवल हाम्रो मस्तिष्कको तरंगको रूपमा मात्र हुन्छ । यही कुरा सत्यतत्व वा सो भन्दा परका परमतत्वहरूको बारेमा पनि लागू हुन्छ । जसलाई हामी केवल मानव चेतनाको एक स्थिति मात्र मान्न सक्छौं र जस्को अस्तित्व चेतनाका लहरहरूमा मात्र सीमित हुन्छ । जुन



Downloaded from http://www.dhamma.digital

चीजको अस्तित्व केवल चेतनाका लहरहरूका रूपमा मस्तिष्कका कोषहरू भित्रमात्र हुन्छ त्यस्को सो तन्तुहरूको परिवर्तनको क्रममा अन्त पनि हुन्छ, त्यसकारण स्वयं परमतत्वको पनि वास्तविक अस्तित्व हाम्रै मानस पटलमा मात्र हुन्छ ।

वास्तविक अस्तित्व चाहे होस् वा नहोस् महत्वपूर्ण कुरा यो छ कि हाम्रो चेतनशील मस्तिष्कका तन्तुहरूको लहरकै रूपमै भएपनि जसरी सत्यतत्वको अस्तित्वलाई वास्तविक मान्न सकिन्छ त्यसरी नै सत्यतत्व भन्दा परको वास्तविकता परमतत्व, निर्वाण तत्व, परमार्थ तत्व, परमात्म तत्व, परबह्म तत्व, अथवा जे नाम दिए पनि, पदार्थ-शक्तिको परिवर्तन स्वरूप भैरहने घटना प्रवाह सँगसँगै सत्यतत्वको रूपमा सर्वज्ञ सर्वव्यापी रहने एउटा तत्वको वास्तविकतालाई स्वीकार्न सकिन्छ, जुन तत्वमानै सम्पूर्ण पदार्थ-शक्ति प्रवाहको विलय हुन्छ, अतः जुन हाम्रो अस्तित्वको आश्रय पनि हो; यही संसार सत्यतत्वमय भए जस्तै पर ब्रह्म भय, निर्वाण भय, शून्य भय वा परम तत्वभय पनि मान्न सकिन्छ ।

यो अनित्य दुःखमय र अनात्म संसार भएकै कारणले– नित्य सुख शान्तिमय हामीले खोजेको निर्वाण पनि छ, सबै दुःखको अन्त गर्ने स्थितिहरू पनि छन् र हाम्रो मानसिक पटलमा हामी भेट्टाउँछौ ।

## दर्शन, धर्म र समाज

मानिसहरू स्वभावैले ज्ञानी, सत्यदर्शी, तथा मानसिक विकार (राग, द्वेष, मोह) रहित भैदिएको भए, दर्शन तथा धर्मको आवश्यकता पनि हुने थिएन । तर मानिसहरू स्वभावैले अज्ञानी, मिथ्यादृष्टियुक्त तथा मानसिक विकारयुक्त छन्, तथा उनीहरूले बनाएको समाजमा पनि त्यसै अनुरूप, अशान्ति, झगडा, दुःख, द्वन्द्व, मारकाट, फैलिएको छ, त्यसकारण उनीहरूलाई ज्ञान दिन तथा सही बाटोमा लैजान दर्शन र धर्महरू बनेका हुन्छन् । जस्तै मानिसहरू स्वभावले आफूमा एउटा 'म' तत्वको अस्तित्व महसूस गर्छन्, तद्नुसार, मेरो शरीर, मेरो परिवार, मेरो घर, मेरो संसार भन्ने धारणाहरू बनाउँछन्, अनि मेरो पछि तेरो, मेरो स्वार्थ र तेरो स्वार्थ, यस्तै विभिन्न स्वार्थहरूको सिर्जना भई समाजमा स्वार्थ-संघर्ष र द्वन्द्व



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुन्छ। आफूमा 'म' तत्वको महसूस गर्नु, अहंकार र रागद्वेष मोहले युक्त हुनु र मानसिक विकार (काम क्रोध, लोभ, मोह, द्वेष आदि) ले युक्त हुनु यिनीहरू जम्मै स्वाभाविकनै छ तापनि यिनीहरूकै कारण समाजमा अशान्ति, लडाई, झगडा मच्चीरहने हुँदा दर्शन तथा धर्महरूले मानिसहरूलाई यस्को विपरितमा 'म' को शून्यताको ज्ञान दिलाई अथवा यो पृथ्वीको समाज माथि पनि एउटा दैवी, इश्वरीय राज्यको ज्ञान दिलाई मानिसहरूलाई अहंकारबाट मुक्त गराई मानसिक विकारहरूबाट मुक्त गराई समाजमा स्वार्थ-संघर्ष हटाउने वा कम गर्ने प्रयास दर्शन तथा धर्महरूले गरे ।

किन मानिसहरू स्वभावले अज्ञानी, र मानसिक विकार, क्लेश, राग द्वेष मोह आदि प्रवृत्तिले युक्त हुन्छन् ?

(१) जन्मसँगै उनीहरू शरीर र स्नायु पुञ्जयुक्त र मस्तिष्कयुक्त, वातावरणबाट संचेतना इन्द्रियहरूद्वारा ग्रहण गर्न सक्ने, भएर आउँछन् ।

(२) उनीहरूलाई जन्मदेखि संसारको बारेमा केही थाहा हुँदैन, अज्ञानी हुन्छन् ।

(३) बाबु, आमाको शरीरबाट विरासत (heredity) का नियम अनुसार प्राप्त वंशानुगत संस्कार लिएर आउँछन्, जुन उनीहरूको शरीरको कोषहरूमा वंशाणु (genes) को रूपमा रहेका हुन्छन्, जस्मा केही रसायनिक पदार्थहरू हुन्छन् जस्ले शरीर तथा मनको विकासलाई सघाउँछ ।

(४) स्वभावैले उनीहरू संसारमा आफ्नो जीवन-चक्र (life cycle) अर्थात् जन्म-वृद्धा, – युवावस्था – सन्तान उत्पादन क्षमता – वृद्धावस्था – व्याधिहरू तथा मरणको चक्रलाई, अघि बढाउने, घुमाउने स्वभाव, स्वधर्म, प्रकृति वा गुणहरू लिएर आएका हुन्छन् ।

(५) उनीहरूका शरीरका सम्पूर्ण उर्जा (energy) यही जीवन चक्र अघि बढाउन इच्छा वा सुख कामनाको रूपमा देखा पर्दछ, जसको वशमा परेर उनीहरू राग द्वेष मोहादि मानसिक क्लेशहरू युक्त भएर पाइला पाइलामा सुख कामना गरी जीवन चक्र अघि बढाइरहन्छन् ।

(६) वातावरणसित क्रिया-प्रतिक्रिया गर्दै उनीहरू आफ्नो जीवन-पथमा अगाडि बढ्छन्, यस्तै क्रममा जतिपनि जीवन चक्र अघि बढाउन सहायक



Downloaded from http://www.dhamma.digital

हुन्छ ती उनीहरूलाई प्रिय सुखकर, हितकर लाग्छ, र जीवन चक्रमा अवरोध बाधा विपरित संघर्ष गर्ने, र अगाडि बढ्ने, रीस, राग, भय आदि विभिन्न भावनाहरू लिएर अगाडि बढ्छन् ।

मानिस लगागयत अरु प्राणीहरूमा पनि यही प्रवृत्ति हुन्छ, जसलाई धर्महरूले तोकेका मानवीय - प्रवृत्ति विपरितका पाशविक (पशुहरूमा हुने) प्रवृत्ति भन्न सकिन्छ ।

यसरी मानिसहरू जन्मदेखि नै स्वभावैले अविद्या अज्ञान, रागद्वेष, मोहादि मानसिक विकारहरू आदि प्रवृत्तिहरूले युक्त भएका हुन्छन् ।

(७) मानिसहरूले (अथवा अन्य जनावरहरूले पनि) जुन समाज बनाएर बसेका हुन्छन् त्यस समाजको संरचनाको मूल कारक तत्वहरू पनि यिनै प्रवृत्तिहरू हुन्छन् । त्यस्तो भएको हुनाले जीवन-चक्र अगाडि बढाउने क्रममा सुख कामनाको रूपमा उब्जेका स्वार्थहरूबीच क्रिया प्रतिक्रिया समान स्वार्थहरू बीचमा मेल र विपरित स्वार्थहरूबीच संघर्षको रूपमा देखा परीरहन्छन् ।

यस कारणले पनि मानिसहरूले बनाएको समाजमा अथवा पशुहरूको समाजमा पनि बलियोको बोलवाला हुन्छ, निर्धोहरू पिल्सिन्छन्, कोही ऐश्वर्यशाली शक्तिशाली हुन्छन् कोही दीनदरिद्र हुन्छन्, यसरी समाज विसमतापूर्ण र द्वन्द्वयुक्त हुन्छ ।

(८) स्वार्थ - संघर्ष र विसमतापूर्ण समाज परस्परमा परिपूरक हुन्छन् अर्थात् एकले अर्कोलाई टेवा दिइरहेको हुन्छ । यस प्रकारको समाजमा, यसरी द्वन्द्व र संघर्षको स्थितिमा, पाशविक प्रवृत्तिहरूबाट उत्पन्न राग द्वेष मोहादि क्लेशहरू र त्यसबाट उत्पन्न दुःख र अशान्तिबाट मानिसहरूलाई त्राण दिन, सुख शान्ति दिन, ज्ञान दिन, अविद्या हटाउन, चक्षु दिन, पाशविक प्रवृत्तिहरूको साथै मानवीय - प्रवृत्तिहरू अथवा सत्य र धर्मले युक्त गराउने उद्देश्यहरू लिएर दर्शन तथा धर्महरू निस्केका हुन् ।

मानव रचित समाजमा मानिस जेजस्तो छ, त्यसलाईनै सुधार्ने हेतुले उत्पन्न धर्महरूको मेल वास्तविक समाज वा संसारसित नभई एउटा आदर्श समाजसित छ जहाँ व्यक्तिहरू धार्मिक हुन्छन्, मानवीय गुणहरूले युक्त हुन्छन्, मैत्री र करुणाको गुण अनुसार सामाजिक व्यवहार



Downloaded from http://www.dhamma.digital

चलीरहेको हुन्छ, जहाँ हिंसा, चोरी, व्यभिचार, आदि अकुशल कर्महरू गर्ने आवश्यकतानै हुँदैन । धर्महरूले चाहेको आदर्श धार्मिक समाज वास्तविक समाजभन्दा धेरै फरक हुन्छ । सम्पूर्ण सामाजिक संरचनामा नै हेरफेर नगरी धर्मको बलले मात्र त्यस प्रकारको धार्मिक आदर्श समाज स्थापना गर्न कठिन हुन्छ, किनकि वर्तमान वास्तविक समाजको संरचना विसमता र द्वन्द्वात्मक पद्धतिमा आधारित छ । जबसम्म द्वन्द्वात्मक विसमतावादी समाज रहीरहन्छ तबसम्म धर्महरूले खोजेको धार्मिक मान्छे र धार्मिक समाज आदर्श मात्र रही रहनेछ ।

धर्मले मानिसहरूको स्वभावलाई परिवर्तन गरी ज्ञानी, मानसिक विकारवाट मुक्त, राग द्वेषादि प्रवृत्तिबाट मुक्त बनाउन सकिन्छ र यसबाट सामाजिक स्थितिमा पनि सुधार आउँछ, समाजमा विसमता र द्वन्द्वको स्थिति रहँदैन भनी जुन सोच विचार धर्मका प्रचारकहरूले बनाएका थिए, आजसम्मको धर्मको प्रयोगबाट सो सम्भव भएको देखिएको छैन । तसर्थ धर्मको प्रचार/प्रसारको साथै सामाजिक सुधारको कार्यक्रम सँगसँगै जानुपर्ने तर्फ पनि हामीले ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ ।

❤ ❤ ❤

Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र विज्ञान सम्बन्धी लेख संग्रह



Downloaded from http://www.dhamma.digital

Blank

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# वास्तविकताको बोध

बुद्ध धर्म वास्तविकताको बोधमा आधारित धर्म हो । बुद्ध धर्मको अनन्य सम्बन्ध बोधिज्ञान सित छ भने बोधिज्ञानको सीधा सम्बन्ध सत्यता वा वास्तविकता (Reality) सँग छ ।

वास्तविकताको अर्थ हो - वास्तवमा जो हो वा छ त्यो (the thing as it is)। कुनै वस्तु वा घटनालाई त्यो के हो ? कसरी हुन्छ ? इत्यादि बारे हाम्रो व्यक्तिगत धारणा गलत पनि हुनसक्छ। तत्काल सत्य लागेको कुरा अथवा सापेक्षिक सत्य (Relative truth), वास्तविक सत्य (Absolute truth) भन्दा फरक हुनसक्छ।

हामीले हाम्रो चारैतिर भइरहेको परिवर्तनहरूलाई कुन दृष्टिले हेर्छौं, यदि हाम्रो सुझबुझ ठीक छ भने त्यस प्रकारको दृष्टिलाई सम्यक् वा ठीक दृष्टि भनिन्छ होइन भने गलत धारणालाई मिथ्यादृष्टि भनिन्छ। मिथ्यादृष्टिको सम्बन्ध सापेक्षिक सत्यसित हुन्छ भने सम्यक् दृष्टिको सम्बन्ध निरपेक्षिक सत्य वा वास्तविकतासँग हुन्छ । संसार परिवर्तनशील छ । यहाँ प्रत्येक वस्तुमा प्रत्येक क्षण परिवर्तन भैरहन्छ । जीवित प्राणीहरूको कुरै छोडौं, निर्जीवहरूमा पनि क्रमिक परिवर्तन भै नै रहन्छ । कहिले परिवर्तनको वेग छिटो हुन्छ त कहिले ढिलो हुन्छ तर परिवर्तन वा हेरफेर अवश्य हुन्छ । यही परिवर्तनको क्रममा समय प्रवाहित भैरहन्छ , एक क्षणमै वर्तमान भूत बन्छ त भविष्य वर्तमान बन्छ। यस परिवर्तन हुने स्वभाव भएको विश्वलाई घटनाहरूको एक श्रृंखलाबद्ध क्रममा घटनै घटनाहरूको लहरको रूपमा प्रवाहित भैरहेको हामी देख्न सक्छौं। मसीना अणु परमाणुहरूका चालहरूदेखि लिएर, पृथ्वी, सूर्य, चन्द्रमा, तारा, निहारिकाहरूको चालसम्मलाई पनि सूक्ष्म वा स्थूल घटनाको रूपमा हेर्न सक्छौं ।

यसरी हेर्दा सम्पूर्ण घटनाहरू अर्न्तसम्बन्धित देखिन्छन् । एउटाको अस्तित्व र परिवर्तन सबैको अस्तित्व र परिवर्तनमा निर्भर गर्दछ । कुनै वस्तुको उत्पत्ति परिवर्तन र विलयलाई त्यसको अरुसँगको समग्र सम्बन्धमा हेर्ने हो भने हामी यही पाउँछौं सम्पूर्ण विश्व एक साथ परिवर्तन भैरहेको छ, र यही परिवर्तनमा हामी अन्तर सम्बद्धता पाउँछौ, विश्व एकता पाउँछौं ।



Downloaded from http://www.dhamma.digital

प्रत्येक घटनाको एउटा सत्यता अथवा यथार्थता हुन्छ, जसरी घट्यो वास्तवमा त्यस्को लेखा कसैले नगरे पनि यथार्थता त अवश्यै हुन्छ । हाम्रा इन्द्रियहरू (कान, आँखा, जिभ्रो, नाक, चर्म, मन) मा सीमितता हुन्छ । साथै हाम्रो स्थिति पनि कुनै एक समय एउटा ठाउँमा मात्र सीमित हुन्छ। यसकारण कुनै घटनाको एक पक्ष मात्र हामी थाहा पाउन सक्छौं, कति घटनाको त हामीलाई पत्तै हुँदैन । र हाम्रो अगाडि घटेको थाहा भएको घटनाको सत्यता पनि समग्र रूपमा हामीलाई थाहा हुँदैन । इन्द्रिय जनित सीमित संचेतनाहरूको कारण हामी आफ्नै सापेक्षिक जगत्मा रहन्छौं र त्यसैमा हाँसी खेली, रोई-कराई जीवन निर्वाह गर्छौं ।

यही सापेक्षिक जगत्को अज्ञानले हामीमा वास्तविकता के हो भनी जान्ने जिज्ञासा पैदा गर्दछ । यद्यपि सम्पूर्ण घटनाहरूको निरपेक्षिक सत्यता हुन्छ, तर सो थाहा पाउन भने हामी सक्दैनौं। वैज्ञानिकहरू पनि त्यस हदसम्म पुग्न सकेका छैनन् । जुन् कुरा हामी थाहा पाउन सक्दैनौं, त्यसको हामी परिकल्पना मात्र गर्न सक्छौं, जुन कल्पना हाम्रो सूझबूझसँग सम्बन्धित हुन्छ । हामी एउटा यस्तो व्यक्ति वा तत्वको परिकल्पना गर्छौं जो सर्वव्यापी छ, सर्वदर्शी छ र सर्वज्ञ छ, जसले विश्व भरीमा सम्पूर्ण घटनाहरूको सम्पूर्ण सत्यता अनादिकालदेखि अनन्तसम्म थाहा पाउँछन्, यस्तो सर्वव्यापी, सर्वदर्शी, सर्वज्ञ व्यक्तिद्वारा थाहा पाउने विश्व प्रवाहका सम्पूर्ण सत्यताहरूलाई हामी यथार्थता वा तथता (वास्तवमा जस्तो छ त्यस्तो) को संज्ञा दिन्छौं । जुन तथताको एक अभिन्न अंशको रूपमा हामीहरू सबै छौं, त्यो व्यक्ति वा तत्व परिकल्पित भला किन नहोओस् तर विश्वव्यापी पूर्णसत्यता त अवश्य छ,जुन परिकल्पित अवश्य होइन ।

अब घटना प्रवाहमा प्रत्येक स्थिति क्षणिक अथवा अनित्य हुनाको कारण पूर्ण सत्यताका सम्पूर्ण अंशहरू पनि अनित्य नै हुन्छन् । यसरी पूर्ण सत्यता एउटा यस्तो ज्वाला जस्तो हुन जान्छ जस्का प्रत्येक अंशका स्थिति क्षणिक छन् । सो पूर्ण सत्यता क्षणिक सत्यताहरूको एक अन्तर्सम्बन्धित विश्वव्यापी सम्मिश्रण जस्तो हुन जान्छ जुन् विश्व जस्तै अनन्त छ, अनादि छ जस्को कुनै एक सीमित अंश क्षणिक नै भएर पनि, सम्पूर्णतामा नित्य छ, जुन तबसम्म रही रहन्छ जबसम्म विश्व रही रहन्छ । यसरी विश्वप्रवाह र



Downloaded from http://www.dhamma.digital

पूर्ण सत्यता पर्यायवाची हुन जान्छन् । अर्थात् एउटै प्रवाहको दुई स्वरूप- अस्तित्व स्वरूप र यथार्थ सत्यता स्वरूप हुनजान्छ । कल्पनाको उडानमा हामी आफूलाई सम्पूर्ण सत्यतामा विलीन गर्न सक्छौं जस्तो कि वास्तवमा हो पनि र एकरूप छौं भनी थाहा पाउन सक्छौं, तर हामी आफैं सर्वज्ञ, सर्वदर्शी भने हुन सक्दैनौं, किनकि हामीमा सीमितता छ ।

यद्यपि निरपेक्षिक सत्यतामा हामी विशाल विश्वव्यापी प्रवाहको एक अभिन्न अंशको रूपमा रहन्छौं, वास्तवमा हामीलाई हाम्रो सीमितताको कारण सापेक्षिक सत्यहरूले बाँधेको हुन्छ । यस सापेक्षिक जगत्मा हामी छौं, हाम्रो सीमित ज्ञान छ, विशाल अज्ञान छ, आफ्नो व्यक्तिगत अस्तित्व छ र सो अस्तित्वलाई आफूले बचाई राख्ने वा आफ्ना संततिहरूद्वारा बचाई राख्ने प्रवल स्वार्थ छ, चाहना छ, जुन तृष्णारूपी नदीको मूल श्रोत हो ।

यहाँ हामी राग, द्वेष, मोहको कारण र अतृप्त ममता, अहंकार र विषय वासनाद्वारा बाँधिन्छौं, तेरो र मेरो गर्छौं, जीवनप्रतिको मोह र अतृप्त तृष्णाहरूको कारण अनेक दुःख भोग्छौं, र सांसारिक जीवन प्रवाहमा बहन्छौं । सापेक्षिक जगत्मा हामी बाँच्छौं र मर्छौं र यो क्रम जारी नै रहन्छ ।

बोधिज्ञानको निकटतम सम्बन्ध वास्तविकता अर्थात यथार्थतासँग रहेकोले, यस ज्ञान अन्तर्गत् निरपेक्षिक पूर्ण सत्यताको दृष्टिकोणबाट सापेक्षिक जगत्लाई हेरिन्छ । यस दृष्टिकोणबाट हेर्दा सापेक्षिक जगतमा जिइएको तृष्णाको प्रवाहमा रहेको जीवन करूणाजनक दुःखमय हुनजान्छ । बोधिज्ञान प्राप्त व्यक्ति सापेक्षिक जगत्को तृष्णामय जीवनबाट माथि उठेको हुन्छ र निरपेक्षिक सत्यतासँग एक रूप भई रहेको हुन्छ । यस तथतायुक्त दृष्टिकोणमा सापेक्षिक जगतका क्षणिक स्थितिहरू बगीरहेको नदीमाथिको सारहीन फिंज जस्तो देखिन्छ, शून्यता जस्तो प्रतित हुन्छ, यसको विस्तृत विवरण बौद्ध ग्रन्थहरूमा पाइन्छ ।

सापेक्षिकताको मूल कारण व्यक्तिमा अहंभावको उत्पत्ति हो, यो उत्पत्तिको मूल कारण फेरि व्यक्तिमा रहेको इन्द्रिय तथा मस्तिष्क सहितको संचेतना पद्धति (Nervous System) हो, जसबाट युक्त भएर व्यक्तिले चारैतिरको वातावरणसित कृया-प्रतिक्रिया गर्नुको साथै स्वयं आफ्नै अस्तित्वको पनि आभास पाउँछ । यही आभास नै सम्पूर्ण माया वा अविद्याको जडमा



Downloaded from http://www.dhamma.digital

रहेको छ। व्यक्ति 'म' छु भनी ठान्छ जब कि वास्तवमा इन्द्रिय तथा मष्तिस्क युक्त शरीरमा 'म' केवल आफूलाई दिएको अस्थायी नाम मात्र भएकोले 'म' को कुनै छुट्टै अस्तित्व हुँदैन। वास्तवमा न यहाँ कुनै 'म' हुन्छ न कुनै 'मेरो'।

पूर्ण सत्यताको स्थितिबाट हेर्दा अर्थात् सम्यक्दृष्टिबाट हेर्दा विश्व प्रवाहका तीनवटा स्पष्ट देखिने लक्षण हुन्- अनित्य, दुःख र अनात्म।

भूतबाट वर्तमान भई भविष्यतिर परिवर्तन भैरहेको विश्व प्रवाहका घटनाहरू अन्तर्सम्बन्धित मात्र नभई एक अर्काका कारण पनि छन्। भूतको स्थितिबाटै वर्तमानको स्थितिको जन्म हुन्छ भने, वर्तमानको स्थिति नै भविष्यको स्थितिको कारण पनि हो। यस कार्य-कारण पद्धतिलाई बौद्ध साहित्यमा हेतुवाद वा प्रतीत्य-समुत्पादको नाम दिइएको छ। विकासवादको सिद्धान्तले प्रतीत्य समुत्पादको सिद्धान्तलाई पुष्टि गर्दछ। प्रतीत्य-समुत्पादलाई भगवान् बुद्धले जीवन प्रवाहलाई व्याख्या गर्नलाई प्रयोग गरेका छन् भने विज्ञानले यसै सिद्धान्तलाई कैयन् प्राकृतिक सत्यताको निरूपण गर्नमा प्रयोग गरेको छ। विज्ञानको अन्तिम लक्ष पनि पूर्ण सत्यतालाई प्राप्त गर्नु नै हो र यसको लागि विज्ञानले, प्रतीत्य-समुत्पाद सिद्धान्त वा कार्य-कारण प्रणालीलाई अपनाई अगाडि बढी रहेको छ। के ? किन ? कसरी ? भन्ने प्रश्नहरूलाई विज्ञानले वैज्ञानिक पद्धति अपनाई सत्यता पत्ता लगाउने प्रयत्न गर्छ। वैज्ञानिक पद्धतिको संक्षेपमा अर्थ हो-तथ्यहरूको आधारमा सत्यताको खोज। जस्को लागि विज्ञानले कल्पनाको होइन्, प्रयोगको बाटो रोजेको छ। विज्ञान जस्तै बोधिज्ञान पनि वास्तविकतासँग सम्बन्धित ज्ञान भएकोले दुवैबीच राम्रो सम्बन्ध रहेको छ।

बौद्ध दर्शनमा वास्तविकतालाई शून्यतासँग पनि जोड्ने प्रयास गरेको पाइन्छ। शून्यता वास्तविक विश्वप्रवाहको तार्किक मूल्यांकन मात्र हो। वास्तविक जगतमा हामी छौं, हामीले देखेका यी चीजबीजहरू छन्-यी सबै त्यत्तिकै सत्य छ, जत्तिको कि हाम्रो अस्तित्व। वास्तविकतामा 'म' को अत्यन्तिक अभाव छ, यहाँ न कुनै 'म' छ, न कुनै 'मेरो' छ त केवल अनवरत प्रवाह मात्र। यही सत्यतालाई दर्शाउन 'शून्यता' को व्यवहार गरिएको हुनुपर्छ।

विश्वमा कुनै चीजको अस्तित्व छ त परिवर्तनशील विश्व प्रवाह मात्र। यहाँ वर्तमान, भूत र भविष्य सापेक्षिक शब्दहरू हुन्, निरपेक्षिक



Downloaded from http://www.dhamma.digital

सत्यतामा यी तीनैकाल छैनन् । यस परिप्रेक्षमा वर्तमानका सबै स्थितिहरू शून्य प्रायः हुन्छन् । प्रतिपल, परिवर्तित विश्वप्रवाह र शून्यता एउटै सिक्काका दुई मुख जस्तै हुन् । त्यसकारण यहाँ एक अर्थमा सबै थोक छ भने अर्को अर्थमा केही पनि छैन ।

विश्वप्रवाह बारे अनेक गलत प्रश्नहरू गरिन्छन् र त्यस्का जवाफहरू पनि गलत ढंगले दिइन्छन् । जस्तै विश्व प्रवाह कस्ले संचालन गर्‍यो ? किन संचालन गर्‍यो ? र कसरी संचालन गर्‍यो ? यसको जवाफमा एउटा काल्पनिक तत्वलाई खडा गरिन्छ आफ्नो अज्ञान छोप्नलाई र सो तत्वले किन र कसरी गर्‍यो सो बारे काल्पनिक कथाहरू बन्न शुरू हुन्छ । मानव देह कसद्वारा संचालित हुन्छ ? यस्को जवाफमा एउटा काल्पनिक तत्व जीव (आत्मा) खडा गरिन्छ र यस सम्बन्धी अन्य प्रश्नहरू गरिन्छ-जीव र शरीर एउटै हो या भिन्न हुन् ? मरेपछि जीव के हुन्छ ? इत्यादि । यी प्रश्नहरूको गलत र काल्पनिक जवाफहरू दिइन्छन् । जस्तै जीव र शरीर भिन्न हुन्, शरीर मरेपछि जीव छुटेर जान्छ । त्यसो भए जे गरे पनि भयो त ? अहँ हुँदैन-स्वर्ग छ, नरक छ । राम्रो काम गरे स्वर्ग जान पाइन्छ, त्यहाँ सम्पूर्ण सुख हुन्छ, नराम्रो काम गरे नरक जानुपर्छ त्यहाँ भयानक दुःखहरू हुन्छन् । काल्पनिक प्रश्नको काल्पनिक जवाफहरू हुन्छन् । जसबाट गलत धारणाहरू बन्न पुग्छन् ।

वास्तविकता गलत धारणाहरूबाट टाढा छ । त्यसकारण गलत प्रश्नहरूको माध्यमबाट वास्तविकतामा पुग्नु असंभव छ । वैज्ञानिक पद्धतिले वास्तविकता बारे सही ढंगले प्रश्न गर्ने र समाधान गर्ने बाटो हाम्रो अगाडि खोली दिएको छ । र यही बाटोबाट मानवले थोरै अवधिमा निकै प्रगति गरी सकेको छ । ६ करोड वर्षको मानव इतिहासमा विज्ञानले खुट्टा टेक्न शुरू गरेको ५००० वर्ष पनि भएको छैन । विश्वप्रवाह बारे पनि विज्ञानले अनेकौं रहस्यहरू प्रष्ट पारी सकेको छ । वास्तविकता तर्फ जाने दुइ बाटोहरू छन्- विज्ञान र दर्शन । विज्ञानको बाटो लामो, समय लाग्ने तर भरपर्दो छ, जबकि दर्शनको बाटो, छोटो तर भ्रमपूर्ण समाधानतिर लाग्ने खतराले भरिएको छ । हाम्रो सामू प्रष्ट रूपमा रहेका तथ्य कुराहरूको आधारमा पनि, विना भ्रमपूर्ण काल्पनिक उडान भरी, यथार्थतामा पुग्न सकिन्छ, सो कुरा भगवान् बुद्धले प्रष्ट गरी सक्नु भएको छ । भगवान् बुद्धका दश अव्यक्त वा अकथनीयहरूबाट



Downloaded from http://www.dhamma.digital

यो कुरा अझ स्पष्ट भएको छ। उनले सम्पूर्ण मानवका साझा प्रश्न दुःखलाई यो दुःख कसले बनायो, किन बनायो, कसरी बनायो भनी काल्पनिक उडान गरेनन्-कुनै काल्पनिक तत्वलाई बीचमा थापेनन्, किन्तु तथ्य कुराहरू कै आधारमा दुःखको कारण, दुःख निरोध र दुःख निरोधको मार्ग पनि पत्ता लगाए। यही वैज्ञानिकहरूको काम गर्ने वैज्ञानिक पद्धति पनि हो।

वैज्ञानिक पद्धतिको अर्थ छोटकरीमा यस्तो छ -

(१) समस्याको निरूपण गर्नु, पहिचान गर्नु, सबै कोणबाट समस्याको अवलोकन गर्नु

(२) समस्या सम्बन्धी यथार्थ तथ्यहरू संकलन गर्नु

(३) संकलित तथ्यहरूको आधारमा समस्या समाधानको मार्ग पहिल्याउनु,

(४) पहिल्याइएको मार्गलाई व्यवहारमा उतारी प्रयोग गरी हेर्नु र

(५) प्रयोगबाट उचित ठहरिएपछि सो मार्ग ठीक रहेछ भनी जान्नु। यही तरिका वैज्ञानिकहरू विज्ञानमा लाग्दा अपनाउँछन्। भगवान् बुद्धले दुःख कसले बनायो भनी किन प्रश्न गरेनन्? किनकि यो प्रश्न नै गलत छ। सही प्रश्न त यी हुन् - दुःख के हो? कसरी हुन्छ? के भएमा दुःख हुँदैन? बुद्धले यी प्रश्नहरूको सही समाधान गरे। अन्धविश्वास र काल्पनिक उडानहरूबाट सत्यतामा पुग्न सकिँदैन भन्ने अनमोल शिक्षा हामी बुद्धबाट पाउन सक्छौं।

वास्तविकताको बोध र परम शान्ति निर्वाणको घनिष्ठ सम्बन्ध छ - सूर्य र घामको जस्तै, बादल र वर्षाको जस्तै। विश्व प्रवाहको पूर्णतया अववोधबाट व्यक्तिलाई आफ्नो 'स्वत्व' को पूर्णतया अभाव महसूस हुन्छ, मन र शरीरका कृयाहरू हुन्छन् तर त्यस्ता सबै आफ्ना-आफ्ना संगठन र स्वभावबाट परस्पर अन्तर्सम्बन्धित भई घटनाक्रममा कारण-कार्य प्रणाली (प्रतीत्य समुत्पाद धर्म) बाट बाँधिई प्रवाहित हुनु बाहेक अरु कुनै सत्वको अत्यन्त अभाव वा 'शून्यता' को महसूस हुन्छ र यो पनि देख्छ कि कसरी तृष्णा प्रवाह शुरू हुन्छ, कसरी झूठो 'म' को अभ्यूदय हुन्छ, कसरी स्वार्थ जनित संघर्ष शुरू हुन्छ, कसरी सम्पूर्ण दुःख चक्र घुमीरहन्छ। दुःखलाई त्यस्को सम्पूर्णतामा देख्नु, 'म' र मेरो युक्त मिथ्यादृष्टिबाट मुक्त भई सम्यक् दृष्टिमा सत्यलाई देख्नु यथार्थतालाई देख्नु वा वास्तविकताको बोध गर्नुबाट नै परम शान्ति निर्वाण सम्भव हुन्छ। ज्ञान बिनाको मुक्ति सम्भव छैन भन्ने एउटा कथन छ, र वास्तवमा हो पनि। दुःख चक्रको वास्तविक ज्ञान नभै सो



Downloaded from http://www.dhamma.digital

बाट बच्न सकिन्छ - यो सम्भव छैन । काल्पनिक उडानमा हामी एउटा विश्व प्रवाह संचालन गर्ने तत्वलाई थापना गरेर, संसारलाई झूठो स्वप्न सरीको माया संझी त्यसैमा सबकुछ न्यौछावर गरी दिन्छौं र उसैमा बिलाएर जान्छौं- यो पनि संभव होला तर यसभित्र ज्ञान छैन केवल भक्ति र अन्धविश्वास मात्र छ । वास्तवमा हाम्रो नाकै अगाडि जुन विश्व प्रवाह छ, त्यसबारे ज्ञान प्राप्त गर्नु र मिथ्यादृष्टिबाट सम्यक् दृष्टितिर जानु जति सरल र बोधगम्य छ, एउटा हुँदै नभएको तत्व थापना गरेर तृष्णारूपी प्रवाहमा अनवरत बहीरहेको जीवन प्रवाहलाई एकातिर पन्छाई, त्यही काल्पनिक तत्वमा हुरूक्क भएर सबकुछ छोडि दिनु अत्यन्तै दुष्कर हुन्छ । अर्को कुरा, विश्व प्रवाहको यथार्थबोधबाट दुःखमय जीवन व्यतीत गरी रहेका प्राणीहरू उपर दुःखको भार घटाउन, ज्ञान दिएर अथवा अन्य प्रकारले सहयोग गरेर सांसारिक प्राणीहरूको जीवन क्रमलाई ठीक बाटोमा लैजाने प्रेरणाविधि ज्ञानको बाटोमा हुन्छ, ज्ञानद्वारा नै यथार्थतामा संसारलाई सुखी बनाउन सकिन्छ । विज्ञान तथा प्रविधिले विश्वमा मानव जीवनलाई कति सुविधा दिएको छ, यो ज्ञानद्वारा हुन सक्ने उदाहरणको रूपमा रहेको छ, यस्तै बोधिज्ञानद्वारा मानव चेतनालाई ठिक बाटोमा लगाएर विज्ञान र प्रविधिले दिएको सुविधालाई मानव कल्याणका खातिर लगाउने गुंजायश बोधि मार्गमा रहन्छ भने, अन्धविश्वास प्रेरित भक्तिमार्गमा व्यक्ति संसारलाई लात मारेर काल्पनिक तत्वलाई सबकुछ सम्झी अन्धकारमा घुम्न पुग्छ । यो दुष्कर हुनुको साथै सांसारिक गतिविधि उपर उदासीनताको पनि मार्ग हुन जान्छ ।

भगवान् बुद्धले बोधिज्ञानको प्रकाशबाट हेर्दा सांसारिक प्राणीहरूलाई अन्धो भएको पृथक जन (अन्धभूतो पुथुज्जनो) को संज्ञा दिएका छन् । यहाँ अन्धो भएकोको अर्थ हो - मिथ्यादृष्टि युक्त, अविद्या युक्त, अज्ञान युक्त जो व्यक्ति आफू भन्ने पटक्कै नभएको मानव देहमा पनि 'म', 'मेरो' को ममता लिई तृष्णारूपी नदीमा प्रवाहित भइरहन्छन्, पृथकजनको अर्थ हो - बोधिमार्गमा नलागेका-सांसारिक सुख, दुःख मै रमाइरहेका, ज्ञानको बाटो छोडेर परिकल्पित तत्वलाई नै यथार्थ मानी यथार्थताबाट अलग्गिएर सोही तत्वमा प्रवेश गर्नेहरूलाई, अन्धोपृथकजन मध्येबाट पनि अटल श्रद्धा र विश्वासको कारण प्रज्ञाको बाटोलाई छोडी एउटा सर्वज्ञ, सर्वव्यापी, सर्वशक्तिमान् मानिएको



Downloaded from http://www.dhamma.digital

तत्व माथि प्रवेश गर्नेहरूलाई, तिर्खाले सताइएका बटुवाहरू पानीको खोजीमा कुवातिर नलागी मृग मरीचिकातिर हाम्फाल्न खोजेका बटुवाहरूको रूपमा हेर्न सकिन्छ ।

बोधिज्ञानको विज्ञानसित घनिष्ठ मित्रता हुन्छ किनभने विश्वप्रवाहलाई ठिकसित बुझ्नमा विज्ञान सहायक हुन्छ, विश्वप्रवाह भित्रका मानव देह सम्बन्धी विज्ञान, मन सम्बन्धी विज्ञान, सम्यक् दृष्टिमा सहायक हुन्छ; तर काल्पनिक तत्वको अन्धभक्ति गर्नेहरू विज्ञानसँग डराउँछन् किनकि विज्ञान यथार्थतामा आधारित छ, काल्पनिक तत्वमा होइन । विज्ञानले यथार्थता बारे बोध गराउने कोशिश गर्छ, काल्पनिक तत्वबारे विज्ञानले केही गर्न सक्दैन ।

विश्वप्रवाहभित्र विज्ञानको अगम भण्डार भरिएको हुन्छ र त्यसैबाट खोतली खोतली वैज्ञानिक ज्ञानहरू निकाल्ने प्रयास विज्ञानले गर्दछ । विश्व प्रवाहबाट बाहिरको काल्पनिक तत्वको अस्तित्वलाई विज्ञानले केही गर्न सक्दैन । विश्वप्रवाहभित्र, विज्ञान तथा गणितका महान् सिद्धान्तहरू र अणु परमाणुहरूको अत्यन्त सूक्ष्म प्रवाहहरू रहेकोले वैज्ञानिकहरू विश्व प्रवाहदेखि कायल हुँदा हुन् तर उनीहरू यो कुरा बुझ्दछन् कि विश्वप्रवाह नै मानव मस्तिष्कको जननी पनि हो। विश्वप्रवाहलाई ठिकसँग बुझ्ने दिशामा विज्ञानले दिएको देन पनि कम छैन । बोधिज्ञानले जस्तै विज्ञानले पनि 'म' र 'मेरो' को सर्वथा अभाव र झूठो आभासको कारण दर्शाउन प्रशस्त मात्रामा प्रगति गरी सकेको छ ।

**आनन्द भूमि, ३१/८**



Downloaded from http://www.dhamma.digital

# हाम्रो समाज र हाम्रा धर्महरू

वैज्ञानिकहरू भन्छन्- आजभन्दा करीव ३ अर्व वर्ष अघि पृथ्वीमा पहिला जीवहरू नै बने, ती जीवहरू नै विकास हुँदै करीव १८ लाख वर्ष अघि पृथ्वीमा मान्छे जातिको उत्पत्ति भयो । त्यसपछि करीव १७.५ लाख वर्षसम्म मान्छेहरू जंगली जनावरहरू सरह जंगली अवस्थामै रहे । त्यसपछि करीव ५०,००० वर्ष जति मान्छेहरू अरु जनावरहरू भन्दा पृथक भई घरवार खेतीपाती गरी रहीआएका छन् ।

करीव १७.५ लाख वर्षको जंगली बसाईमा अरु जंगली जनावरहरू सरहनै मान्छे जातिमा जंगली मनोवृत्ति (Attitudes) हरू विकास भए, जुन त्यस बेलाको जंगली राज्यमा बाँच्नको लागि अत्यावश्यक थिए ।

सबै जंगली जनावरहरूको पहिलो चाहना हुन्छ -आफ्नो र सन्तानहरूको सुरक्षा । यी दुइ आवश्यकताहरूको पूर्ति पछि मात्र अरुतिर लाग्न सक्ने हुन्छन् ।

साधारणतया आफ्नो समूहमा मिलीजुली बस्दा मान्छे जाति शान्ति प्रिय देखिन्छन्, तर जब आफ्नो व्यक्तिगत सुरक्षा र सन्तानको सुरक्षामा खतरा उत्पन्न हुन्छ, तब ज्यानको बाजी लगाएर प्रतिकार गर्ने हुन्छन् ।

बलियोले निर्धोलाई दबाउनु जंगली राज्यको नियम हो । जंगलमा बलियोको राज हुन्छ, निर्बलियाहरू माथि दमन हुन्छ, शक्तिको अगाडि सबै झुक्छन्, शक्तिको पूजा हुन्छ । बलियाले निर्धोलाई दबाउनु, स्वार्थपूर्तिको लागि संघर्ष, बलप्रयोग, हिंसा, छलकपट गर्नु, स्वार्थ विरोधीहरूको संहार गर्नु- संक्षेपमा यिनीहरूनै हुन् जंगली वा दानवीय वा पाशविक मनोवृत्तिहरू ।

यी मनोवृत्तिहरूको जडमा अहंकार र अज्ञान हुन्छ । यिनैबाट काम क्रोध लोभ आदि जन्मन्छन् र यिनीहरू कै वशमा परेर मान्छे पशु बन्छ ।

मान्छे जातिको करीव ५०,००० वर्षको सभ्यता भित्र अनेक प्रकारका सामाजिक परिवर्तनहरू भए, राजा रजौटा प्रथा आए, सामन्ती प्रथा आए, पूँजिवादी ब्यवस्था र साम्यवादी व्यवस्था पनि आए, विज्ञानको विकासको साथै जीवनका मौलिक सुविधाहरू बढे, तर मान्छेमा भने उही पुरानो जंगली मनोवृत्तिहरू वस्तुतः यथावत नै रहेका छन् ।



Downloaded from http://www.dhamma.digital

जंगली राज्यमा जस्तै अहिले पनि हाम्रो समाजको संरचना मूलतः विसमता र द्वन्दयुक्त नै रहेको छ । हाम्रो समाज शक्तिवान-शक्तिहीन, धनवान-धनहीन, शोषक-शोषित, उँच-नीच आदि विसमताहरू युक्त छ र यहाँ स्वार्थ संघर्ष, हिंसा, अशान्ति र द्वन्दहरू भै नै रहन्छन् ।

करीव ३,४ हजार वर्ष अघिदेखि, अज्ञान र अहंकार हटाई समाजमा सुख शान्ति ल्याउन भनी दार्शनिक र धर्म प्रचारकहरू लागेका छन् । र अनेकन् धर्महरूको प्रचार-प्रसार भैरहेको छ। धर्महरूको पालन गर्नाले मान्छेहरूमा अज्ञान हटेर जान्छ, निस्वार्थ प्रेम र परोपकारको भावना जागृत हुन्छ, सबैलाई आफूसरह देख्ने समतामूलक दृष्टि उत्पन्न हुन्छ, अनि समाजमा सुख र शान्ति हुन्छ ।

धर्महरूले मान्छेहरूलाई सबै प्रकारका आसक्ति र स्वार्थबाट मुक्त गराई लोकको हित र सुखको लागि निस्वार्थ र निरहंकारी भई बाँच्ने मार्ग बताए । सबै धर्महरूको एउटै आवाज छ– अज्ञान र अहंकारबाट माथि उठ, सत्यलाई चिन, र लोकोपकारी जीवन बिताऊ ।

यति राम्रा धर्महरू हुँदा-हुँदै पनि किन आज स्वार्थ-संघर्ष हिंसा, अशान्ति र दुःख मै हाम्रो समाज जली रहेछ ?

किनकि धर्महरू प्रभावकारी हुन सकेनन् । विसमता युक्त जंगली समाजनै सभ्यताको मुकुण्डो लगाएर रहेको छ, जसको सारमा उही द्वन्दात्मक स्थिति नै रहेको छ । थोरै शक्तिवान धनी शोषक वर्ग एकातिर र असंख्य शक्तिहीन, गरीव, शोषितहरू अर्कातिर छन् । यसप्रकारको समाजमा सोझा धार्मिक व्यक्तिहरू बाँच्न पनि धौ-धौ पर्छ र पुरानै जंगली मनोवृत्तिहरूकै बोलवाला रहन्छ। समता, समदृष्टि, निस्वार्थ सेवा गर्न धर्महरूले सिकाउँछ तर यथार्थमा मान्छेलाई विपरित आचरण गर्नुपर्ने हुन्छ । यस संसारमा धर्महरूको पालन केवल सतही रूपमा मात्र भइरहेको छ, धर्मका कुराहरूमा जन मानसमा रूचि पैदा भएको छैन, ज्यादै कम मान्छेहरू मात्र धर्ममा चासो देखाउँछन्, धेरै जसो त बाहिरी धार्मिक देखिए पनि भित्री स्वभाव स्वार्थी र अधार्मिक नै हुन्छ। सुख शान्ति प्रेमी भएर पनि अधिकांश व्यक्तिहरू बाध्य भई दुःख र अशान्ति मै जल्नु परेको छ ।

**– यस्तो परिस्थितिमा हामीले के गर्ने ?**

हाम्रो सामु ३ वटा उपायहरू छन् :–



Downloaded from http://www.dhamma.digital

(१) आत्म सुरक्षा र सन्तानको सुरक्षा नै मानव मात्रका प्राथमिक चाहनाहरू छन् । तसर्थ यी चाहनाहरूको पूर्ति गर्ने मान्छेहरू आफ्नो प्रथम कर्तव्य सम्भन्छन्, त्यसपछि मात्र अरु कुराहरू आउँछन् ।

यदि यी चाहनाहरू हाम्रो समाजमा विना अवरोध र संघर्ष सजिलैसित पूरा हुन सकेको खण्डमा मात्र मान्छेहरू सजिलैसित धार्मिक बन्नेछन् । तसर्थ समाजमा जीवन गुजार्न तँछाड-मछाड गरी संघर्ष गर्नुपर्ने वातावरण नहोस् । सबैलाई समान रूपले खाने लाउने बस्ने व्यवस्था होस् । यस्तै समाजमा नै मानिसहरू धार्मिक भै धर्महरू अनुसार आचरण गर्ने हुन्छन् ।

(२) हाम्रो आजको युग विज्ञानको युग हो । विज्ञानले हाम्रो जीवनमा सुविधाहरू ल्याउनुको साथै वैज्ञानिक ज्ञान पनि दिएको छ । कतिपय पुराना अन्ध विश्वासहरूलाई गलत सावित गरी दिएको छ ।

यसरी बदल्दै गइरहेको परिस्थितिमा यदि धर्महरूले उही पुरानै हजारौ वर्ष अघि देखिका अन्ध विश्वासहरूलाई समातेर कट्टर बनी दिएको खण्डमा, ती धर्महरूलाई समाजले पन्छाउँदै अगाडि बढ्ने छ ।

आजको वैज्ञानिक युगमा समाजलाई साथ लिएर जान धर्ममा पनि वैज्ञानिकता हुनु र वैज्ञानिक ज्ञानप्रति सकारात्मक दृष्टि राख्ने हुनु नितान्त आवश्यक छ । धर्मको मार्ग सरल, सुगम,सहज र मनोवैज्ञानिक हुनु नितान्त आवश्यक छ । मानव मात्रको हित र सुखको लागि भगवान् बुद्धद्वारा देशित आर्य अष्टांगिक मार्ग र चतुरार्यसत्य यस दिशामा विशेष मननीय छ । सबै धर्महरू मानव जातिको सुख शान्तिको लागि नै सिर्जना भएका हुन् । तसर्थ धर्मको मूल मर्मलाई नबिगारी त्यसमा समयानुकूल हेरफेर हुनु, बदलिंदो समाजसित एकसाथ अगाडि बढ्नको लागि जरूरी छ ।

(३) हाम्रो समाजका सबै व्यक्तिहरू परोपकारको भावनाले प्रेरित भएर, कठिन परिश्रम गरेमा हाम्रो देश धनी बन्न गाह्रो हुने छैन । यसो भएमा बाँच्नको लागि संघर्ष गर्नु पर्ने स्थिति रहने छैन र मानिसहरूलाई धार्मिक बन्न सजिलो हुनेछ ।

तर यस प्रकारको मनो भावनामा परिवर्तन ल्याउन मानिसहरूको हृदय परिवर्तन गर्ने खालको जोडदार धर्म प्रचार-प्रसार हुनु आवश्यक छ ।



Downloaded from http://www.dhamma.digital

१७.५ लाख वर्षको अवधिमा बनेका जंगली मनोवृत्तिहरूलाई बदल्न शिथिल धर्म प्रचारले काम गर्न सक्तैन। यसको लागि सबै धर्म प्रेमीहरूमा जागरण आउनु जरूरी छ।

**धर्मकीर्ति, २१/४**

♥ ♥ ♥



Dhamma.Digital

*मनोपुब्बङ्गमा धम्मा– मनोसेट्ठा मनोमया।*
*मनसा चे पसन्नेन – भासति वा करोति वा।*
*ततो नं सुखमन्वे ति– छाया'व अनपायिनी॥*

मनको धर्म– जुनसुकैक काममा पनि अगुवा हुनु, औं मन मुख्य भएर जताततै पुगेको हुन्छ। त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा न छोड्ने छाया आए झैं सुख पछि पछि लागेर आउँछ॥

*नहि वेरेन वेरानि – सम्मन्ती'ध कुदाचनं।*
*अवेरेन च सम्मन्ति – एस धम्मो सनन्तनो॥*

वैरभावले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ, यही उहिल्यै देखि चली आएको धर्म हो॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# वैज्ञानिक परिप्रेक्षमा बुद्ध-धर्म

*अनित्यमखिलं दुःखं अनात्मेति प्रवादिने ।*
*नमो बुद्धाय, धर्माय, संघाय च नमो नमः ।*

बुद्ध धर्मलाई वैज्ञानिक परिप्रेक्षमा हेर्नु अघि दुइ शब्द विज्ञान र वैज्ञानिक पद्धति बारे विचार गर्नु आवश्यक छ । प्रकृति वा चारैतिरका वातावरण बारेको ज्ञानको खोजिनीति विज्ञानले गर्दछ ।

अस्तित्व युक्त (पदार्थ-शक्तिको रूपमा रहने) अप्राकृतिक वस्तुहरू वा तत्सम्बन्धी घटनाहरू बारे 'किन ?' 'कसरी ?' आदि प्रश्न वा समस्याहरूको समाधान विज्ञानले गर्दछ । यी समस्याहरूको समाधान गर्न वैज्ञानिकहरूले जुन कार्य पद्धति अपनाउँछन् त्यसलाई वैज्ञानिक पद्धति (Scientific Method) भनिन्छ । साधारणतया यस पद्धतिमा निम्न चरणहरू हुन्छन् –

(१) कुनै प्रश्न/समस्याको निश्चित निरूपण ।
(२) समस्यासित सम्बन्धित पक्षहरूको अवलोकन तथा तथ्यसंकलन ।
(३) तथ्यहरूको विश्लेषणको आधारमा समस्या समाधानको दिशा तर्फ परिमेय (Hypothesis) प्रतिपादन ।
(४) प्रतिपादित परिमेयको परिक्षण (Experiment) ।
(५) परिमेय शिद्ध भएमा ग्रहण अन्यथा पुनः अवलोकन, परिमेय प्रतिपादन आदि ।

यस किसिमको खोजीनीति गर्दा वैज्ञानिकहरूमा केही अभिवृत्तिहरू (Attitudes) को आवश्यकता पर्छ । जस्तै :

(१) तीब्र उत्कण्ठा वा जिज्ञासा ।
(२) खोजी गर्ने तत्परता वा संकल्प ।
(३) खुल्ला (पूर्वाग्रह रहित) दिल तथा दिमाग (Open mindedness) ।
(४) हतपति कुनै निर्णयमा हाम नफाल्ने प्रवृत्ति ।
(५) तर्क संगत विश्लेषणात्मक सोचन (Rational Critical Thinking)
(६) इमान्दारी र कुनै कुरा नबग्याउने प्रवृत्ति ।

एक कुशल वैज्ञानिक सरह भगवान् बुद्धले पनि निम्न चार प्रश्न वा



Downloaded from http://www.dhamma.digital

समस्याहरू लाई लिएर समाधान गर्ने दृढ संकल्प लिई अगाडि बढ्नु भयो।

(१) दुःख के हो ?

(२) दुःख कसरी उत्पन्न हुन्छ ?

(३) दुःख कसरी निरोध हुन्छ ?

(४) दुःख निरोधको मार्ग के हो ?

यी समस्याहरू बारेमा यथार्थ तथ्यहरूलाई बुद्ध आफैले अनुभव गरी आफ्नो मनको प्रयोगशालामा सूक्ष्मादिसूक्ष्म रूपमा विश्लेषण गरी हेर्नुभयो र हरेक परिमेयहरूको स्वयं आफ्नो मानसपटलमा तथा जीवनमा प्रयोग गरी हेर्नुभयो, समस्या समाधानको बाटोमा लाग्न पूर्णतवरले पूर्वाग्रहरहितभै आफ्ना सहचरहरूले छोडेर गएपनि परवाह नगरी अगाडि बढनु भयो, र जब सबै प्रकारवाट उपर्युक्त समस्याहरूको समाधान साक्षात्कार भएको आफूले अनुभव गर्नुभयो, तव मात्रै वहुजनको हितको निम्ति बहुजनको सुखको निम्ती यी चार समस्याहरूको चार सत्यलाई प्रकाशमा ल्याउनु भयो। जस्तैः-

(१) दुःख–सत्य।

(२) दुःख–समुदय सत्य।

(३) दुःख–निरोध सत्य।

(४) दुःख–निरोध-गामिनी-प्रतिपदा अरिय सत्य।

विज्ञानले के ? किन ? कसरी ? इत्यादि प्रश्नहरूको समाधान गर्न कुनै दैवी वा अलौकिक तत्वलाई गुहार्दैन, परन्तु यथाभूत वस्तुस्थितिलाई अध्ययन गरी कार्य-कारण वा हेतु प्रत्यय (Cause and Effect Reletionship) बाटै गर्दछ कि यो यस्तो हो, यसो भएकोले यो भयो, यसो नभएकोले यो भएन। दैवको इच्छालाई गुहार्ने हो भने विज्ञानकै किन प्रयोजन रह्यो ? त्यसरीनै बुद्धले पनि प्राणी मात्रको एक जटिल समस्या "दुःख" लाई यथाभूत स्थितिमा विश्लेषण गरी कार्यकारण प्राणालीबाटै समाधान गरिदिनुभयो कि दुःख स्वाभाविक हो यस कारणले दुःख हुन्छ, यो भएमा दुःख निरोध हुन्छ र यसरी, यो मार्गबाट जाँदा (यसो गर्दा) यो हुँदैन र दुःख निरोध हुन्छ।

गौतम बुद्धले यस समस्याको समाधान गर्न आफैमा वैज्ञानिक अभिवृतिले ओतप्रोत हुनुभएको मात्र होइन, अन्य व्यक्तिहरूमा पनि वैज्ञानिक अभिवृत्ति जगाउन सदैव प्रयत्नशील रहनुहुन्थ्यो। एक समय कालामहरूको



Downloaded from http://www.dhamma.digital

गाउँबाट जाँदा एकजना दुविधामा परेका सहजै अर्काको कुरामा विश्वास गर्ने कालामले प्रश्न गरे "भगवान् ! हाम्रो गाउँमा समय-समयमा अनेकन् लोकमान्य व्यक्तिहरू आउँछन् र थरि-थरिका कुराहरूको प्रचार गर्दछन् हामीले कसको कुरा मान्ने कसको नमान्ने ? हामी साह्रै अन्योलमा छौं ।" जवाफमा बुद्ध भन्नुहुन्छ, "हे कालाम ! यसकारणमा कुनै व्यक्तिको भनाइमा विश्वास नगर कि त्यो ठूला बडा लोक–वन्दित व्यक्ति हो, अथवा मान्यजन हो, तर त्यो कुरालाई आफ्नो मनको कसौटीमा मथेर हेर्दा श्रेष्ठ जीवन यापनको निमित्त काम लाग्छ भन्ने ठहर भए मात्रै ग्रहण गर्नु । गौतम बुद्धको बहुजन हिताय, बहुजन सुखाय प्रवृत्ति, खुल्ला दिल र दिमागले कुनै पनि कुरालाई विश्लेषण गरी हेर्ने अभिवृत्ति उपयुक्त उदाहरणबाट स्पष्ट हुन्छ । त्यस्तै बुद्ध आफ्ना उपदेशहरूमा कुनै प्रकारको गोपनीयता वा गुरूमुष्ठि राख्नु हुँदैनथ्यो । समय सापेक्ष आफ्ना शिष्यहरूलाई यसबारे बोध गराउनु हुन्थ्यो ।

गौतम बुद्धले केही कुराहरूलाई अव्याकृत (कथन अनावश्यक) मान्नुभएको छ जुन कुरा न त उत्तम जीवन यापनको निमित्त आवश्यक छ, जुन कुरालाई न त तर्कसँग विश्लेषणात्मक अध्ययन गरेर हेर्न सकिन्छ, त्यस्ता कुराहरूलाई एउटा कुशल वैज्ञानिकले जस्तै बुद्धले अव्याकृत मान्नुहुन्छ जस्तैः लोक शाश्वत छ वा अशाश्वत, शान्त छ वा अनन्त निर्वाण पछि तथागत के हुन्छ ? आदि । यस्ता अनर्गल प्रश्न पछि दौडनेहरूलाई बुद्धले उपमा दिनुहुन्छ- "जसरी अन्धाहरू लाइन लगाएर एक पछि अर्को दौडिरहेछन् र पहिलो दौडने अन्धालाई पनि थाहा छैन, कि वास्तवमा दौड के को लागि र कहाँ पुऱ्याउने हो, यो व्यर्थको माथापच्चि पनि यस्तै हो ।

बुद्धधर्मका सारभूत कुराहरू हुन् "सबै अनित्य हुन् सबै दुःख हुन् र सबै अनात्म हुन्" । यी कुराहरू वैज्ञानिक पृष्ठ भूमिमा खडा गरिएका छन् । वैज्ञानिक दृष्टिकोणमा विश्वमा पदार्थ शक्ति बाहेक अरु कुन कुराको अस्तित्व संभव छैन । यस पदार्थ शक्ति पुञ्जहरूमा पनि आफ्ना स्वभावहरू अनुसार प्रतिपल परिवर्तन भइरहन्छ । यस परिवर्तनमा कार्य-कारणवाद देखिन्छ । त्यसकारण परिवर्तन हुन्छ अकारण होइन । प्रतिपल परिवर्तन भैरहने यस विश्व प्रवाहमा मानव मस्तिष्क तथा देह लगायत सारा पदार्थ शक्ति पुञ्जहरू बिना अपवाद अनित्य छन् । वैज्ञानिक दृष्टिकोणबाट हेर्दा यहाँ कारणबसनै उदय व्यय, वस्तुहरू उत्पन्न



Downloaded from http://www.dhamma.digital

हुनु र नष्ट हुनु, भैरहन्छन; बुद्धद्वारा प्रतिपादित धर्मलाई अस्सजित परिब्राजक आफ्नो साथी सारिपुत्रलाई यसरी ब्यक्त गर्छ "हेतुबाट उत्पन्न जुन धर्म हो त्यसको हेतु तथागत भन्नुहुन्छ कि त्यसको जो निरोध छ त्यो पनि भन्नुहुन्छ। यस्तोवाद को हुनुहुन्छ ? महाश्रमण।" यो सुनेर सारिपुत्रमा "जो जति समुदाय धर्म छन् सबै निरोध धर्म हुन् भन्ने विमल धर्मचक्षु उत्पन्न हुन्छ।

गौतम बुद्धद्वारा प्रतिपादित प्रतीत्यसमुत्पाद 'यो भएमा यो हुन्छ यो नभएमा यो हुँदैन', भन्ने नियम अनुसार भवचक्रको ब्याख्यामा पनि पूर्णतया वैज्ञानिकता अपनाइएको छ। कार्यकारणको सूत्रमा बाँधिई प्रवाहित भैरहेको महा अनित्यता ब्याप्त यस यस विश्व प्रवाहको संरचना तथा नियमहरूको खोजीनीति गर्नुनै विज्ञानको परम उद्देश्य रहेको छ। यस अनित्यताको नियमावलीलाई बुझी अर्जित ज्ञानलाई मानव जातिको प्रयोजनमा ल्याउने काम विज्ञानले गर्दछ। बहुजन हिताय बहुजन सुखाय विज्ञान तथा प्रविधिको सम्पूर्ण देनलाई लगाउन यदि आज गौतम बुद्ध हुँदा हुन् त सबै वैज्ञानिक तथा प्राविधिकहरूलाई आह्वान गर्दाहुन्।

स्वनियम संचालित अनित्य यस विश्व प्रवाहमा पञ्चस्कन्ध (शरीर तथा मन) भित्र गौतम बुद्धले आत्म (आफू) भन्ने कुनै हुँदैन, अस्तित्व युक्त तत्वलाई मान्नु हुन्न, त्यस्तै विज्ञानको स्वभावै यस्तो छ कि यस प्रकारको आत्मतत्व पछि दौड लगाउन चाहँदैन। जुन अनित्य छ, क्षण भंगूर छ, त्यस्ता कसरी 'आफू' हुन सक्ला जसरी एउटा बत्तीको ज्वाला हर घडि बदलेर पनि स्थायित्वको आभास मात्र दिन्छ र ज्वाला भन्ने संज्ञा पाउँछ, त्यस्तै हाम्रो यो शरीर र मन पनि हो। 'म' 'हामी' भन्ने शब्द यस स्थायित्वको आभास दिने प्रतिपल परिवर्तनशील देह तथा मनलाई संज्ञा दिन प्रयोग गरिने व्यवहारका शब्दहरू मात्र हुन्। अरु विज्ञानको दृष्टिकोणमा हरघडि परिवर्तन हुने नियम पनि पदार्थ शक्ति संरचना भित्रै निहित हुन्छ। जसरी हाइड्रोजन र अक्सीजनलाई साधारण ताप र चापमा प्रतिकृया गराए पानी बन्छ, फलाम बन्दैन, यसैले यो संयोगबाट कोही फलाम बनाउन सक्दैन चाहे त्यो जतिकै शक्तिशाली किन नहोस्।

यस अनित्य पञ्चस्कन्ध (रूप र वेदना संज्ञा संस्कार तथा विज्ञान) मा 'आफू'लाई मिथ्यादृष्टि वा गलत दृष्टिका संज्ञा दिएर बुद्ध भन्नुहुन्छ। यही



Downloaded from http://www.dhamma.digital

मिथ्यादृष्टिको कारणलेनै म र ममता मोह अनि राग र द्वेषका नाना चाहनाहरू अर्थात् तृष्णाको प्रादुर्भाव हुन्छ। मिथ्यादृष्टि युक्त व्यक्ति घडि सुइ जस्तै दौड लगाउँछ। तर अनित्यता व्याप्त विश्वमा तृष्णाको पूर्ति नै कसरी होला र ? जव तृष्णाकै पनि प्रतिपल स्वरूप बदलिन्छ साथै प्रतिक्षण असंख्य नयाँ चाहनाहरूको जन्म पनि हुन्छ। अनि तँ र म को भेदबाट झैझगडा कलह दौर्मनस्य आदिको ओइरो लाग्छ। तृष्णाकै कारण व्यक्तिहरू प्रतिपल दुःख अनुभव गर्छन् र सुख कामना गर्छ। तृष्णाकै कारण जन्म जरा व्याधि मृत्यु प्रियवियोग अप्रियसंयोग आदि दुःख चक्र घुम्न थाल्छ। नित्य दृष्टि युक्त अहंवादी व्यक्ति लाख तडपेर पनि दुःखबाट बच्न सक्दैन।

बुद्ध भन्नुहुन्छ- यस दुःखबाट छुटकारा पाउन अविद्या (अज्ञान) पन्छाई यथार्थतालाई बोध गर्नु आवश्यक हुन्छ। मिथ्यालाई मिथ्या भनी जान्नुपर्छ, सम्यक् (ठीक) दृष्टि युक्त हुनुपर्छ। अनेक चाहनाहरूले भरिएको चंचल अस्थिर असमाहित चित्तमा प्रज्ञा उत्पन्न हुन सक्तैन, सम्यक् दृष्टि उत्पन्न हुन सक्तैन। यसको लागि सुसमाहित, शान्त चित्तको आवश्यकता हुन्छ। दुराचारी व्यक्तिको चित्त शान्त, सुसमाहित हुँदैन, त्यसकारण यसको लागि कायिक, वाचिक तथा मानसिक सदाचरण अर्थात् शीलपालनको आवश्यकता पर्दछ। यसरी दुःख विनाशको लागि गौतम बुद्धले शील-समाधि प्रज्ञारूपी आठ अंग युक्त मार्गको उपदेश दिनुभयो। जस्तो कि- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीवन, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि। यस मार्गद्वारा स्वयंले सम्पूर्ण दुःखको नाश भएको अनुभव पनि गर्नुभयो। उपक आजीवकले जब प्रश्न गर्छन् "आयुष्मान् ! तपाईंका इन्द्रियहरू प्रसन्न छन्। छवि वर्ण परिशुद्ध छ, कसलाई गुरु मानी प्रव्रजित हुनु भएको हो ? शास्ताको कुन धर्म मान्नुहुन्छ ?" तब बुद्ध भन्नुहुन्छ "म सबैलाई पराजित गर्ने, सबै थाहा भएको, सबै धर्ममा निर्लेप, सर्वत्यागी छु। तृष्णाको क्षय गरिकन विमुक्त भएको छु, आफैंले जानेर कसलाई गुरु भनूं।"

वास्तवमा, बुद्धधर्म आजको विज्ञान र प्रविधिको युग सुहाउँदो धर्म मात्र नभै मानवको हित र सुखको लागि विज्ञान र प्रविधिको सम्पूर्ण देनलाई लगाउन आह्वान गर्ने धर्म पनि हो जसो कि बुद्ध आफ्ना भिक्षुहरूलाई



Downloaded from http://www.dhamma.digital

आह्वान गर्नुहुन्छ –"चारैतिर घुम, भिक्षुहरू, बहुजनको हितको लागि बहुजनको सुखको लागि, देव र मनुष्यको अर्थ, हित र सुखको लागि देशना गर, भिक्षुहरू हो, अर्थ र व्यञ्जन सहित जो आदि मध्य र अन्तमा पनि कल्याणकारी छ, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यलाई प्रकाश गर ।"

आजको तनाव र संघर्ष पूर्ण विश्वमा यसरी मानव कल्याणको लागि घुम्नु प्रत्येक बौद्धको मात्र नभै प्रत्येक मानवको पनि कर्तव्य हुनआएको छ ।

**आनन्द भूमि, १२/८**



**अप्पमत्तो अयं गन्धो–यायं तगर चन्दिनोरियो ।**
**यो च सीलवतं गन्धो – वाति देवेसु उत्तमो ॥**

❖ तगर चन्दनादिको सुगन्ध कम्ती छ, शीलवान्हरूको सुगन्ध देवलोक सम्मपनी फैलिन्छ ॥

**तेसं सम्पन्न सीलानं– अप्पमादविहारिनं ।**
**सम्मदञ्ञा विमुत्तानं– मारो मग्गं न विन्दति ॥**

❖ शीलवान् औ अप्रमादी भएर चित्तलाई क्लेशबाट मुक्त गराएर बस्ने व्यक्तिको मार्ग मारले पत्ता लाउन सक्तैन ॥

**यो सहस्सं सहस्सेन्-सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तासे सङ्गामजुत्तमो ॥**

❖ लडाईमा हजारौंलाई जित्नु भन्दा आफूलाई जित्न सक्नेलाइनै संग्रामजित् भन्दछन् ॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# मेरो सम्भनामा भन्ते सुदर्शन.....

आज भन्दा केही वर्ष अगाडि चीनका तत्कालीन प्रधानमन्त्री चाउएनलाइज्यूलाई आनन्दकुटी विद्यापीठ परिवार स्वागत गर्ने तयारीमा थियो। सोही विद्यापीठमा एक लक्का जवान भन्ते (श्रामणेर सुदर्शन) हतार-हतारमा नेपाल भाषामा घिन्तामनि-मादलको लयमा यसरी कविता रचना गर्दै थिए-

"चीन व नेपाः थवं थवय्

'ह्वान् हिं'.............."

यसैक्रममा मैले भन्तेज्यूलाई प्रश्न सोधि हालें-

-हवान् हिं भनेको के हो ?

प्रश्नको जवाफमा भन्तेज्यूले भन्नुभयो-

-"ह्वान् हिं" भनेको चीनिया भाषामा स्वागत छ, स्वागत छ भनेको नि !"

केही छिन पश्चात् उहाँको गीत त्यही स्वागत समारोहमा गाउन लगाइयो।

*****

(सम्यक्को केही अन्तराल पछि आनन्दकुटी विद्यापीठमानै)

***"पथिक"*** उपनाम राखी नेपाल भाषाबाट दुइतीनवटा रचना कोरी भन्ते समक्ष लिएर विनम्रता प्रकट गरी भनें-

-"भन्ते ! नेपाल भाषामा मैले लेख लेखेको छु। भन्ते कृपा राखी सुहाउँदो छ भने 'धर्मोदय' मासिकमा प्रकाशनार्थ पठाउनु भए पनि हुन्थ्यो।"

-हुन्छ मैले हेरी पठाइदिन्छु भनी उहाँले भन्नुभयो।

*****

(गण बहालमा कुराकानी गर्ने क्रममा)

-"भन्ते, बुद्ध धर्म सम्बन्धी पुस्तकहरू एक दुइवटा घर लगुं ? एक दुइहप्ता भित्र फिर्ता गर्छु।"

-"हुन्छ, लैजानुहोस्।" भनी भन्नु भयो। त्यसपछि मैले पुस्तक छान्न थालें, पुनः पुस्तक छानि सकेपछि मैले किताब हातमा देखाउँदै भनें-



Downloaded from http://www.dhamma.digital

"यी तीनवटा पुस्तकहरू लान्छु, हुन्छ भन्ते ?"

-"हुन्छ लानुहोस्"- भन्तेले भन्नुभयो ।

यसरी बोल्ने क्रममै भन्नुभयो-

-"ल यो अर्को एउटा पुस्तक पनि लैजानुहोस्, हुन्न ? बरू तपाईंले यी किताबहरू फिर्ता ल्याउनु पर्दैन है ।"

*****

(एकदिन श्री कीर्ति विहार, कीर्तिपुरमा जाँदा)

-भन्ते ! मेरी श्रीमती पनि चिनी रोगले हात-खुट्टा दुखाएर घरैमा बस्छिन् । सकेसम्म डाक्टरी औषधी नखुवाउने भनी बसेको भनी भन्तेलाई अवगत गराउँदा-

-लिनुहोस् यो औषधी दिनको एक चक्की खुवाउनुहोस्, हात-खुट्टा दुखेको रोगलाई एकदमै निको हुन्छ, यो औषधी निकैनै राम्रो छ । यो औषधी थाइलैण्डबाट प्राप्त औषधी हो भनेर भन्नु भएको थियो ।

-हुन्छ हवस् त भन्ते, धन्यवाद, भनी फर्कें ।

*****

यसैगरी कुनै अर्को दिन पनि श्रीकीर्ति विहारमा गएको थिएँ । त्यतिबेला पनि मैले भन्तेलाई केही प्रश्नहरू सोधेको थिएँ-

-भन्तेज्यू भगवान् बुद्ध, पछि कसरी महायान उत्पत्ति भयो नि ? प्रत्युत्तरमा भन्तेले आफ्नो टेबुलको नोट प्याड्मा साइन पेनले लेख्दै व्याख्या गरेर मलाई बुझाइ दिनु भयो र एउटा पुस्तक आफ्नो ऱ्याकबाट निकालेर मलाई दिँदै भन्नु भयो-

-"ल, लिनुहोस् यो किताव एकचोटी हेर्नुहोस् ।

-"हुन्छ भन्ते साधुवाद छ भनी भनें ।

*****

(विश्व शान्ति विहारमा एकदिन मिटिंग सकाएर फर्कने क्रममा)-

-ल आउनुस्, तपाई र म सहिद गेटसम्म सँगै जाउँ हुन्न र ?

-हुन्छ भन्ते ।

यसरी जाँदा-जाँदै बाटोमा भन्तेलाई सोधें-

-भन्तेज्यू अहिले हजुरको स्वास्थ्य कस्तो छ ?...............



Downloaded from http://www.dhamma.digital

-खै, के भन्नु र ? त्यही पहिलाको जस्तै त हो नि ! यो मेरो खुट्टा दुखेको दुखेकै छ ।

****

अचानक एकदिन एक मित्रले हतारमा मलाई फोन गर्नुभयो ।

-तपाईलाई थाहा भयो ? सुदर्शन भन्तेलाई हर्ट अट्याक भएर टिचिंग हस्पिटलको सी.सी.यू मा राखिएको छ रे ....................! ।

-यो खबर सुन्ने बित्तिकै बुद्ध विहारमा फोन गरें ।

-कोण्डन्य भन्तेले फोन उठाउनु भयो ।

-प्रणाम भन्ते ।

-अहिले सुदर्शन भन्तेलाई कस्तो छ ? भनी सोधें ।

-विहान त एक चोटी बेहोस हुनु भएको थियो । बरु अहिले अलि केही होसमा आउनुभएको छ । तर उहाँको किड्नीले काम गर्न छोडि सकेको छ, अवस्था चिन्ताजनकै छ । कुनै पनि बेला केही हुन सक्छ भनी उहाँले भन्नुभयो ।

****

विहान श्री कीर्ति विहार, कीर्तिपुरमा उहाँको पार्थिव शरीरमा श्रद्धा सुमन स्वरूप केही पुष्पगुच्छा अर्पण गर्दै प्रथमतः मनमनै उहाँको निर्वाण कामना गरें र त्यस पछि आफैलाईनै प्रति प्रश्न गरें-

हाय् ! किन भयो यो सबै संस्कार अनित्य !

**आनन्द भूमि, ३०/५**



Downloaded from http://www.dhamma.digital

# परियत्ति शिक्षा-आजको आवश्यकता

महाकारुणिक तथागत गौतम बुद्धद्वारा बहुजन-हिताय बहुजन-सुखाय सु-आख्यात र सुदेशित धर्मस्कन्ध बुद्धकै पालाको भाषामा त्रिपिटकमा संग्रह गरिएको छ। यस धर्मस्कन्धलाई आफ्नो सार्मथ्य अनुसार जति अरुलाई पनि थाहा दिलाउनु र सिकाउनुलाई परियति शासन भनिएको छ। आफूले जानेको सुनेको परियत्तिका धर्मस्कन्धलाई आफ्नै मनको कसौटीमा कसी जाँचि हेरी आफू र अर्काको भलो हुने कुरालाई व्यवहारमा पालना गरी विपश्यनायुक्त भइरहनुलाई पटिपत्ति शासन भनिन्छ भने अभ्यासले फलस्वरूप प्राप्तहुने विपश्यना प्रज्ञा, मार्ग फल प्रज्ञा र निर्वाणलाई पटिवेद शासन भनिन्छ। परियत्तिको अभ्यास प्रतिपतिमा र परिसमाप्ति पटिवेधमा गएर हुन्छ । जस्तै एउटा उपमाको रूपमा कुनै ठाउँमा गाडिएको खजाना बारेको जानकारीलाई परियत्ति मानेमा कुटो कोदालो लिएर जानकारी अनुसार सो ठाउँमा गएर खन्ने माटो पन्छाउनेलाई प्रतिपत्ति र खजाना प्राप्तिलाई पटिवेदसँग तुलना गर्न सकिन्छ ।

विश्वको ज्योति नेपालका सपूत बुद्धले वैज्ञानिक पद्धति अपनाई धार्मिक अन्धविश्वास र अन्धभक्तिलाई त्यागी आफैले अध्ययन गरी जानी बुझी मात्र सत्य लागेको कुरालाई ग्रहण गर्ने प्रेरणा परियत्तिमा दिनुभएको छ। दुःख के हो ? दुखको कारण के हुन् ? दुख निरोध कसरी र कुन मार्गबाट हुन्छ ? यसबारे परियत्तिमा विस्तृत रूपमा देशना गरिको छ, चार आर्यसत्यहरू र आठ अंगले युक्त मार्ग यसै अन्तर्गत पर्दछ। त्यस्तै भवचक्र र सांसारिक जीवनको श्रृंखलालाई प्रष्ट पार्न वैज्ञानिकतामा आधारित कार्य-कारण पद्धति (Law of Causation) लाई अपनाई गम्भीर प्रतीत्य-समुत्पादको देशना गर्नुभएको छ। जसरी एउटा कुशल चिकित्सकले शरीरको वा मनको रोगलाई यथार्थतः जाँची हेरी बुझी मात्र रोगबाट मुक्त गर्न चिकित्सा गर्छ, उसरीनै एउटा अनुपम कुशल मनोवैज्ञानिक गौतम बुद्धले मानव मनको गहनतम तहसम्म पुगेर राग, द्वेष, मोह, मद, मात्सर्य, अविद्या, क्रोध, विचिकित्सा आदि तरह



Downloaded from http://www.dhamma.digital

तरहका चित्त स्थितिहरूको अध्ययन गरी चित्तमा दुःखको ज्वाला दन्काउने तत्वहरूलाई कसरी आफ्नै प्रयत्नद्वारा विना कुनै बाहिरी पुकार वा मद्दतले शमन वा शान्त गर्न सकिन्छ र मानसिक क्लेशहरूबाट मुक्त शान्त समाधिस्थ र निर्मल चित्त भई प्रज्ञा युक्त भएर विहार गर्न सकिन्छ, यसबारे आफैले अभ्यास गरी मानव चेतनाको उच्चतम स्थिति निर्वाण प्राप्त गरी आफूले पत्ता लगाएका सत्यहरूको उपदेश परियत्तिमा दिनुभएको छ। ३५-वर्षको उमेरमा बुद्धत्व प्राप्त गरी ४५ वर्षसम्म गाउँ-गाउँ, शहर-शहर घुमी आफ्ना सम्पर्कमा आएका गृहस्थी, ब्राह्मणहरू, चोर-डाँकाहरू, राजाहरू, सन्त-महन्तहरू आदि सबैलाई उनीहरूले सम्झने बुझ्ने भाषा र उपमाहरूको प्रयोग गरी बुद्धले सुखी गृहस्थी जीवनको निम्ति, सुखी समाज र राजकाजको निम्ति, सुखी अनुशासित जीवनको निम्ति रोचक ढंगले देशना गर्नुभएको छ । जुन कुराहरू चार आर्यसत्य र प्रतीत्यसमुत्पाद धर्म जस्तै आज पनि उत्तिनै सत्य छन् । कसरी व्यक्तिले आफ्नै प्रयत्नले कायिक, वाचिक, र मानसिक दुराचारहरूलाई त्यागी सुशील सदाचारी जीवन बिताउन सक्छ, कसरी सुशील जीवनबाट उत्पन्न स्थिर समाधिस्थ मनमा प्रज्ञाको ज्योतिको प्रकाशमा सत्यलाई बोध गर्न सकिन्छ, कसरी मनलाई मनलेनै बुझी मानसिक विकारहरू हटाई निर्मल मन भइरहन सकिन्छ, यस्ता कुराहरू बारे अनमोल खजाना परियत्तिमा भेट्टाउन सकिन्छ ।

सबभन्दा आश्चर्यको कुरा त के छ भने आजभन्दा २५०० वर्ष अघि जब आधुनिक विज्ञानको सायद 'क' र 'ख' मात्र सुरू भएको होला, त्यो बेलामा पनि वैज्ञानिक पद्धति अपनाएर भवचक्र र विश्व-प्रवाहलाईनै छर्लगं पार्ने चार आर्यसत्य र प्रतीत्यसमुत्पाद जस्ता गम्भीर सत्यहरूलाई बुद्धले प्रकाशमा ल्याइदिए, जसलाई आजको विज्ञानले पनि पूर्ण समर्थन गर्दछ । त्रिपिटकको अभिधम्ममा देशित तथ्यहरू सर्वकालिक, सर्वदेशिक र सार्वजनिन छन्, जसरी विज्ञानका नियमहरू पनि सबै देशका, सबै सम्यका सबै व्यक्तिका लागि सत्य हुन्छन्, यसरीनै मानव मनको भित्री तहसम्म पुगी जुन सत्यहरू बुद्धले स्पष्ट पारी दिए, तिनीहरू पनि त्यसरीनै सर्वदेशिक, सर्वकालिक र सार्वजनिन छन् भन्ने बारे कल्याण मित्र सत्य नारायण गोयन्का लगायत अन्य मनीषिहरूले पनि आफ्नो राय व्यक्त गरेका छन् ।



Downloaded from http://www.dhamma.digital

परियत्ति शिक्षानुरूप शिक्षामा संलग्न भई शील, समाधि र प्रज्ञाको मार्गमा लागेका व्यत्तिहरू स्वभावतः आ-आफ्ना पारमी संस्कार अनुसार चित्त क्लेशहरूबाट मुक्त हुन्छन्, क्लेश उत्पन्न गर्ने संस्कारहरूको जकडबाट मुक्त हुन्छन् र त्यस्ता व्यक्तिहरूमा स्वतः मैत्री, करूणा, मुदिता र उपेक्षा जस्ता मानवोचित गुणहरूको प्रादुर्भाव हुन्छ।

यसबाट युक्त व्यक्ति लोकोपकारी जीवन बिताउँछ। स्वार्थ र स्वार्थ बीचको टकरावहरूबाट दन्कने संघर्षको ज्वालाबाट यिनीहरू मुक्त हुन्छन्, संकुचित स्वार्थको घेराबाट बाहिर निस्की समाज कल्याणकै लागि आफ्नो जीवन व्यतीत गर्छन्। परियत्ति शिक्षायुक्त विद्यार्थीहरू आफ्ना आमा-बुबाप्रति स्नेह ममता र कदर गर्न सिक्छन् गुरूजनहरूप्रति आदर गर्न सिक्छन्, सहपाठीहरूप्रति स्नेहपूर्ण व्यवहार गर्न सिक्छन् र देशप्रति सचेत, निस्वार्थ र कल्याणकारी जीवन बिताउन सिक्छन्। संक्षेपमा भनौं भने उनीहरूको मानसिक अभिवृत्ति (Attitude) हरूमानै परियत्तिको अभ्यासबाट एउटा यस्तो परिवर्तन आउँछ कि उनीहरू स्वतः समाज कल्याणको निम्ति सेनानीहरू भएर निस्कन्छन्। स्वार्थी संघर्षमय नीच स्तरको लोभ र तृष्णाबाट पर रही सामुदायिक सुख-शान्तिको लागि तल्लीन रहने अभिवृत्ति (Attitude) को विकास परियत्तिमा हुन्छ र बहुजन-हिताय बहुजन-सुखायनै आफूलाई अर्पण गर्ने उनीहरूको स्वभाव हुन्छ।

परियत्ति मानव मात्रको साझा सम्पत्ति हो। संसार भरका सबै मानिसहरूको मस्तिष्क, स्नायु प्रणाली र शारीरिक तथा मानसिक कृयाकलापहरू एकै प्रकारले संचालित हुन्छन् अर्थात मस्तिष्क (Brain) र स्नायु प्रणाली (Nervous System) को कृया-प्रकृयामा समानता हुन्छ। कुनै जाति, वर्ण, धर्म वा लिंगको किन नहोस् यी प्रकृयाहरू समान रूपले हुन्छ। बुद्धले जुन मनका कृयाकलापहरूलाई अध्ययन गरी हेरे त्यो मन मानव मात्रको हो, त्यसमा कुनै देश काल, वर्ण, लिंग, धर्मको भेद छैन। जसरी विज्ञानका नियमहरू संसारका सबै व्यक्तिहरूको लागि सत्य हुन्छन, त्यसरीनै प्रतीत्यसमुत्पादमा आधारित चित्तको क्लेशहरूलाई हटाई शान्त र स्वच्छ गर्न बुद्धको मनोवैज्ञानिक विधिहरू पनि सर्वकालिक, सर्वदेशिक र सार्वजनिन छन्, ती विधिहरूले कसैमा भेदभाव गर्दैनन्।



Downloaded from http://www.dhamma.digital

परियत्ति शिक्षाको अध्ययनमा बुद्ध र बौद्धको छाप लगाई केवल बौद्धहरूको लागि मात्र सम्झनु मानव मात्रको हित र सुखको निम्ति ठूलो दुर्भाग्य हुनेछ, किनकि यसरी सम्झी दिएमा स्वभाविक वैज्ञानिक प्रकृयाद्वारा शान्ति प्राप्त गर्ने राजमार्ग अधिकांश जनताको लागि बन्द रहने छ। परियत्ति भित्रका सत्यहरू केवल बौद्धहरूको मात्र होइन मानव मात्रकोनै अनमोल साझा सम्पत्ति हो । मानव मात्रका मानसिक प्रकृयाहरू एकै प्रकारका रहेसम्म परियत्तिका सत्यहरू सबैको लागि सत्यनै रहनेछन्। यी सत्यहरूलाई बौद्धहरूको सीमित घेरा बाहिर निकाली प्रत्येक विद्यालयहरूमा लगी मानव मात्रको लागि सुलभ बनाई दिनु आजको तनावपूर्ण मानसिक सन्तापयुक्त संत्रस्त मानव जीवनको लागि सबैको कर्तव्य हुनआएको छ।

आज हाम्रो समाज अनेक सामाजिक रोगहरूबाट पीडित छ । एकातिर सांप्रदायिक स्वार्थद्वारा प्रेरित कृयाकलापहरू भैरहेका छन् भने, अर्कातिर युवाहरूमा उच्श्रृंखलता र अनुशासनहीनता चरम सीमामा पुगिसकेको छ । यसबारे आमाबाबु र गुरूजनहरूप्रति उत्तरदायित्व बढ्दैछ, समाजमा विदेशी प्रविधिहरूको साथै भित्रिएका विदेशी संस्कृतिको प्रभावबाट उत्पन्न अनेक सामाजिक विसंगतिहरू देखा परिरहेका छन् । मादक पदार्थहरूको सेवन तथा अनैतिक कृयाकलापहरूबाट उत्पन्न अपराधहरू बढ्दैछन् । व्यक्तिगत स्वार्थबाट प्रेरित अश्लिल कुकृत्यहरू र मानसिक असन्तुलनबाट उत्पन्न जघन्य अपराधहरू बढ्दैछन् । खोतलेर हेर्दा यिनीहरूको पछाडि शिक्षामा व्यावहारिक नैतिकता नहुनु र युवाहरूलाई प्रेरणादायी वैज्ञानिकतामा आधारित समाज कल्याणकारी पथ-प्रदर्शक दर्शनको कमीनै पाइन्छ, जुन कमीलाई नेपालकै एक सपुतले ल्याएको राष्ट्रिय माटोमा भिजिसकेको परियत्तिले धेरै हदसम्म पूरागर्न सक्नेछ । कतिपय देश विकासका कार्यक्रमहरू सांघुरो व्यक्तिगत स्वार्थको भुमरीमा परेर डुबेको उदाहरणहरू बराबर देखिन्छन्, परियत्तिको अभ्यासबाट जुन मैत्री, करूणादि गुणहरू मानव हृदयमा जागृत हुन्छ त्यसले धेरै हदसम्म उचित अभिवृत्ति (Mental Attitudes) को विकासमा मद्दत मिल्नेछ, जसबाट सांघुरो स्वार्थबाट व्यक्ति समाज-मुखी र लोकोपकारी बन्न जानेछन् । समाजमा हिंसा, भय र आतंक, भ्रष्टाचार र अनाचारको वातावरणलाई समन गर्नमा परियत्तिले अचूक औषधिको रूपमा काम गर्नसक्छ ।



Downloaded from http://www.dhamma.digital

परियत्तिले व्यक्तिको दैनिक जीवनमा पनि दैनिक घरायसी वा बाहिरको कामकाजको झंझटहरू र सामान्य दुःखहरूबीच पनि व्यक्तिलाई सन्तुलित र शान्त राख्नमा मद्दत गर्छ भन्ने सत्यलाई बुद्धबाट परियत्तिमा देशित विपश्यनाको बाटोमा लागेका कल्याण मित्र गोयंका र उनका अनुयायीहरूले सिद्ध गरीसकेका छन् । यथावादी तथाकारी स्वयं बुद्धले र बुद्धका कतिपय शिष्यहरूले आफ्ना जीवनकालमा जुन निर्वाण प्राप्त गरी अविरल समाज सेवाको काम गरे त्यसबाट पनि परियत्तिले समाजलाई के दिन सक्छ भन्ने कुराको पुष्टि हुन गएको छ ।

परियत्तिले जनमानसको चेतनाको स्तरलाई माथि उठाएर सामाजिक उत्थानको कार्यक्रमहरूलाई सजिलो पार्ने सकृय कार्यकर्ताहरू तयार गर्न सक्छ भन्ने कुरा निर्विवाद छ ।

अन्तमा कल्याणै कल्याण मात्र गर्ने र कल्याण बाहेक कसैको हानी नगर्ने वैज्ञानिकतामा आधारित परियत्ति शिक्षालाई आज आफ्नो देश र समाजको हितको लागि सबै जना दत्त चित्तभै लाग्नमानै सबैको कल्याण छ र यही आजको हाम्रो आवश्यकता पनि हो ।

**आनन्द भूमि, २९/९**



***उत्तिट्ठे – नप्पमज्जेय्य–धम्मं सुचरितं चरे ।***
***धम्मचारी सुखं सेति–अस्मिं लोके परम्हि च ॥***

❖ उठ प्रमादी नहोऊ, सद्धर्मको आचरण, गर, धार्मिक पुरुषहरू इहलोक परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछन् ॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# वैशाख पूर्णिमाको सन्देश

सदाझैं यस वर्ष पनि बैशाख पूर्णिमा आएको छ, तथागत भगवान् गौतम बुद्धको जन्म, सम्यक् सम्बोधि र महापरिनिर्वाणको सम्झना दिलाउँदै, भगवान् बुद्धद्वारा सर्वप्रथम यस लोकमा प्रतिपादित सद्धर्म-प्रतीत्यसमुत्पाद, चार आर्यसत्य र अष्टांगिक मार्ग (सम्यक् दृष्टि, संकल्प, कर्म, वचन, आजीविका, व्यायाम, स्मृति र समाधि) को संदेश लिएर, शील समाधि र प्रज्ञामय जीवन बाँची दुःखबाट विमुक्त भइरहने प्रेरणा दिएर ।

तर अपशोच् ! पाप र दुराचारबाट अकुशल कर्म पथवाट विरत रहेर कुशल कर्महरूलाई अप्रमादी भई सम्पादन गर्दै प्रज्ञायुक्त जीवन बाँच्ने सन्देशलाई एकातिर पन्छ्याएर, आज हामी महामानव बुद्धप्रतिको आफ्नो दायित्वलाई केवल पूजा-आजा र नमस्कार सम्ममा मात्र सीमित राखी दन्की रहेको तृष्णा र स्वार्थको ज्वालामा आफूलाई होमी रहेका छौं । लोभ, क्रोध, द्वेषादि दुर्गुणहरूमा चुर्लुम्म डुबी स्वार्थ पूर्तिको लागि हिंसा र हत्याको बाटो रोजी मर्न र मार्न तम्सी रहेका छौं । गरीव सोझा सीधाहरूको अनादर, तिरस्कार र जाली फटाहा धनाढ्यहरूको मात्र समाजमा कदर भैरहेको छ, स्वार्थ पूर्तिको भीषण संघर्षमा बाँच्नको लागि गर्नुपर्ने र सहनुपर्ने दुःखको अगाडि, यस भवचक्र (जन्म जरा व्याधि मरण चक्र अथवा ८४ लाख जुनी) को दुःख गौण नगण्य देखिन थालेको छ ।

यसो किन भयो ? यसको पनि कारण छ ।

आज भन्दा करीव २५०० वर्ष अघि भगवान् बुद्धको पालामा जनसंख्या कम (सायद आजको २००० खण्डको १ खण्ड मात्र) थियो । जग्गा जमीन र जमीनबाट उत्पन्न भएका बाँच्नको लागि आवश्यक साधनहरू सबैको लागि प्रशस्त थिए, आफ्नो परिवार र भावी सन्ततिको लागि धन बटुल्ने होडबाजी थिएन, बाँच्नको लागि गर्नुपर्ने संघर्ष न्यून थियो, सबैले आफ्नो श्रम र शीपले सुख सुविधा पूर्वक जीवन यापन गर्थे, यसबेलाको महान दुःख भन्नुनै यही भवचक्रको दुःख थियो र त्यसबेलाका मनीषी समाज सेवी विचारकहरूले सो दुःखबाट मुक्तिको बाटो खोजी निकाल्नु आफ्नो प्रमुख



Downloaded from http://www.dhamma.digital

दायित्व सम्झेका थिए । आज बढ्दै गइरहेको जनसंख्याको कारण बाँच्नको लागि कठोर संघर्ष गर्नुपर्ने भएको छ, धोखा घडी, बेइमानी, चाप्लूसी, चारसौबिस, भ्रष्टाचार, अनाचार, दुराचार आदि नगरीकन सुख पूर्वक बाँच्न असम्भव प्रायः भएको छ । सौभाग्यवश शक्तिको श्रोत चारैतिर झुण्डिन पाएका केही भाग्यशालीहरूले मात्र जीवनलाई चाहने आवश्यक सुविधा येन केन प्रकारेण कुम्ल्याउन सफल भैरहेका छन्, बाकी निमुखा जनताहरू नांगोभ्कार भैरहेका छन्। समाजमा विसमता छाएको छ, देशमा कोही असाध्यै धनी र कोही गरीव माग्ने "सन्तान थरी थरीका" देखिन थालेका छन् , गरीव र धनीबीचको फाटो बढ्दैछ । धर्म कर्म शील पालनादि केवल शक्ति हीन डरछेरूवाहरूको लाज छोप्ने वस्त्रको रूपमा मात्र प्रयोग भैरहेको छ। यस विसम सामाजिक परिस्थितिमा आफू र आफूलाई बचाउने संघर्षमा जे पनि गर्ने मनस्थितिमा समाजका अधिकांश व्यक्तिहरू पुगीसकेका छन् ।

अब के फेरि यस्तो समाज निर्माण गर्न सम्भव होला, जहाँ पहिलेका स्वर्णयुगमा जस्तै, जीवन संघर्ष पूर्ण नहोस् । जनसंख्या घट्दै धरतीमाताले धान्नसक्ने स्थितिमा पुगोस्, यथोचित श्रम गरेर सबैले सुख पूर्वक बाँच्न पाउने होस्, समाजमा विसमता नहोस्, अनि समाजमा दन्की रहेको तृष्णाको ज्वाला शीतल भएर जाओस् ?

यसरी जब अन्य विकराल समस्याहरूले पिरोल्न छाड्ने छ, तब बुद्धद्वारा प्रतिपादित सु-आख्यात मार्गमा लागि भवचक्रको दुःखबाट छुटकारा पाउने मनस्थिति मानिसहरूमा बन्न जानेछ । अनि बुद्धको शाश्वत सदा सत्य, चतुरार्य सत्य र आर्य-अष्टांगिक मार्गको अनुशीलन गरी प्राणी मात्रको हित सुखको लागि आफूलाई अर्पण गर्नेहरूको संख्यामा बृद्धि हुनेछ। के खाउँ र के लाउँ भन्ने समस्याले नपिरोलेका घर परिवारलाई त्यागी भिक्षाको भरमा संघर्षमय जीवन अर्पण गर्नेहरूको संख्या समाजमा बढ्दै जानेछ ।

आज वैशाख पूर्णिमाले हामीलाई भगवान् बुद्धले दिनु भएका उपदेशहरूलाई हृदयंगम गरी तद्नुसार सामाजिक तथा व्यक्तिगत जीवन दुबैमा तृष्णाको मात्रालाई कम गरी वा शीतल पारी शील, समाधि र प्रज्ञाको बाटोमा लागि शान्तिमय जीवन बिताउने संदेश दिईरहेको छ ।

**आनन्द भूमि, ३०/१**



Downloaded from http://www.dhamma.digital

# बौद्ध को हुन् को होइनन् ?

भगवान् बुद्ध भन्नुहुन्छ–

'सबै किसिमका पापहरू नगर्नु, कुशलहरूलाई पूर्ण गर्नु, आफ्नो चित्तलाई स्वच्छ राख्नु, यहीनै बुद्धको अनुशासन हो ।'

'न जटाले, न गोत्रले, न जातले ब्राह्मण हुन्छ, जसमा सत्य र धर्म छ त्यही शुद्ध हो, त्यही ब्राह्मण हो ।'

'अलंकृत भएर पनि समआचरण गर्ने, शान्त, दान्त, नियत ब्रह्मचारी हुने सबै प्राणीहरूमा दण्डरहित हुने, त्यही ब्राह्मण हो, त्यही श्रमण हो, त्यही भिक्षु हो ।'

भगवान् बुद्धको पालामा पनि अचेलझैं ढोङ्गी ब्राह्मण, श्रमण वा भिक्षुहरू थिए होलान् जसको कारण भगवान्लाई यस्ता उद्‌गारहरू व्यक्त गर्नुपर्‍यो ।

वास्तवमा बुद्धद्वारा उपदेशित मार्गमा लाग्नु र लागेर सफलता हासिल गर्नुनै बौद्धहरूको लक्षण हो । जस्तै –

(१) पञ्चशील पालन गर्नु ।

(२) चार आर्यसत्यहरूलाई मनन गर्नु ।

(३) वैज्ञानिक चिन्तनले युक्तभई अनित्यता, अनात्मता एवं दुःखलाई यथार्थरूपमा देख्नु । यी तीन प्रकारका बौद्ध आचरण र दर्शनले युक्त व्यक्तिनै बौद्ध हो ।

**(१) पञ्चशील**

पाँच प्रकारका आचरणहरू छन् जसले मानवलाई पशुत्वबाट उठाएर मानव तुल्याउँछ । ती यसप्रकार छन्–

(क) प्राणी हिंसा नगर्नु । चित्तलाई अहिंसक बनाउनु, मैत्रीपूर्ण बनाउनु किनकि हिंसा चित्तबाटै शुरू हुन्छ । आफूमाथि विना कारण गाली गर्ने, पिट्न आउने, अथवा हिंसानै गर्न आउनेप्रति पनि करूणा र मैत्रीपूर्ण चित्तले देख्नु । वैरीलाई अवैरले जित्नु ।



Downloaded from http://www.dhamma.digital

(ख) चोरी नगर्नु । नदिइकन नलिनु । अर्काको धनमालप्रति लोभ नराख्नु किनकि चोरीको जरानै लोभ हो । चित्तबाट लोभ हटाउन आफूसँग भएकोमा सन्तोष राख्नु । आफूलाई चाहिने वस्तुहरू आफ्नो परिश्रमले कमाइ गर्नु । चित्तलाई लोभ र तृष्णावाट टाढा राख्नु ।

(ग) काममा मिथ्याचार नगर्नु । कामतृष्णालाई सत्प्रयत्नले जित्नु र कामतृष्णालाई परोपकारी कार्यहरूले जित्नु । व्यभिचार नगर्नु । कामतृष्णालाई सन्तानोत्पादन हेतुबाहेक अन्यथा प्रयोग नगर्नु । यस सम्बन्धमा गृहस्थ र ब्रह्मचारी भिक्षुहरूको निम्ति फरक व्यवधान हुन्छ । गृहस्थहरूको लागि आफ्नो पति वा पत्नीमा सन्तुष्ट रही सन्तानोत्पादन हेतुमात्रै कामको प्रयोग हुनुलाई मिथ्याचार नगर्नुको अर्थमा लिनुपर्ने र ब्रह्मचारी र भिक्षुहरूको लागि अन्य कुशल कार्यहरूमा चित्त लगाई कामतृष्णाबाटै विमुक्त हुनुपर्ने अर्थमा लिनुपर्दछ ।

(घ) मादक पदार्थ सेवन नगर्नु । अप्रमादी रही चित्तलाई होशमा राख्नु किनकि चित्तको प्रमादी बेहोशी र आलस्यपूर्ण स्थितिमानै मादक वस्तुतिर चित्त झुक्न जाने हुन्छ । मादक पदार्थ भन्नाले यहाँ प्रमाद, आलस्य, विस्मृति, बेहोशी आदि स्थिति उत्पन्न गर्ने, अल्कोहल, निकोटिन, गाँजा, चरेश, अफिमयुक्त पदार्थ आदिलाई लिइन्छ । चित्तको प्रमादपूर्ण स्थितिमा व्यक्तिबाट सबै प्रकारका अकुशल कार्यहरूले हुने हुनाले यो शील अत्यन्त महत्वपूर्ण छ ।

(ङ) सत्य बोल्नु । यथावादी तथाकारी, यथाकारी तथावादी हुनु । चित्तमा रहेको मैलको कारण झूठो बोल्ने हुन्छ । लोभको कारणले, द्वेषको कारणले र मोहको कारणले पनि मानिसले भूठो बोल्छ । त्यसमा पनि सोझो तरिकाले भएको भाव वा कुरा व्यक्त गर्न डराउने वा भयको कारणले पनि व्यक्तिले झूठो बोल्छ । त्यसकारण असत्य बोल्नुको भित्र चित्तको भय, मोह, लोभ, द्वेषहरू लुकिरहेका हुन्छन् । चित्तलाई मोह, लोभ, द्वेष र भयरहित बनाउनुलाई तृष्णामाथि विजय पाउनु आवश्यक हुन्छ । यस दिशामा प्रयत्न गर्नुको अर्थ बारम्बार विफल भैरहनु होइन परन्तु मेहनत पूर्वक छोटो समयमानै सफलता हासिल गर्नु हो । यसको लागि सम्यक् परिश्रमको आवश्यकता पर्छ ।

(२) **चार आर्यसत्यलाई मनन गर्नु –**

(क) पहिलो आर्यसत्य- 'दु:ख' । यस संसारमा दु:ख छ । जन्म,



Downloaded from http://www.dhamma.digital

जरा, व्याधि, मरण, प्रियबाट वियोग, अप्रियसँग संयोग, मनको तृष्णा पूर्ण नहुनु, नचाहेको हुनु यी सबै पाँच स्कन्धबाट उत्पन्न दु:खहरूको कारण यस जीवनमा आइरहने दु:खलाई मध्यनजर राख्नु, आफू र आफ्ना चारैतिरका प्राणीहरू तृष्णाबाट उत्पन्न दु:खको आगोमा हरदम जलीरहेको देख्नु । यो पहिलो आर्यसत्य हो ।

(ख) दोस्रो आर्यसत्य- "दु:खको कारण" । दु:खको पनि कारण छ । मन र शरीरयुक्त प्राणीमा चेतना र इन्द्रियहरू युक्त देहमा स्पर्श (रूप, गन्ध, स्वाद आदि विषयहरूसँग सम्बन्धित) हुन्छ र त्यसबाट सुख वेदना, असुख वेदना वा न सुख, न असुख वेदनाहरू प्राप्त भैरहन्छन् । वेदनाबाट तृष्णा उत्पन्न हुन्छ र सुख भैरहोस् दु:ख नभैरहोस् भन्ने चाहना उत्पन्न हुन्छ तर जति चाहनाहरू उत्पन्न भइरहन्छन् त्यसको १० प्रतिशत पनि पूर्ति हुँदैन । अनि व्यक्ति दु:खाग्निमा जल्न थाल्छ । चिन्ता र चिन्ताको ज्वालामा जल्न थाल्छ । यस सत्यलाई यथार्थ रूपमा देख्नु दोस्रो आर्यसत्यलाई देख्नु हो ।

(ग) तेस्रो आर्यसत्य- "दु:खको निरोध" । जुन-जुन कुराहरूमा तृष्णा उत्पन्न भइरहन्छन्, ती-ती कुराहरूबाट विराग हुनु, निरोध हुनु, निस्सर्ग हुनु, लीन नहुनु, मुक्त हुनु, तृष्णाबाट सर्वथा विराग हुनुबाट दु:ख निरोध हुन्छ । यस सत्यलाई यथार्थ देख्नुनै तेस्रो आर्यसत्यलाई देख्नु हो ।

(घ) चौथो आर्यसत्य -"दु:ख निरोध गर्ने मार्ग" । आठ अङ्गयुक्तमार्गनै दु:ख निरोध गर्ने मार्ग हो । ती हुन्- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् जीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । यस आठ अङ्ग रूपी मार्गमा लागेमा दु:ख निरोध हुन्छ, यसलाई प्रत्यक्ष मनन गरी सो मार्गमा दृढतापूर्वक लाग्नुनै चौथो आर्य सत्यलाई देख्नु र मार्गमा लाग्नु हुन्छ ।

### (३) वैज्ञानिक चिन्तनले युक्त भई अनित्यता, अनात्मता र दु:खलाई यथार्थ रूपमा देख्नु ।

भगवान् बुद्ध स्वयं परम्परा विमुक्त स्वतन्त्र अन्वेषणकारी वैज्ञानिक चिन्तनयुक्त महामानव थिए: यो कुरा बुद्धजीवनीबाट छर्लङ्ग हुन्छ । अचेलका वैज्ञानिकहरू पनि यस विश्वमा विश्वव्यापी अनित्यता र त्यसमा आत्म तत्वको सर्वथा अभावलाई सिद्ध गर्ने दिशा तर्फ अगाडि बढिरहेका छन् ।



Downloaded from http://www.dhamma.digital

अनादिदेखि अनन्तसम्म घट्ने घटनाहरूले भरिएको यो विश्व अनित्यता प्रवाहको रूपमा अगाडि बढिरहेको छ । व्यक्तिले यस अनित्य विश्वबाट आफ्नो अनित्य चित्त र देहलाई अलग्याउन मात्र 'म' भन्ने संज्ञा दिने वाहेक वास्तवमा यो 'म' भन्ने स्वतन्त्र तत्वको सर्वथा अभाव छ । यस दिशातर्फ विज्ञान अगाडि बढीरहेको छ । आधुनिक मनोविज्ञानले पनि स्वतन्त्र 'म' को अस्तित्वलाई मान्दैन ।

त्यस अनित्यता प्रवाहमा व्यक्तिले आफूलाई आफ्नो तृष्णाको कारण स्थायित्व दिन खोज्छ जसबाट 'म' र अहंकारको जन्म हुन्छ । दुःखको ज्वाला बल्न थाल्छ । नाना थरीका स्वार्थको कारण झैझगडा दुश्मनी मारकाट तथा अन्य संघर्षहरू उत्पन्न हुन्छन् र जीवन दुःखमय बन्छ । यसप्रकार अनित्यता भित्र पनि तृष्णा र त्यसबाट उत्पन्न अहंकार तथा स्वार्थको कारण बलिरहेका दुःखको ज्वालालाई यथार्थ देख्नु र यस दुःखबाट संसारलाई बचाउन हरदम प्रयत्नशील रहनु यो बौद्ध आचरण हो ।

तसर्थ बौद्ध उही हो जो–

(क) पंचशील पालन गर्छ ।

(ख) चार आर्यसत्यलाई मनन गर्छ र

(ग) वैज्ञानिक चिन्तनले युक्त भई यथार्थ दर्शनले युक्त हुन्छ ।

यसो नभएका ढोङ्गो व्यक्तिलाई लक्ष्य गरी भगवान् बुद्ध भन्नुहुन्छ–

"हे दुर्मेध ! तिमीलाई जटा र गेरुवा वस्त्रको के काम ? भित्र तिमी मैल युक्त छौ, बाहिर मात्र धोएर हिँड्छौ ।"

बौद्ध बनाउने मार्गमा नलागि केवल पूजा-आजा, रीतिथिति आदिमा समय बिताएर हिंड्नेहरूलाई पनि भगवान् बुद्धले 'दुर्मेध' भन्ने संज्ञा दिनुहुन्थ्यो होला ।

बौद्धहरू संसारमा कहीं पनि पाउन सकिन्छ । जो व्यक्ति शीलवान्, शीलवती छन्, प्रज्ञा (स्वतन्त्र वैज्ञानिक चिन्तनबाट उत्पन्न) ले युक्त छन् र संसारमा शान्ति ल्याउन दुःखीहरू माथि करूणा राखी सदैव प्रयत्नशील छन्– ती सबै बौद्ध हुन् ।

**आनन्द भूमि, २४/६**



Downloaded from http://www.dhamma.digital

# सम्यक् सम्बोधि र अर्हत्व

अचेल एक थरीका मानिसहरू निस्केका छन् जसले बुद्ध र बुद्धत्वलाई ज्यादै सस्ता बजारिया चीज बनाएका छन् । उनीहरू भन्छन् कि व्यक्ति चित्तबाट बाहिर गइदियो त बुद्ध भइगयो, ध्यानद्वारा चित्तलाई अवलोकन गरी त्यसबाट व्यक्ति पर गई केवल सांक्षि बनेर बसे त यस स्थितिमा व्यक्ति बुद्ध भइगयो । चित्तको क्लेश र संतापबाट छुटकारा पायो त व्यक्ति बुद्ध भइगयो । वास्तवमा निर्वृत्त हुनु अर्कै कुरो हो र बुद्ध बन्नु अर्कै कुरो हो ।

यदि निर्वाण प्राप्त गर्दैमा बुद्ध होइन्छ भने भगवान् बुद्धका पालाका र पछिका निर्वृत्त भिक्षुहरू बुद्ध कहलाइन्थे होलान् अथवा भगवान् बुद्धले तिनीहरूलाई पनि बुद्धको संज्ञा दिन्थे होलान् । तिनीहरू अर्हत् अवश्य कहलाइन्छन् तर बुद्ध होइन । बुद्ध हुनलाई सम्यक् सम्बोधि अर्थात् यथार्थता वा वास्तविकताको राम्रो बोध अर्थात् पूरापूर ज्ञानको बोध आवश्यक हुन्छ, ज्ञानका विभिन्न आयामहरूमा पोख्त हुनुपर्छ तथा ती आयामहरूलाई आफैले साक्षात्कार गरी व्यक्त गर्नमा पोख्त हुनुपर्छ । अनि पारमिताहरू पूर्णगरी यस्तो व्यत्तित्वको हुनुपर्छ कि जसको अगाडि अंगुलीमाल जस्ता कुख्यात डाँकाहरू समेत नतमस्तक भैजाउन् ।

बुद्ध, बुद्धकालीन तथा त्यसपछिका अर्हतहरूको चित्तको स्थिति त्यस्तै क्लेश रहित थिए होलान् तर बुद्धले जुन तथागत सम्यक् सम्बुद्धको बहुआयामी व्यत्तित्व लिएर आए त्यसरी अरुहरू अवश्य आएनन् । बुद्धलाई सूर्यको उपमा दिए अन्य अर्हत्हरूलाई वत्तीको उपमा मात्र दिन सकिएला किनकि बुद्धमा अन्य धेरै सम्पदाहरू थिए जुन अरुहरूमा थिएनन् ।

भगवान् बुद्धको अर्को नाम दशबल पनि हो आफ्ना जन्म जन्मान्तर देखि यही जन्म सम्ममा दान शील, वीर्य, शान्ति, ध्यान, सत्य आदि दश पारमिताहरू पूर्ण गरी आएका व्यक्तिनै सम्यक् सम्बुद्ध तथागत हुन सक्छन् । यी दश पारमिताहरूको पूर्णताले निखारिएर नै व्यक्ति बुद्ध हुनका लागि योग्य हुन सक्छन् ।



Downloaded from http://www.dhamma.digital

अचेल बुद्धत्वलाई बजारिया चीज बनाएर एउटा प्रचार के गरिन्छ भने सबै व्यक्तिमा बुद्धत्व लुकेर रहेको हुन्छ, संसारमा जति व्यक्तिहरू छन् प्रयत्न गरेमा सबै बुद्ध हुन सक्छन् । जसरी बुद्ध पनि प्रयत्न गरेरनै बुद्ध भएका हुन् । प्रत्येक व्यक्तिमा अर्हत्वको वीज अवश्य रहेको हुन्छ किनकि जुन चित्तद्वारा आफू बाँधिएर बसेको हुन्छ, सोही चित्तका ग्रन्थीहरूलाई प्रयत्नद्वारा फुकाउँदै गएमा एक दिन मुक्त चित्तमै अर्हत्वको स्थितिमा पुग्न अवश्यनै सकिन्छ, तर चित्तको पासोलाई फुकाउने वित्तिकै बुद्ध हुने भए आज विश्वमा हजारौं बुद्धहरू हुने थिए र यस्तै मुक्तचित्तका सबै निर्ग्रन्थ ऋषि मुनिहरू लाई भगवान् बुद्धको जस्तै सम्यक् ज्ञान र व्यक्तित्व प्राप्त हुन्थे होलान, तर त्यस्तो हुन सक्दैन । सबै व्यक्तिहरूका आफ्ना-आफ्ना कर्मस्थानहरू हुन्छन् र आफ्ना-आफ्ना जन्म जन्मान्तरदेखि आर्जित संस्कारहरू हुन्छन् र यो सम्पूर्ण संस्कारहरूको फलस्वरूपनै व्यक्तिको वर्तमान व्यक्तित्व र कर्मक्षत्र रहेको हुन्छ। संस्कारको भिन्नताको कारणले अर्हत पिच्छे फरक-फरक व्यक्तित्वहरू हुने गर्छन् । यसकारणले पनि बुद्ध र अन्य अर्हत्वहरूमा फरक रहेको हुन्छ ।

भगवान् बुद्धको समय अगाडि पनि अनेकौं बुद्धहरू भएर गए र पछि पनि हुनेछन् भन्ने एक थरीको भनाइ छ जुन सम्भवतः सैद्धान्तिकरूपमा मात्र भनिएको हुन सक्छ । ऐतिहासिक गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको थियो । अगाडि अन्य बुद्धहरू उत्पन्न भए भन्ने कुराको ऐतिहासिक उल्लेख कतै छैन, ऐतिहासिक र वैज्ञानिक दृष्टिकोणबाट हेर्न हो भने गौतम बुद्ध भन्दा २,४ हजार वर्ष अगाडिको मानव समाज पाषाणयुगबाट गुज्रदैं थियो र धेरै समय अघि मानिसहरू चौपायाहरू जस्ता थिए जुन स्थितिमा बुद्ध बन्ने संभावना नै थिएन । गौतम बुद्धकै समयमा र सो भन्दा पछि पनि कैयन जीवनमुक्त ऋषि मुनि अर्हतहरू भए होलान्, ज्ञानी मनीषिहरू भए होलान् तर गौतम बुद्ध जस्ता पछि फेरि पैदा भएनन् । (विष्णुका नवौं अवतार मानिएका गौतम बुद्ध फेरि विष्णुका दशौं वा त्यसपछिका अवतार हरूमा बुद्धकै रूपमा फेरि आउन संभवनै छैन ।)

प्रश्न हुन सक्छ, प्रत्येक ज्ञान प्राप्त गरेका बुद्ध र पछिका सारा मुक्त व्यक्तिहरूलाई पनि किन बुद्ध नभन्ने किनकि बुद्धको अर्थ नै "जसले बुझ्यो त्यो" हो । बुद्ध सिद्धार्थ गौतमको उपाधि हो नाम होइन । बुद्धले अमृतको



Downloaded from http://www.dhamma.digital

ढोका खोलिदिए र बाटो देखाइदिए, यही नै बुद्धको विशेषता हो, सो बाटोमा जानेहरू निर्वृत हुन सक्छन् तर बुद्ध एकै थिए जसले बोध गरी, बोधको मार्गलाई पहिलो पटक देशना गरे। बुद्ध बन्नमा जुन ज्ञान भण्डार, बक्तृत्वकला र व्यक्तित्वको मिश्रण बुद्धमा थियो, यो अरुमा पाइँदैन।

यसको अर्थ यो कदापि होइन कि भगवान् बुद्धपछि कुनै जाज्वल्यमान व्यक्तित्व भएका ज्ञान प्राप्त व्यक्ति र प्राप्त ज्ञान अरुलाई बोध गराउन सक्ने व्यक्ति अरु हुन सक्दैन। त्यस्ता व्यक्ति दुर्लभ हुन्छन्, जस्तै सुकरात, जरथ्रुस्ट, कान्त, हेगल, मार्क्स, फ्राइड, लावत्से, कनफूचे, आदि विशिष्ट व्यक्तित्वहरू इतिहासमा एक पटक मात्र देखा पर्छन्, एउटा विशेष स्थितिमा मात्र देखापर्छन् र फेरि दोहोरिँदैनन्। भगवान् बुद्धको बारेमा पनि यहीनै भन्न सकिन्छ। जस्तै सुकरात एक पटक भएर गए र अब फेरि त्यस्तै तर्क निपुण मनीषि कतै उत्पन्न भएमा अर्कै नामले अर्कै कर्मक्षेत्र लिएर आउनेछन्, उनी कान्त हुन सक्नेछन् तर सुकरात होइनन्। भगवान् बुद्ध जस्तै प्रखर ओजस्वी र स्वतन्त्र चित्त-युक्त व्यक्ति आज नेपालमै हुँदा हुन् त उनी अर्कै कर्मक्षेत्र र संस्कारमा देखापर्छन्, होला। सबै तर्क निपुण विद्वान् सुकरात होइनन्, सबै अर्हत् बुद्ध होइनन् र बुद्ध जस्ता दुर्लभ शब्दलाई बजारीकरण हुनुबाट जोगाउनु नितान्त आवश्यक छ, यसो नभएको खण्डमा बुद्धको गरिमालाई एक छिनको चित्तस्थितिको तन्द्रासित साटिन जाने डर हुन्छ, जुन अवश्य पनि हुन दिन हुँदैन।

हो, दश पारमिताको अभ्यास गर्दै बुद्धद्वारा निर्देशित मार्गमा बोधिसत्व भएर लोकोपकारी कार्यहरू गर्दै अगाडि बढ्ने क्षमता सबैमा धेर थोर हुन्छ, र यदाकदा यिनीहरूमध्ये कुनै भविष्यमा गएर सम्यक् सम्बुद्धनै भैदिए भने पनि त्यति बेला, संस्कार जन्य कर्मस्थानको फरकले गर्दा अर्कै नाम र कर्मस्थानले चिनिन जाने हुन्छ। गौतम बुद्धकै संस्कार र कर्मस्थान उनमा हुनसक्दैन। इतिहास कहिल्यै उही रूपमा दोहोरिँदैन। त्यसैले भगवान् बुद्ध जस्ता व्यक्ति एकै थिए, एकै छन् र एकै रहने पनि छन्।

**आनन्द भूमि, १६/११**

❤ ❤ ❤



Downloaded from http://www.dhamma.digital

# पुनर्जन्मको फेरा

सायद मानव जातिमा सोचाइ शक्तिको विकासको साथै यी प्रश्न उठे होलान्- मानिस वा जीवजन्तुहरू मरेपछि के हुने होला ? के बिल्कुलै शून्य भएर जाला ? के फेरि अर्कै रूपमा ब्यूंतेर आउला ? वा, के अदृश्य शक्तिको रूपमा रहला ? मान्छेमा शरीर मात्र हो कि त्यहाँ अरु पनि केही छ जसले शरीरमा जीवन दिन्छ ?

मरेपछि मरेर जानेले फेरि फर्केर बोल्दैन, त्यसैले यी प्रश्नहरूको ठीक उत्तर पाउन त्यति सजिलो भएन । अनेक तर्क र अड्कलबाजी गरिन थाले । मरेपछि प्राणीहरू समूल नष्ट भैजाने भए अरु आउने कहाँबाट ? त्यसबेलाका मान्छेहरूको निमित्त सजिलै पत्याउन सकिने एकमात्र सजिलो उत्तर थियो- मरेपछि प्राणी फेरि जन्मन्छ । हाम्रो पहिले पनि अस्तित्व थियो र पछि पनि रहनेछ। शून्यबाटै हाम्रो उत्पत्ति भई शून्यनै भएर हामी जाँदैनौं। अर्को कुरा, यसै जन्ममा मात्रै प्राणीको अस्तित्व हुने भए, जे गरेपनि हुने भयो । पापी पुण्यात्मा एक समान हुनेभयो । "बाँचेसम्म सुख गर, खरानी भैसकेको शरीर कहाँबाट फर्कन्छ ?" भन्ने चार्वाकको सिद्धान्त लागू हुने भयो ।

यसरी कालान्तरमा शरीर मरेपनि नमर्ने र जन्मजन्मान्तर हस्तान्तरण हुँदै जाने एउटा सूक्ष्म अदृश्य, नित्य आविनाशी आफू वा "आत्मा" छ भन्ने तत्वको परिकल्पना गर्न थालियो ।

तर, यस्तो परिकल्पनाबाट अर्को प्रश्न खडा भयो– यदि सबैको उही आत्मा नै हुन्छ भने संसारमा कोही जन्मने वित्तिकै ठूलाबडाका सन्तान भई सुख सयल गर्ने, कोही कंगालका सन्तान भई दु:ख भोग गर्ने कसरी भयो ? यस प्रश्नको पनि उत्तर निकालिहाले । राम्रो कर्मको फल राम्रो हुन्छ, नराम्रो कर्मको फल नराम्रो । आफ्नो पूर्वजन्मको कर्म अनुसार व्यक्तिले जन्म लिन्छ । त्यसैले यस जन्ममा राम्रो काम गरे पछिल्लो जन्ममा सुख भोग्छ र नराम्रो कर्म गर्नेले दु:ख भोग्छ । राम्रो कर्मको सजिलो परिभाषा बन्यो– अर्काको हित सुखको लागि गरिने काम



Downloaded from http://www.dhamma.digital

राम्रो । "परोपकार पुण्याय पापाय परपीडनम्" । यसको मूल कारण हामी स्वार्थी भएपनि अरुबाट निस्वार्थ चाहन्छौं ।

अब स्वभावतः धेरै धेरैनै पुण्य गर्नेहरूका लागि वा धेरैनै चर्को पापकर्म गर्नेहरूको लागि सांसारिक बसाई मात्रले पुगेन, तसर्थ स्वर्ग र नरकको व्यवस्था गरियो । अमानवीय काम गर्नेहरूको लागि पशुहरूको योनिको पनि व्यवस्था गरियो । मानव योनिलाई उत्तम योनि मानियो यद्यपि पशुहरूको योनिमा भन्दा मानव योनिमा धेरै पापकर्महरू हुने गर्छन् ।

यो पुनर्जन्मको फेरासँगै अर्को विकट समस्या त के उत्पन्न भयो भने यो दुःखले भरिएको जन्म मरणको चक्करबाट कसरी छुटकारा पाउने ? के अन्त्य कालसम्म जन्म र मरणको चक्रमा घुमिरहने ? यस दुःखबाट मुक्ति सम्भव छ ? छ भने कसरी ?

त्यस ताकाका विचारकहरू यसै प्रश्नको समाधान खोज्नतिर लागे । आजभन्दा करीब २५०० वर्ष जति अघि "दुक्खा जाति पुनप्पुनं" भन्ने कपिलवस्तुका राजकुमार सिद्धार्थ पनि यही भवचक्रको जन्जालबाट मानव जातिलाई छुटकारा दिलाउन राजपाट छोडी आफ्नो ज्यानको बाजी लगाई अगाडि बढे र ६ वर्षको अथक तपस्यापछि निर्वाण प्राप्तिको बाटो खोजी निकाले । अर्कोतिर "आत्मा" माथि आस्था राख्नेहरूले परम आत्माको पनि परिकल्पना गरेर आत्मा र परमात्माको मिलनपछि पुनः जन्मन नपर्ने गरी मोक्षको बाटो निकाले ।

अब पुनर्जन्मबारे सबै समस्याहरू समाधान भए जस्तो भयो । भवचक्रको व्याख्या भयो, सांसारिक जीवनको सुख दुःखको पनि लेखाजोखा हुने भयो । ८४ जुनीबीच आवत जावतको बाटो पनि खुल्यो साथै मोक्षको बाटो पनि । तर यो स्थिति धेरै समयसम्म टिक्न सकेन । पुनर्जन्मका अवधारणाहरू माथि कडा प्रहार त विगत सय वर्षजति भित्र मानव जातिलेनै जीव विज्ञानमा गरेको प्रगतिस्वरूप जीवहरूको गर्भाधान, जन्म र विकास बारेमा नयाँ तथ्यहरूले पारेको छ । साथै सामाजिक विज्ञानका नयाँ खोजहरूले पनि व्यक्तिहरू धनी गरीव हुनुका कारणहरू पूर्वजन्मसँग सम्बन्धित नभै उचित सामाजिक र आर्थिक क्रान्तिद्वारा सजिलैसँग हटाउन सकिने दोखाएको छ ।



Downloaded from http://www.dhamma.digital

जीवविज्ञानका नयाँ तथ्यहरू अनुसार गर्भाधानको सुरूको स्थितिमा पुरुषबाट प्राप्त शुक्रकीट भित्रका जीन (Gene) हरू र स्त्रीको डिम्बकोष (Ovum) भित्रका जीनहरूको सम्मिश्रणबाट नयाँ जन्मने शिशुको शारीरिक र मानसिक गठन निर्धारण गर्ने कुरा सिद्ध गरिदिएको छ र यसको निमित्त गर्भाधानको समय बाहिरबाट कुनै मृतात्माले घुस्न अनावश्यक सिद्ध गरेको छ। यतातिर खगोल विज्ञानले पनि यस पृथ्वीको जीवन बाहेक स्वर्ग र नरक तथा अन्य लोकहरूलाई परिकल्पित मात्र सिद्ध गरेको छ ।

यसरी ८४ जुनि, स्वर्ग, नरक, संसारचक्र, कर्म फल, निर्वाण, मोक्ष, आदि अवधारणाहरूको आधारमा समाधान गरिएका पुनर्जन्म सम्बन्धी प्रश्नहरूलाई पुनः वैज्ञानिक खोजको पृष्ठभूमिमा समाधान गर्नुपर्ने आजको सम्यक् माग रहेको छ । प्यारो लागेतापनि तथ्यहीन भएका पुराना अवधारणाहरूलाई त्यागी नयाँ अवधारणाहरूलाई धारण गर्नसक्ने स्वतन्त्र दिमाग र पूर्वानुग्रह रहित भावनाको विकास हामीले गर्नुपर्ने भएको छ ।

तर पनि, जब हामी यस जन्ममा हाम्रा अनगिन्ती आकांक्षाहरू अपूर्ण पाउँछौं, तब हामी अर्को जन्मको अपेक्षा राख्दछौं । यस जन्ममा नभएपनि अर्को जन्ममा होस् भनी मनलाई सम्झाउन खोज्छौं । त्यस कारण संसारमा जीवन प्रवाह बनिरहेसम्म कुनै न कुनै रूपमा पुनर्जन्मको परिकल्पनानै रहनेछ ।

वास्तवमा सरसरति वास्तविक तथ्यहरूलाई हेर्ने हो भने हामी सांसारिक जीवनलाई एक अविरल प्रवाहसँग तुलना गर्न सक्छौं जसमा प्राणीहरू विन्दु वा पानीमा हावाको फोका सरह छन्। नदी बगे जस्तै कर्मको प्रवाह चलिरहन्छ, एक कर्मले अर्कोलाई असर गर्दै जन्म दिंदै जान्छ । सम्पूर्ण जीवन एकभै अगाडि बढीरहन्छ। जसमा जीवन र मृत्यु शारीरिक चोला फेर्ने बाध्यता मात्र हुन जान्छ। सम्पूर्ण 'जीवन' हरूको 'आफू' भन्ने भावनालाई जीवन प्रवाहको 'आफ्नो' पनमा समेटेको हुन्छ । मृत्युपछि उही व्यक्ति होस् वा अरुनै, जीवन प्रवाह चलिनै रहन्छ। अथवा भनौं समेटेर अगाडि बढ्नुपर्ने कर्म अनुसार उही व्यक्ति पनि अर्को शारीरिक र मानसिक गठन लिई अगाडि बढ्छ । जनसंख्या वा कर्म गर्ने व्यक्तिहरूको संख्या बढ्दै गएमा एक व्यक्तिको कर्मप्रवाह लिई अगाडि बढ्ने एकभन्दा बढी व्यक्ति पनि हुन सक्छन्- यसरी नै सांसारिक जीवन प्रवाह चलिरहन्छ।



Downloaded from http://www.dhamma.digital

यसरी बगीरहने जीवन प्रवाहमा व्यक्तिको संस्कार (नाम, जात, लिङ्ग, हासिल गरेको ज्ञान इत्यादि) केवल तत्कालको लागि मात्र हुन जान्छ र व्यक्ति व्यक्तिमा संस्कारको भिन्नता बाहेक अरु भिन्नता रहँदैन । व्यक्ति आफैमा केही पनि हुँदैन केवल कर्मको धारा अविरल चलिरहन्छ । आफ्ना चारैतिरका वातावरणलाई प्रभावित गर्दै व्यक्ति स्वयं पनि चारैतिरका वातावरणका परिवर्तनहरूबाट प्रभावित भई अगाडि बढीरहन्छ । यसरीनै जीवनचक्र चलीरहन्छ ।

**आनन्द भूमि, २५/६** ❤ ❤ ❤



***धम्मं चरे सुचरितं-न तं दुच्चरितं चरे ।***
***धम्मचारी सुखं सेति-अस्मिं लोके परम्हिच ॥***

❖ धर्म आचरण राम्रोसँग गर्नु पर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने पुरुषले इहलोक परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछ ॥

***एतं विसेसतो अत्वा-अप्पमादम्हि पण्डित ।***
***अप्पमावे पमोदन्ति-अरियानं गोचरे रता ॥***

❖ आर्य धर्ममा नियुक्त भएका पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो त्यसलाई देखेर अप्रमादी हुनुमानै विशेष रुचि देखाउँछन् ॥
(धम्मपद)



Downloaded from http://www.dhamma.digital

# शान्ति वन हाम्रो गौरव, हाम्रो धन !

हरियो वन - नेपालको धन भनेर भनिन्छ, किनभने हरियो वनले देशको शोभा बढाउँछ, राष्ट्रिय निकुञ्जहरू बनाउन काम लाग्छ, जनावरहरू र चरा चुरूंगीहरूलाई वास दिन्छ, पानी र माटोको संरक्षण गर्छ, जमीनलाई फुस्रोभएर खिइनुबाट जोगाउँछ, बाढी पहिरोबाट जग्गा जमीनको रक्षा गर्छ, काठ दाउराको अक्षय भण्डारको काम गर्छ– वन जंगलको उपायोगिताबारे प्रश्न सोध्यो भने विज्ञान पढेका विद्यार्थीहरू यसै भन्लान्, तर हरियो वन जंगलको एउटा अद्‌भूत गुण छ– त्यो हो शान्ति। हरियो वन शान्तिको पनि थलो हो।

**भगवान् बुद्ध भन्नुहुन्छ-**

**"रमणीयानि अरञ्ञानि - यत्थ न रमते जनो,**

**वीतरागा रमिस्सन्ति - नते काम गवेसिनो।"**

***(धम्मपद, अर्हत् वर्ग)***

(वन जंगलहरू रमणीय छन्- जहाँ मानिसहरू साधारणतया बस्न रुचाउँदैनन्, तर काम भोग पछि नलाग्ने वीत रागहरू त्यहाँ रमण गर्छन।)

गोदावरी शान्ति वन भित्र जाँदा र त्यहाँको प्रतिमूर्ति गौतम बुद्धको शान्त स्वरूपलाई देख्दा प्राणीमात्रको मनमा अदभूत शान्ति छाउँछ।

जीवनको अशान्तिमय कोलाहलपूर्ण वातावरणमा दुःखाग्निको रापमा मानिसहरूको लागि पृथ्वीमा यस्ता ठाउँहरूको औधि खाँचो छ, जहाँ गएर केही छिन विश्राम गरी शान्तिको शीतल श्वास फेर्न सकियोस्, जहाँको वातावरणमा दुइचार दिन वास गरी संसारको दुःख दर्दलाई बिर्सन सकियोस् र संसारमा ताजगी लिएर पुनः प्रवेश गर्न सकियोस्।

शान्तिवनलाई अझ शान्तिपूर्ण बनाउन त्यहाँ विहारहरू, विश्राम गृहहरू र निकुञ्ज (पार्क) हरूको पनि व्यवस्था यथा समयमा हुनेनै छ भनी आशा गर्न सकिन्छ। किनकि यस्तो स्थान देशमा ठाउँ-ठाउँमा हुनु सबैको चाहना हो। विदेशहरूमा पनि ठूला शहरहरूबीच एक छिन आराम गरी



Downloaded from http://www.dhamma.digital

रमाउन पार्कहरूको व्यवस्था गरिएको हुन्छ, जहाँ विश्राम गर्ने ठाउँ, केटाकेटीहरूको लागि खेल्ने ठाउँ, चराहरूलाई खुवाने ठाउँ, माछा मार्ने ठाउँ, र भक्तजनहरूको लागि पूजा, कीर्तन गर्ने ठाउँहरूको पनि प्रवन्ध भएको हुन्छ ।

वनजंगलहरूको कमी नभएको हाम्रो देशमा विभिन्न कारणहरूले गर्दा वनजंगल उजाडिंदै छन्– यो बडो दुःखको कुरो हो । बढ्दो जनसंख्याको कारणले हुने वनजंगल फँडानी, गाइवस्तुहरूको चरणको लागि वनजंगलको प्रयोग, डढेलोहरू लाग्नु काठदाउराको लागि जंगल मास्नु इत्यादि कारणबाट वनजंगलहरू नष्ट भइरहेकोलाई हामी सबै मिली रोकथाम गर्नुपरेको छ । यसको साथै हाम्रो देशमा ठाउँ-ठाउँमा शान्तिवन, शान्ति निकुञ्जहरूको विकास हुनु पनि अत्यन्त जरूरी छ, जहाँ सबैले निःशुल्क प्रवेश गरी मनोरंजन गर्न सकून्, जहाँ ठाउँ-ठाउँमा बुद्ध जीवनीसित वा अन्य देवी देवताको जीवनीसित सम्बन्धित झाँकीहरूलाई देखाइएको होस्, मन्दिर, चैत्यहरू होस्, रंगी विरंगी फूलहरूले सजिएको बगैचाहरू होउन्, जहाँ भित्र जाँदा खेरी शान्तिको संसारमा प्रवेश गरेको जस्तो आभाष प्राप्त होस्, जहाँ प्रत्येकले आन्तरिक शान्तिको केही मात्रामा भएपनि अनुभव गर्न सकून् ।

वास्तवमा शान्ति हामी प्रत्येकको जन्मजात चाहना हो । अन्तिम रूपमा हामी शान्ति चाहन्छौं, अगाध शान्ति चाहन्छौं, यति धेरै शान्ति चाहन्छौं कि त्यसमा हामी आफैं हराएर जान सकौं । हाम्रो सम्पूर्ण अहंको त्यहाँ विसर्जन होस् र हामी आफैलाई बिर्सन सकौं । यस प्रकारको अगाध अक्षय शान्ति तर्फ इशारा गर्दै एक समय भगवान् बुद्धले यसो भन्नु भएको थियो–"भिक्षुहरू हो, त्यस्तो आयतन (आश्रय, अवलम्बन) छ जहाँ न सूर्य चम्कन्छ न चन्द्र, जहाँ न हावा बहन्छ न पानी पर्छ, न कोहि जन्मन्छ न मर्छ, न कुनै किसिमको परिवर्तन हुन्छ । यदि, भिक्षुहरू हो, त्यस्तो आयतन न हुँदो हो त- जन्मनु, मर्नु, परिवर्तनहरू हुनुबाट निकास (निस्सरण) सम्भव हुने थिएन" निश्चय पनि उहाँको इशारा परम सुख निर्वाण तर्फ थियो ।

प्रत्येक दिनको संसारी जीवनमा हामी पाउँछौं केवल परिवर्तन, अशान्ति र दुःख जुन सांसारिक जीवनको स्वभाव हो । सांसारिक सुख आउँछ त एकछिन रहन्छ अनि हराएर जान्छ, भने सांसारिक दुःख पनि आउँछ त



Downloaded from http://www.dhamma.digital

एकछिन रहन्छ, अनि हराएर जान्छ, यही अनित्यताको, परिवर्तनको नियम पनि हो । स्वयं हामी आफै पनि परिवर्तित हुँदैछौं अनि परिवर्तनको क्रममा एक दिन विलाएर जान्छौं तर मरे पछि पनि छुटकारा मिल्दैन किन भने तृष्णाको डोरीले तानिएर फेरि अर्को जीवनचक्रमा घुम्न त बाकी छँदैछ । यस्तो जीवनमा शान्तिको लागि जप तप साधना आदि गर्न सबै सक्दैनन्, साधनाले विधि जानेको पनि हुँदैन, किनभने त्यसको लागि पनि ध्यानाभ्यास साधना आदि तर्फ रूचि हुनुपर्‍यो, यस्तै प्रकारको वातावरण मिल्नु पर्‍यो, विधि सिकाउने गुरु हुनुपर्‍यो जुन यस जमानामा दुर्लभ छ । यसकारणले पनि, एक छिन भए पनि, भित्री मनमा शान्ति दिने शान्तिवनहरूको हाम्रो जीवनमा ठूलो महत्व छ ।

शान्ति मध्ये सर्वश्रेष्ठ शान्ति भित्री मनको शान्ति हो, जुन प्रत्येक संसारी हृदयको चाहना हो । यसको वाह्य विकृत स्वरूप हो संसारी सुख भोगको कामना, जुन परिपूर्ति भए पनि क्षणिक हुन्छ र प्रारम्भमा सुख जस्तो लागे पनि परिणाम प्राप्त हुँदा दुःखदायी हुन्छ । शान्तिवनको उपयोग खाउ, पिऊ र मोजगर (Eat, drink and be merry) भन्ने स्थलको रूपमा नभै आन्तरिक मनको शान्तिलाई जगाएर पूर्ति गर्ने थलोको रूपमा हुनु नितान्त आवश्यक छ, अस्तु ।

**सबैले शान्ति पाउन् । सबैको मंगलहोस् ।**

**शान्तिवन स्मारिका, बु.सं. २५४७**



Downloaded from http://www.dhamma.digital

# संसारको स्वरूप

भनिन्छ संसार ऐना जस्तो छ, जस्तोले जसरी हेर्‍यो त्यसरी नैदेखिने रे। वास्तवमा हामी जन्मेदेखि अहिले सम्म यसलाई निरपेक्ष भावले सायद कहिल्यै हेरेका हौंला। राग, द्वेष, मोहको कारणले तृष्णामा बाँधिएर आफ्नो स्वार्थ सिद्ध गर्ने धुनमा हामी लागिरहेका हुन्छौं, र एउटा न एउटा झंझटमा फसीरहेकै हुन्छौं। एकछिनको लागि भए पनि यी सबै झंझटहरू एकातिर पन्छाइ ठण्डा दिलले विचार गरौं हाम्रो संसार वास्तवमा कस्तो छ ?

वैज्ञानिकहरूको भनाईअनुसार धेरै वर्ष अगाडि एउटा बडेमानको शक्ति पदार्थको गोलाको बिस्फोट भइ छरिएका शक्ति पदार्थका अंशहरूबाट हाम्रो संसारको संरचना भयो। करीव ३/४ अरव वर्ष अगाडि पृथ्वीको महासागरको पानी र वायुमण्डल (जस्मा त्यसवेला प्रशस्त एमोनिया र कार्वन डाइ अक्साइड ग्याँस थियो) बीच कृया प्रकृया भएर पहिला-पहिला एक कोषीय जीवहरू बने। यीनै एककोषीय जीवहरूको क्रमिक विकासबाटनै आजका वनस्पति र मानव लगायत अन्य जनावरहरू बनेका हुन्। वैज्ञानिकहरू भन्छन्- परिवर्तन विश्वको नियम हो। परिवर्तनको क्रममा एकदिन यस्तो पनि आउँछ, जब सूर्य एउटा सानो वाम तारा (White dwarf) मा बदलिनेछ, पृथ्वी लगायत अन्य ग्रहहरूमा प्रकाश र शक्तिको अभावले, जीवन शून्य भएर जाने छन्। हाम्रो संसारको स्वभावै यस्तो छ कि यहाँ एकातिर वस्तुहरूको उत्पत्ति हुन्छ भने अर्कोतिरबाट विनाश पनि शुरू हुन्छ। जीवनसँगै मृत्यु शुरू हुन्छ। जतिदिन बाँच्छौं उति दिन मृत्यु नजिक पुग्छौं। जन्मने जति मर्छन् फेरी अरुहरू जन्मन्छन्।

यसप्रकारको अनित्य स्वभाव भएको संसारमा यो 'आफू' र यो 'आफ्नो' के लाई भन्ने ? न आफू छ, न आफ्नो, विना कुनै अपवाद सबै उत्पति विनाश भई रहन्छन्। न शरीर आफ्नो हो, न बदली रहने मन आफ्नो हो। यसप्रकारको अनात्म स्वभाव यस संसारको छ, जहाँ आफू र आफ्नो भन्नु केवल केही सम्यको लागि मात्र हो।



Downloaded from http://www.dhamma.digital

तैपनि, यसप्रकारको संसारमा हामी मध्ये प्रायः सबै आफू र आफ्नोलाई लिएर हिंड्छौं । यो 'म' यो शरीर मेरो, यो परिवार मेरो, यो घर मेरो, इत्यादि । यसरी आफू र आफ्नो भन्ने केही नभएको विश्वमा जाना-जानी हामी अज्ञानको अंधकारमा, अविद्यामा, मोह जालमा फस्छौं । अनि शरीरलाई कायम राख्न, जीवन वृत्तलाई अघि बढाउन सैयौं मनकामनाहरू, तृष्णाहरू, वासनाहरू हाम्रो मनमा उत्पन्न हुन्छन् । सुख कामनाहरूको डोरीले तानिएर स्वार्थमा बाँधिएका हामीहरू संसारमा दौडधुप गरी रहन्छौ, यो पनि हाम्रो संसारको स्वभाव हो ।

तर, अनित्यताको कारण, कहिल्यै पनि नरोकिने परिवर्तनको कारण, जे जतिबाट हाम्रा स्वार्थ पूरा हुने हो, सबै विनष्ट भएर जान्छन्, केवल दुःख मात्र हाम्रो हात लाग्छ । दुःखले घचेटिएर सुखको आशाले तानिएर जीवन को गाडी जीवनको अन्त नभएसम्म गुड्दै जान्छ । एउटा मनको कामना पुरा हुन नपाउँदै अरु दशवटा कामनाहरू जन्मी सक्छन, जन्म, जरा, व्याधि, मृत्यु, ईच्छा भएको नपाउनु, इच्छा नभएको पाउनु, भएको इच्छा पूर्ण नहुनु, सबै दुःखनै हुन् जुन हाम्रो देह रहेसम्म भइनै रहन्छन् ।

यसप्रकारको संसारमा हामी अज्ञानी भएर बाँचीरहन्छौं- अज्ञानको अन्धकार लिएर हाम्रो जन्म हुन्छ, बचपन मा सयथरि प्रश्न गर्छौं यो के ? यो कस्तो छ ? यो कसरी भयो ? यो किन भयो ? इत्यादि । यिनीहरू मध्ये कतिको जवाफ समाजमा चलीरहेको अन्धविश्वास र गलत दृष्टिकोणबाट प्रभावित व्यक्तिहरूबाट पाउँछौं, कतिको जवाफ विज्ञानले दिन खोज्छ, जुन आफैंमा अपूर्ण छ । कतिको जवाफ खोज्दा-खोज्दै जीवन बितीसक्छ, पाउन्नौं । हामी आफ्ना इन्द्रियहरूद्वारा हाम्रो चारैतिरका वातावरण वा वितृष्णाको जति ज्ञान पाउँछौ ती सबै सापेक्ष वा एक पक्षीय हुन्छ । यस्तै अर्धसत्यहरू र अज्ञानको अंधकार भित्रै हामी जन्मन्छौं जीवन गुजार्छौं र मर्छौं ।

आश्चर्यको कुरा के छ भने यसप्रकारको रचना भएको यस संसारमा सबै व्यक्तिहरूको अन्तिम चाहना हुन्छ सकल मनोरथ पूर्ण हुनु । के कति भयो भने सकल मनोरथ पूर्ण हुन्छ भनी कसैलाई सोध्यो भने सायद उसले बताउला -"अप्सरा जस्तै पत्नी वा देवता जस्तै पति होस्, सर्वगुण सम्पन्न छोरा-छोरीहरू हुन्, धन द्रव्यको अक्षय भण्डार भरिपूर्ण होस्, भव्य सुविधा युक्त घर



Downloaded from http://www.dhamma.digital

होस्, नोकर चाकरले घेरियुन्, दीर्घकालसम्म सबै निरोगी भएर वाँचुन, र अन्तकाल पछि पनि अक्षय सुख भोग गर्न अनन्त वर्षसम्म वैकुण्ठ वास होस्" इत्यादि । यसप्रकारको मनोरथ कसैको पनि पूर्ण नहुने देखेरै हाम्रा समाजका केही ज्ञान दृष्टियुक्त व्यक्तिहरूले घोषणा गरीदिए- सबै प्रकारका तृष्णाहरूको त्यागले मात्रै असीम शान्ति प्राप्त गर्न सकिन्छ। यसप्रकार सबै प्रकारका तृष्णाहरूको सर्वथा त्याग त विरलैले गर्न सक्छन्, अधिकांश व्यक्तिहरू आफ्ना असीमित अगणित इच्छाहरू मध्ये केही इच्छा पनि पूर्ण हुनु अगावै यो जीवनलीला समाप्त गर्छन, फेरी अर्को शरीर ग्रहण गरी त्यस्तै गतिले जुनी फेर्दै हिंड्छन् ।

फेरी यसप्रकार अज्ञान र स्वार्थहरू बोकेर हिंडेका व्यक्तिहरूकोबीच पनि राम्ररी खान, बाँच्न, हुर्कनको लागि, वा अन्य स्वार्थहरूको पूर्तिको लागि स्वार्थहरूबीच संघर्ष हुन्छ । यो पनि हाम्रो संसारको स्वभाव हो । स्वार्थ संघर्षको अर्थ हो स्वार्थ युद्ध जस्को परिणाम हो मत्स्यन्याय अर्थात् शक्ति पूजा । यस युद्धमा उसैको 'जीत हुन्छ, जस्को बल र बुद्धि छ । "जो होचो उसैको मुखमा घोचो" "जसको शक्ति उसको भक्ति" "दैवो दुर्वल घातक" इत्यादि धेरै उक्तिहरू यसबारे प्रचलित छन् । संघर्षमा पार उत्रन नसक्नेलाई मानव समाजले मात्र होइन प्रकृतिले पनि अयोग्य ठहर गर्छन्, प्रकृतिमा पनि जो सबैभन्दा योग्य छ, उसैले बाँच्न पाउँछ (Survival of the fittest)। निर्धो, दुर्वलको रक्षाकोलागि, समानताको लागि कानूनहरू बन्छन्, तर व्यवहारमा निर्धोलाई सबैले थिचौ-मिचो गर्छन्, दबाउँछन्, र यसो गर्नुलाईनै कतिपय समाजले जायज घोषणा गर्छन् र सवलले चालेको कदमलाई प्रशंसा गर्छन् ।

जंगलको राज्यमा, जुन अहिले पनि प्रकृतिमा चलीरहेको छ, 'जीवो जीवस्य भोजनम्' भन्ने नियमै छ । 'या मारेर खाऊ या आफू मर' । बलिया जनावरहरू निर्धोको शिकार गर्छन, यस्को लागि प्रकृतिले हतियारको रूपमा दाँत, सिङ्ग, नंग्रा बलिया मांसपेशीहरू दिएको हुन्छ । शक्तिको लागि जनावरहरू हूल बाँधेर बस्छन् (जस्तै हुँडारहरू) र शत्रुपक्ष वा शिकार माथि हमला गर्दा उनीहरूमा अद्भूत एकता हुन्छ । संघर्षको क्रममा उनीहरू हमलागर्ने तरिका वा रणनीतिहरू बनाउँछन्, विभिन्न खालका जनावरहरूका आफ्ना-आफ्ना तरिकाहरू हुन्छन् । यसमा मान्छे जातिलाई अरु कुनै जनावरहरूले भेटाउन सकेन जस्को फलस्वरूप आज पृथ्वीमा मान्छे जातिको राज चलीरहेको छ ।



Downloaded from http://www.dhamma.digital

मान्छे जाति पनि जंगली राज्यमै उत्पत्ति भई करौडौं वर्षसम्म जंगली राज्यमै हुर्की आएको जाति हुनाले जंगली राज्यको प्रवृत्ति मान्छेको नशा-नशामा यस्तरी घुसेर बसेको छ कि अनेकौं धर्म शास्त्रहरूले जोड गर्दा पनि त्यसलाई निकाल्न सकेको छैन। मानव सभ्यताको शुरुदेखी अहिलेसम्म पनि त्यही प्रवृत्तिले बहुरूप धारण गरी कहिले छद्म रूपमा भेष बदली त कहिले नग्न खुल्लम खुल्ला रूपमा देखा परिरहेको छ।

शक्ति सम्पन्न शासकहरूले अन्य देशमाथि हमलागरी हारेकालाई दास-दासी बनाउनु, चक्रवर्ती सम्राट हुने सपना देख्नु, समाजमा शक्ति सम्पन्न र विपन्न वर्ग धनी र गरीव वर्ग सृजना हुनु, धन सम्पत्ति युक्तहरूले गरीवहरू माथि थिचो-मिचो गर्नु, जमिन्दार वर्गले किसानहरूमाथि, पूँजिपति वर्गले श्रमिकहरूमाथि, उच्च जाति भनाउनेले तल्लो जातिमाथि प्रभुत्व जमाउनु, पुरुष जातिले नारी जातिको अवहेलना गर्नु, संख्याको आधारमा ठूला मानिएका दलले साना दलहरू माथि प्रभुत्व जमाउनु, इत्यादि सबै त्यही जंगली राज्यका प्रवृत्तिका बहुरूपहरू हुन।

अहिले सम्मपनि मानव समाजमा शक्तिको प्रयोग विसमता सृजना गर्नमानै भएको छ। उन्नत हात हतियारहरू तथा कूटनीतिको आधारमा शक्ति सम्पन्न राष्ट्रहरूले अन्य राष्ट्रहरू माथि वा मानव जाति माथि गरेका अत्याचारहरूको लेखाजोखा सम्भव छैन।

जंगली राज्यको प्रवृत्तिको विरोध गर्दै, मानव् मात्रमा समानता कायम गर्न, समताको आधारमा सामाजिक रीतिरिवाज चलाउन बेलाबखत हाम्रो समाजमा धर्महरू निस्के। अरुलाई आफू जस्तै ठानेर व्यवहार गर, शक्ति र चतुऱ्याईको आडमा हिंसा, चोरी, व्यभिचार, लूटपाट आदि नगर, दान गर, सहन शील बन, सर्वशक्तिसम्पन्न ईश्वरको आराधना गर, ईश्वरको दृष्टिमा सबै बराबर छन्, सबै ईश्वरकै सन्तान हुन्, भेद्भाव नगर, आदि आवाज धर्महरूले निकाले। कुनै-कुनै धर्मले सांसारिक दुःख दर्द अन्याय अत्याचार आदिलाई पूर्वजन्मको फल वा मायाजाल समान भ्रम ठानेर एकमात्र सत्य ईश्वरलाई तनमन धनले भज्ने बाटो पनि सिकाए। एकाध जना धार्मिक व्यक्ति पनि निस्के, तर अधिकांश मानिसहरूले धर्मका कुरा सुन्नै मन पराएनन् र मन पराइ रहेका पनि छैनन्। किनकि हाम्रो समाजमा जंगली राज्यको



Downloaded from http://www.dhamma.digital

प्रवृत्तिको रूपमा चलीआएको स्वार्थीबन्ने, छल, कल र बल प्रयोगगरी अरुमाथि प्रभुत्व जमाई स्वार्थ सिद्ध गर्ने, अरु माथि रजाईगर्ने गहिरो संस्कार वा प्रवृत्ति यथावत चलीआएकोछ । समतामूलक समाज स्थापना गर्ने कोशिसमा लागिरहेका केही देशहरूमा पनि, सुख पूर्वक सास फेर्न नदिन अन्य तत्वहरू लागिरहेको हामी देखीरहेका छौं ।

यस प्रकारको स्वभाव भएको हाम्रो संसारमा शान्ति स्थापना गर्ने काममा, मानव र मानवबीच समानता स्थापना गर्ने काममा, बुद्धधर्मले महत्वपूर्ण भूमिका खेल्न सक्छ । अनित्य, दुःखपूर्ण र अनात्ममय संसारलाई सम्झी, शील पालन गरी, समाधिद्वारा प्रज्ञा दृष्टि जगाई, व्यक्तिगत जीवनमा शान्ति प्राप्त गर्नुका साथै, समाजमा बहुजनको हित र सुखको लागि विचरण गर्ने प्रेरणा बुद्ध धर्मले हामीहरूलाई दिइरहेको छ ।

समतामूलक संघको स्थापना गरी मानव समाजको आदर्श नमूना भगवान् बुद्धले हामीलाई दिनु भएको छ । व्यक्तिहरूलाई स्वार्थ बन्ने स्वतन्त्रता र अधिकार यस धर्ममा छैन । सत्य र शान्तिनै यस धर्मका मूल आधारहरू हुन् भने, शील, समाधि र प्रज्ञा यसका मार्ग हुन्, जसद्वारा समाजलाई जंगली राज्यका प्रवृत्तिको अवशेषहरूबाट बचाउनसकिन्छ । आउँदो पुस्तामा बुद्ध धर्मको शिक्षाको प्रकाशलाई फैलाएर समाजमा र व्यक्तिगत जीवनमा पनि समता र शान्ति स्थापना गर्ने पुनीत कार्य सफलपार्ने संकल्प हामी सबैले आजै देखि गरौं, अस्तु ॥

**आनन्द भूमि, ३१/१**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शान्तिको लागि धर्मको उपयोग

वैज्ञानिकहरू भन्छन्- पृथ्वीको उत्पत्ति सूर्य लगायत अन्य ग्रहहरूसँगै करीव पाँच अरव वर्ष अघि भएको थियो। त्यसको करीव एक अरव वर्ष पछि पृथ्वीको महासागरहरूमा, त्यस बेलाको वायुमण्डल, पृथ्वी र पानीको संयोगबाट, एक कोषीय जीवहरूको रूपमा पहिलो जीव देखा पऱ्यो। यही जीव विकास हुँदै करीव अढाई अरव वर्षपछि मेरूदण्ड घाटी जगवरहरू र फलफूल फल्ने बोटविरुवाको रूपमा विकसित हुन पुगे। करीव अढाई करोड वर्ष अघि तिनै मेरुदण्ड धारी प्राणीहरू विकास हुँदै वानरहरूको स्तरसम्म पुगे, तथा करीव अठार लाख वर्ष अघि मान्छे भनी चिनिने जनावरहरूको उत्पत्ति भयो।

भनिन्छ, करीव साढे सत्र लाख वर्षसम्म मान्छे जाति अन्य जनावरहरू सरह जंगलकै अवस्था र वातावरणमा विकसित हुँदै गए। विशेष गरी पिछडिएका दुइखुट्टाको मात्रै भरमा चल्ने र दुइ हातहरू स्वतन्त्र भए पछि यी दुइ हातहरू चलाएर विभिन्न कामहरू गर्नसक्ने भएर आए, र विभिन्न कामहरूको लागि मस्तिष्कको उपयोग गर्दै जानुबाट मस्तिष्कको पनि विकास हुँदै गएर वुद्धि र बल दुबै प्रयोग गरी अन्य जनावरहरूलाई पृथ्वीमा आफ्नो जीवन कायम गर्ने दौडमा उछिनेर अगाडि बढ्न सफल भए, र करीव ५०,००० वर्ष अघि देखि नदी किनारहरूनिर खेती पनि गरी जनावरहरू पाली जीवन गुजारी पहिलो सभ्यता बसाल्ने भएर आए।

करीव साढे सत्र लाख वर्षसम्म जंगलको वातावरणमा अन्य पशुहरू भन्दा अभिन्न भएर जंगलमा जीवन गुजारेर बसेका मान्छे जातिमा पाशविक प्रवृत्तिहरू अन्य जनावरहरू सरह शरीरको कोष-कोषमा नसा-नसामा अत्यन्त गहिरो संस्कार र प्रवृत्तिहरू बन्नेगरी बसेको छ। अरु जनावरको बाँच्ने शैली भन्दा आफ्नो बुद्धि, बल र वर्कतको कारण फरक देखिए पनि, करीव ६००० वर्ष जति अघि केही ऋषिमुनि द्रष्टाहरूले मान्छे जातिको पाशविक प्रवृत्ति र संस्कारमा सुधार ल्याउने हेतुले धर्म र नैतिकताको प्रचार गरेको बेलासम्म पनि मान्छे जाति पूर्ण जंगली वर्वर अवस्थामै थिए।



Downloaded from http://www.dhamma.digital

त्यसबेलाका पाशविक प्रवृत्तिहरू यस प्रकार थिए- जीवो जीवस्य भोजनम् भने जस्तै भोजनको लागि अन्य जनावरहरू र आफ्नै जातिको पनि प्रयोग गर्नु, जंगली कन्दमूल फलफूलको उपयोग गर्नु, आइलाग्ने माथि जाइलाग्नु, निर्धोलाई थिचो मिचो गर्नु दबाउनु र जीवनको दौडबाट हटाउनु शक्तिको लागि हुल बाँधेर, सुरक्षित ठाउँमा (ओडारहरूमा) बस्नु, शक्तिको पूजा-भक्ति गर्नु, बलियोको शरणमा जानु, आफ्नो जिउधनको र जातिको सुरक्षाको लागि अन्य विरोधी जातिलाई सखाप पार्नु, इत्यादि ।

अन्य जनावरहरू भन्दा भिन्न देखिने गरी यस मानव जातिले पहिले रुखको (वल्कल) को लुगा लाउन थाले, पछि रुखका त्यांन्द्रोबाट लुगा बनाई लगाउन जाने, बस्ने ठाउँको पनि सुधार गरे, पहिले ढुंगाका पछि फलामका हतियारहरू बनाउन जाने, ओडारहरूमा चित्रहरू बनाउन जाने, मुखबाट निस्कने आवाजबाट भाषा बनाए, भाषाको बोलीलाई संकेत (अक्षर) मा ढाले, आगोको आविष्कार गरी मासु पोलेर खाने भए, मृतकहरूलाई गाड्ने वा फाल्ने चलन चलाए, इत्यादि अनेकथोक गरी विकास हुँदै गए पनि, हुल बाँधेर राजा रजौटा र देश खडा गरेर बसेपनि, भित्री हृदयदेखि यिनीहरू पशु नै थिए, हुन पनि जुन संस्कार र प्रवृत्तिहरू करीव साढेसत्र लाख वर्षको जंगली पशुहरूको जीवनमा यिनीहरूका नशा-नशामा घुस्न पुगेका थिए, केवल ५०/६० हजार वर्षको रहन-सहनमा फरक भएर मात्रै बदलिने कुरा पनि भएन ।

त्यसैले करीव ५/६ हजार वर्षपूर्व धर्महरूको विकास भएको अवस्थासम्ममा पनि यिनीहरूमा देहायका जस्ता पाशविक प्रवृत्ति र संस्कारहरूले पूर्ववत् कार्य गरिरहेकै थिए । जस्तैः

**(क) बलियोले निर्धोलाई दबाउने थिचोमिचो गर्ने प्रवृत्ति ।**

(राज्यहरू बीच लडाई हुनु, हारेको जातिलाई दास बनाउनु, सामन्तहरू, जग्गाधनीहरूले रैती माथि, मालिकले दास माथि वा नोकर माथि, धनी वर्गले गरीव असहाय माथि, पूँजिवालहरूले श्रमिक माथि विजेताले जितेका देशहरूका मानिसहरू माथि, बलिया पुरूषहरूले असहाय अवला नारीहरूमाथि, माथिल्लो भनिएको जातिले तल्लो भनिएको जाति माथि, दवाव र थिचोमिचो गर्ने प्रवृत्तिहरू)



Downloaded from http://www.dhamma.digital

**(ख)  आफ्नो स्वार्थ पूर्तिको लागि बल प्रयोग गर्ने प्रवृत्ति ।**

(भोजनको लागि जनावरहरूको हत्या, चेलीवेटी बेचबिखन गर्नु, चोरी, डकैति, बलात्कार आदि गर्नु, स्वार्थमा बाधा पर्नेहरूको सफाया गर्नु आदि प्रवृत्ति)

**(ग)  शक्तिको भक्ति गर्ने प्रवृत्ति**

(शक्ति सम्पन्न मानिएका देवी देवताहरू रिझाउन पूजा आजा गर्नु, शरणमा जानु, बलि दिई रिझाउनु, चाकडी चापलुसी गर्नु आदि )

**(घ)  स्वार्थपूर्तिको लागि छलकपट गर्ने प्रवृत्ति ।**

(चोरी गर्नु, असत्य बोल्नु, जालझल छलकपट गरी विपक्षीलाई हराउनु, अरुलाई हानी गरेर पनि आफ्नो स्वार्थ पूरा गर्नु, भाइ-भाइ फूटाएर रजाई गर्नु इत्यादि ।

**(ङ)  हूलबाधेर, दल बनाएर, संख्या र हातहतियारको आधारमा शक्ति जाहेर गर्ने प्रवृत्ति ।**

(संख्या र हतियारको आधारमा छिमेकी देशहरू माथि स्वार्थ पूर्तिको लागि चढाई गर्नु, संख्याको आधारमा राजनीति गर्नु, हूल बाँधेर हमला बोल्नु, ठूला देशले सानो देशलाई, माछोले माछालाई निले जस्तो निल्दै साम्राज्य खडा गर्नु इत्यादि) ।

**(च)  अवांछनीय तत्वहरूलाई छल, बल प्रयोग गरी दबाउने प्रवृत्ति ।**

(दानवको संज्ञा दिएर विधर्मीहरूलाई दबाउनु (देव-दानव युद्ध) आफूभन्दा भिन्न भेष भूषा, जाति, भएकालाई आक्रमण गरी दबाउनु, इत्यादि प्रवृत्ति ।)

यी सबै पाशविक प्रवृत्तिहरूको जड्मा अहंकार 'म' र 'मैहुँ' भन्ने भावना रहेको हुन्छ, जुन भावनाले सबै प्राणीलाई यस पृथ्वीमा आँखा खोलेर आफ्नो अस्तित्व महसूस गरी आफूलाई वातावरणबाट र अन्य प्राणीहरूबाट अलग हुँ भन्ने भानहुने वित्तिकै, छोपेको हुन्छ, जुन भावनालाई अचेल धर्मको भाषामा मोह अज्ञान वा अविद्या पनि भनिन्छ । प्राणी मात्रमा यस मोहले अहंकार जगाउँछ जसबाट अन्य पाशविक प्रवृत्तिहरू फुटेर निस्कन्छन् । यिनै प्रवृत्तिहरूले संसारमा जीवन वृत्तलाई घुमाइ रहेको हुन्छ । करीव ६००० वर्ष अगाडि देखि मान्छे जातिमा विभिन्न विचारकहरू निस्के, र यस जातिमा भैरहेको विसमता, लडाई झगडा अशान्ति, कोलाहल, स्वार्थको आगो, चोरी



Downloaded from http://www.dhamma.digital

डकैती आदिलाई दृष्टिगत गरी, विभिन्न खाले धर्महरू निकाले र पाशविक प्रवृत्तिहरूको विरोधमा वकालत गरे तर यी विभिन्न धर्महरूको बावजूद आजसम्म पनि, वाह्र वर्षसम्म ढुंग्रो भित्र राखेको कुकुरको पुच्छर नसोझिए जस्तै संसारको स्वभाव अथवा अधिकांश मात्रामा मान्छे जातिको प्रवृत्ति टेढाको टेढै छ, एकाध जनाको भला बदलिए होलान् ।

केही धर्महरू यस्ता पनि निस्के, जसले मानीसहरूलाई यथास्थितिवादी बनाउन प्रयत्न गरे, जे जसो भैरहेको छ ठिकै छ, सबै प्रकृतिको नियम अनुसार वा दैवेच्छानुसारनै भैरहेको छ, सबैले आ-आफ्नो कर्मको फलनै भोगीरहेका छन् अतः यो संसारको दुःखबाट बच्ने हो भने माया मोह त्यागी देऊ, परत्र सुधार्ने उपायमा लाग भन्ने सुझावहरू दिए । कुनै धर्मले त संसारलाई भ्रमनै भनीदिए । केही भौतिकवादी धर्महरूले मानव समाजको विसमता (उच्च निचको भावना, धनी गरीव, शक्तिवान-शक्तिहीन, आदि) हटाउन हातहतियार र अधिनायकवादका आधारमा समतामूलक समाज स्थापना गर्ने प्रयोगहरू पनि गरे । यी समतावादीहरूले संसारबाट विमुख गराउने खालका धर्महरूलाई 'अफीम' को संज्ञा पनि दिए, तर पनि, भरपर्दो, मानव हृदयलाई टेवा दिने, समता मूलक धर्मको अभावमा, केवल हातहतियारको आडमा करैले भने जस्तै समता कायम गरीरहेको समाजमा पनि उही पुरानो पाशविक प्रवृत्तिहरूले टाउको उठाउन शुरू गरिरहेका छन् । यता दलगत राजनीति गर्नेहरूले मानवता र स्वतंत्रताको नाममा, संख्याको आधारमा शक्ति हात लागेपछी उही पुरानो पाशविक-प्रवृत्ति र संस्कारमा फसीरहेका छन् ।

करीव ६००० वर्षको धार्मिक अभ्यासको सिलसिलामा यस मान्छे जातिले आफ्नो निधारमा विभिन्न धर्महरूको र धर्महरूबाट पनि फुटेका वाद र सम्प्रदायहरूको छाप लगाएर कति धर्मयुद्धहरू गरे त्यसको गिन्ती नै छैन । इशाई, मुस्लीम, हिन्दू, सिख, जैन, बौद्धहरू मध्ये पनि अनेक वादहरूको बीच अपूरणीय देखीने खाडलहरू बन्न गएका छन् । त्यस्तै भाषा, वर्ण, जाति, संस्कृति, आदि भेदहरूबाट उत्पन्न विसमताको कारण, यस संसारमा कति अशान्ति मच्चिए, त्यसको केही लेखाजोखानै छैन । विडम्बनाको कुरा छ, जुन धर्म, जाति, भेषभूषा, संस्कृति आदिबाट मान्छेबीच एकता ल्याई सुदृढ



Downloaded from http://www.dhamma.digital

समाज बनाउने सपना समाज सुधारकहरूले बोकेका थिए, त्यसैलाई हतियार बनाई पाशविक प्रवृत्तिको नाँगो नाच यस मान्छे जाति नाँच्दै छन् ।

यस हालतमा हामी विभिन्न धर्मावलम्बी भनाएर बसेकाहरूबीच ठूलो प्रश्न चिन्ह खडा भएको छ- हामीले गर्ने के ? समाजमा पाशविक प्रवृत्तिहरूको कारण हत्या हिंसाको नांगो नाचलाई टुलू-टुलू हेरी गुफामा ध्यान गरेर बसी रहने र आत्म शान्तिको बाटो मात्र खोज्ने ? अथवा यथास्थितिवादलाई सकारी संसार यस्तै हो भनी, सांसारिक दुःखबाट विरक्तिएर संसारभन्दा परको स्वर्गलोकको सपनामा मान्छेहरूलाई वा आफूलाई पनि भुलाउने ? अथवा पाशविक प्रवृत्तिको विरोध गरी समता मूलक समाजको स्थापनाको लागि शान्तिमय संघर्ष गर्ने ? अथवा विभिन्न वाद-विवादकै हिलोमा मुछिएर जिन्दगी बिताई रहने ?

सही मार्गको पहिचान र निर्देशन आज हामी सबै धर्मावलम्बीहरूको लागि तड्कारो आवश्यकताको रूपमा देखा परीरहेको छ । यस बारे हामीले समयमै सचेत भई शान्तिको लागि धर्मको उपयोग गर्ने बाटो पहिल्याउन सकेनौं भने, काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्ने उखान जस्तै, हामी धर्मावलम्बीहरूले पनि ६००० वर्षसम्मको धर्मको क्षेत्रमा गरिएका प्रयोगहरूलाई विफल ठानी कुम्लो बोकी बिदा भएर जानुपर्ने नौवत आउने छ, यसमा कुनै संदेह छैन ।

तर धर्मद्वारा समाजमा शान्ति स्थापना गर्ने ऐतिहासिक कार्य अवश्य पनि सजिलो छैन, कठिन भन्दा कठिन पनि हुन सक्छ । कुनै पनि शुभ कार्य सजिलो अवश्य पनि हुँदैन । यदि हामीले अथक प्रयत्न गरेर भए पनि, मानव धर्मको आधारमा मान्छे जातिलाई मानवमा परिणत गरी पाशविक प्रवृत्ति विहीन समाजको नमूना पेश गर्न सक्यौं भने, मानव-मानवबीच भेदभाव नराख्ने समतामूलक धार्मिक प्रवृत्तिमा आधारित मानव समाजको स्थापना गर्न सक्यौं भने त्यो धर्मको लागि महान् ऐतिहासिक विजय हुनेछ । यसप्रकारको शुभ कार्यमा हामी लाग्न सकौं र सफल होऔं ।

**संघाराम, २५४७**



Downloaded from http://www.dhamma.digital

# उत्थानको लागि बुद्धधर्म

बुद्धधर्म बहुजनको हितको लागि बहुजनको सुखको लागि समर्पित धर्म हो । भगवान् बुद्धको अह्वान छ "चरथ भिक्खवे चारिकं, बहुजनहिताय बहुजनसुखाय, लोकानुकम्पाय, अत्थाय हिताय सुखाय देवमनुस्सानं," अर्थात् भिक्षुहरू हो ! लोकमाथि अनुकम्पागरी देव मनुष्यहरूको अर्थ, हित र सुखको लागि, बहुजनको हित र सुखकोलागि चारैतिर विचरण गर । यो आह्वान भिक्षुहरूलाई मात्र नभै समस्त बौद्धहरूलाईनै हो, अझ समस्त प्राणीहरूलाईनै हो । त्यसकारण जहाँ दुःख छ, अशान्ति छ, त्यहाँ बौद्धहरूको दायित्व छ, कर्तव्य छ । अशान्तिलाई हटाई सुख र शान्ति ल्याउन भरमग्दूर प्रयत्न गर्नु समस्त मानव मात्रको कर्तव्य हो ।

विडम्बना के छ भने, आज हाम्रो देशमा हाम्रो समाजमा एकातिर राजनैतिक दलहरू आदर्श समाज स्थापनाको नारा दिई रहेका छन्, अर्कातिर धर्महरू मनुष्यमात्रलाई स्वर्ग र मुक्तिको प्रलोभन दिदैछन्, तर यथार्थमा हाम्रा समाजका अधिकांश जनता झन्-झन् दुःख र अशान्तिको ज्वालामा भस्म हुँदैछन्, धर्मकर्म गर्ने त कुरै छोडौं दिनको एक छाक खाई बाँच्नलाई पनि धौ धौ परीरहेको छ, असुरक्षा, रोग, भोक, अशिक्षाको अन्धकारमा पिल्सिदै छन्, शोषण, विसमता र दमनको भुमरीमा परीरहेका छन् ।

बुद्धधर्म हेतुवादमा आधारित धर्म हो । आयुष्मान् अश्वजितले सारीपुत्रलाई भगवान् बुद्धको वाद बारे छोटकरीमा परिचय दिदै भनेका थिए : "ये धम्मा हेतुप्पभवा, हेतु तेसां तथागतो आह, तेसं च यो निरोधो एवंवादी महासमनो" अर्थात् हेतु (कारण) बाट उत्पन्न जति पनि धर्म (दुःख, अशान्ति आदि) छन् तिनीहरूको हेतु (समुदय) तथागत भन्नुहुन्छ, तिनीहरूको जो निरोध (रोकथाम) हो, त्यो पनि भन्नुहुन्छ- महाश्रमण (तथागत) यस्तो वादी हुनुहुन्छ ।

समाजमा दुःख अशान्ति छ त कुनै अलौकिक शक्तिको थापना गरेर त्यस्को अगाडि हात जोडी शरण जाँदैमा दुःख अशान्ति हराएर जाँदैन, दुःख र अशान्तिको मूलकारण जरासम्म पुगेर कहाँबाट कसरी दुःख र अशान्ति उत्पन्न



Downloaded from http://www.dhamma.digital

भइरहेछ भन्ने थाहापाई के गरेमा दुःख र अशान्ति उत्पन्न हुन छोड्छ भन्ने कुरोको पत्ता लगाई त्यस्को उपाय पनि गरेमा मात्र दुःख र अशान्ति हटेर जान्छ। भगवान् बुद्धका अनुयायी हामीहरूले यी कुराहरू सिकेर व्यवहारमा उतार्नु परेको छ।

मोटामोटी तवरले भन्न सकिन्छ कि प्रायः सबै जसो दुःख र अशान्तिको मूल जरा समाजमा कतै विकृति स्वरूप उत्पन्न अनियन्त्रित र अस्वाभाविक तृष्णा वा सुखको चाहनामा गाडिएको हुन्छ। सामाजिक रोगको रूपमा यत्रतत्र उब्जीरहेका तमो गुण प्रधान अशिक्षा र अन्धविश्वास, शक्तिमद र विसमता, अर्थ र काम पिपासा, वर्ण वा जातीय उचनीचको भावना, मादक पदार्थको कुलत, अपार धनराशी र सुविधायुक्त जीवनको चाहना, इत्यादिको आडमा अनियन्त्रित अस्वाभाविक तृष्णाले जरो गाडी रहेको पाउन सकिन्छ। जुनप्रकारबाट जहाँ-जहाँ जसरी यी विभिन्न तृष्णाहरू समुदय भइरहेका छन्, त्यस प्रकारबाट त्यहाँ-त्यहाँ त्यसरीनै यिनीहरूलाई निर्मूल गर्नेबारे सविस्तार अध्ययन गरी हामी बौद्धहरूले तदनुसार तृष्णाको जरालाई उखेली फ्याँक्न आवश्यक उपायहरू पत्तालगाई पाइला चाल्नु, समाजमा सुधार ल्याउने ठेक्का लिई बसेकाहरूलाई बोध गराई, बाटो देखाई, सकृय गराउनु हाम्रो दायित्व हो भने हामी आफैले पनि आफ्नो सामर्थ्य अनुसार कहाँ के गरेमा सामाजिक दुःखको आगोको ज्वालालाई मत्थर गर्न सकिन्छ, सो अनुसार गर्नु परेको छ। सामाजिक दुःख र अशान्तिलाई बेवास्तागरी आँखा चिम्ली हात बाँधिबस्नु हामीलाई बौद्धहुनुको नाताले अशोभनीय छ।

बुद्धकालीन समाज र हाम्रो आजको समाजबीच धेरै अन्तर आइसकेको छ। त्यसबेला जनसंख्या अत्यन्त कम थियो, यसकारण जग्गा जमीन प्रशस्त थिए, खान लाउन केही कष्ट थिएन, धनी र गरीवबीच त्यति भेद थिएन। भगवान् बुद्धले दुःख सत्यमा देशना गर्नु भएका आठ प्रकारका दुःखहरू (जन्म, जरा, व्याधि, मृत्यु, प्रिय-वियोग, अप्रिय-संयोग, इच्छाको आपूर्ति र संक्षेपमा पाँच उपादान स्कन्धहरू) त्यतिबेला दुःखका मूल स्वरूपहरू थिए, जुन् आज पनि सबैको लागि सत्यछन्। तर दुःखको ज्वालालाई अति तीब्र गरी फुक्ने आजका कारणहरू त्यतिबेला थिएनन्। अनियन्त्रित जनसंख्या बृद्धिबाट



Downloaded from http://www.dhamma.digital

उत्पन्न बसोबास खानपानको समस्या र संघर्षहरू, सामन्तवाद र पूँजिवादबाट उत्पन्न विकृतिहरू, जातिवाद, वर्णभेद, लिंगभेदबाट उत्पन्न विसमताहरू, अनेक धर्महरूबीच असहिष्णुता आदिबाट उत्पन्न सामाजिक रोगहरू त्यतिवेला अतिकम मात्रामा थिए होलान् । त्यतिबेला राज्यहरू पनि स-सानै थिए; भगवान् बुद्धले आफ्ना देशनाहरूको क्रममा प्रशंसा गर्नुभएको वैशाली गणतन्त्रमा देशका सबै प्रतिनिधिहरू एकत्रित भई, देशका समस्याहरू छलफल गरी मतैक्यताको आधारमा निर्णयहरू लिई राज्य संचालन गरिन्थ्यो, सत्ताको लागि होडबाजी र सत्ताको दुरुपयोग हुँदैनथ्यो, घम्साघम्सी तथा द्वन्द्वको स्थिति कहिल्यै आउँदैनथ्यो । भगवान् बुद्ध आफैले नदीको पानीलाई लिएर शाक्य र कोलियबीच हुन लागेको झगडालाई साम्य गरीदिनु भएको थियो ।

भगवान् बुद्धको पालादेखि आजसम्मको बीच समाजमा धेरै परिवर्तन आइसकेको छ, तरह तरहका राजनैतिक प्रयोगहरू भैराखेका छन्, विज्ञान र प्रविधिको विकासले सामाजिक रूपरेखा र सुविधाहरूमा परिवर्तन ल्याई सकेको छ, सामाजिक समस्याहरू सुल्झाउन तरह तरहका तरिकाहरू निकालिएका छन् । भारतमा स्वतंत्रताको संग्राम जित्न सत्य र अहिंसाको प्रयोग भएको छ भने रूस चीन तथा अन्य केही देशमा सामाजिक सुधार ल्याउन कार्लमार्क्सको सिद्धान्त अनुरूप साम्यवादको प्रयोग गरिएको छ । साथै मानवता र स्वतंत्रताको नाममा ठूला राष्ट्रको स्वार्थ र अहंको परिपूर्तिको लागि साना राष्ट्रहरू माथि युद्धहरू थोपारिएको पनि हामीहरूले देखिरहेका छौं । आतंकवादलाई दबाउने क्रममा थप आतंकवाद सृजना भइरहेको छ । भगवान् बुद्धको अमर वाणी- “वैरले कहिल्यै वैर शान्त हुँदैन, यहाँ अवैरले वैर शान्त हुन्छ यो उहिलेदेखि नै चलिआएको धर्म हो”- भन्ने सत्य संदेश आजको विश्वमा कतै गएर अल्झीरहेको जस्तो हामीलाई लागिरहेको छ, किनकि व्यवहारमा वैरलाई दबाउन जोडदार शक्तिको प्रयोग भइरहेको धेरै उदाहरणहरू हामी देखीरहेकाछौं ।

यस्तो स्थितिमा, समाजमा दुख र अशान्तिको मूल पहिचान गरी द्वन्द्व र रक्तपातको बाटोलाई त्यागी, दुःखी र आर्तहरूको घाउमा मलहमपट्टी लगाई निको पार्न जे जति गर्न सक्छौं गर्नु पर्ने हामी बौद्धहरूको कर्तव्य हुन



Downloaded from http://www.dhamma.digital

आएको छ । हाम्रो समाजको कल्याणको लागि रक्तपातपूर्ण संघर्षको बाटो पनि होइन, अन्यायलाई सहेर टुलू टुलू हेरी रहने अन्यमनस्कताको बाटोपनि होइन, अन्याय अत्याचार दुराचारादि सामाजिक रोगहरूलाई सशक्त प्रतिकार गर्न, बीचको शातिपूर्ण संघर्षको बाटो अपनाई, संचेतना जगाई, जागृति ल्याई, समाजमा भलो गर्न चाहनेहरूलाई बाटो देखाई, स्वयं आफै पनि आफ्नो क्षमताले भ्याएसम्म कामकर्तव्यहरू गर्न कटिबद्धहुनु परेको छ । असामाजिक तत्वहरूको विरोधमा, शान्तिको आवाज उठाउनु, मद्यपान, धूम्रपान, मादकपदार्थ सेवन, भ्रष्टाचार, दुराचार, वेश्यावृत्ति, यौनशोषण, नारी दमन, शक्तिको दुरुपयोग आदि सामाजिक रोगहरूको विरोधमा सत्यकुरा खुलाई, सचेतता जगाई, कार्यक्रमहरू बनाई अघि बढ्नु आज सबैको विशेषगरी हामी बौद्ध महिला तथा पुरूष सबैको, विशेष जिम्मेवारी हुन आएको छ ।

यस प्रसंगमा भिक्षु कुमार काश्यप महास्थविरले लेख्नु भएको पूगताभूमि जेतवन विहारको स्मारिका (२०५९) मा प्रकाशित लेख- "आजको समयमा बुद्धोपदेशको सार्थकता" पनि मनन योग्य छ, जसमा वहाँले प्रष्ट शब्दमा नेपाली जनताको सर्वोत्तम सुख समृद्धिको लागि शान्ति ल्याउने, नेपाली जनताको गरीवी घटाउने र निर्मुल पार्ने, सबैको स्वास्थ्य राम्रो बनाउने, सबैलाई काम धन्दाको व्यवस्थागर्ने, सबैको जीवनस्तर माथि उकास्ने आदि कामहरूको लागि सबैले एकठाउँमा छलफल गर्ने, कसको विचार उत्तम छ, त्यसलाई स्वीकार्ने, आदर गर्ने, मनन गर्ने, प्रकृया निर्धारण गर्ने काम गर्ने जनशक्ति तयार गर्ने, व्यवस्थापन गर्ने, एकले अर्कोलाई सम्मान गर्ने आदि विचार अघि सार्नु भएको छ ।

हाम्रो समाजका एकथरी विचारकहरूमा एउटा यस्तो प्रवृत्तिले जरागाडेको पाइन्छ, जसद्वारा उनीहरू हाम्रो वास्तविक संसारलाई दुःखमय कर्म बन्धन, मायाजाल, ८४ लाख जुनीको फेरा, बारम्बार जन्म लिएर दुःख भोग्ने थलो सम्झी अथवा संसारलाई र सांसारिक दौडधूपलाई आफ्नो भाग्यको लेखा सम्झी, अभ्यास वा साधनाद्वारा सांसारिक विषय वस्तुबाट आसक्ति हटाई, एउटा संसार भन्दा परको तत्वमा लीन हुनुनै जीवनको ध्येय ठान्दछ र सांसारिक दुःख अशान्तिबाट अन्यमनस्क रहन प्रेरित गर्दछ यस प्रकारको प्रवृत्तिबाट हामीहरू सर्तक हुनुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धको जीवनीलाई हेर्ने हो भने, हामीले उनमा एक महान क्रान्तिकारी कर्मवीरता पाउँछौ जसले जीवनभर सामाजिक कुरीति, अन्याय विरुद्ध संघर्ष गरे, र जसले बोधिसत्व भइरहँदाखेरी पारमिताहरू पूर्ण गरी शान्ति र न्याय स्थापनाको लागि उत्सर्ग गरीरहे। वहाँको आदर्श जीवनबाट प्रेरणा लिएर पनि हामी सबै बौद्धले, बोधिसत्वको आदर्शलाई हृदयंगम गरी आफ्नो व्यक्तिगत शान्तिको लागिमात्र नभै समाजमा दन्कीरहेको दुःख र अशान्ति हटाउन सक्दो सहयोग पुऱ्याई बहुजनहिताय बहुजनसुखाय काम गर्नुनै हामीले आफ्नो कर्तव्य पालना गरेको हुनेछ।

**सबैको मंगल होस् ! सबैले शान्ति पाउन्।**

**'धर्मचक्र' २५४७ औं बुद्ध पूर्णिमा**

❤ ❤ ❤



❖ जन्मले मात्रै चण्डाल हुँदैन, न जन्मले कोही ब्राह्मणनै हुन्छ। कर्मलेनै मानिस चण्डाल हुन्छ, कर्मलेनै ब्राह्मण।

***वसल सूत्र***

❖ कसैले भनेको भन्दैमा, कहीं लेखेको भन्दैमा कुनै कुरा स्वीकार नगर्नु। आफ्नै विवेकले जाँचिलिए पछि मात्रै स्वीकार गर्नु।

***केशपुत्तिय सूत्र***

*(धम्मपद)*



Downloaded from http://www.dhamma.digital

# घटना, सत्य र यथार्थता

## घटना र सत्य

विश्व अनित्य छ, परिवर्तनशील छ । यहाँ कुनै पनि एकक्षणको लागि पनि उही रहँदैन । अणु परमाणुहरूदेखि लिएर, हाम्रा चारैतिरका वस्तुहरू तथा हाम्रो चित्त र शरीर पनि पलभरको लागि पनि उही रहँदैन । भगवान् बुद्धले हाम्रो शरीर र मनलाई दीपशिखा (बलिरहेको बत्तीको ज्वाला) को उपमा दिनुहुन्छ । शरीर र मन कहलाइने स्नायुपुञ्ज र मस्तिष्कका प्रत्येक अणु, प्रत्येक कोष (cell) प्रतिपल बदलिरहन्छन् । कति पुराना कोषहरू मरिरहन्छन् र नयाँ बनिरहन्छन्, कति नष्ट भएर गएका कोष फेरि बन्दैनन् ।

अर्को शब्दमा भनूँ भने विश्वमा सबै गतिशील छन् । चलायमान् छन्, चलिरहन्छन् । वैज्ञानिक भन्छन्- विश्वमा केवल दुइ चीज छ - पदार्थ र शक्ति- जो साँचो अर्थमा छ भन्न सक्छौं अर्थात् जस्को अस्तित्व छ । वास्तवमा पदार्थ र शक्ति पनि एक आपसमा बदलिरहन्छन् अर्थात् पदार्थ र शक्ति अन्तर परिवर्तनीय छन् । यही चलायमान् पदार्थ अर्थात् शक्तिद्वारा सञ्चालित अनित्य पदार्थ अथवा अर्को अर्थमा प्रतिपल बदली पुरानाबाट नयाँ स्थितिमा आइरहने पदार्थ/शक्तिनै विश्वको मूल आधारमा रहेको छ ।

यसैकारण विश्व परिवर्तनशील छ, अनित्य छ र घटनाहरूले परिपूर्ण छ, घटनामय छ । यहाँ नित्य कहिं पनि केही न केही भइनैरहन्छन् अर्थात घटनाहरू घटिरहन्छन् । यहाँ केही हुनुलाई 'घटना' भन्ने संज्ञा दिइएको छ ।

विश्वमा कहिं पनि घटना घट्छ त यथार्थमा घट्छ । प्रत्येक घटनाभित्र एउटा 'सत्यता' हुन्छ- एउटा वास्तविक स्थिति हुन्छ कि यसप्रकार यो घटना घट्यो, यसकारण यो घटना घट्यो, घटना अघि यस्तो थियो अब यस्तो भयो । हामी थाहा पाऔं या नपाऔं, या हामी आफ्नो इन्द्रियको सीमितताको कारण, वा अरुबाट भनिने र सुनिने कारण वा कसैले नदेखे नसुने पनि, विश्वमा कहिं पनि कुनै घटना घट्छ भने त्यसमा 'सत्यता' निहित हुन्छ त्यो वास्तविकतामा घटेको हुन्छ, त्यसमा यथार्थता हुन्छ ।



Downloaded from http://www.dhamma.digital

वास्तवमा विश्वका कतिपय घटना हाम्रो जानकारीमानै आउँदैनन् र जति पनि जानकारीमा आउँछन् भ्रमपूर्ण भएर बांगिएर मोडिएर आउँछन्, अनि फेरि कति संसारिक घट्नाहरूलाई आफ्नो स्वार्थवश व्यक्तिहरू बंग्याउँछन्, गलत रूपमा प्रस्तुत गर्छन्, जसमध्ये धेरै जसो हामी पत्याउँछौं पनि, यसकारण हामी भ्रमपूर्ण स्थितिमा अथवा अज्ञानमा वा अविद्यामा रहन्छौं । यथार्थतालाई थाहा नपाउनुलाईनै अविद्या भनिन्छ ।

तर हामी भला भ्रममा रहुन् स्वयं घट्नाभित्र सत्यता अवश्य हुन्छ । भ्रम कसरी सृजित हुन्छ त्यस्को एउटा सरल उदाहरण यहाँ प्रस्तुत गरिन्छ ।

घटनाहरू सकारण घट्छन्, विना कारण होइन र घटनाको कारण कुनै घट्ना घट्नु अगाडिको यथार्थस्थिति वा पूर्व घट्नाहरूनै हुन्छन् । फेरि वैज्ञानिक नियम अनुसार निश्चित कारणको फलस्वरूप निश्चित घट्नानै घट्छ (Like causes produce like effects) जस्तै भनूं हाइड्रोजन र अक्सीजनको संयोग गराई ताप दिएमा- पानी बन्छ, विश्वको कुनै पनि कुनामा यो नियम लागू हुन्छ । यो कार्य-कारणको नियमनै विज्ञानको मूलाधारको रूपमा रहेको छ । तर हाम्रो अज्ञानताको कारण हामीले घट्नाहरूको कारणको रूपमा एउटा कल्पित अदृश्य शक्तिलाई जिम्मेवार सम्झन्छौं । त्यस अदृश्य तत्वलाई जेसुकै नाम दिए पनि, त्यो वास्तवमा हाम्रो अज्ञानताको सृजनानै हुन्छ । घट्नै घट्नाले परिपूर्ण विश्वमा हामी एउटा बाहिरको तत्वलाई ल्याएर घट्नालाई व्याख्या गर्छौं, सायद् वास्तविकता थाहा पाएको भए, सबै घट्नाहरूलाई छर्लंग देखेको बुझेको भए यसो गर्नु आवश्यक हुँदैनथ्यो होला ।

विश्वको सम्पूर्ण घटनाहरूको यथार्थता वा सत्यताको ज्ञान हामीलाई छैन त कसलाई होला ? यो प्रश्ननै गलत छ, किनकि घटना परिपूर्ण यो विश्वमा घटनाहरू बाहेक अनादि देखि अनन्तसम्म न केही थियो न केही हुनसक्छ तर मानव मस्तिष्क अत्यन्त सृजनशील छ उसले एउटा यस्तो तत्वको परिकल्पना गर्छ एउटा सत्य-तत्व- जो घट्ना भित्रका समस्त सत्यताका ज्ञाता छन् जस्लाई अनादिकालदेखि अनन्तसम्मका सत्यताहरूको जानकारी छ जो त्रिकालज्ञ छन् र यस्कारण सर्वव्यापी छ, जो सर्वज्ञ र सर्वव्यापी भएर विश्वका सम्पूर्ण परिवर्तनका



Downloaded from http://www.dhamma.digital

सञ्चालक भएर सर्वशक्तिमान् पनि छन्। यस्तो 'सत्यतत्व' को परिकल्पना मानव मस्तिष्कले गरिआएको छ।

मानव स्वयं परिवर्तनको, अनित्यताको, शिकार बनेको छ। जन्म-जरा-व्याधि-मृत्युको चक्करमा, अनित्य संसारमा आफ्नो अनित्य चोलालाई दिगो राख्ने आशा र सुखको तृष्णा वा चाहना लिएर प्रतिपल अनित्यताको आगोमा दुःखले तड्पीरहेको छ। जुन् संसारमा अन्तोतगत्वा केही रहँदैन सबथोक बदलिइ रहन्छ, जुन संसारमा आफ्नो शरीर र मन लगायत सबै थोक निस्सार छ, त्यहाँ सुख पाउनु पनि कसरी ? अनि फेरि फेरि यस भवचक्र (जन्म-जरा-व्याधि-मरणयुक्त दुःखमय संसार) बाट छुटकारा पाउनु कसरी ? यस समस्यालाई समाधान गर्न संसारका मनीषी विचारकहरूले केही मार्गहरू निकालेका छन्।

आदिकालदेखि अनन्तसम्म परस्पर अन्तर सम्बन्धित भई चलिरहने घटनाक्रमहरूको लहर जस्को मूलाधार चलायमान शक्ति र पदार्थ मात्र छन्, यस अनित्य वस्तुहरूभित्र संसारको दुःखाग्निबाट बच्न त्राण लिने केही सार युक्त कुरा भेट्टिनु असंभव भएकोले र यस बाहिर पनि यथार्थ दिगो रहने केही नभएकोले अनित्य पदार्थ-शक्ति परिवर्तनको लहरहरूको निस्सारतालाई यथार्थतः बुझेर शरीर, मस्तिष्क वा बाहिरका कुनै पनि पदार्थमा ममता वा 'मेरो पना' नराखी, सम्पूर्ण कुराहरूमा सम्पूर्ण अनित्यतामा आसक्तिरहित वा विरक्त बनेर चित्तको सबै क्लेशबाट मुक्त भई भवचक्रबाट मुक्त भई केवल लोक कल्याणार्थ कार्यहरू गरेर रहनु, यो यथार्थ बाटो भगवान् बुद्धले पहिल्याई आफैले अनुभव गरी हामीलाई सो बाटोमा लाग्ने आह्वान गर्दै आफैले निरन्तर सोही बाटोमा लागेर नेपालको मात्र होइन, विश्वकै एक विभूति बनेर गए। यो बाटो हाम्रो सामुन्ने छ।

परिवर्तनशील निस्सार अनित्यता भित्रको शून्यतालाई मध्यनजर राखी आफ्नो जीवनलाई सरल राखी भवचक्रबाट मुक्त भई निर्वाण यथार्थतालाई प्राप्त गरी विहरनु यो बुद्धको मार्ग हो।

### सत्यतत्वको विराट् स्वरूपको परिकल्पना

यस निस्सार जगत्बाट त्राण पाउन मानव मस्तिष्कले आफ्नो परिकल्पनाको आधारमा एउटा सर्वज्ञ, सर्वव्यापी सर्वशक्तिमान सत्यतत्वको प्रारूप खडा गरेका छन्, र अनित्य परिवर्तनशील विश्वको दुःखाग्निबाट मोक्ष



Downloaded from http://www.dhamma.digital

पाउन, अनित्य संसारचक्रको परिभ्रमणबाट मुक्ति पाउन असार संसारको अनित्यता वा सारहीनताबाट विरक्त भई केवल त्यस सत्यतत्वको शरणमा जाने- यो अर्को बाटो पनि संसारका मनीषिहरूले निकालेका छन् र कत्तिले आफैले अनुभव गरी यो बाटोमा लागि अखण्ड आनन्दको अनुभूति र विश्राम पाउन आह्वान गरेका छन् । संसारलाई एउटा मिथ्या स्वप्न सरह सम्झी एकमात्र सार 'सत्यतत्व' वा 'विश्वात्मा' लाईनै आफ्नो वास्तविक स्वरूप सम्झी त्यसको शरणमा जानु यो भक्तिमार्गको सार हो । मनलाई विश्वात्मा मा स्थापना गरेर संसारको कामकाजमा लाग्नु- यो कर्मयोगको सार हो र सो 'सत्यतत्व' 'विश्वात्मा' लाई यथार्थमा दर्शन गर्नु ज्ञानयोगको सार हो ।

भगवान् बुद्धको चिन्तन मनन यथार्थपरक, वास्तविकतावादी छ, यसमा संसारको अनित्यता, अनात्मता र दुःखको यथार्थ दर्शन छ । यसमा परिकल्पनाको कुनै गुंजाइश वा मान्यता छैन । शीलसमाधि-प्रज्ञाको साधना गरी निर्वाण साक्षात्कार गर्नु र परिवर्तन-धर्मा विश्वमा शून्यतालाई देख्नु- यो बुद्धको मार्ग हो । भगवान् बुद्धले भक्तिमा होइन सम्यक् दृष्टिमा जोड् लगाउनुहुन्छ, पूजा आजामा भन्दा आफ्नो चित्तलाई क्लेशरहित पार्नमा जोड दिनुहुन्छ । सर्वज्ञ सर्वव्यापी सर्वशक्तिमान तत्वभन्दा परिवर्तनशील विश्वको अनित्यतालाई यथार्थमा बोध गर्नमा जोड दिनुहुन्छ ।

आजभोलिका वैज्ञानिक युगमा वैज्ञानिक अभिवृत्ति र चिन्तनद्वारा युक्त विद्वान्हरूको झुकाव बुद्धधर्ममा हुनुका केही प्रमुख कारणहरू छन्- बुद्धधर्म यथार्थपरक छ, वैज्ञानिक चिन्तनयुक्त छ र यस्मा परिवर्तनशील विश्वभन्दा परको कुनै तत्वको परिकल्पनालाई आधार मान्नु जरूरत छैन । बुद्धधर्म मानवतावादी धर्म हो जस्मा यथार्थता वास्तविकतालाई बुझ्ने जोड दिइएको छ र आफै क्लेशरहित भई लोकको हित र सुखको लागि आजन्म विहरन गर्ने संदेश गुंजिरहेको छ ।

**आनन्द भूमि, २५/६**



Downloaded from http://www.dhamma.digital

# प्रजातन्त्र र धर्मनिरपेक्षता

प्रजातन्त्रलाई प्रजातन्त्रका अग्रदेश संयुक्त राज्य अमेरिकाका भूतपूर्व राष्ट्रपति अब्राहम लिङ्कनले जनताको भलाईको लागि जनता मिलेर गर्ने व्यवस्था भनी परिभाषित गरे । यस प्रकारको व्यवस्थामा राजाको भूमिका राजतन्त्रमा जस्तै नरहने तथ्यलाई हृदयंगम गरी राजालाई पनि संविधानभित्रै राख्ने कुरा चलिरहेको र राजाको शक्तिमा आइरहेको यस प्रकारको परिवर्तनले गर्दा हिन्दू राजाको संरक्षकत्वमा नेपाललाई हिन्दूराज्य घोषणा गरेकोले धार्मिक व्यवस्थामा पनि ठूलो भूचाल आइरहेको छ ।

राणाकालदेखिनै राणाहरू हुनाको नाताले हिन्दू धर्मले आफ्नो प्रभूत्व जमाउने अवसर त पाएकै हो तापनि संविधानमै हिन्दूराज भनी घोषित गरिएको २०१९ मा बनेको संविधानदेखि हो ।

हाल नेपालीको त्याग र तपस्याको फलस्ववरूप आएको प्रजातन्त्रमा प्रजातान्त्रिक संविधान बन्न लागेको र छिमेकी देश हिन्दू धर्मको उद्‌गमस्थान भारतमा पनि धर्मनिरपेक्ष राज्य चलिरहेको कारणले यतिका वर्ष एकछत्र राजगरी आएको हिन्दूराज्य माथि ठूलो वज्रपात हुन आइरहेको छ ।

पुनः एक पटक हिन्दूराज्यको परिपाटीलाई संविधान भित्र घुसाउने कट्टरपंथी दाउपेच चलीरहेकोमा त आश्चर्य छैन, आश्चर्यको कुरो त के छ भने, जुन राज्यको संरक्षकत्वमा यतिका वर्षसम्म धर्मराज्य सुखभोग गरीरहे, आज उनै राजाप्रति कृतज्ञताको एक शब्द पनि प्रचारमा देखिँदैन, उल्टो हिन्दूहरू देशमा ठूलो संख्यामा भएकोले हिन्दूराज्य चाहिएको भनी कारण देखाउँदैछन् ।

बरू संविधानभित्रै भएपनि राजाको महत्वपूर्ण स्थान अझै रहने भएकोले, सोको कारण देखाउनु जायज हुन्थ्यो होला, वहुत्वको आधारमा हिन्दूत्वको छाप देशमा लगाउन खोज्नु देशकाल परिस्थिति अनुसार एक दम हास्यांस्पद हुन गएको छ ।

एक त, वहुत्वको आधारमा धर्मराज्य गर्ने कुरो एक दुइ कट्टरपन्थी राज्य छोडी आज संसारका ९५ प्रतिशत भन्दा बढी देशहरूबाट उठेर



Downloaded from http://www.dhamma.digital

गइसकेको छ, यसकारण संसारका अधिकांश देशहरूले छोडिसकेको मात्र नभै हिन्दूधर्मको मातृदेश भारतवर्षले समेत त्यागिसकेको धर्मराज्यको थोत्रो खोस्टोलाई नेपालले समाइरहनुको कुनै प्रयोजन देखिंदैन ।

दोश्रो कुरा, प्रजातन्त्रको मूल कसौटी बौद्धिक स्वतन्त्रता नै हो । यस स्वतन्त्रता, अन्तर्गत विभिन्न प्रकारका राजनैतिक विचारधाराहरूले देशमा समान रूपमा प्रचार-प्रसार र संगठन गर्ने मौका पाउँछन्, र स्वतन्त्र मानवले पनि प्रचलित धर्महरू मध्ये आफ्नो स्वविवेक, स्वइच्छा र श्रद्धाले दिएको कुनै धर्मलाई ग्रहण गर्न सक्छ, वा कुनैलाई पनि ग्रहण नगर्न सक्छ तथा आफ्नै एउटा स्वतन्त्र धार्मिक दृष्टिकोण निर्माण गरिरहन पनि सक्छ । बहुत्वको आधारमा एउटै धर्मको विशेषाधिकारको कुरा जमानानुसारको प्रजातन्त्र, धार्मिक स्वतन्त्रता वा बौद्धिक स्वतन्त्रता कुनैसँग पनि मेल खाँदैन ।

तेश्रो कुरा, आजभोलि विज्ञान, प्रविधि तथा वैज्ञानिक विचारधाराको नयाँ युगमा धर्म, मानिसको वैयक्तिक श्रद्धाको विषय मात्र रहन गएको छ । यो जमानामा आएर बहुत्वको आधारमा राजनैतिक दलले सरकार गठन गरेजस्तै, धर्मको राज्य स्थापना गरी एउटै धर्मले विशेषाधिकार पाउने दाउपेच गर्नु हाँस्यास्पद त छ नै, धर्मलाई राजनैतिक पार्टीहरूलाई जस्तै मान्यता दिए सरह बहुत्वको आधारमा वा अन्य कुनै आधारमा, राजनीतिकरण गर्दा के हुन्छ भन्ने कुरो इतिहासले बारम्बार हामीलाई देखाइसकेको छ । यस्तै गरेमा अनर्थकारी दंगा फसादहरू हुने गर्दछ, यूरोपमा क्रुसेदहरू, सन् १९४८ को भारतमा भएको हिन्दू-मुस्लीम दंगा आदि यसका ज्वलन्त उदाहरणहरू हुन् ।

धार्मिक अधिनायकवादी देशहरूमा कहिल्यै शान्ति देखिंदैन, अल्पसंख्यक धर्मावलम्बीहरूमा फैलिएको असन्तोषको कारण बराबर विस्फोटहरूभैनै रहन्छन् ।

फेरि कुनैपनि धर्मलाई प्रमुखता दिई धर्मराज्य गरिँदा अरु पनि अनेकन् अनमेलका कुराहरू उठ्न सक्छन् । देशमा प्रचलित धर्म नमानी आफ्नै खालका धर्म मान्ने व्यक्तिलाई के भन्ने ? यस किसिमका राजनैतिक पार्टीलाई प्रश्रय दिने वा नदिने ? सो पार्टी सत्तामा आएमा धर्म राज्यको के हाल हुने ? के मानिसको विचारधारा जुनसुकै भएपनि धर्मको छाप वंशज हुन्छ कि ? हिन्दू-बाबुको कम्यूनिष्ट छोरालाई हिन्दूनै मान्ने ? हिन्दूधर्म मान्ने गोराहरूलाई हिन्दू नभन्ने ? त्यसो भए हिन्दू धर्मको अर्थनै के रह्यो र ?



Downloaded from http://www.dhamma.digital

यी सबै अनर्थहरूबाट बच्ने एउटामात्र उपाय हो बौद्धिक स्वतन्त्रताका साथै धर्मनिरपेक्षता अपनाउने । सबैले आफ्नो श्रद्धा अनुसारको धर्म गर्न पाउन् सबै धर्मलाई समान जानी सबैले धर्मको बाहिरी खोस्टा र आडम्बरलाई भन्दा बढी भित्री मर्मतर्फ ध्यान दिई तदनुसार आचरण गरून्, देशको हितको लागि गरिने राजनैतिक निर्णय तथा कामहरूलाई प्रचलित धर्महरूले कुनै बाधा अडचन नपारुन् यसैमा सबैको कल्याण हुनेछ ।

**आनन्द भूमि, १८/३**

## भगवान् ! तिमीले मार्ग देखायौ

बाँच्न चाहने हामी प्राणीहरू
अनन्त सुखको कामना गर्दै
अनित्यता व्याप्त यस विश्वमा
जन्म जन्मान्तर जंजालमा फँस्दै
महान् दुःखाग्निमा जली रह्यौं ।

अनि एकदिन,
बाटो भुलेका हामीहरूलाई
करुणा भरी हृदयले, अँगाली,
भवचक्रको दुःखबाट उद्धार गर्न
आर्यसत्यको ज्योति जगाई
भगवान् तिमीले मार्ग देखायौ !

धन्य भयौं हामी, हे महाकारुणिक !
शीतल छहारी पाई तिम्रो
ज्योति फैलोस् विश्वभरिनै,
पाउन् सबले शान्ति भगवान् !
तिम्रै यस शीतल छहारीमा !

**आनन्द भूमि, २८/११**



Downloaded from http://www.dhamma.digital

# बौद्धएकता आजको आवश्यकता

बुद्धत्व प्राप्तिपछि सारनाथ मृगदावनमा आफूले ज्ञानप्राप्त गरिसकेपछि लाभ गरौं भनी आशा गरीबसेका पाँचजना भिक्षुहरूलाई भगवान् बुद्धले आफूले प्राप्त गर्नुभएको बोधिज्ञानको सार खोलेर मध्यम प्रतिपदा (सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् जीविका, सम्यक् प्रयत्न, सम्यक् स्मृति र सम्यक् समाधि) को देशना गर्नुभयो । साथै वहाँले चार आर्यसत्य (दुःख, दुःख समुदय, दुःखनिरोध, दुःखनिरोधगामिनी मार्ग) को पनि सम्यक् प्रतिपादन गर्नुभयो ।

दुःखलाई यथार्थतः जान्नु, भोग विलास र शारीरिक सन्ताप यी दुबै अन्तलाई त्यागी मध्यम मार्गमा लागि शील, समाधि र प्रज्ञा प्राप्त गरी दुःखको लेश पनि नभएको निर्वाण प्राप्त गर्ने मूल उपदेश वहाँले दिनुभयो ।

भगवान् बुद्धले आफ्नो सम्यका जनआस्थाका केही विषयहरू जस्तै पुनर्जन्म, जन्ममरणचक्र, नाना थरीका लोकहरू आदिलाई आफ्नो ज्ञानको पृष्ठभूमिमा व्याख्या गर्नुभयो भने त्यसबेलाका केही पण्डितहरूले पण्डित्याई छाँटी माथापच्ची गरिरहेका "संसार कसले बनायो, कसरी बनायो ? जीव के हो ? तथागत परिनिर्वाणपछि के हुन्छ ? लोक शान्त छ कि अनन्त ?" आदि वाद विवादका विषयलाई भने कल्याणकारी शान्त जीवनको लागि अनावश्यक र हानिकारक सम्झी अव्याकृत वा मौन रहेको विषय घोषणा गर्नुभयो, जस्तो कि मालुक्यपुत्रलाई भगवान् सम्झाउनु हुन्छ, "हे मालुक्यपुत्र, यहाँ कसैलाई विषालु तीर लागि छटपटाइरहेको छ, अब त्यो व्यक्तिले यो तीर हान्ने व्यक्ति को हो ? उसको कद वर्ण जाति स्वभाव कस्तो छ ? किन हान्यो ? कहाँ हान्यो ? आदि कुरा थाहा नगरी तीर पनि निकाल्दिन, औषधि पनि गराउन्न भनी बस्यो भने यी कुराहरू थाहा पाउनु अगावै सो व्यक्ति विषालु तीरको प्रभावले मरिसक्छ ।" भनाइको तात्पर्य, यो संसार कसले बनायो किन बनायो ? कसरी बनायो ? त्यसको स्वभाव कस्तो छ ? ........आदि व्यर्थको कुरा जान्नेतिर लाग्नुभन्दा बुद्धिमानी यसैमा हुन्छ कि दुःखलाई शान्त गरी कल्याणकारी जीवन व्यतित गरौं ।



Downloaded from http://www.dhamma.digital

कालान्तरमा समय बदलिंदै गयो। भगवान्‌को मूल उपदेश अनुसार निर्वाण प्राप्त गर्ने बाटोमा लाग्नु भन्दा पनि अरु धर्महरूको दाँजोमा बुद्धधर्मप्रति जनआस्था जगाउन बुद्धधर्मलाई अलंकृत गरी झकिझकाउ पार्ने दिशातर्फ लाग्नुनै बौद्ध विद्वानहरूले श्रेय ठाने। अनेक बौद्धग्रन्थहरू लेखिए। संसारको स्वभावलाई पनि तरह तरहले व्याख्या गरिए। अनेक तंत्र मंत्र, यान र वादहरू जन्मे जसको फलस्वरूप बौद्ध एकतामा ऱ्हास आउन थाल्यो।

आज हाम्रो देशमा पनि बुद्धधर्मलाई विभिन्न तरिकाले मान्दै आएको हामी देख्छौं। यसले गर्दा हामी बौद्ध जनतामा अन्योल र अनमेलको वातावरण छाएको छ। साथै आफ्नै भित्री कारणबाट या बाहिरका अन्य धर्महरूको देखासिखीबाट धेरै विकृतिहरू पनि देखिन थालेका छन्। हाल बुद्धधर्मको क्रमिक विकासलाई राम्रोसँग बुझी अन्योल तथा अनमेलको वातावरण हटाई एकता कायम गर्नु बुद्धधर्मलाई चिरस्थायी गर्नको लागि अत्यावश्यक भैसकेको छ, अन्यथा बौद्धहरू दिनदिनै कमजोर हुँदै जानेछन्। साँच्चै बुद्धधर्मलाई विभिन्न दृष्टिकोणले मान्दै आउनु हाम्रो ऐतिहासिक बाध्यता मात्र हो, वस्तुतः बुद्धधर्म एउटै हो, र हामी बौद्ध सबै एकै हौं भन्ने तथ्यलाई पनि हामी सबैले हृदयंगम गर्नुपरको छ।

**धर्मोदय**, २०४५ भाद्र ❤ ❤ ❤



❖ "निग्रह (दमन) गर्न गाह्रो हलुँगो र गतिमान स्वेच्छाचारी स्वभाव भएको चित्तलाई दमन गर्नु राम्रो छ, राम्ररी गरेको चित्तले सुख दिलाउँछ।"

❖ "अति नै दुर्दर्शनीय अति निपुण र सूक्ष्म जहाँ चाह्यो त्यहीं लाग्ने स्वेच्छाचारी चित्तलाई मेधावी बुद्धिमान व्यक्तिले रक्षा गर्नुपर्दछ, रक्षित (गोपित) चित्तले सुख दिलाउँछ।" (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धको अनात्मवादी दर्शन

शान्तिका अग्रदूत भगवान् बुद्धले सांसारिक प्राणीहरूलाई दुःखबाट मुक्त गर्न शान्तिको बाटो देखाउनु भएको छ । मनमा हरबखत उठिरहने कामना (तृष्णा) का लहरहरूलाई सबै दुःखको मूल हो भनी बुद्धले उपदेश दिनुभएको छ जुन कुरालाई हामी आफ्नो दैनिक जीवनमा प्रत्यक्ष अनुभव गर्न सक्छौं । तर अनुभव गरेर पनि कामनाहरूलाई छोड्न सकिँदैन । बलिको बोकोलाई बलियो मान्छेले डोरीले बाँधेर बलजफ्ती घिसारेर लगेजस्तै हामीहरूलाई कामनाको डोरीले वरवस दुःखको ज्वालामा लगी होमिरहेको हुन्छ । वास्तविकतालाई छोपेर राख्ने हाम्रो अविद्या (अज्ञान) र हामीमा रहेका संस्कारहरूद्वारा पोसिएको कामनाको जरा अत्यन्त सूक्ष्मरूपले हाम्रो जीवनको हरेक क्षेत्रमा फिँजिएको हुन्छ । कामनाको रंगीन संसारमा हाँसी खेली रोई कराई जीवन गुजार्नु हामीहरूलाई एकमात्र स्वाभाविक जीवन जस्तो लाग्छ । माछाले पानी बिनाको पोखरीको कल्पना गर्न नसकेजस्तै कामना विनाको संसारको हामी कल्पना पनि गर्न सक्दैनौं । कामना पूर्तिमा लोभ बढ्छ, अपूर्तिमा क्रोध उत्पन्न हुन्छ ।

कामी र क्रोधी व्यक्तिले जस्तोसुकै पाप पनि गर्न सक्छ । इर्ष्या, भय, मोह, मद, मात्सर्य, अहंकार, घमण्ड, पाखण्ड आदि तामसिक गुणहरू सबै कामनाकै पछि-पछि लागेर आउँछन् ।

कामना आसक्तिबाट उत्पन्न हुन्छ, आसक्ति मनको झुकावबाट उत्पन्न हुन्छ । यथार्थ सत्य थाहा नपाएका अज्ञानी प्राणीहरूमा रहेका संस्कारहरूले उत्पन्न गरेका तृष्णाका लहरहरूले दुःखको प्रवाहमा प्राणीहरूलाई बगाएर लैजान्छ र जन्मभर भटकाइ रहन्छ र यसैलाई स्वाभाविक जीवन सम्झने प्राणीहरूले दुःखबाट मुक्त हुने बाटो देख्न नसक्ने हुन्छ ।

शरीरमा रहेका इन्द्रियहरू (आँखा, नाक, कान, जिभ्रो, छाला तथा मन) र विषयहरू रूप, गन्ध, शब्द, स्वाद, स्पर्श र चित्तको संयोगबाट जुन सुख दुःखादि वेदनाहरू प्राप्त हुन्छन् त्यसबाट हाम्रा आसक्तिहरू र कामनाहरू



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुन्छन् अनि यस शरीर, मन र अन्य संस्कारसित सम्बन्ध भएका वस्तुहरूमा 'म' र 'मेरो' भन्ने भावना जाग्छ । मेरो शरीर, मेरो मन, मेरो परिवार, मेरो घर, मेरा सामानहरू आदि । यही ममताको दृष्टिनै हाम्रो अज्ञानताबाट उत्पन्न मिथ्यादृष्टि हो ।

यही 'म' 'मेरो' बाट 'तँ', तेरो' को भावना पनि उठ्छ । यसैबाट स्वार्थको संघर्ष शुरू हुन्छ, हिंसा अशान्ति शुरू हुन्छ । व्यक्ति-व्यक्तिमा, परिवार, परिवारमा, जाति-जातिमा, सम्प्रदाय-सम्प्रदायमा विभाजन र झगडा शुरू हुन्छ र जीवन अशान्त र दुःखपूर्ण बन्छ । भगवान् बुद्धले आफ्ना उपदेशको क्रममा 'अनात्म' दर्शनमा जोड दिनुभएको छ । वास्तवमा यस अनित्य परिवर्तनशील विश्वमा, प्राणीहरूको मन तथा शरीरमा र स्वभावजन्य क्रिया प्रतिक्रियाहरू बाहेक कतै पनि 'म-मेरो' को सर्वथा अभाव छ भन्ने अनात्म सत्यलाई यथार्थमा बुझ्न तथागतले हामीहरूलाई प्रेरणा दिनुभएको छ ।

***"सब्बे धम्मा अनत्ता'ति - यदा पञ्ञाय पस्सति ।***
***अथ निब्बिन्दति दुक्खे -एस मग्गो विसुद्धिया ॥"***

-धम्मपद

सबै (स्वाभाविक) धर्महरू अनात्म छन् भनी जब प्रज्ञाले देख्छ तब दुःखबाट मुक्त हुन्छ, यही विसुद्धिको बाटो हो ।

'म मेरो' भन्ने केही नभएको यस अनित्य परिवर्तनशील विश्वमा 'म र मेरो' मान्नुनै हाम्रो अविद्या, अज्ञान र मिथ्यादृष्टि हो । यो कुरा भन्न सजिलो छ तर बुझ्न गाहारो छ । अनात्मलाई बुझ्न र यथार्थमा अनुभव गर्न, प्रज्ञाचक्षुको आवश्यकता हुन्छ र प्रज्ञाचक्षु हाम्रो त्यो तेश्रो आँखा हो जुन शील र समाधिबाट मात्र खुल्छ । यही शील, समाधि र प्रज्ञाको बाटोलाई भगवान् बुद्धले ठीक, राम्रो वा सम्यक् बाटो भन्नुभएको छ । यस आठ अंग युक्त बाटो (अष्टांगिक मार्ग) यस प्रकार छ- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् कर्मान्त, सम्यक् वचन, सम्यक् आजीविका, सम्यक् प्रयत्न, सम्यक् स्मृति र सम्यक् समाधि । सात ग्रहहरू मिलेर सूर्यको सेतो प्रकाश बनेजस्तै यी आठ अंगहरू मिलेर सम्यक् बाटो बनेको छ । यो बाटोमा लागेर जबसम्म हामीमा प्रज्ञा-चक्षु उत्पन्न हुँदैन तबसम्म कुरै कुरामा यस संसारमा के छ र खाली हात आउनुछ, खालि हात जानुछ', 'संसार मायाजाल मात्र हो, यहाँ केहीसार



Downloaded from http://www.dhamma.digital

छैन, इत्यादि भने पनि, एकैछिनमा पुनः उही स्वार्थको रंगीन संसारमा भुल्न थाल्छ ।

भगवान् बुद्धको अनात्मवादको घनिष्ट सम्बन्ध अनित्यता र दुःखसित छ । यस संसारमा जहाँ सबै अनित्य छन्, त्यहाँ 'म मेरो' र 'तँ तेरो' गरी तृष्णाको ज्वालामा बलिरहने प्रज्ञा विहीन प्राणीहरूको लागि दुःख मात्र छ । जहाँ प्रज्ञाचक्षु उत्पन्न भई, आत्मभावबाट रंगिएको मिथ्यादृष्टिको सम्पूर्ण विनाश हुन्छ, त्यहाँ सम्पूर्ण दुःखको पनि अन्त हुन्छ । यही नै भगवान् बुद्धको अनात्मवादी दर्शनको सार हो ।

**आनन्द भूमि, २८/७**



❖ निरोगी हुनु परम लाभ हो, संतोष ठूलो धन हो, विश्वास सबभन्दा ठूलो हितैषी बन्धु हो, निर्वाण परम सुख हो ।

* * *

❖ आर्य (शुद्ध चित्त भएको) मानिसहरूको दर्शन गर्नु र उनीहरूको आश्रयमा बस्नु सुखकर छ, मूर्खजनहरूको दर्शन नगर्नाले सधैं सुख हुन्छ ।

* * *

❖ राग जस्तो आगो अर्को छैन, द्वेष जस्तो अपराध अरु छैन, पञ्चस्कन्धको यो शरीर समान दुःख अरु छैन, शान्ति जस्तो सुख अर्को छैन । (धम्मपद)

* * *



Downloaded from http://www.dhamma.digital

# विश्वबन्धुत्व र विश्वशान्ति

"उदार चरितानां तु वसुदैव कुटुम्बकम्" अर्थात् उदार चरित्र हुनेहरूको लागि वसुधा (पृथ्वी) नै वन्धु हो। यो हाम्रो पुरानो कथन हो तर केवल स्वार्थरहित व्यक्ति नै उदार चरित्रको हुनसक्छ र निस्वार्थता एक आदर्श हो, जुन व्यवहारमा देखिँदैन । व्यक्तिले स्वार्थको घेराभित्र मात्रै स्वार्थ त्याग देखाउन सक्छ– करौडौंको तस्कर गर्ने व्यापारीले टोलको क्लबलाई ३/४ हजार चन्दा दिए जस्तै- प्रत्येक व्यक्तिको आ-आफ्नो स्वार्थको परिधि हुन्छ, जसभित्र उसको ममता (मेरोपना) अटाएको हुन्छ। आफू आफ्नो परिवार, साथी-भाइ, इष्ट-मित्रहरू, स्वधर्मीहरू र स्वजातिहरू इत्यादि । यही आत्मकेन्द्रित ममताको घेराभित्र व्यक्ति बाँधिएको हुन्छ। यो ममताको उद्‌गम स्थान व्यक्तिको आफ्नो अस्तित्व र सो अस्तित्वलाई अघि बढाउन सघाउ पुऱ्याउने केही व्यक्ति वा साम्रगीहरू हुन्छन्। जब आफ्नो स्वार्थको परिपूर्तिमा बाधा अड्चन आइपर्छ, तब व्यक्तिले संघर्ष गर्छ- यस संघर्षमा नै जीवन अगाडि बढ्छ ।

एक त जीवन त्यसै पनि क्षणिक छ, त्यसमाथि पनि बाँचुन्जेल विरोधी स्वार्थहरू सितको टकरारले गर्दा व्यक्तिले दुःख अनुभव गरेको हुन्छ र वास्तवमा व्यक्तिले सुख प्राप्तिकै हेतुले प्रत्येक पाइला चाल्छ । सुख प्राप्तिकै हेतुले सानातिना दुःख कष्टहरू भ्केली अगाडि बढ्छ । व्यक्ति प्रथमतः आफ्नै सुख चाहन्छ अनि आफ्ना सुखसँग गाँसिएका ममता भित्रका केही अरुको लागि पनि सुख चाहन्छ। यसकारण व्यक्तिको महान्‌ता उसको ममताको घेरा कति ठूलो र फराकिलो छ भन्ने कुरामा निर्भर गर्दछ। जसको ममताको घेराभित्र सम्पूर्ण विश्वभरीका प्राणीहरू अटाउँछन्। उही व्यक्ति महामानव कहलाइन्छ, उही व्यक्ति उदार चरित्रको हुन्छ, उही विश्व चेतनायुक्त मानव हुन्छ । यस्तै व्यक्तिको लागि वसुधानै कुटुम्ब हुन्छ, अर्थात् उसको ममताले भिजेको कुटुम्बभित्र वसुधानै पर्न आउँछ, यस्तै व्यक्तिको प्रत्येक कार्यमा विश्ववन्धुत्व र विश्वशान्तिको निर्मल आभास पाइन्छ ।

संसारमा जतिपनि वैमनस्य, अशान्ति र हिंस्रक व्यवहारहरू देखापरिरहेका छन्। तिनीहरूको मूलमा विभिन्न कारणवश उत्पन्न भैरहेका



Downloaded from http://www.dhamma.digital

संकुचित स्वार्थहरूनै हुन्छन, चाहे त्यो तुच्छ विषय वासनाको रूपमा होस् चाहे वर्गस्वार्थ, अन्धविश्वास, धर्मान्धताको रूपमा होस्। मानव समाज आज असंख्य सानातिना संकुचित स्वार्थहरूमा टुक्रिएको छ। एउटै विश्वका मानवजाति आज अनेकन राष्ट्रहरूमा टुक्रिएको छ, एउटै राष्ट्रका व्यक्तिहरू पनि अनेकन धर्म जाति, वर्ग, दल, समुदाय, संगठन र मत-मतान्तरहरूमा टुक्रिएका छन्, यही विभाजननै सबै प्रकारको वैमनस्य, हिंस्रक व्यवहार र अशान्तिको कारण बनेको छ।

यसमा पनि अनौठो कुरा त यो छ कि व्यक्ति स्वभावतः आत्मकेन्द्रित हुन्छ र संकुचित स्वार्थहरूको लागि ठूलो स्वार्थलाई पनि बिर्सिदिन्छ। परिवारपरिवारको प्रतिस्पर्धा र टकरारमा व्यक्तिहरू बिर्सिदिन्छन्। दुवै परिवार एउटै जाति या धर्मका अंग हुन्। जाति-जाति वा धर्मको टकरारमा विर्सिदिन्छन् कि दुवै धर्म र जाति एउटै समुदायका अंगहरू हुन्। आ-आफ्ना व्यक्तिगत स्वार्थमा बाधा पुग्न गए एउटै परिवारका सदस्य हौं भन्ने कुरा समेत बिर्सिदिन्छन्।

यी स्वार्थहरूको मूल जननी व्यक्तिको सुखकामना रहेपनि यसका स्वरूपहरू देश, काल र परिस्थितिमा निर्भर गर्दछ। बाँच्नको लागि आवश्यक सर-सामानहरूको उत्पादन वितरण र उपभोगमा विभिन्न व्यक्तिहरूको स्वार्थको किसीम निर्भर गर्दछ। आफ्ना सन्तानहरूको सुरक्षा र बन्दोबस्तको तरिकाहरूमा स्वार्थको किसीम निर्भर गर्दछ तर आजसम्म पनि विश्वमा कुनै यस्तो एउटा समाज निर्माण हुनसकेको छैन जहाँ व्यक्तिहरू प्रत्येकको स्थार्थलाई आफ्नो स्वार्थ ठान्छन्। जहाँ सबै मिलीजुली कामगरी सबैको स्वार्थ पूर्ति गर्छन्, जहाँ परस्पर विरोधी स्वार्थहरूबीच संघर्ष हुँदैन, जहाँ सबै व्यक्तिको ममताले सबैलाईनै समेटेको हुन्छ। विशेष गरी गरीव अविकसित देशहरूमा स्वार्थको र संघर्षको मात्रा ज्यादै तीव्र हुन्छ भने विकसित धनी देशहरूमा पनि ठूला स्वार्थहरूबीच संघर्षमैनै रहन्छन्।

विभिन्न थरीका विभाजित र संकुचित स्वार्थहरूको संघर्षमा पिल्सिई अनेक दुःख कष्ट झेली करूणाजनक जीवन जिउनुनै सांसारिक प्राणीहरूको सहज स्वभावभै आएकोले सानातिना स्वार्थलाई विर्सी निस्वार्थ र उदार हुने बाटो देखाउन समय-समयमा ऋषि मनीषिहरू, बुद्ध, ईशा, कन्फुसियस्,



Downloaded from http://www.dhamma.digital

लाओ-त्से, जरथुष्ट्र, महम्मद, सुकरात, जस्ता महान मानवहरू अघि सरेका हुन् । कसरी मानवलाई संकुचित स्वार्थहरूबीचको संघर्षको दलदलमा फँस्नुबाट बचाई विशाल, निस्वार्थ र विश्वकेन्द्रित हुने दिशातिर लैजान सकिन्छ, कसरी सांसारिक मलयुक्त चित्तलाई निर्मल गरी प्रज्ञा र करूणायुक्त बनाउन सकिन्छ, कसरी मानवलाई विश्वभरीका मानवलाई आफूसरहनै देख्ने दृष्टिकोण दिएर विश्व-चेतनाको विकास गर्न सकिन्छ, कसरी सानातिना संकुचित स्वार्थयुक्त संघर्षबाट मानव समुदायलाई उठाई विश्वबन्धुत्व र शान्तितिर लैजान सकिन्छ, यस्ता उद्देश्यहरूले प्रेरित भएर ती महामानवहरूले अनेक प्रयत्नगरी गए, तर अफसोच, स्वार्थको दलदलमा फँसी बलिया स्वार्थले निर्धो स्वार्थमाथि रजाइँ गरी खानपल्केका सांसारिक जीवहरूले ती महामानवहरूले दिएको प्रत्येक धर्म, विचारधारा तथा आदर्शहरूलाई समेत सीमित स्वार्थका विभिन्न घेराहरूभित्र हालेर उही संघर्षकै दल दलमा डुवाएर छोडेका छन् ।

आज हामीले विश्वभरीका मानवलाई यही मतमतान्तर, जाति, वर्ण, लिङ्ग, धर्म र वाद आदिको फन्दाबाट छुटाउन विश्व-चेतनाको विकास गर्नुपरेको छ । मानवलाई केवल मानवै मात्र बनाउनु परेको छ । कुनै धर्म, जाति, वर्ण र वर्ग इत्यादिको पक्षपाती नबनाइकन सम्पूर्ण मानवको स्वार्थनै प्रत्येकको स्वार्थ हो भन्ने पाठ पढाउन र राम्ररी बुझी तदनुसार आचरण गर्न सिकाउनु परेको छ । आज विश्वमा जे जति समस्याहरू चर्किरहेका छन्- जस्तै खाडीको समस्या, बावरी मस्जीदको समस्या, काश्मीरको समस्या, इजरायल र पेलेस्टाइनको समस्या, गोरा र कालाजातिको समस्या, विभिन्न वाद र गुटहरूबीचको संघर्षको समस्या र ती समस्याहरूबाट उत्पन्न संघर्ष र हिंसाको अविरल विस्फोटहरूबाट यो कुरा स्पष्ट हुन्छ कि विश्वका कुनै पनि सीमित परिधि र स्वार्थयुक्त धर्म, वाद, राष्ट्रियता, जातिवाद वा गूटबन्दीहरूले मानवलाई विश्वबन्धुत्व र शान्ति दिन असमर्थ भएका छन् । येनकेन प्रकारेण सस्तो लोकप्रियता र शक्ति हत्याएर आफ्नो दूनो सोझ्याउने तृष्णारूपी स्वार्थी दानवले प्रत्येक गूट वा दललाई आफ्नो वशमा पारेको छ । सारा विश्वलाई आफूमा र आफूलाई सारा विश्वमा देख्नसक्ने मानवहरूको खाँचो आज हामीलाई छ, केवल मानवमात्र रहेर मानव र मानवलाई



Downloaded from http://www.dhamma.digital

फुटाउने कुनै भेद र विभाजनबाट माथि उठेर सम्पूर्ण मानवलाई आफ्नो प्रेमको परिधिभित्र राखी विशुद्ध प्रेमवश मानवको कल्याणको लागि काम गर्ने मानवनै विश्व चेतनशील मानव हुनसक्छ। उदाहरण स्वरूप ऋचाको प्रणेता नमान्ने मान्छेलाई आफ्नो नभन्ने वा बुद्धलाई नमान्नेलाई आफ्नो नभन्ने, साम्यवादीलाई मात्र आफ्नो भन्ने, मुसलमानहरूलाई आफ्नो नभन्ने, गोरालाई मात्र आफ्नो भन्ने, कालोलाई आफ्नो नभन्ने, यस्ता भेदबुद्धि राख्ने व्यक्तिहरूबाट विश्व चेतनशीलतायुक्त वा विश्व-बन्धुत्वको आशा गर्न सकिँदैन। विश्व चेतनशीलता व्यक्तिले त आफ्नो ध्यान दृष्टिले यथार्थतालाई देखेको बुझेको हुन्छ, विभिन्न जाति, धर्म-वाद आदिको उदय र परिवर्तनलाई राम्ररी बुझेको हुन्छ र सबै देखेर बुझेरनै उसको हृदयमा संकुचित स्वार्थहरूको संघर्षको दलदलमा फँसिरहेका अज्ञानी मानवहरूप्रति स्नेह र असीम करूणा जागृत भएको हुन्छ र विना कुनै भेदभाव मानवमात्रको कल्याणको लागि बाँचुन्जेल कार्यरत रहन्छ। आफू संघर्ष र अशान्तिको ज्वालाबाट माथि उठी उसले सम्पूर्ण मानवलाई विश्वबन्धुत्वको सूत्रमा गाँसी मिलीजुली परस्पर कल्याणको लागि काम गर्न प्रेरणा दिन्छ। आज हामीलाई यस्तै विश्वबन्धुत्व र शान्तिको बाटोलाई आदर्श होइन व्यवहारमा उतार्ने विश्व-चेतनशील मानवको जरूरत छ । कसरी स्वभावतः संकुचित स्वार्थयुक्त व्यक्ति यस प्रकारको विश्व-चेतनशील मानवमा बदल्न सक्छ ? कुन कुराले युक्त भएमा व्यक्ति संकुचित स्वार्थको फन्दाबाट माथि उठ्न सक्छ ? कुन कुराले युक्त भएमा व्यक्ति तृष्णाको जकडबाट बच्न सक्छ ?

यसको लागि प्रथमतः विश्व-चेतनाले युक्त भई विश्व भरीका मानवहरूको कल्याणार्थ काम गर्ने महान् कर्तव्यप्रति श्रद्धा र उत्साह जागृत हुनु अनिवार्य छ। त्यसपछि यसको लागि आफू लाग्ने दृढ निश्चयको साथै लगनशीलता आवश्यक हुन्छ । स्वभाविक मानसिक संस्कार स्वरूप जरा हालिसकेका संकुचित स्वार्थहरूलाई, बलपूर्वक दबाएर तिनीहरूमाथि काबु पाउन सकिन्न, यस्तो गर्नाले त झन् उल्टो प्रतिकृया भई भित्रभित्रै जरा गाडिएर अर्कोतिरबाट विस्फोट भई अस्वाभाविक तवरले निस्कन थाल्छ । यस्को लागि त यथार्थता बुझ्ने ज्ञानको आवश्यकता हुन्छ । भनिन्छ पनि "ऋते ज्ञानान्न मुक्तिः" अर्थात् ज्ञानविना मुक्ति संभव छैन । यहाँ मुक्तिको



Downloaded from http://www.dhamma.digital

असली अर्थ हो संकुचित स्वार्थको संयोजनहरूबाट मुक्ति। यस ज्ञानको लागि ध्यान दृष्टिको आवश्यकता हुन्छ । ध्यानको अभ्यासबाट मनको शक्ति एकीकृत हुन्छ र मनलाई त्यो शक्ति प्राप्त हुन्छ जसद्वारा भित्री संयोजनहरूलाई यथार्थतः देखेर जानेर बुझेर काट्दै निःशेष गराउन सकिन्छ। यसो गर्नाले संयोजनहरू पुनः पुनः उत्पन्न हुने गर्दैनन् । यसरी ध्यानले युक्त भएर व्यक्तिले आफूभित्रका स्वभाविक संकुचित स्वार्थहरू उपर विजय पाउन सक्छ र मानव कल्याणको महान् उद्देश्यको लागि आफूलाई समर्पित गर्न सक्छ। यसरी मानवले स्वाभाविक पाशविक प्रवृत्तिहरूबाट मुक्त भई आफूमा विश्वचेतना जागृत गराउन सक्छ र विश्व चेतनाले युक्त भई विश्वबन्धुत्व र विश्वशान्तिको नारालाई खोक्रो ढोंग हुनबाट बचाउन सक्दछ।

**आनन्द भूमि**



❖ प्रत्येक महिना हजारौं रुपियाँ खर्च गरी यज्ञ, होम गर्ने, तथा एक वर्षसम्म जङ्गलमा बसी यज्ञ गर्ने व्यक्ति भन्दा संयमी व्यक्तिलाई एकै छिन पनि गरेको पूजा श्रेष्ठ हुन्छ।

* * *

❖ इमान्दार सन्तलाई एक पटक मात्र गरेको अभिवादनको एक चौथाई फल पनि धर्म प्राप्तिको लागि गरिएको वर्ष दिन भरिका यज्ञ भन्दा श्रेष्ठ हुन्छ। (धम्मपद)

* * *



Downloaded from http://www.dhamma.digital

# प्रतीत्यसमुत्पाद सिद्धान्त–वैज्ञानिक दृष्टिकोणमा

साधारणतया विज्ञान भन्नाले हामीले विज्ञानले दिएका केही देनहरू वा वैज्ञानिक सर-सामानहरू सम्भन्छौं, जस्तै– घडी, पंखा, हवाइजहाज, रेडियो, टेलिफिोन, टेलिभिजन, कम्प्यूटर आदि । वास्तवमा आदिम जंगली अवस्था देखि आजको सभ्यतासम्म माानवजातिलाई ल्याई पुऱ्याउनमा कुनै एकको बाहुल्यता छ भने त्यो हो विज्ञान । तर घडी, पंखा, हजाइजहाज आदि त वस्तुहरूमात्र हुन् जुन विज्ञानले मानव जातिको प्रयोजनार्थ उपलब्ध गराइदिएका हुन्, तीनै त विज्ञान होइनन् ।

विज्ञान एक विशेष प्रकारको प्रक्रिया हो, जसमा वैज्ञानिकहरू लागेका हुन्छन, कसैको हाः हाः मा नलागि स्वतन्त्र दिमागले प्रकृतिस्थित तत्वहरूको आधारमा खोजीनीति गरी तर्कयुक्त दिमागले सोची प्रकृति भित्रका सत्यहरू पत्ता लगाउन र पत्ता लगाइएका सत्यहरूको आधारमा मानव समाजमा आइपरेका समस्याहरूको समाधान गरी उपकरण तथा यन्त्रहरू निर्माण गरी सभ्यतालाई अगाडि बढाउने प्रकृयामा वैज्ञानिकहरू लागेका हुन्छन् ।

वैज्ञानिकहरुले काम गर्ने पद्धतिलाईनै वैज्ञानिक पद्धति मानिन्छ । कुशल चिकित्सकले रोगको निदान गरी उपचार गर्दा वा दक्ष जासूसले अपराधी पत्ता लगाउँदा. वैज्ञानिक पद्धति प्रयोग गर्छन् । हामी पनि कुनै समस्या आइपर्दा वैज्ञानिक पद्धतिनै अपनाउन चाहन्छौं । तर हामीभित्रको गुलामी दिमाग र अन्धविश्वासहरूको कारणले हामी गलत परिमेयहरू वा निष्कर्षहरू निकालेर काम गर्छौं । हामी भित्र स्वतन्त्र चिन्तन, खुला दिमाग, तर्कयुक्त चिन्तन प्रणाली तथा तथ्यहरूको आधारमा मात्र निष्कर्षमा पुग्ने बानी आदि वैज्ञानिक प्रवृत्तिहरू नभैकन वैज्ञानिक प्रकृयामा लाग्न सक्तैनौं ।

प्रकृति भित्र कुनै सत्य नहुँदो हो त विज्ञान सम्भवनै हुने थिएन वा विभिन्न व्यक्तिहरूले एउटै चीज वा घटनाको बारेमा विभिन्न तथ्यहरू पत्ता लगाउँथे होलान् तर सत्य एउटै छ र एक खास प्रकारबाटनै विश्वका



Downloaded from http://www.dhamma.digital

घटनाहरू घटिरहन्छन्, तसर्थ संसार भरीका वैज्ञानिकहरूको कार्यमा समानताहरू पाइन्छन् र संसारभरीका वैज्ञानिकहरूका कार्यहरू एक अर्कोलाई परिपूरक बनाई अघि बढिरहेका हुन्छन् ।

सांसारिक प्रकृयाहरूभित्र एउटै कुरा सार रूपले रहेको छ, त्यो हो प्रकृतिस्थित कारणकार्य पद्धति (Cause and effect relationship) । अर्थात् एक खास कारणबाटनै एक खास कार्य सम्पादन हुन्छ र समान कारण उपस्थित भएमा समान कार्य पैदा हुन्छ । प्रकृति यही नियम अन्तर्गत परिवर्तित भई अगाडि बढिरहन्छ ।

**उदाहरणार्थ-**

(१) कुनै एक परिस्थितिमा हाइड्रोजन र अक्सीजन ग्यांस मिली पानी बन्छ । यसमा कारण हो कुनै खास परिस्थितिमा हाइड्रोजन र अक्सीजन ग्यांस मिल्नु र कार्य हो- पानी बन्नु । अब यही कारण यस विश्वको कतै पनि कुनै बेला पनि उपस्थित भएमा कार्य पानी बन्नुनै हुन्छ, अन्यथा हुन सक्दैन ।

(२) धानको बीजलाई एक खास परिस्थितिमा रोप्दा धानको बोट निस्कन्छ भने फेरि त्यही परिस्थितिमा त्यस्तै धानको बीज रोपेमा धानको बोट नै निस्कन्छ । हामी त्यस्तो विश्वको कल्पनासम्म पनि गर्न सक्दैनौं जहाँ जुन बेला जेपनी हुनसक्छ । विश्वको घटनाक्रमा अगाडिको स्थितिनै पछाडिको स्थितिको कारण स्वरूप रहेको हुन्छ र यसरीनै कारण कार्यको श्रृंखलाबाट परिवर्तन भैरहन्छ ।

यस नियमलाईनै बुद्धले प्रतीत्यसमुत्पाद सत्यको रूपमा राखिदिए-"यो भएमा त्यो हुन्छ, यो नभएमा त्यो हुँदैन ।" यो पनि स्पष्ट गरिदिए कि यस क्षण क्षणमा परिवर्तन भैरहने विश्वमा यही नियम अनुसार परिवर्तनहरू भैरहन्छ ।

दुःख के हो, कसरी हुन्छ, के भएमा दुःख हुँदैन भन्ने समस्याको समाधान गर्न पनि भगवान् बुद्धले वैज्ञानिक पद्धति नै अपनाए । यो कारण उपस्थित भएमा यसरी दुःख हुन्छ- यो कारण उपस्थित नभएमा यसरी दुःख हुँदैन । वास्तवमा विश्व नियन्त्रण यही नियमबाट हुन्छ । कारणकार्य परिवर्तनको नियम हुनाले चाहे विश्वात्मालाई मानून् या नमानून् केही फरक पर्दैन, जबसम्म यो नियममा आस्था राखी तदनुसार आचरण गर्दछ, किनकि यो नियम नभएको विश्व न कहिल्यै थियो न हुननै सक्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्धले भवचक्र र सम्बन्धित दु:खचक्रलाई आफ्नो समयमा विद्यमान तथ्यहरूको आधारमा हेरेर तदनुसारका तथ्यहरूका वैज्ञानिक आधारमानै निदान पनि गरे, त्यसो गरेकालेनै भगवान् बुद्धको यस्तो ख्याति चलेको हो–

*'ये धम्मा हेतुप्पभवा हेतु' तेषां तथागतोह्ययवदत् ।*

*तेषां च यो निरोधो एवं वादी महाश्रमण ॥'*

भगवान् बुद्धले आफ्नो ज्ञानको आधारमा यस प्रकारको श्रृंखला देखे–

अविद्या संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति जरा मरणादि दु:ख दौर्मनस्यादि ।

अविद्या (वास्तविकता थाहा नपाउनु)को कारण व्यक्तिमा कुशलकुशलादि कर्महरूको संस्कार रहन्छ, संस्कारबाटै विज्ञान (चेतन तत्व) बनाउँछ जसले नामरूप धारण गरी छ: आयतनहरू हासिल गर्छ जसको कारणबाट स्पर्श अनि वेदना हुन्छ, वेदनाको कारण तृष्णा उत्पन्न हुन्छ, तृष्णाको कारण व्यक्तिले ग्रहण गर्ने काम गर्छ जसबाट अस्तित्व (भव) मा गई परिवर्तन हुन्छ र जन्म जरा व्याधि मरण, शोक, परिदेव, दु:ख दौर्मनस्य उपायासादिको उत्पत्ति हुन्छ र पुन: अविद्या रहिरहनाले यही क्रम दोहोरिरहन्छ ।

भगवान् बुद्धले यो पनि देखे कि यस भवचक्रमा अविद्यानै त्यो जंजीर हो जसलाई व्यक्तिले आफ्नो प्रयत्नले तोड्न सक्छ, विद्या (यथार्थता ज्ञान) को अभ्यास गरेर तदनुकूल जीवन चर्या बनाएर अविद्याको नाश गर्न सक्छ। अनि भगवान् बुद्धले चतुरार्य सत्यको मार्गको पनि व्याख्या गर्नुभयो जुन मार्गबाट त्यो विमल चक्षु उत्पन्न हुन्छ जसबाट विद्या प्राप्त भई अविद्याको नाश हुन्छ। यो स्वयं उनी आफैले साक्षात्कार गरी दु:खबाट निवृत्त भई अरुलाई पनि गर्न लगाए। अद्यावधि बौद्ध जगत्मा यही परम्परा चलिरहेकैछ।

भगवान् बुद्धको समयमा जीवविज्ञान र मानव शरीर विज्ञानको त्यत्ति विकास भइसकेको थिएन, जतिको कि आज भैसकेको छ। आजभन्दा २५०० वर्ष अगाडि विज्ञान प्राय: शून्य अवस्थामै थियो । जन्म र मृत्युबारे वा मस्तिष्कमा भइरहने कृयाहरूबारे वा शरिरभित्र या बाहिर भैरहने क्रियाहरू बारे त्यो बेला थोरैनै जानकारी थियो । प्राप्त जानकारी पनि परस्पर उलझिएको थियो। त्यो बेला मानिसहरू पुनर्जन्ममा विश्वास गर्थे र यसका



Downloaded from http://www.dhamma.digital

लागि शरीरमा जीव हुन्छ भन्ने कुरामा पनि विश्वास गर्थे यद्यपि शरीर र जीव त्यही नै हो वा भिन्दा भिन्दै हुन् भन्नेबारे विभिन्न मतहरू थिए।

आज यद्यपि विज्ञानको पूर्णतया विकास त भैसकेको छैन् तथापि त्यसबेला भन्दा निकैनै शारीरिक तथा मानसिक रहस्यहरू पत्ता लागिसकेका छन् जसको प्रकाशमा हेर्दा भगवान् बुद्धका पालोका केही अवधारणाहरूमा संशोधन ल्याउनु आवश्यक भइसकेको छ।

जस्तो भनौं आजको विज्ञानले हामीलाई भन्छ व्यक्ति भन्ने कुनै जीव शरीरभित्र अलग्गै छैन, शरीर एक प्रकृया मात्र हो, फेरि कुनै देहको मृत्युपछि त्यही देह वा त्यही जीवको उत्पत्ति हुन पनि सम्भव छैन। सम्पूर्ण जीवनहरू मिलेर परस्पर कृया-प्रतिकृया गर्दै सांसारिक कार्यहरू प्रतिपादन गर्दै जीवन अघि बढिरहेको हुन्छ, यस अर्थमा भवचक्र व्यक्तिगत नभई एउटा सामूहिक चक्र हुन आउँछ र जहाँसम्म व्यक्तिको आफू यस भवचक्रमा नटाँसिई निर्लेप भई बस्ने कुरा छ, त्यसमा व्यक्ति प्रयत्नशील र जागरुक भई निश्चय पनि आफूमा त्यो वास्तविकताको ज्ञान चक्षु उत्पन्न गर्न सक्छ, जसद्वारा व्यक्तिको मोह राग द्वेष नष्ट हुन्छ, र अहं शून्य हुन्छ, संस्कारहरू पुनः उत्पन्न भएर मानसपटलमा पुनः छाप जमाउन सक्दैनन् तथा तृष्णाको अभावमा पुनः भवचक्रमा फँस्ने कुनै गुंजाइस पनि रहँदैन। यसरी व्यक्ति मुक्त भई हित कार्य गरेर आफ्नो जीवनमा दुःखबाट मुक्त भएर पनि कार्य गरिरहन सक्छ, जबसम्म जीवन रहन्छ। पुनर्जन्म भन्दा धेरै पर आजको विज्ञान पुगिसकेको छ, अतः यही जिन्दगी त हो नि, यसमा जे गरेपनि मलाई के फरक पऱ्यो र जब अर्को जन्मनै छैन भन्ने गलत फह्मी उत्पन्न हुन सक्छ तर व्यक्तिले अब समष्टिरूपमा जीवनलाई लिनुपर्ने अवस्था आएको छ, कि एउटा सुकार्य वा कुकार्यको प्रभाव कसरी सम्पूर्ण जीवनमा पर्न जान्छ, जुननै असली अर्थमा कर्ताको पुनर्जन्म पनि हो।

जीवन सम्पूर्ण एकै हो भिन्दा भिन्दै छैन, कारण कार्य श्रृखंलामा पनि जीवनका सम्पूर्ण गतिविधिहरू परस्पर आबद्ध भएर एक अर्कोमा निर्भर गरी अगाडि बढिरहेको छ, र यसरी हेर्दा पनि व्यक्तिलाई सम्यक् दृष्टि अपनाई वास्तविकताको ज्ञान राखी स्वार्थी जीवनबाट विरत रही लोकहित कार्यमा लाग्न प्रेरणा मिल्दछ।



Downloaded from http://www.dhamma.digital

सामूहिक निर्वाणको अर्थ प्राणीहीन पृथ्वी अवश्य पनि होइन । यसो हो भने त केही परमाणु बमहरूनै यथेष्ट हुनेछन् । सामूहिक निर्वाणको वास्तविक अर्थ त त्यो हुन्छ जसमा प्रत्येक व्यक्ति राग द्वेषादिबाट उत्पन्न दु:खबाट विमुख भएर पनि जगतहितको लागि संस्कार रहित भई अथवा राग, द्वेष र मोहबाट मुक्त भई कार्य गरेर रहन्छ ।

आजसम्मको ज्ञात वैज्ञानिक दृष्टिकोणमा यही पृथ्वीनै एउटा ग्रह हो जहाँ मानव तथा अन्य प्राणीहरू रहन सक्छन् । अन्य लोकहरू वा प्राणीयुक्त ग्रहहरूबारे केही जानकारी छैन । यही एउटा पृथ्वी छ जसलाई हामी सबै मिली बस्न योग्य तुल्याउनु परेको छ । यसकारणले पनि सद्धर्ममा लागि संकुचित स्वार्थबाट विरक्त भई प्राणीहहरूको हित सुखको लागि जीउने भगवान् बुद्धको उपदेशलाई चरितार्थ गर्ने हाम्रो जिम्मेवारी बढेको छ । जन्मभर कुकर्म गरेर अन्तमा प्रायश्चित् गरेर स्वर्गमा गएर बसुँला भन्ने विचारलाई छोडी सुकर्म वा कुकर्मको प्रत्यक्ष प्रभाव पर्ने सम्पूर्ण जीवन श्रृंखलालाई एउटै सम्झी हामीले अप्रमादी भई यसै जीवनको हर घडीमा सद्धर्म सम्पादन गर्नुपरेको छ, आजको वैज्ञानिक दृष्टिकोण अनुसार जीवनको सार यसैमा छ ।

**आनन्द भूमि**



***अक्कोच्छि मं अवनि मं–अजिनि मं अहासि मे ।***
***ये तं न उपनहय्न्ति–वेरं तेसूपसम्मति ॥***

❖ 'मलाई गालि गऱ्यो' 'मलाई कुट्यो' 'मलाई हराई दियो' औ 'मेरो लग्यो' भनेर जसले आफ्नो मनमा बराबर विचार गर्दैन, त्यसको मनमा वैरभाव शान्त हुन्छ ॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# पराप्रकृतिवादको अभ्युदय तथा अवसान

प्रकृति (Nature) को व्यापक अर्थ हो पदार्थ र शक्तिद्वारा निर्मित सम्पूर्ण परिवर्तनशील विश्व । यसै भित्र मानव र उसको संसार पनि पर्न आउँछ। मानव मस्तिष्क भित्रका सबै विचार र कल्पनाहरू पनि पर्न आउँछन्।

प्रकृतिभन्दा पनि पर प्रकृतिलाई अनादिकालदेखि अनन्तकालसम्म सञ्चालन गर्ने एउटा सर्वशक्तिमान चेतनशील तत्व छ भन्ने कुरा पराप्रकृतिवादले (Supernaturalism) मान्दछ ।

प्रकृति हरघडि परिवर्तनशील छ, जुन परिवर्तनशील छ त्यो विनाशी छ र यस्तो विनाशी स्वभावको त्यो सत्य हुन सक्दैन, त्यस्तो सत्यको अस्तित्व प्रकृति भन्दा पर हुनुपर्छ र छ भन्ने परिकल्पना (Hypothesis) पराप्रकृतिवादले गर्दछ ।

यो एउटा अन्तर्विरोधी परिकल्पना हो । प्रकृतिको परिभाषा अनुसार प्रकृति बाहिर केहीपनि हुन सक्दैन, सिवाय शून्य । जे जति विश्वमा छ त्यसलाई प्रकृतिको संज्ञा दिएपछि, सोभन्दा पर केही छ भनी भन्ने कुरा कल्पना मात्र हुन जान्छ ।

पराप्रकृतिवादको जन्म एउटा विशेष परिस्थितिमा हुन गएको हो । एक समय थियो जब मानिसहरू विल्कुल अज्ञानरूपी अन्धकारभित्र थिए । प्रकृतिका शक्तिहरू जस्तै भूईंचालो, ज्वालामुखी, आंधिबेहेरी, डढेलो, चट्यांग इत्यादि पृथ्वी, चन्द्रमा, सूर्य र ताराहरूको नियमित चाल, जन्म, जरा, ब्याधि र मृत्युको चक्र, नाना प्रकारका बनस्पति तथा प्राणीहरूको पृथ्वीमा विकास, मानव चेतना र मनको स्थिति, इत्यादि देखेर आश्चर्य, विस्मय र भयको कारण मानव मस्तिष्कले प्रकृतिमा भइरहेका परिवर्तनको कारण प्रकृति भित्रै खोज्नुको साटो एउटा शक्ति, चेतनशील तत्वको परिकल्पना गर्न थाल्यो, जुन तत्वनै यी सबैको मूल कारण स्वरूप रहेको ठानियो । विश्वमा जे जति भैरहेका छन्, त्यही तत्वको इच्छानुसार भएको मानियो । त्यस्ता तत्वलाई प्रकृतिको एक हिस्सा मान्ने कुरै भएन, अतः त्यसलाई प्रकृतिभन्दा पर, अर्थात् प्राकृतिक



Downloaded from http://www.dhamma.digital

परिवर्तनले नछुने, अविनाशी, तर सर्वज्ञ, सर्वव्यापी, र सर्वदर्शी तथा सर्वशक्तिमान् पनि मानियो । जगत्मा व्याप्त रहेर पनि निर्लिप्त, आफ्नो योग मायाको कारण प्रकृति भन्दा पर रहेर पनि सम्पूर्ण चराचर प्रकृतिलाई परि वर्तन गराउने पनि त्यही तत्व मानियो । वास्तवमा यसप्रकारको परिकल्पनाको मूल कारण प्रकृति तथा त्यस्मा भैरहेको कृया-प्रतिकृयाबारे मानवको अज्ञानतानै थियो ।

कल्पनाको पराकाष्ठा कहाँसम्म पुग्न सक्छ भन्ने उदाहरण पराप्रकृतिवादले प्रस्तुत गरेको छ । परिकल्पित तत्वलाई 'छ' भनी मान्नु मात्र होइन, त्यहीनै वास्तवमा अस्तित्वयुक्त एकमात्र परम तत्व हो, अरु त केवल अनित्य मिथ्या मृगमरीचिका जस्तो र मायाजाल मात्र हो, नियन्त्रक भर्ता भोक्ता सबै उनै हुन् बाकि सबै स्वप्नसरी झूठा छन् भन्ने धारणासम्ममा पनि पराप्रकृतिवादीहरू पुगे । पृथ्वीमा के राखेको छ र ? जीवनको परमार्थ त उसैलाई प्राप्त गर्नु हो भन्ने आदर्शहरू पनि बने ।

यसप्रकार भ्रमपूर्ण परिकल्पित धारणाको आधारमा जिइएको जीवन स्वतः विकृतिपूर्ण हुन्छ ।

जस्तै–

(१) जीवन अन्यमनस्क, येन केन प्रकारेण चलाउने, निस्कृय, हुन जान्छ । यसप्रकारको स्थितिमा विज्ञान तथा प्रविधितर्फ खोजीनीति गरी सांसारिक जीवनका दुःखहरूलाई हलुका गरी जीवन सुखमय बनाउने लगनशीलता उत्पन्न हुन सक्दैन ।

(२) लिने दिने गर्ने गराउने उनै भएपछि मान्छेहरू केवल आफ्नो कर्म ठोकेर बस्ने भए । कर्ममा लेखिए जस्तो हुन्छ, गरेर पो के हुने हो र भन्ने प्रवृत्ति बन्न जान्छ ।

(३) जीवनका समस्याहरूमा यथार्थ समाधान खोज्नुको साटो उनै सर्व शक्तिमानलाई रिझाउने परिपाटी चल्ने हुन्छ । सांसारिक दुःख टार्नलाई प्रयत्नको साटो प्रार्थना गर्ने हुनजान्छ ।

(४) संघर्षपूर्ण पृथ्वीको जीवनमा स्वार्थ र स्वार्थबीच खिँचातानी र द्वन्द्वयुद्ध चलिरहन्छ । स्वार्थपूतिको बाटोमा आएको अवरोधलाई हटाउनुनै मानिसहरू आफ्नो कर्तव्य सम्झन्छन् ।



Downloaded from http://www.dhamma.digital

यी सबै गर्ने गराउने उनै भएपछि, कर्तव्य सम्झेर गर्ने कुरा सबै उसैमा अपर्ण गरे भैगयो, यसरी सबै जना मिलीजुली सामूहिक रूपमा सबैको भलोको लागि काम गर्नुको साटो महाभारत मच्चिन जान्छ। स्वार्थको टकरारमा देव र दानवको अनवरत युद्ध चलिरहन्छ ।

(५) एउटै परिकल्पित तत्वको पनि देश, काल र परिस्थिति अनुसार विभिन्न समाजमा विभिन्न रूप भैदिनाले, एउटै संसारका मानिसहरू पनि विभिन्न थरीमा बाँडिन्छन् । हात्ती र अन्धाहरूको कथामा जस्तै मानिसहरू बाझावाझ गर्न थाल्छन् ।

संसार परिवर्तनशील छ । यहाँ कुनैपनि परिस्थिति एकनाश रहँदैन, बदलिँदै गई अर्कै परिस्थिति उत्पन्न हुन्छ। अगाडिको परिस्थितिको अवसान हुन्छ र त्यसको ठाउँ नयाँले लिन्छ। यो क्रम जारीनै रहन्छ। सबै परिवर्तन धर्म स्थितिहरूमा यो प्रतीत्यसमुत्पादी नियम विना अपवाद लागू हुन्छ ।

जुन परिस्थितिले पराप्रकृतिवाद र सो अन्तर्गतका परिकल्पित तत्वहरूको सृजना गऱ्यो, त्यस परिस्थितिमा पनि कालान्तरमा परिवर्तन आउन थाल्यो । यसका केही उदाहरणहरू जस्तै-

(१) प्रकृति सितको कृयाप्रतिकृयाको सिलसिलामा मानव मस्तिष्कको विश्लेषणात्मक तर्कयुक्त चिन्तन प्राणाली तिखारिँदै गयो । प्रकृतिको गर्भ भित्रका रहस्यहरू, जसको लागि अघि परिकल्पित सर्वशक्तिमान् तत्वलाई गुहार्नु परेको थियो, अब खुल्दै गए। विज्ञान र प्रविधिको क्षेत्रमा महत्वपूर्ण विकास हुँदै गयो र यसको फलस्वरूप, प्राकृतिक प्रकृयाहरूकाबारे मानव आफै जानिफकारी बन्न पुग्यो ।

(२) पराप्रकृतिवादको पराकाष्ठामा विकृतिहरू पनि पराकाष्ठामा पुगे । मानवकै मस्तिष्कले यी विकृतिहरू विरूद्ध संघर्ष गर्न थाल्यो। पराप्रकृतिवादमा भूलभूलैया सम्झी बेवास्ता गरिएका मानवका दुःखहरू हटाउनलाई प्रकृतिको गर्भ भित्रकै यथार्थताको आधारमा चिन्तन मनन गरी वास्तविकता भित्रै दुःख सम्बन्धी यथार्थ सत्यहरू पत्ता लगाइए। दुःख छ, त त्यसको कारण छ, कारण छ त त्यसको निरोध पनि छ, अनि निरोध गर्ने मार्ग पनि छ यस सत्यलाई गौतम बुद्धले अद्वितीय ढङ्गले स्पष्ट गरी दर्शाए ।

(३) वैज्ञानिक ज्ञानको परिकल्पनाको साथ-साथै, सो सित सम्बन्धित वादहरू पनि प्रबल ढङ्गले निस्के। वैज्ञानिक भौतिकवाद र वैज्ञानिक प्रकृतिवाद



Downloaded from http://www.dhamma.digital

आदि वादलाई पुरानो ढुसी परेको पराप्रकृतिवादको अपेक्षा नयाँ पिंढीका युवाहरूले रुचाए जुन स्वाभाविक पनि हो ।

(४) विज्ञान र प्रविधिको कारण यातायात र वैचारिक आदान-प्रदानमा सुगमता बढ्दै गयो जसको फलस्वरूप संसार भरीका मान्छेहरू आपसमा नजिक आउन थाले । विज्ञान र प्रविधिमा भएको प्रगतिबाट प्रभावित यी मान्छेहरूले थरीथरीका काल्पनिकवादको साटो वास्तविकतामा आधारित वादको खोजी गर्न लागे ।

यसरी जुन परिस्थितिमा एक जमानामा पराप्रकृतिवादको अभ्युदय सुनिश्चित थियो, हाल सो परिस्थिति नरहनाले पराप्रकृतिवादको अवसान पनि त्यतिकै सुनिश्चित छ । यो एक स्वभाविक प्रकृया हो । वर्तमान परिस्थितिको परिप्रेक्षमा जुन वादहरूको जन्म भैरहेका छन्, ती वादहरू पराप्रकृतिवाद भन्दा भिन्नै छन् तर विश्वभरीमा एउटै सर्वमान्य वाद बन्ने परिस्थिति भने अझै टाढै देखिन्छ । तथापि मानवसमाज विस्तारै त्यतैतिर लम्कंदै छ यसमा कुनै संदेह छैन ।

**आनन्द भूमि, १९/१०**

❤ ❤ ❤



***अनिक्कसावो कासावं-यो वत्थं परिदहेस्सति ।***

***अपेतो दमसच्चेन-न सो कासावम'रहति ॥***

❖ इन्द्रिय दमन नगरी सत्यज्ञानबाट दूर भई आफ्नो मनलाई स्वच्छ नराख्नेलाई गेरुवा वस्त्र सुहाउँदैन ॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# वादरहित बुद्ध

संसारमा धेरै वादहरू छन् अचेल प्रमुख स्थान भौतिकवाद र अध्यात्मवादले पाएका छन् । भौतिकवादको मूल केन्द्रविन्दू प्रकृतिस्थित पदार्थ तथा चाल हुन् र भौतिकवाद अनुसार पदार्थहरूमा भैरहने क्रिया प्रतिक्रियाकै सिलसिलामा संसारमा जे जति छन्, सम्भव भएका छन्, पदार्थमै भैरहने गतिविधिहरूनै स्नायुप्रणाली तथा मनका कारणहरू पनि हुन्। यसको विपरीत अध्यात्मवादले मनलाई आफ्नो केन्द्रविन्दू बनाएको छ। मन प्राथमिक तत्व हो जुन पदार्थको माध्यमबाट व्यक्त हुन्छ। त्यसको फलस्वरूप आत्मा र विश्वात्मा जगत्का परिचालकका रूपमा रहेका छन्। पदार्थ मनको लागि एउटा आश्रय मात्र हो जसद्वारा मन आफूलाई नाना विधिहरूबाट व्यक्त गर्दछ। जीवित प्राणीहरूमा मन स्नायुप्रंणालीको आश्रयबाट आफूलाई व्यक्त गर्दछ तर स्नायु प्रणाली भन्दा पर विश्वप्रवाहमा पनि मन परमात्मा तत्व वा आत्मतत्वको रुपमा व्याप्त छ। आत्म तत्वलाई पनि अध्यात्मवादीहरू पर मात्मतत्वकै अंशको रूपमा लिन्छन्। यसरी परमात्म तत्वलाई मनको मूलाश्रय तथा सबै व्यक्तिगत मनहरूको अन्तिम विश्राम स्थान पनि मान्दछन्।

अध्यात्मवाद र भौतिकवादका बीचको खिँचातानीले बुद्धलाई पनि छोडेन। विश्वका महान् विभूति बुद्धलाई विष्णुको नवौं अवतार बनाएर आध्यात्मवादीहरूले आफ्नो अखाडा भित्र हुल्न खोजे भने बुद्धधर्मलाई भौतिकवादको अंग भनेर भौतिकवादीहरू आफ्नो अखाडामा तान्न पुगेका छन्। दुवैको खिँचातानीमा स्वयं वादरहित बुद्ध पनि अचेल विवादको विषय बन्न पुगेका छन् ।

बुद्ध हुनुभन्दा अघि सिद्धार्थ गौतम राजकुमार थिए । त्यसबेला राजपरिवारको आदर्श थियो- प्रजाको सुख शान्तिका निमित आफूलाई उत्सर्ग गर्नु । यही परिपाटीमा अशान्त र दुःखीहृदयले छटपटाएका गौतम बुद्धले यस्तै केही ठोस काम गर्ने अठोट गरी आफ्ना सम्पूर्ण सुखसयल राजापाट समेत छोडी तपस्यामा उत्रने निर्णय गरे ।



Downloaded from http://www.dhamma.digital

यसबारे हीरामान गुरुङ्ग 'स्याङजा' लिखित 'सिद्धार्थको गृहत्याग एउटै कारण ?' शीर्षक लेख (आनन्दभूमि वर्ष १९ अङ्क ८) पनि मननयोग्य छ। अवश्य पनि महान् प्रेरणा नभै केवल चार निमित (बुद्ध, रोगी, मृतक र सन्यासी) देखेर मात्रै राजपाट छोडिहिँडे भन्ने कुरा नहुन सक्छ किनभने २९ वर्षको उमेरसम्म पनि बहुश्रुत र प्रतिभाशाली अनेक ज्ञान र सीपयुक्त सिद्धार्थले यस्ता निमित्तिहरूसित परिचित नहुनु भनेको कठिन कुरो हो। सायद कोलीयबीचको वैमनस्य, शाक्यहरूको त्यस बेलाको हीन स्थिति, अशान्ति र दु:खको आगोमा तड्पिरहेका आफ्ना प्यारा नागरिकहरू र जनताको सुखको निम्ति उत्सर्ग गर्ने राजपरम्परा आदिले उनलाई प्रेरित गरेको हुनुपर्छ। बुद्धले त्यति बेलाका महान् दार्शनिक र योगीहरू आलार कालाम र रामपुत्तबाट आकिञ्चन्यायतन, नैवसंज्ञानासंज्ञायतन आदि योग सिकेका थिए। तर त्यसबाट आफ्ना समस्या समाधान हुने नदेखी उदास भई आफ्नै मौलिक खोजमा लागेका थिए (बोधिराजकुमार सूत्र)। यस सूत्रमा पनि बुद्धले आफ्नो गृहत्यागको स्मरण चार निमित्त बताएका छैनन, अपितु सुख-शान्तिको खोजी बताएका छन् जसको खोज दरबारी सुखसयलभित्र संभव थिएन। शान्तिको खोजीमा जुन आर्यसत्य पत्ता लगाए त्यो केवल कपिलवस्तु निवासीहरूको लागि मात्र नभै सम्पूर्ण मानव समाजको लागिनै हुनगयो।

बुद्धले धर्म अर्थात् सत्यलाई जुनरूपमा देखे तथा ग्रहण गरे त्यसमा आफ्नो सम्यक्दृष्टिलाई सबै प्रकारका वादबाट अलग राखेका छन्। बुद्धका पालामा पनि करीव १६/१७ वटा वादहरू थिए। त्यसताका प्रचलित वादहरूलाई उनी मतहरूको कान्तार अथवा जंजाल संझन्थे जसमा फँसेर सत्य अथवा धर्म पाइन्नथ्यो। बुद्धले सत्यता अथवा यथार्थतालाईनै धर्मको संज्ञा दिए र उनले एकबार एक भिक्षु वक्कलीलाई भनेका पनि थिए। "हे वक्कली ! मेरो रूपलाई के हेर्छौ ? जसले धर्मलाई देख्छ उसले मलाई देख्छ।" यहाँ धर्मको अर्थ कुनै वाद नभै सत्यता हो।

बुद्धले आफ्ना अनुयायीहरूलाई पनि निर्वाणमा सहायक विचार धाराहरूलाई समेत आफ्नो टाउकोको भार गरी नराख्नको लागि आह्वान गरे, जसरी कि खोला तरी गएपछि डुंगालाई किनारैमा छोड्नुपर्छ, बोकिरहनु आवश्यक हुँदैन। त्यस्तै एकफेर आलार कालामहरूको गाउँमा जाँदा त्यहाँका



Downloaded from http://www.dhamma.digital

मानिसहरू अन्योलमा परी कुन मतलाई ठीक मान्ने भन्ने प्रश्नको उत्तरमा बुद्धले कुनै वादमा नफँसी र विवेक र स्वतन्त्र चिन्तनले आफूलाई ठीक जाँचेको दृष्टिकोण राख्ने उपदेश दिएका थिए। शरीर तथा जीव एउटै हो वा अलग-अलग हुन– यी दुइटै दृष्टिकोणलाई उनले श्रेष्ठ जीवनको लागि उपयुक्त मान्दैनथे किनकि एउटै हो भनेमा पनि र अलग-अलग हुन् भनेमा पनि स्वेच्छाचारी जीवनलाईनै टेवा मिल्ने हुन्छ र श्रेष्ठ जीवनबाट विमुख हुन सक्छ। त्यस्तै उनी आफूलाई न शास्वतवादी न उच्छेदवादी मान्दथे र कतिपय निरर्थक दार्शनिक उल्झनहरूमा उलझनुभन्दा तिनीहरूबारे आर्यमौन पालनगर्नु श्रेयस्कर सम्झन्थे जसलाई उनी आफ्ना अव्यक्तव्यहरू भन्दथे।

आर्यसत्यको खोजीमा लागेका बुद्धले सबैप्रकारका दार्शनिक परि कल्पनाहरू र उल्झनहरूबाट बच्न कुशल वैज्ञानिकले जस्तै केवल यथार्थतामा आधारित तथ्यहरूलाईनै आफ्नो चिन्तनको आधार बनाए जुन तथ्यलाई कुनै हालतमा पनि नकार्न सकिन्नथ्यो र वैज्ञानिकहरूले प्राकृतिक नियमहरूलाई जस्तै उनका आर्यसत्यहरूलाई पनि कुनै बुद्धले कुनै बेलामा पनि उघारेर मानिसहरूलाई बोध गराउन सक्नेछ भन्ने उनको धारणा थियो। यसैकारण उनले आफूलाई तथागत अर्थात् जसरी आए अरु बुद्धहरू उसरीनै आएका मान्दथे। वास्तवमा आर्यसत्यलाईनै उनी प्राथमिक मान्दथे बुद्धहरू त उनीहरूलाई बोधगरी प्रकट गर्न आएका निमित्तहरूमात्र संझन्थे।

बुद्धका आर्यसत्यहरू यथार्थतामा आधारित एवं वादहरूबाट पर छन् भन्नेकुरा उनका मूलभूत सिद्धान्तहरूबाट स्पष्ट हुन्छ। संस्कार (मानव निर्मित वा प्रकृतिमा बनेका सम्पूर्ण वस्तु वा वस्तुस्थितिहरू तथा तिनका मानसिक आकृतिहरू) अनित्य छन् परिवर्तन धर्मा छन्। सबै प्रकारका धर्म (वस्तु वा वस्तुका स्वभावहरू) अनात्म छन् (न म हूँ र मेरो हो) सबै प्रकारका संस्कारहरू अशान्ति एवं क्लेश उत्पादक हुन् अतः दुःख हुन्। यिनीहरूको बारेमा यथार्थ कुरा थाहा नपाउनालेनै (अर्थात् अविद्याको कारणबाट) नै संस्कारहरू बटुलिन्छन्, तिनीहरूमा तृष्णा उत्पन्न गरिन्छ। अनि भवचक्रमा फँसिन्छ र यसरी भवचक्र घुम्ने प्रकृया अर्थात् कारण कार्य पद्धति लागू हुन्छ अथवा उनका शब्दमा भवचक्रलाई जंजीरहरू (अविद्या-संस्कार-नामरूप-विज्ञान-षडायतन-स्पर्श-वेदना-तृष्णा-उपादान-भव-जाति-जरामरणादि)



Downloaded from http://www.dhamma.digital

प्रतीत्यसमुत्पन्न छन् । प्रज्ञा चक्षुद्वारा यथार्थ सत्यको साक्षात्कार भएमा (अर्थात् अविद्या नरहेमा) संस्कारको निस्सारता बारे ज्ञात भई तृष्णाको बन्धनबाट छुट्न जान्छ र परम शान्त स्थिति (निर्वाण) प्राप्त हुन्छ। यो कुरा उनी आफ्नै अनुभवबाट प्रत्यक्ष गरी उपदेश गरेका हुन् ।

अब यसप्रकारको दृष्टिकोण राख्ने बुद्धलाई भौतिकवादी भन्ने कि अध्यात्मवादी ? वास्तवमा बुद्ध दबै होइनन्। आफ्नो सभ्यताको खोजमा उनले वादविवादमा फँसेका ईश्वरलाई पनि ल्याएनन् । मन र पदार्थ एउटै हुन् वा अलग-अलग, मरेपछि तथागतको के हुन्छ ? लोक सान्त कि अनन्त ? लोकको आदि कारण क्यै छ कि ? जीव र शरीर एउटै हुन् ? इत्यादि विवादलाई आफूबाट टाढा अकथनीय वा अव्यक्तव्यको स्थितिमा राखेरनै उनले आर्य सत्यको खोजी गरेका हुन् ।

बुद्धले आफ्नो जमानाका केही लोकप्रिय अवधारणाहरूलाई यथावतै लिए, यसबारे माथापच्ची गरी जनतालाई अलमल्याउने काम उनले गरेनन्। स्वर्ग तथा नरक, मार तथा देवगण, अनेक लोकहरू, पुनर्जन्म र भवचक्रबाट नछुटेसम्म जन्म लिइरहनुपर्ने स्थिति इत्यादि त्यतिबेलाका सामाजिक अवधारणाहरू भित्रै रही उनले आफ्ना सत्यहरूलाई प्रकाशमा ल्याए। उनको मूलध्येय समाजमा शान्ति ल्याउनु तथा व्यक्तिगत जीवन परमशान्त (निर्वृत्त) भएर व्यतित गर्नु थियो र समाजमा अशान्ति ल्याउने खालका मिथ्यादृष्टिहरू तथा पाखण्ड र दुराचारहरूको उनले विरोध गरेका थिए ।

यथार्थतामा आधारित भएकालेनै उनका सत्यताहरूमा वैज्ञानिकता हुन सक्छ, उनको स्वतन्त्र चिन्तनको शैलीमा वैज्ञानिकता हुन सक्छ तर त्यतिले उनी भौतिकवादको सांघुरो घेराभित्र अटाउँदैनन्, न त परमशान्त स्थिति वा निर्वाण प्राप्त गर्दैमा अध्यात्मवादको संकीर्ण घेराभित्रैनै उनी अटाउन सक्छन् । बुद्धले न पदार्थ शक्ति जस्ता भौतिक तत्वलाई जगतको मूलतत्व मानेका छन् न आत्मालाईनै। दुःखाग्निमा जलिरहेका मानव हृदयलाई शीतल गर्नुनै उनको मूलध्येय थियो । जसरी कि उनी भन्छन् दुःखरूपी विषालु वाण लागेको व्यक्तिले यदि यो भन्छन् भने कि जबसम्म यो वाण कसले हानेको हो, किन हानेको हो, कसरी हानेको हो, यो वाण कसरी कसले बनायो, यो वाण हान्ने मान्छे कुन प्रकृतिको छ, यी सबै यथार्थ नजानी म



Downloaded from http://www.dhamma.digital

वाण निकाली औषधि गर्दिन भन्यो भने यी सबै थाहा पाउनु अगाडिनै उनी विषालु वाणको प्रभावबाट मरिसक्छन् । भौतिक तथा अध्यात्मवादका सांघुरा घेराहरूबाट माथि उठेका गौतम बुद्ध वास्तवमा उनका आर्यसत्यहरू जस्तै महान् स्वतन्त्र र वादरहित छन् ।

**आनन्द भूमि, २०/३**

## *बाँच्ने नै हौ यदि भने.....*

केवल दु:खको पोको भएर नबाँच, मान्छे, यहाँ
जन्म जन्मसम्म दु:ख भोगी सुखको आशामा ।
शरीर र मनका कामनाहरूलाई आफ्नो ठानी,
पूर्ति गर्न खोज्दा-खोज्दै,
दु:खको भुमरीमा अल्फँदै जीवन नबिताऊ ।
थाहा पाऊ, कामनाको पूर्ति कहिल्यै हुँदैन,
केवल कामनाको रूपान्तर मात्र हुन्छ यहाँ !
यो अनित्य शरीर र मन तिम्रो होइन,
परिवर्तनशील छ, यो संसार, केवल परिवर्तन मात्र छ यहाँ,
न त कोही हुन्छ परिवर्तित, न गर्छ कसैले परिवर्तन यहाँ,
सब स्वभाववश पलपल बदलीरहन्छन् यहाँ ।
यस्तैमा, अज्ञानवश अनि संस्कारवश,
शरीर र मनलाई नित्य सम्झी प्यारो ठानी,
संसारको जंजालमा फँसेर,
सुख-सुख भन्दै दु:खको ज्वालामा जलीरहेछौ यहाँ,
बाँच्नेनै हौ यदि भने, ए मान्छे !
ठीकसँग बाँच्न सिक । आर्यसत्यको प्रकाशमा,
शील-समाधि-प्रज्ञाको राजमार्गमा हिंड्दै
अनि प्राणीहरूको उद्धार गर्न,
लोकको हित र कल्याण गर्न,
अनन्त समयसम्म बाँच यहाँ !

**आनन्द भूमि, २८/८**



Downloaded from http://www.dhamma.digital

# धर्म, संविधान र जनता

नयाँ बन्ने संविधानमा धार्मिक स्वतन्त्रता र धर्म निरपेक्षताका लागि एकातिर ठूलो माग भइरहेछ भने अर्कोतिर पुरानै यथास्थिति धार्मिक प्रावधानको आगह्र गर्नेहरूको तर्क सुनिन्छ । धर्म निरपेक्षता कायम भए एउटा मात्र धर्मको साम्राज्य अस्त भएर जान्छ यो पनि निर्विवाद छ। यसैले अचेल एक थरी मान्छेहरू धर्म साम्राज्यलाई जिताई राख्ने प्रयत्नमा लागिरहेका देखिन्छन् भने आर्कोतिर जनताको बलिदानबाट आएको प्रजातान्त्रिक र मानव अधिकारको विजयमा देशलाई धर्म निरपेक्ष गर्ने तर्फ पनि प्रयत्न भैरहेको देखिन्छ ।

वास्तवमा, धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता पर्यायवाची शब्दहरू हुन्। यो कुरा पनि ध्रुव सत्य हो कि एउटा मात्र धर्मलाई प्रमुखता दिइएमा राज्यमा अन्य धर्महरूको लागि धार्मिक स्वतन्त्रता हुनै सक्दैन । जस्तै, एउटी आमाको चार सन्तान मध्ये एकजनाको नाममा घर खेत दर्ता गरी दिएर तिमीहरू सबै मेरो लागि बराबर हौं, बराबर स्वतन्त्र छौ भनी भने कसैले पत्याउन सक्दैन ।

नयाँ संविधानमा हिन्दू राज्य घोषणा गरिनुपर्छ भन्ने आशयले छापिएका लेखहरूमा निम्न बूंदाहरू देखिन्छन्–

(१) बहुत्वको कदर प्रजातन्त्रमा गरिनु पर्छ ।

(२) नेपालमा जनता मध्ये ९५ प्रतिशत हिन्दूहरू हुन् ।

(३) अतः नेपाललाई हिन्दू राज्य भनी घोषणा गरिनुपर्छ ।

(४) अन्यथा दँगा-फसादहरू हुने छन् ।

(५) धार्मिक स्वतन्त्रता दिए पनि धर्म निरपेक्ष गरिनु हुँदैन ।

माथिका दलीलहरू मध्ये (१) (२) र (३) लाई क्रमशः मिलाएर विचार गरे बहुत्वको आधारमा प्रभुत्व जमाउने कुरा स्पष्ट देखिन्छ, आम चुनावमा विजेता दलको सरकार गठन गरिनु पर्छ, तदनुसारको व्यवस्था हुनुपर्छ, भन्ने जस्तै । तर राजनैतिक दलको स्थानमा धर्मलाई राख्दा धर्मको सीधा राजनीतिकरण हुन जान्छ, र इतिहास साक्षी छ यस्तै धर्मलाई राजनीतिकरण गर्दा हुँदा दंगा-फसादहरू हुन्छन् । सन् १९४८ को भारतका हिन्दू मुस्लीम



Downloaded from http://www.dhamma.digital

दंगा पनि धर्मलाई राजनीतिमा ल्याई राजनैतिक विभाजन गर्ने प्रयत्नमा भएको थियो । धर्म निरपेक्षताको कारणले दंगा भएको भए अहिले पनि भैरहनु पर्थ्यो तर त्यसो भएको छैन ।

जव बहुत्वको आधारमा एउटा मात्र धर्मको प्राथमिकता कायम हुन्छ तव बहुत्वको आधारमा एउटा धर्मले राजनैतिक संरक्षण पाएर अल्पसंख्यक धर्महरूको दमन हुन्छ प्रत्यक्षबाट, अप्रत्यक्षबाट अनि असन्तोषको लहर फैलन थाल्छ, केही कालसम्म उकुस-मुकुस भएर शान्त बसे पनि पछि आएर विस्फोट हुने डर हुन्छ । नेपालमा पनि बौद्ध संघ-संस्थालाई सनातन धर्म संघलाई जस्तो सरकारी सुविधा प्रश्रय वार्षिक अनुदान नभएको यसको उदाहरण हो ।

नेपालमा ९५ प्रतिशत हिन्दूहरू छन् भन्ने बारे अन्य धर्म जस्तै बौद्ध, शिख, जैन आदीलाई पनि हिन्दू धर्ममै गाभेर भएको हो कि, यो कुरा प्रष्ट भएको छैन, किनकी हिन्दू धर्मको एकतर्फिको नयाँ परिभाषा बमोजिम बौद्ध, शिख, जैन आदि धर्महरूलाई पनि हिन्दू धर्मकै शाखामा लिइएको छ । जबकि अन्तर्राष्ट्रियका कुनै पनि बौद्धहरू यस कुरालाई स्वीकार गर्दैनन् र नेपालमा पनि यसको विरोधमा आवाज उठिरहेको छ। (हेर्नुहोस्– श्री तिलकमान गुभाजु लिखित पुस्तक– के बुद्ध धर्म हिन्दू धर्मको शाखा हो र ? प्रकाशक: आनन्दकुटी विहार गुठी)

संकीर्ण दृष्टिकोणले हेर्दा धर्म निरपेक्ष राष्ट्रहरू सबैमा धार्मिक दंगा-फसाद भैरहनु पर्ने हो तर यसो भैरहेको छैन ।

धर्म निरपेक्ष राज्यमानै, वास्तवमा, धार्मिक सह-अस्तित्वको भावनाहरूको अभिवृद्धि हुन सक्छ। प्रजातन्त्रको अर्थ शान्तिपूर्ण सह-अस्तित्व पनि हो, विभिन्न मतहरूको बीचमा, विभिन्न धर्मावलम्बीहरूको बीचमा प्रजातन्त्रमानै स्वतन्त्रता अन्तर्गत विभिन्न मतहरूलाई कदर गर्ने मर्यादा पनि फस्टाउन सक्छ । जस्तै एउटै परिवारका सदश्यहरूलाई जसलाई जे मन लाग्यो गरेर हिंडेमा अशान्ति हुन्छ, त्यस्तै परिवारको एक जनाको सदस्यको अगाडि अरुलाई दवेर बस्नु परेमा पनि अशान्तिनै हुन्छ तर पारस्परिक प्रेम, विस्वास, समादर भावना र पारिवारिक सहलहको कारणबाट उत्पन्न प्रावधान अनुसार आ-आफ्ना कामहरू गरेर पनि शान्तिपूर्ण



Downloaded from http://www.dhamma.digital

सह-अस्तित्व कायम गरी सुखपूर्वक पारिवारिक जीवन बिताउन सक्छन्, त्यस्तै प्रजातन्त्रमा पनि धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रतासँगै सहनशीलता (Tolerance) र शान्तिपूर्ण सह-अस्तित्व (Co-existence) को लागि प्रावधान अवश्य पनि रहनुपर्छ। यसो भएमा एउटा धर्मको कारण अरु धर्मावलम्बीहरूलाई उकुस-मुकुस भएर बस्नुपर्ने स्थिति नआएर सह-अस्तित्वको भावनाको सृजना र अभिवृद्धि हुनसक्छ ।

आफ्ना देशभित्रका सबै मत-मतान्तर तथा धर्मलाई समान भावले हेर्नु, समान आदरले हेर्नु, प्रजातान्त्रिक अभ्यासको एउटा आवश्यक अंग पनि हो जस्तै– आफ्नो छिमेकीलाई रेडियो ठूलो आवाजले बजाउँदा डिस्टर्ब भयो भने सानो आवाजले बजाउँदा आफ्नो स्वतन्त्रता हनन भयो भनी सम्झनु प्रजातान्तिक भावना अवश्य पनि हुन सक्दैन । समाजको स्थितिमा जहाँ एक वर्गको हित अन्य वर्गको हितमा गांसिएको हुन्छ जसले जुनबेला जे पनि गर्न पाउनु प्रजातन्त्र र स्वतन्त्रताको अर्थ कहिले पनि हुन सक्दैन । यसो भयो भने उल्टो प्रजातन्त्रको दुरुपयोग भएर ह्रास भएर जान्छ । सर्व धर्म समभावनाको साथै सह-अस्तित्वको लागि कुसल आचरण पनि प्रजातन्त्रमा अवश्य हुन्छ भन्ने कुरा जति मात्रामा व्यवहारमा चरितार्थ भएर जान्छ, उति मात्रामानै प्रजातन्त्रको जग वलियो यो भएर जान्छ प्रजातन्त्रमा प्रजातान्त्रिक अभ्यासको लागि प्रावधान अवश्य हुनुपर्छ, विभिन्न मत-मतान्तरबीच सह-अस्तित्वको लागि व्यवस्था अवश्य हुनुपर्छ तर यसैको लागि बहुत्वको आधारमा राज्यलाईनै धर्मको नामाकरण गर्ने कुनै आवश्यकता देखिदैन । राज्यले एक धर्मलाई उच्च स्तरको स्थान दिंदा सरकारी संचार माध्यम एक धर्म र दर्शनको पक्षमा जान्छ यसले गर्दा धार्मिक अशान्ति भैरहन्छ ।

स्वतन्त्रता र शान्तिपूर्ण सह-अस्तित्व कसरी सँग-सँगै जान सक्छ भन्ने प्रश्न उठ्न सक्छ, तर यस्तो सम्भव गर्न सभ्य सु-संस्कृत र सु-शिक्षित जनताको निर्माण गर्ने दायित्व पनि प्रजातन्त्रको रहेको छ । बाँदरको हातमा नरिवल भनेजस्तै प्रजातन्त्र अन्तर्गत आएको स्वतन्त्रतालाई ढुक्क प्रयोग गरेर अनेक समस्याहरू आइपर्न नदिन, आवश्यक जन भावनाको विकासको लागि पूर्वाधारहरूको निर्माण गर्नु प्रजातन्त्रलाई दिगो राख्नको लागि आवश्यक हुन्छ ।

हाम्रो नेपालको स्वर्णीम युगको धार्मिक सहिष्णुता र सह-अस्तित्व र विगत केही दशकमा धर्मप्रति भएका घटनाहरूको हृदयंगम गरी सर्वधर्म



Downloaded from http://www.dhamma.digital

समभाव र कुशलाचराणको अभ्यास सजिलैसित फस्टाउनका लागि आशावादी भावी संविधानमा धर्म बारेमा प्रावधान हुनु पर्दछ। मानिसलाई बलजफ्ती धर्म गराउने कसैलाई अधिकार छैन।

साथै आफ्नो विवेक, बुद्धि र श्रद्धानुसार आफूले चाहेको धर्ममा लाग्न पाउने अधिकार पनि मानवको जन्मसिद्ध अधिकार हो।

**धर्मकीर्ति, ८/२**

♥ ♥ ♥



*असारे सारमतिनो – सारे चा' सारदस्सिनो।*
*ते सारं ना'धिगच्छन्ति– मिच्छासङ्कप्प गोचरा ॥*

❖ असारलाई सार, सारलाई असार ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिलाई सार पदार्थको लाभ हुँदैन। (धम्मपद)

* * *



Downloaded from http://www.dhamma.digital

# पूज्य अश्वघोष भन्ते र अनात्मवाद

अश्वघोष भन्तेको एउटा लेख "बुद्धको अनात्मवाद एक दृष्टि" (हेर्नुहोस्- बासुदेव देशारद्वारा सम्पादित- बुद्धको जीवनोपयोगी शिक्षाहरू- एक विवेचना) मा पढेपछि अनात्मवादलाई हेर्ने एउटा नयाँ दृष्टिकोण पाएको जस्तो लाग्यो ।

उक्त लेखमा पूज्य भन्तेले आत्मवादलाई अहंकारीपन (म, मेरो हुँ भन्ने पन) र अनात्मवादलाई निरहंकारीपनको अर्थामा लिनुभएको छ ।

पहिलो आत्मवाद भनेको वेद, उपनिषद् वर्णित आत्मा छ भन्ने वाद र अनात्मवाद भनेको त्यसको विपरित आत्मा छैन भने वादको अर्थमा लिने गरिन्थ्यो । यसबाट आत्मा भनेको के हो भन्ने झमेलामा पर्नु स्वाभाविकै हो । त्यो आत्माको बारेमा यस्तो भनिएको छ–

***"नै नं छिन्दन्ति शस्याणि, नै नं दहति पावको***
***न चै नं क्लेदय न्त्यापो, न शोषयति मारूत:" (गीता)***

यस्तोलाई सम्झने बुझ्ने कसरी ? जसको न रूप छ, न रंग छ, न अरु केही छ, न संसारमा अस्तित्व युक्त कुनैसँग मिल्छ, जो न पदार्थ हो न शक्ति । संसारमा केवल दुइकोनै अस्तित्व छ- कि पदार्थ कि शक्ति । यी दुबै होइन भनेपछि आत्माको अस्तित्वनै भएन, जो छँदै छैन, त्यसलाई आत्मा छैन (न आत्मा) भनी दिनु कति गाऱ्हो हो र ?

बुद्धधर्ममा अनात्मवादलाई व्यक्त गर्ने अर्को सजिलो तरिका छ- त्यो हो आफू र आफ्नो भन्ने केही पनि छैन, यहाँ सबै आफ्नै तालले परिवर्तन भएर जान्छ, उदय-व्यय भएर जान्छ । एकदिन छोड्नु पर्ने कुनै वस्तु, शरीर वा मनलाई कसरी आफू आफ्नो भन्ने । यहाँ आफ्नो होइन लाई न अत्ता (न आत्म वा अनात्म) ले व्यक्त गरिएको छ । जे छ सबै अनात्म छ । तैपनि एकातिर हामी भन्छौ- यो मेरो शरीर, यो मेरो घर, यो मेरो धन, यो मेरो मन, अनि म यस्तो, म उस्तो, भनी अहंकार ('म' कार) गर्छौं । यसो किन भयो ? यो भावना सँग पूज्य भन्तेको अनात्मवादको भनाइ मिल्न आउँछ ।



Downloaded from http://www.dhamma.digital

अहंकार अर्थात् 'म', 'मेरो' भनी गर्व गर्नुको पछाडि अहं = म भन्ने भावना छ । आफूले आफूलाई 'म' देख्नुबाटै ममता (मेरो पन) र अहंकार शुरू हुन्छ । अहंकार हुनुलाई धेरै धनमाल हुनुपर्छ भन्ने होइन । एउटा कमिलालाई पनि यो 'म', 'यो मेरो घर' इत्यादि अहंकार हुन सक्छ । एउटा भिखारीलाई पनि आज त मैले दश रूपियाँ जम्मा गरें भन्ने अहंकार हुन सक्छ ।

पूज्य अश्वघोष भन्तेले भन्नु भए जस्तै विनम्रताले अहंकारलाई दमन गरी राख्नुपर्छ । तर म विनम्र छु भन्ने भावना भित्र पनि अहंकारले ठाउँ लिन्छ । 'म' र 'ममता' रहेसम्म अहंकारले टाउको उठाउने ठाउँ पाउँछ । अहंकारको जड नै 'म', 'मेरो' पनको भावना हो । यसलाईनै मेटाउने गरी हामी विनम्र हुन सकौंला ? बुद्धले यसैको निम्ति हामीलाई सम्पूर्ण तृष्णा क्षय गर्ने आठ अंग युक्त शील, समाधि, प्रज्ञाको मार्ग देखाउनु भएको होइन र ? हुँदै नभएको 'म', 'मेरो' लाई छ भनी ठान्नुनै हाम्रो अज्ञान वा अविद्याको मूल होइन र ? सायद यही पूज्य भन्तेले लक्षित गर्नु भएको अनात्मवाद हो, जसलाई प्राप्त गर्नु सबै बुद्ध-धर्म प्रेमीहरूको ध्येय हो ।

**धर्मकीर्ति, २१/१**

♥ ♥ ♥



***इध सोचति पेच्च सोचति***
***पापकारी उभयत्थ चोचति ।***
***सो सोचसि सो विहञ्ञति***
***दिस्वा कम्मकिलिट्ठम'त्तनो ॥***

❖ पापी व्यक्तिलाई इहलोक परलोक दुबै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै दु:खी र पीडित हुन्छ । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# महामानव र अलौकिक चमत्कार

यो विश्व प्राकृतिक नियम अन्तर्गत चलिरहेको छ । यो विश्व गतिशील परमाणु अणुहरूको क्रियाशील जमघट हो, जहाँ प्रतिक्षण परिवर्तन भइरहन्छ । प्राकृतिक नियमहरू अन्तर्गत परिवर्तन हुँदाहुँदै आजको अवस्थासम्म आएको छ, र यसरीनै अनन्तसम्म गइरहनेछ ।

परिवर्तन र विकासको क्रममा यहाँ जीवकोषहरू बने, विस्तारै एक कोषीय र बहुकोषीय साना जीवहरू बने । क्रमशः ठूला-ठूला जीवहरू बने । क्रमशः मेरूदण्डयुक्त प्राणीहरू बने, मानवजाति उत्पन्न भयो, अनि परिवर्तन हुँदाहुँदै आजको अवस्थासम्म आइपुग्यो । प्राकृतिक नियम अन्तर्गत घटेका यी सबै विश्वका घटनाहरू आश्चर्यजनक छन्, तर अभ्यन्तरसम्म हेर्दा ती घटनाहरू भित्र कुनै अलौकिकता वा नियम विपरीत कुराहरू देखिँदैनन् ।

यस विश्वको सबभन्दा आश्चर्यजनक उत्पत्ति मानवमस्तिष्क रहेको छ । मानव मस्तिष्कले विज्ञानका नियमहरू अर्थात् प्रकृतिका नियमहरू खोजी निकालेका छन्, यही मस्तिष्कले प्राकृतिक घटनाहरूलाई व्याख्या गर्ने क्रममा अन्धविश्वासहरू पनि सृजना गरेका छन् । यही मस्तिष्कलेनै भूत-प्रेत देवी-देवताहरू सृजना गरी उनीहरूलाई अलौलिक चमत्कारपूर्ण शक्तिहरूले भरी दिएको छ ।

मानवजातिमा महामानवहरू पनि जन्मे । आफूले गहन, मनन, चिन्तन तपस्या गरी पत्ता लगाएका ज्ञान र सत्यका कुराहरूलाई मानव कल्याणार्थ उनीहरूले प्रचार गरे । मानव कल्याणार्थ कामहरू पनि गरे । उनीहरूका धेरै शिष्यहरू पनि भए । उनीहरूको मृत्युपश्चात् पनि अनन्य भक्तिका कारण भक्तजन वा शिष्यहरूले महामानवहरूको जीवनीमा अलौकिक चमत्कारपूर्ण घटनाहरूले भरिदिए । यी सबै कल्पनाशील, सिर्जनशील मानव मस्तिष्ककै देन हो ।

आज विज्ञानको युग छ । त्यसैले आज अधिकांश व्यक्तिहरू विज्ञान र प्राकृतिक नियममा श्रद्धा राख्छन् । अलौकिक चमत्कारपूर्ण कुराहरूले



Downloaded from http://www.dhamma.digital

प्रभाव पार्ने जमाना विस्तारै जाँदैछ । कवि वा दार्शनिक लेखकहरूले महामानवहरूको जीवनीलाई जनतामा प्रभावकारी बनाउन जुन अलौकिक चमत्कारपूर्ण अलंकारहरूले भरिदिएका छन्, आज आएर तिनीहरूको औचित्यता समाप्त प्रायः भैसकेको छ ।

बाल्मिकी र व्यासले रामायण र महाभारत लेख्दा जुन अलौकिक चमत्कारपूर्ण अलंकारहरू राम र कृष्णको जीवनीमा जोडिदिए त्यसै सिलसिलामा ऐतिहासिक पुरुष सिद्धार्थ गौतम बुद्धको जीवनीमा पनि जोडिदिएका छन् । सिद्धार्थको जन्म अलौकिक छ– आमाको कोखबाट उनी जन्मन्छन् र जन्मने वित्तिकै सात पाइला टेकी घोषणा गर्छन्- 'म संसारमा श्रेष्ठ छु' । गौतमका आन्तरिक द्वन्द्वहरू 'मार' को रूपमा चित्रण गरिदिएको छ । महाभिनिष्क्रमणको बेला देवताहरूले आई घोडाको टापमुनि आवाज ननिस्कोस् भनी हत्केला राखिदिएका थिए । भगवान् बुद्धले समय-समयमा आफ्नो योगमाया (ऋद्धिबल) प्रकट गरी शरीरबाट आगो पानीको वा तेजको वर्षा गर्थे । सायद ऐतिहासिक व्यक्ति भएकोले होला राम र कृष्णको तुलनामा गौतम बुद्धसित कम अलौकिक चमत्कारहरू जोडिएका छन् ।

उसबेला जम्मै घटनाहरू चमत्कार रूपमा दोहोरिई दोहोरिई घट्ने माथि मानसिहरू विश्वास गर्थे, राम, कृष्ण जस्तै बुद्ध पनि अरु ९ बुद्धहरू आए जस्तै त्यही सिलसिलामा आएको कुरा लेखिएको छ, जब कि इतिहासले एउटै बुद्ध- गौतमबुद्धको मात्र अस्तित्वलाई स्वीकारेको छ । सायद यस्तो विश्वास त्यसबेलाको जनमानसमा भएर होला गौतम बुद्धलाई तथागत अर्थात् त्यसै आए (जसरी आाए अरु बुद्ध) को उपाधि दिइएको छ ।

त्यस्तै पुनर्जन्म अर्थात् व्यक्ति मरोणपरान्त पुनः जन्मन्छ र फेरि संसारको दुःखचक्रमा फँस्छ, यो चक्र जन्म-जन्मान्तर चलिनै रहन्छ भनी, त्यसबेलाका मानिसहरू विश्वास गर्दथे । यसै कारण स्वयं गौतम बुद्धले आफ्ना अगाडिका जन्महरूको कुरालाई लिएर जातक कथाहरू बताएका छन् । यी कथाहरूमा जनावरहरू पनि मान्छेले जस्तै विचार गर्ने सामर्थ्य राख्दथे, जुन अप्राकृतिक घटनाहरू थिए किन कि मानवको जस्तो उच्चस्तरको मस्तिष्क अरु जनावहरूमा पाइएको छैन, न पहिलेनै थिए होला ।

तृष्णाको सर्वथा क्षयबाट यसै जन्ममा (पुनर्जन्म नभए पनि) निर्वाण अथवा सर्वथा शान्ति प्राप्त हुन्छ, यस कुरालाई बुद्ध र उनका अघि र उनी



Downloaded from http://www.dhamma.digital

पछिका शिष्यहरूले आफ्नो अनुभवबाट सत्य भएको प्रमाणित गरेका हुन् तर प्रत्येक निर्वाणप्राप्त व्यक्तिले आफ्नो अगाडिका जन्महरूलाई छर्लङ्ग देखेको कुरा बताएका छैनन् । तैपनि गौतम बुद्धले निर्वाण प्राप्तिपछि घोषणा गरेका यी शब्दहरूले उनको पुनर्जन्मप्रतिको आस्थालाई प्रष्ट पारेको छ ।

"अनेक जन्म संसारमा दौड लगाउँदै गृहकारकको खोजीमा दौडे-फेरि-फेरि जन्म हुनु दुःख हो । गृहकारक ! (फेरि-फेरि शरीर बनाउने) अब देखें, अब घर बनाउन सक्ने छैनौ । तिम्रा सबै घर बनाउने सामग्रीहरू भंग भइसके, मूल आड दिने काठनै चकनाचूर भैसक्यो, तृष्णाको क्षयबाट चित्त संस्कार रहित भइसक्यो ।"

जुन सन्देश महामानवहरूले हाम्रो कल्याणार्थ दिएका छन् चाहे अलौकिक चमत्कारले उनीहरूको जीवनलाई सिँगारौं वा नसिँगारौं, उत्तिकै मूल्यवान् छ । विशेष गरी महायानी ग्रन्थहरूमा गौतम बुद्धलाई माथि उठाएर झण्डै ईश्वरको दाँजोसम्म पुऱ्याएको छ । सायद त्यति बेला जब महायानी ग्रन्थहरू बने, जनमानसमा धर्मप्रति र स्वयं बुद्धप्रति श्रद्धा जगाउन त्यसो गर्नु आवश्यक पनि थियो होला तर यसले गर्दा बुद्धको मूल शिक्षामा भन्दा उनकै पूजा-आजामा मानिसहरूले ध्यान दिन थाले, जुन कुरा सायद उनी स्वयं मन पराउँदैनथे । भगवान्‌को रूपप्रति मोहित भई हेरिरहने एकजना व्यक्तिलाई लक्ष्य गरेर उनले भनेका थिए 'मेरो रूपलाई हेरेर के गर्छौ' वक्कली, मैले दिएको उपदेशहरू अनुसार आचरण गर ।'

आज विज्ञानको युगमा वैज्ञानिक बुद्धधर्मको यथार्थ स्वरूपलाई प्रचार प्रसार गर्नु अत्यन्त आवश्यक भएको छ । बुद्धधर्मको वैज्ञानिकतालाई अनेकन विद्वान्‌हरूले पनि स्वीकारेका छन् । वैज्ञानिक युगको धर्म बुद्धधर्मलाई आफ्नो स्वच्छ रूपमा जनमानस समक्ष राख्ने बेला अब आइसकेको छ ।

त्यस्तै संसारका अन्य धर्महरूबाट पनि अलौकिक चमत्कारपूर्ण खोल भित्रका असली शिक्षाहरू जनमानस समक्ष ल्याउनु समयानुकूल भएको छ ।

**आनन्द भूमि, २४/४**



Downloaded from http://www.dhamma.digital

# तृष्णाको स्वरूप

हामीहरूले हाम्रो वातावरणमा विभिन्न कृयाकलापहरू भैरहेका देख्छौं। विभिन्न प्राणीहरू विभिन्न स्थितिमा, विभिन्न गतिविधिहरूमा लागिरहेका देख्छौं। कसैले केही कुरा गरीरहेको छ, कसैले केही खाइरहेको छ, कोही दौडीरहेको छ, इत्यादि। के ले गर्दा सबै प्राणीहरू आफ्ना-आफ्ना कार्यहरू गर्दै परिवर्तित हुँदैछन् ?

प्रत्येक प्राणीलाई सुख मन पर्छ, दुःख मन पर्दैन। प्रत्येक पल, प्रत्येक प्राणी सुखकै खोजीमा लागिरहेको हुन्छ। हामीले देखेका प्राणीहरू पनि सुखकै लागि विभिन्न कृयाकलापहरूमा लागिरहेका हुन्छन्। मानी लेऔं, एकक्षणको लागि कुनै कारणवश अचल फोटोमा जस्तै सबैलाई टक्क जहाँको तहिं रोकिनु पऱ्यो अर्थात् उनीहरूको सुख कामना पूरा हुने बाटोमा रोकावट उत्पन्न भयो, तब के हुन्छ ? त्यही स्थितिमानै सबैलाई दुःखको अनुभूति हुन्छ।

तसर्थ सुखको अभावनै दुःख हो र दुःखको अभावनै सुख हो। अर्को शब्दमा भन्ने हो भने दुःखको फेदबाटनै सुख कामना उत्पन्न हुन्छ। हाम्रो दैनिक कृयाकलापमा कतिवटा सुखहरूसँग त हामी अभ्यस्त भइसक्छौं। हामीले हेरीरहेका छौं, श्वास फेरीरहेका छौं, हात गोडा चलाइरहेका छौं। सबै सामान्य लाग्छ। कतै हाम्रो आँखा नदेख्ने होस्, कान नसुन्ने होस्, हात गोडा नचलोस् त हामीलाई कति दुःख हुन्छ ? फेरि आँखा देख्ने होस्, कान सुन्ने होस्, हातगोडा चल्ने होस् त, हामीलाइ कति सुख लाग्छ ? त्यस कारण सुख दुःख भनेको त वास्तवमा प्राणीहरूको जीवनलाई कृयाकलापमा अग्रसर गराउन कुतकुत्याई उत्प्रेरणा दिई कार्यको लागि उर्जा निकाल्ने प्रकृतिका ज्यावलहरू मात्र हुन्। कृयाकलापको लागि सुखको कामनाले तानीरहेको हुन्छ भने दुःखको भावनाले घचेटी रहेको हुन्छ।

अब हामीहरूले कृयाकलापमा लागेका प्राणीहरूको एकक्षण अगाडि र एकक्षण पछाडिको स्थितिलाई हेरौं।

परिवर्तनको यस क्रमलाई बुझ्न एउटा सरल चित्र यहाँ प्रस्तुत गरिन्छ।



Downloaded from http://www.dhamma.digital




यहाँ व्यक्ति भन्नाले विभिन्न प्राणालीहरू (जस्तै अस्थिपंजर, मांशपेशी, रक्त-संचालन, श्वास-प्रश्वास, पाचन पुनरूत्पादन, स्नायू-पुञ्ज (मस्तिष्क सहित), ग्रन्थि, निष्कासन आदि प्रणालीहरू आँखा, कान आदि इन्द्रियहरू तथा मस्तिष्कमा सचित पूर्वार्जित संस्कारहरूलाई जनाएको छ। वास्तवमा यी प्राणीहरू तथा त्यस्मा निहित संस्कारहरू बाहेक व्यक्ति भन्ने छुट्टै कोही हुँदैन। यिनीहरूलाई जाहेर गर्ने व्यक्ति केवल एउटा नाम मात्र हो।

संस्कारहरू भन्नाले व्यक्तिले मातापिताबाट गर्भावस्थाको शुरूमा प्राप्त गरेका सन्तनत (Heredity) वाहक जीनहरू (R.N.A, D.N.A) आदि कणहरू, त्यस्मा रहेका गुणहरू तथा जन्मदेखि हालसम्मको परिवर्तनको क्रममा विकास हुँदै मस्तिष्कमा छापपर्दै आएका शारिरीक तथा मानसिक स्थितिहरूलाई जनाइएको छ। व्यक्तिको शरीर र मनको स्थिति र झुकावले उसका संस्कारहरूलाई झल्काउँछ। बाहिरको वातावरणबाट इन्द्रियको माध्यमबाट भित्रिएका सचेतनाहरूले व्यक्तिको संस्कार माथि प्रतिकृया गर्छ र संस्कारहरू अनुरूप व्यक्तिले प्रतिकृया जनाउँछ। एकै प्रकारको संचेतनामा पनि विभिन्न व्यक्तिहरूले विभिन्न प्रतिकृयाहरू जनाउँछन्। वातावरण भन्नाले यहाँ चारैतिरका प्राणीहरू, वस्तुहरू इत्यादि सबैलाई जनाउँछ, जुनसँग व्यक्ति कृया-प्रतिकृयामा लागिरहेको हुन्छ। स्वयं व्यक्ति पनि वातावरणकै एक अभिन्न अंश भएपनि, अज्ञानतावश व्यक्तिले आफूलाई अलग्गै सम्झन्छ।

अब परिवर्तनका क्रमलाई बुझ्ने प्रयत्न गरौं।

(१) व्यक्तिले स्थिति १ अनुसार वातावरणबाट इन्द्रियहरूले भित्र्याएका संचेतनाहरू विभिन्न प्रकारका शक्ति तरगंहरूको (Energy-waves) को रूपमा ग्रहण गर्छ।

(२) यसरी ग्रहण गरेका संचेतनाहरू पूर्वार्जित संस्कारहरूसँग कृया-प्रतिकृया गर्छ र यस कृयामा संस्कारहरू अनुरूप सुख-दुःख वा असुख अदुःख वेदनाहरूको अनुभूति उत्पन्न हुन्छ।



Downloaded from http://www.dhamma.digital

(३) पूर्वार्जित संस्कारहरूसँग मिलेर वस्तुस्थिति वा वातावरण बारे धारणाहरू निर्माण हुन्छन् ।

(४) सुख दुःखादि वेदनाहरूको कुतकुत्याहतको कारण तृष्णाको रूपमा तन्काहट (Stress) पैदा हुन्छ, जस अनुसार मनले पुनः स्नायुहरू मार्फत मांशपेशीहरूलाई दुःखबाट विमुख हुने तथा सुखतिर लाग्ने अर्डर दिन्छ । अनि व्यक्ति कृयाकलापमा लाग्छ ।

(५) एक क्षण भित्र हुने यी कृयाहरूमा वातावरण, व्यक्ति संस्कारहरू सबै बदली सकेको हुन्छ र स्थिति १ बाट स्थिति २ मा पुगिन्छ । यस्मा बदलिएको स्थिति १ को हेतु सबै स्थिति २ मै रहेकोहुँदा, परिवर्तनको लागि कुनै बाहिरी वा पराप्राकृतिक तत्वको आवश्यकता हुँदैन । परिवर्तन स्व-संचालित हुन्छ र भूतकाल देखि वर्तमान भएर भविष्यकालसम्म यही क्रम जारी हुन्छ ।

(६) व्यक्तिको साटो कुनै वस्तु भएपनि यसरी नै परिवर्तन हुन्छ । फरक यति हुन्छ कि वस्तुको संगठन अर्थात् वस्तुको संस्कारले बाहिरी वातावरणसित कसरी प्रतिकृया गर्छ भन्ने कुरा निर्धारण गर्छ ।

माथिको चित्रमा एक क्षण जुन बितेको छ त्यो व्यक्तिको जीवन चक्र (Life-cycle) को वर्तमानको सानो हिस्सा हो । व्यक्तिको जन्म देखि मृत्यु सम्मको जीवन चक्रमा परिवर्तनको क्रम यसरीनै चल्दछ ।

संसारका सबै जीवित प्राणीहरू (वनस्पति वा जनावर सबै) आफ्ना आफ्ना ढंगले जीवन चक्र (Life cycle) पुरा गर्ने दौडमा लागिरहेका हुन्छन् । जन्म बृद्धि, युवावस्था, प्रौढावस्ता सन्तान उत्पादन, सन्तानको सुरक्षा र हेर चाह, वृद्धावस्था, जर्जरावस्था र देहावसान प्रकृतिद्वारा नियोजित यस जीवन चक्रमा घुम्दै प्राणीहरू विकास भैरहेका हुन्छन् । परिस्थिति अनुसार परिवर्तन भएर जानुलाई यहाँ विकास हुन भनिएको छ । जबदेखि पृथ्वीमा जीवन शुरू भयो, तब देखि स्नायु पून्ज युक्त वा अयुक्त, सबै जीवहरू यस विकासपथमा लागिरहेका छन् । यस जीवन चक्रको माथि दिइएको वर्तमानको सानो हिस्सामा जसरी तृष्णाको तन्काहटले जीवन चक्र अगाडि बढाउन उर्जा पैदा हुन्छ, यही क्रम पुरा जीवन चक्रमा लागू रहन्छ ।

प्राणीहरू आफ्नो जीवन चक्रको कुन अवस्था (Stage) मा छ, त्यसमा वातावरणसँग कृया-प्रतिकृया गर्ने पद्धति निर्भर गर्छ, किनकि जीनहरू तथा D.N.A.,R.N.A, हरूको कृयाशीलताले पूर्वार्जित संस्कारहरूलाई नयाँ



Downloaded from http://www.dhamma.digital

दिशामा मोड दिन्छ र यस्मा शरीरका विभिन्न ग्रन्थीहरूले पनि आफ्नो-आफ्नो भूमिका खेलीरहेको हुन्छ ।

यस अनित्य जगतमा बदलिंदो वातावरण र संस्कारहरू अनुसार तृष्णाको पनि विभिन्न रूपहरू हुन्छन्, जस्तै काम वासनाको तृष्णा, संसारमा रमण गर्ने तृष्णा, संसारबाट विरक्तिएर पर भाग्ने तृष्णा, इत्यादि । संसारका अरबौं प्राणीहरूका अरबौं परिस्थिति अनुसार अरबौं प्रकारका तृष्णाहरू हुन्छन । तल्लो स्तरका कीटपतंगादि जीवहरूका पनि आफ्ना-आफ्ना तृष्णा हुन्छन् । यति मात्र नभै बोल्न नसक्ने स्नायुपुञ्ज नभएका बोट विरूवाहरूमा पनि आफ्ना अगाडिको जीवन चक्रमा जाने जुन झुकाव हुन्छ र त्यस्को लागि प्रकृतिले जुन शक्ति निकाल्दछ त्यसलाई पनि तृष्णाकै सूक्ष्म स्वरूप मान्न सकिन्छ । अझ सूक्ष्मतम रूपमा जाने हो भने वाह्य वातावरणसितको प्रतिकृयामा एउटा चलायमान अणुमा जुन अगाडिको चालको लागि तन्काहट पैदा हुन्छ, त्यो पनि तृष्णाकै अर्थमा लिन सकिन्छ । यस तृष्णाकै चक्करमा सारा विश्व लागिरहेको अनुमान गर्न सकिन्छ ।

जीवन चक्रको दौडमा लगाउन प्रकृतिले स्नायुपुञ्ज र मस्तिष्क युक्त चेतनशील प्राणीमा आफ्नो अस्तित्व आफैले थाहापाई वातावरणबाट आफूलाई अलग्याएर 'म' को अस्तित्व महसूस गराउँछ । वास्तवमा यस विश्व प्रवाहमा परिवर्तनशील जे जति छन सबै परस्पर अन्तकृया गर्दै एकभै अगाडि बढीरहेको छ र 'म' को अस्तित्व केवल काल्पनिक मात्र हो, तथा यस झूठो अस्तित्वलाई व्यक्तिले यथार्थ कुरा थाहा नपाएर अथवा भनौं अविद्याको कारणले साँचो देख्छ र वातावरण प्राणालीहरूको कृया प्रतिकृयाको फल स्वरूप उत्पन्न भैरहने वेदना र तृणासँग सो 'म' ले तादांत्म्य स्थापना गर्छ अनि 'म' बाट ममता जागृत हुन्छ, यो शरीर मेरो, यो वस्तु मेरो, यो तेरो, इत्यादि । ममताबाट आफ्नो शरीरको रक्षा गर्ने साथै जीवन चक्रमा दौडने धुन पैदा हुन्छ । ममता र स्वार्थको यस यात्रा जीवनभर त रहन्छनै अविद्या र संस्कार रहिरहेसम्म अर्को जन्ममा पनि रहिरहन्छ ।

मेरो तेराको फेरो सहित ममताको कारण उत्पन्न राग, द्वेष, लोभ, काम, इर्ष्या, क्रोधले गर्दा संसारमा जुन अशान्ति मच्चीरहेको छ, सबैले थाहा पाइ आएकै कुरा हो, तथापि थाहा पाउँदैमा अविद्याको पर्दा त्यसै हट्दैन ।



Downloaded from http://www.dhamma.digital

अविद्याको अंधकारमा झूठो 'म' भन्ने भावना पैदा गर्ने प्रकृतिको खेललाई प्रज्ञाको दियो बालेर छर्लङ्ग नदेखेसम्म, अर्थात् संसारको स्वभावलाई यथार्थतः नबुझेसम्म 'म' 'ममता' र तृष्णाको जकडबाट छुटकारा सम्भव हुँदैन । यसको लागि प्राणीहरू उपर असीम करूणा राखी भगवान् बुद्धले आठ अङ्गले युक्त शील, समाधि र प्रज्ञाको मार्ग खोली दिनुभएको छ। सो मार्गमा जाने काम हाम्रै हो ।

संसारको दल-दलमा फसी, सुख-सुख भन्दै मेरो र तेरोको झगडामा लाग्दै दुःखको बोझ उठाउँदै जानु श्रेय छ, अथवा संसारलाई यथार्थतः बुझी निर्लिप्त भई सांसारिक प्राणीहरूको भलाईको लागि काम गर्दै शान्ति पूर्वक जिउनु श्रेय छ, रोजाई हाम्रै हातमा छ ।

अन्धो स्वार्थवश उत्पन्न हुने राग, द्वेष, मोह, लोभ, इर्ष्या र क्रोधको कारण संसारमा जुन दुःखको ज्वाला दन्की रहेको छ, सो देख्ने जो कोहीले पनि निश्चयनै शान्तिको बाटो रोज्नेछ। यतैतिर लाग्न संसारका सबै धर्महरूले प्रेरणा दिइरहेका छन्। तर, धर्मको नाममा चलीरहेको कट्टरता, अन्धविश्वास, शोषण, हिंसा, छुवाछुत, भेदभाव आदिबाट बच्नु र धर्मको मर्मलाई बुझ्नु अत्यावश्यक छ ।

मानवको व्यक्तिगत जीवनमा मात्र नभै मानव समुदायमा पनि अशान्तिको कारणलाई चिनी शान्ति स्थापनाको लागि काम गर्नु पनि सांसारिक प्राणीहरूको हित र सुखको लागि काम गर्नुनै हुनेछ। किनकि सामूदायिक शान्तिसितै मानवको व्यक्तिगत शान्ति पनि गांसिएको हुन्छ ।

**आनन्द भूमि, ३०/१०**

♥ ♥ ♥



Downloaded from http://www.dhamma.digital

# वैज्ञानिक ज्ञान र दर्शन

हाम्रो शरीर र मन लगायत हाम्रो चारैतिर जेजति छन् र जेजति भइरहेका छन्, यी सबै के हुन् र किन र कसरी भइरहेका छन्, के यस बारे हामीले कहिल्यै गहिरिएर सोचेका छौं ?

एकछिन कौतुहलवश यस्ता प्रश्न हाम्रो मनमा उठे तापनि, आफ्नो रोजी रोटी कमाउनेमा फुर्सत नभएका हामीले, आफ्नो जीवनमा चाहिने कुरालाईनै प्राथमिकता दिन्छौं, र यस्ता प्रश्नलाई एकै छिन टोलाएर पन्छाइ दिन्छौं ।

तर मानव समाजले विशेष गरी २/३ हजार वर्ष उता, यस्ता मान्छेहरू पनि निकाले जस्ले यस्तै प्रश्नहरूको उत्तर खोज्नुनै आफ्नो मुख्य चासोको विषय बनाएर अरु सबैलाई र आवश्यक परे गार्हस्थ्य जीवनलाई नै एकातिर पन्छाइ दिए ।

यिनीहरू सामाजिक झन्झटबाट अलग्गै बसी सीधा-सादा जीवन बिताउँथे, त्याग, तपस्या, एकाग्र चिन्तन मनन गर्थे र कुनै बेला आफ्नो मनमा केही ज्ञान वा सत्यको प्रकाश परेको जस्तो लाग्यो भने सो को प्रचार जनसमुदायबीच आएर गर्थे । यिनीहरू केवल आफूले पाएको ज्ञान दर्शनलाई बोध गराउँथे, सो दर्शनको आधारमा मानव जीवनमा बेहोर्नु पर्ने व्यवहारिक काम, कर्तव्य, अर्थात् धर्मको पनि प्रचार गर्थे । जुन समुदायले पनि यिनीहरूलाई खाने लाउने र बास बस्ने प्रबन्ध मिलाई दिन्थे । यिनीहरूनै हाम्रा ऋषी, मूनी, सन्त, महा-मानव दार्शनिकहरू हुन् ।

दर्शनको उत्पत्तिनै व्यक्तिगत चिन्तन प्राणालीमा निर्भर गर्ने हुनाले, प्रत्येक दार्शनिक आफ्नो मत र सो मत मान्ने अनुयायीहरू हुन्थे । एक जमाना यस्तो पनि थियो, जब दर्जनौं यस्ता दार्शनिकहरू गाउँ शहरमा आफ्नो मतको प्रचार गर्दै हिंड्थे, र फलस्वरूप मानिसहरू अन्यौलमा पर्थे कि कसको कुरा मान्ने र कसको नमान्ने स्वयं गहिरिएर विचार गर्ने न फुर्सत हुन्थ्यो र त्यसलाई चाहिने एकान्तको वातावरणनै उपलब्ध हुन्थ्यो । यस्ता



Downloaded from http://www.dhamma.digital

धर्म प्रचारकहरू मध्ये सायद गौतम बुद्धनै पहिलो प्रचारक थिए, जसले निर्भिकतापूर्वक कसैको हाः हाः मा नलागि आफ्नो बुद्धिको कसौटीमा ठिक बेठिक जाँची बेठीक कुरालाई छोडी ठीकलाई मान्ने प्रेरणा दिए । निश्चय पनि बुद्धको यस आह्वान पछाडि वैज्ञानिक स्वतन्त्र चिन्तन प्राणालीले काम गरीरहेको थियो ।

कालान्तरमा करीव ६०० वर्ष जति अगाडि देखि यता, विश्वमा मानव जीवन र प्रकृतिबारे के किन र कसरी भन्ने प्रश्नहरूको उत्तर एकान्तको ध्यान चिन्तनको आधारमा नभै, इन्द्रियहरूको प्रयोग, अवलोकन, निरीक्षण, प्रयोग शालामा अनुसन्धान, परिक्षण, प्रयोगहरू र तर्कपूर्ण सोच विचारको आधारमा प्रकृतिको गर्भबाटै पाउने प्रयत्न गर्ने व्यक्तिहरू निस्के । यिनीहरूले पत्ता लगाएका तथ्यहरू, सिद्धान्तहरू तथा धारणाहरूलाई लेटिन भाषामा सियो (Scio) भनिने हुनाले त्यसैबाट पछि साइन्स (Science) भनिन थाले, जसलाई हामी विज्ञान भन्दछौं ।

वैज्ञानिकहरू, आफ्नै घर परिवारमा साधारण जीवन विताउँथे र फुर्सदको बेला खोजीनीति, अनुसन्धान कार्यहरू गर्थे । कुनै पनि देश, धर्म, जाति, वर्ण, लिङ्गका व्यक्तिहरू वैज्ञानिक बन्न सक्दथे ।

वैज्ञानिक नियमहरू तथा सत्यहरू संसारभरी समान हुने हुनाले संसारका सबै वैज्ञानिकहरूमा वैचारिक आदान-प्रदान हुने गर्दथ्यो र पत्ता लागाइएका वैज्ञानिक ज्ञान सबैको लागि साझा हुन्थ्यो ।

विज्ञान र वैज्ञानिक प्रविधिहरूको उपयोग आम जनताको सुख सुविधाको लागि हुन थाले पछि विज्ञानमा अधिकांश मानिसहरूको रूचि बढ्दै गयो र वैज्ञानिक खोजहरूमा गति थपिंदै गयो । करीव ६०० वर्षको अल्प समय भित्रै विज्ञानले आश्चर्यजनक प्रगति गरेको छ र प्रायः सबैजसो प्रकृति र जीवनका दार्शनिक अभिरूचिका विषयहरू पनि विज्ञानको क्षेत्रमा पारीसकेका छन्, जसमा बैज्ञानिकहरूले प्रशस्त प्रकाश पारीसकेका छन् । अचेल विज्ञानका विभिन्न शाखा उपशाखाहरू बनिसकेका छन् र हरेक शाखा उपशाखामा वैज्ञानिक ज्ञानको भण्डारमा दिन-परदिन वृद्धि हुँदैगइरहेको छ ।

यसरी अब आएर प्रकृति र दार्शनिकहरूको बीचमा वैज्ञानिक ज्ञानको यस्तो एउटा श्रृखंला थपिन गएको छ जसलाई बेवास्ता गर्न नसकिने भएको



Downloaded from http://www.dhamma.digital

छ र जसलाई आधार बनाएर मात्रै दार्शनिकहरूले आफ्नो क्षेत्रमा अगाडि बढ्नु पर्ने भएको छ ।

तर हाम्रो समाजमा जब एउटा दर्शन, धर्म तथा त्यसको आधारमा बनेका रीति रिवाजहरूले जरो गाडि सकेको हुन्छ र त्यस्ता दर्शन तथा धर्मले सनातनको उपाधि पाइसकेको हुन्छ, तब त्यसमा संवेदनशील भावनात्मक पक्ष पनि जोडिएको हुन्छ, र नयाँ विचार धाराहरूलाई विना अवरोध ग्रहण गर्ने परिस्थिति हुँदैन ।

त्यसकारण वैज्ञानिक ज्ञानको उत्पत्ति र दर्शनको विकासमा नयाँ फेरबदल भएको स्थितिप्रति विभिन्न खाले दार्शनिकहरूले विभिन्न प्रतिकृया जनाएका छन्, जसलाई मोटामोटी तीन खालमा बाँड्न सकिन्छ ।

१) वैज्ञानिक ज्ञानलाई ग्रहण गरी त्यसलाई दर्शनको आधारशीला बनाउने ।
२) आफ्नै सनातनी विचारलाई विज्ञानसम्मत सिद्ध गर्न प्रयत्न गर्ने ।
३) कट्टरपन्थी भई आफ्नै पुरानो दर्शनलाई एकमात्र सत्य सम्झने ।

तर आखिर सत्य, सत्यनै हुन्छ । विज्ञान र दर्शन दुबै मानव जातिले आफ्नो अज्ञानता हटाउन र सत्यको पहिचान गर्न विकास गरी आएका दुइ राजमार्गहरू हुन्, र यी दुइको समन्वयमानै मानव जीवनको प्रगति हुन सक्छ । मानव जीवनमा शान्ति र विकास ल्याउने वैज्ञानिकतामा आधारित दर्शन तथा धर्मलेनै यस वैज्ञानिक युगमा लोकप्रियता पाउने छ ।

उपयोगी विषय भएको हुनाले विज्ञानको पठन-पाठन अचेल हाम्रा स्कूल कलेजहरूमा हुँदैछ र यसले गर्दा पनि वैज्ञानिकतामा आधारित दर्शनलाई लोकप्रिय बनाउने परिस्थितिमा हामीले वैज्ञानिक ज्ञानमा आधारित दर्शनबारे सोच विचार गर्नु समसामायिकनै हुनेछ ।

**आनन्द भूमि, ३०/५**



Downloaded from http://www.dhamma.digital

# पृथ्वी बनोस् स्वर्ग हाम्रो

मानिसहरू भन्छन्- यस लोकमा अनित्यता छ, असत् छ, सत् छैन, अन्धकार छ, अज्ञान छ, प्रकाश छैन, ज्ञान छैन, त्यसैले कोही अदृश्य शक्तिलाई प्रार्थना गर्छन्- मलाई अर्कै संसारमा लैजाऊ जहाँ नित्यता छ, ज्ञान छ, अमरत्व छ। मानिसहरू चाहन्छन् स्वर्ग- जहाँ अनन्तकाल सम्म सुखभोग गर्न सकियोस्- यसको अर्थ हो जहाँ जहिले पनि जवानी होस्, जहिले पनि सुन्दर पुरूष वा स्त्रीसँग सहवास गर्न सकियोस्, जहाँ मीठो-मीठो खाने कुराहरूको अक्षय भण्डार होस्, जहाँ कर्णप्रिय मधुर संगीत गुंजायमान होस्, जहाँ सदाबहार बसन्त ऋतु होस्, हावामा सुगन्ध फैलिरहोस् अन्धकार कहिल्यै नहोस्, इत्यादि। इत्यादि।

मानिसहरूको सुख चाहनाको कुनै अन्त हुँदैन, त्यसैले सर्व मनोकामना पूर्णहुने स्वर्गको कल्पना गर्छन्। बानी बिग्रेका केटाकेटीले जस्तै हामीले आफूसँग भएको संसारलाई फ्याँकी त्यस्तो संसार(स्वर्ग) को लागि बिलौना गर्छौं जुन हामीसँग छैन। त्यसैमा अपार आनन्द देख्छौं।

हामी अर्को लोकमा अपार आनन्द पाउने कल्पना गर्छौं- यो हाम्रो भ्रम मात्र हो। कल्पना गरौं त्यो संसार जहाँ अनित्यता छैन् सबै जडवत् अचल छ, जहाँ न कोई जन्मन्छ, हुर्कन्छ, बढ्छ, मर्छ, सबै अजम्बरी छन्, जहाँ अन्धकार छँदैछैन, जहाँ अज्ञान छैन, हर प्राणी अनन्त ज्ञानी छन्, यस्तो संसार पायौं भने पनि एकैछिन पछि हामी अघाउँछौं, न्यास्रो लाग्न थाल्छ, किनकि यो हाम्रो संसारमा दु:ख छ, त्यसैले सुख पनि छ, मृत्यु छ, त्यसैले अमरत्व पनि छ, अज्ञान छ, त्यसैले ज्ञान पनि छ, एकैछिन पछि हामी यसै संसारमा फर्कन चाहन्छौं।

सत्य कुरो त यो हो कि हामीसँग एउटै मात्र संसार छ- जो हाम्रो यो संसार हो। हामीले राम्रो काम गर्‍यौं भने यही संसार राम्रो बन्छ, नराम्रो काम गर्‍यौं भने यही संसार नराम्रो बन्छ, हामी जे गर्छौं त्यही अनुसार हामी हुन्छौं, हाम्रो भाग्य हामी आफैं बनाउँछौं।



Downloaded from http://www.dhamma.digital

हामी भन्छौं यो संसार अनित्य छ, परिवर्तनशील छ, विश्वभरमा कुनै यस्तो विन्दू छैन जहाँ परिवर्तन नहोस्, अनित्यता नहोस् । नित्यताको चाहनानै किन गर्ने जो छँदै छैन ? हामी भन्छौं- यहाँ जन्म, जरा, व्याधि, मृत्यु छ, जन्मसँगै हामीले जरा व्याधि र मृत्युलाई साथलिई आइसकेका हुन्छौं फेरी यसको लागि शोक किन ? जीवनवृत्त पूरागर्दै विकास हुँदैजाने प्रकृतिको नियम हो, यसमा दु:ख मान्नु पर्ने किन ? अनित्यतामा जहिले पनि प्रिय-वियोग र अप्रिय संयोग त भइनै रहन्छ, मनका इच्छाहरू सबै कसैको पनि पूर्ण हुँदैन, यो जान्दा जान्दै पनि अपशोच के को लागि ?

हाम्रो यस सुन्दर संसारलाई अनित्यताले विकृत बनाएको छैन, दु:खमय बनाएको छैन, यसलाई विकृत र दारूण दु:ख तप्त त बनाएको छ, हामी भित्रकै पाशविक प्रवृत्तिहरूको कारण सल्किएको स्वार्थ-संघर्षको आगोले ! आदिम कालदेखि जङ्गली राज्यको अवस्थादेखि, हामी भित्र उब्जेका पाशविक प्रवृत्तिहरूको कारण समाजमा जति पनि विसंगति, विसमता, अनाचार, दुराचार, अत्याचार, भ्रष्टाचारको आगो दन्किंदै गइरहेको छ, त्यही आगोको रापले पोलेर यो संसार दु:खमय बनेको छ । हाम्रै पाशविक मनोवृत्तिहरूको कारण समाजमा द्वन्द्वात्मक स्थिति सृजना भएको छ- उँच-नीच, शक्ति सम्पन्न-शक्तिहीन, हुने खाने-नहुने नखाने, मालिक-नोकर, शोषक-शोषित, पूँजीवाल-ज्यालादार, आदि, आदि । यस्तै विसम स्थितिको कारण मान्छेले समदृष्टि हराए, मैत्री-करूणा भावनाहरू हराए, अरुलाई, आफै सहोदरहरूलाई समेत आफू सरह देख्ने दृष्टि हराए, अनि मोहले अन्धा बनी, आफ्नो र आफ्नो परिवारको सुखको लागि अरुलाई दु:खदिन सन्ताप दिन, शोषण गर्न कोही चुकेनन्, बलियाको राज्य भयो, अज्ञानी र अहंकारी बनी संघर्ष गरे, आफ्नो सुखको लागि बलियाले निर्धोलाई मानवाधिकार र स्वतंत्रताको मीठो संज्ञादिंदै बलि दिए- यो क्रम सदियौं देखि अहिलेसम्म पनि यथावत चलीरहेकै छ ।

हामीले कुरूप र दारूण दु:खमयी बनाइ राखेको यस धरतीलाई सुखमय बनाउन हामीनै सक्छौं- हामीले व्यक्तिगत मोह र अहंकारलाई उल्टाएर सबै प्रतिको प्रेम, मैत्री र करूणामा रूपान्तर गर्नु परेको छ, सबै जीवन एकै हो (all life is one) भन्ने सत्यलाई हृदयंगम गर्नु परेको छ, सबै मिली



Downloaded from http://www.dhamma.digital

सबैको भलोको लागि काम गर्न सिक्नु परेको छ, पुराना पाशविक मनोवृत्तिको स्थानमा मानवीय गुणहरूले भर्नुछ।

पाशविक प्रवृत्तिहरू माथि विजय पाउनु त्यति सजिलो काम अवश्य पनि होइन, किनभने आफ्नो जीवन विकास क्रमको करीव १८ लाख वर्ष जति मान्छे जातिले जङ्गली बर्वर अवस्थामा रही आर्जेका यी प्रवृत्तिहरू हुन्। थोरै प्रयत्नले मात्र यी प्रवृत्तिहरू हटाई मैत्री करूणा जस्ता अमूल्य प्रवृत्तिहरू अरुलाई आफू सरह देख्ने समदृष्टि उब्जने भए, करीब ६००० वर्ष जति अघि देखि हाम्रा धर्म प्रचारक ऋषि मुनिहरूले र धर्मका गुरूहरूले जति पनि प्रयत्नहरू गरे त्यसबाट सबैको हृदय परिवर्तन भैसक्थ्यो होला। तर धर्म प्रचारको बावजूद संसारमा खतरनाक द्वन्द्वात्मक स्वार्थ-संघर्षको स्थिति किन रह्यो यसबारे गम्भीरता पूर्वक सोच्नुपर्ने स्थिति आइरहेको छ।

वास्तवमा आजको यथार्थ के छ भने एकातिर त हाम्रा धर्महरू छन् जसले हामीलाई असल चरित्रवान बन्न, अरुलाई आफू सरहनै ठानी कुशल व्यवहार गर्न र मैत्री करूणादि मानवोचित गुणहरू प्रदर्शन गर्न आह्वान गर्दैछन्, अर्कातिर यो हाम्रो पाशविक मनोवृत्तिहरूको सँगसँगै विकास हुँदै आएको हाम्रो समाज छ, जसलाई हामी उही पुरानो जङ्गली राज्यको आधुनिक संस्करण मात्र मान्न सक्दछौं जुन समाजमा राम्ररी बाँच्न पनि हामीलाई उही पाशविक मनोवृत्तिहरूको दरकार पर्दछ। त्यसकारणले हाम्रो नैतिक शिक्षा एकातिर छ भने व्यवहारिक शिक्षा अर्कैतिर मोडिएको छ।

त्यसकारण यदि हामीले यसै धरतीलाई स्वर्ग बनाई बस्ने हो भने, आफ्ना पाशविक प्रवृत्तिहरूलाई मानवोचित प्रवृत्तिमा बदल्नुको साथ-साथै हाम्रो समाजको संरचनामा पनि सबै मिली परिवर्तन ल्याउनु पर्दछ। यसर्थ कि यस्तो एउटा समाज बनोस्, जहाँ मानिस-मानिसको बीचमा स्वार्थ संघर्षको आगो नदन्कोस्, जहाँ एकले अर्काको धनमाल माथि लोभ डाह वा इर्ष्या गर्नुपर्ने अवस्थानै नआओस्, जहाँ जतिपनि जीवन गुजार्न आवश्यक सुविधाहरू छन्, ती कुनै एक थरी मानिसहरूको मात्र एकाधिकारको विषय नभै सबैले आवश्यकता अनुसार भोग चलन गर्न पाइयोस्, जहाँ आफू



Downloaded from http://www.dhamma.digital

र आफ्नो परिवारको जीवन सुख पूर्वक बिताउनको लागि मानिसहरूलाई सकी नसकी अनेकानेक कुकर्म गरी सम्पत्ति थुपार्न आवश्यक नहोस्, जहाँ मानिसहरू आफूलाई जस्तै अरुलाई ठानी मैत्री र करूणापूर्ण दृष्टिले हेरी व्यवहार गरोस्, यस्तै समाजमा मात्रै मान्छेहरू धार्मिक बन्न सक्नेछन्, अनि धरतीमै स्वर्ग बनाई बस्न सक्ने छन् ।

भनिन्छ, आवश्यकतानै आविष्कारको जननी हो । यसप्रकारको समाजको आवश्यकता हामी सबैले महसूस गरेमा र हामी आफैमा मानवीय मनोवृत्तिहरूको विकास गर्न हामी लालायित रहेमा एक दिन हामी सबै यस प्रकारको भू-स्वर्ग सृष्टि गर्नमा लाग्ने छौं र सफल पनि हुने छौं ।

**शुभमस्तु । सबैको मंगल होस् ।**

**आनन्द भूमि, ३१/३**



***इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।***
***सो मोदति सो पमोदति दिस्वा कम्मविसुद्धिम'त्तनो ॥***

❖ पुण्यवान् व्यक्ति इहलोक परलोक दुबै लोकमा सुखी हुन्छ, आफूले गरेको राम्रो कामलाई देखेर आफै सुखी हुन्छ, प्रमुदित हुन्छ ।

(धम्मपद)



Downloaded from http://www.dhamma.digital

# पुनर्जन्मको बन्धन

यस संसारमा प्राणीहरू सुखको खोजमा भट्की रहन्छन् । जीन्दगी भर सुख-सुख भन्दै दुःखै दुःख भोग्छन्, दुःखै दुःखको अनुभवले सुखको खोजमा लाग्ने अरु प्रवल इच्छा जाग्छ । मृत्युको अन्तिम घडीसम्म पनि प्राणीहरू संसारी सुख भोगकै अतृप्त लालसा बोकीरहेका हुन्छन् । अतृप्त कामनाहरूको पूर्तिको लागि अर्को जन्मको चाहना गर्छ - यही चाहनालेनै पुनर्जन्मको अवधारणालाई जन्माएको छ ।

पुनर्जन्म चाहिन्छ कि अपुनर्भव (फेरी नजन्मनु) चाहिन्छ भनी संसारी प्राणीहरूलाई अभिमत लिँदा करीव ९८% ले पुनर्जन्म चाहिन्छ भन्ने तर्फनै आफ्नो मत दिन्छन् । संसारमा विषय भोग चाहनेहरूकै अत्यधिक बाहुल्य हुन्छ । जीवित प्राणी मृत्युको अन्तिम घडीसम्म पनि बाँच्ननै चाहन्छ ।

अवधारणा बनाउँदैमा सत्यनै हुनुपर्छ भन्ने केही छैन । वैज्ञानिकहरूले खोजी गरी पत्ता लगाए अनुसार एकातिर मर्नलागेको मान्छे र अर्कातिर जन्मन लागेको बच्चाकोबीच केही सम्बन्ध हुँदैन । गर्भ रहन जाँदा आमा बाबुका प्रजनन कोष (Sex Cells) बाट प्राप्त क्रोमोजोम (गुण वाहक रासायनिक पदार्थ) हरूको संमिश्रण जोड घटाउभै जन्मने भ्रूण (embryo) ले क्रोमोजोमहरू प्राप्त गर्छ, जुन बच्चाको शरीर भरीका कोष (Cell) हरूमा रहन जान्छ । कतै मर्न लागेको मान्छेको क्रोमोजोमहरूसित नवजात शिशुका क्रोमोजोमहरूको केही सम्बन्ध हुँदैन । वातावरण सित कृया-प्रतिकृया हुँदा यिनै क्रोमोजोमहरू अनुसार संस्कारहरू बन्दै जान्छन्। संयोगले दुइ व्यक्तिका क्रोमोजोमहरूबीच केही समानता देखिएता पनि एउटा व्यक्तिको पुनर्जन्म अर्को व्यक्ति भएको मान्न सकिंदैन ।

पुनर्जन्मको अवधारणा सँगै जोडिएका केही अन्य मिथ्या धारणहरू हाम्रो समाजमा प्रचलित छन् जस्तै-

(१) मर्न लागेको व्यक्तिको शरीरबाट कुनै रहस्यमय तत्व निस्केर यताउता घुमी पुनः उपयुक्त गर्भ छाडी त्यस्मा प्रवेश गर्नु ।



Downloaded from http://www.dhamma.digital

(२) मरेपछि पुण्य भोग गर्न स्वर्गमा र पाप भोग गर्नलाई नरकमा जन्म लिनु ।

(३) मरे पछि आफूले गरेको कर्म अनुसार ८४ लाख जुनी फेर्दै अनन्त कालसम्म भट्की रहनु, इत्यादि ।

यी सबै प्राणीहरूको चरित्र सुधार गर्ने हेतुले बनाएका धारणाहरू हुन् । त्यस तत्वको बारेमा हामीहरू विलकुल अनभिज्ञ छौं जुन् उपयुक्त गर्भ छानी प्रवेश गर्ने क्षमता राख्छ, वा स्वर्ग, नरक र ८४ लाख घुमी कर्मको फल भोग्दै कर्म पनि गर्दै रहन्छ । वैज्ञानिक दृष्टिकोणले पनि यस प्रकारको तत्वको वास्तविकतालाई स्विकारेको छैन ।

हाम्रो शरीर विभिन्न प्रणालीहरूको संयुक्त कार्य स्वरूप चलीरहेको हुन्छ । यी प्रणालीहरू कोषहरूद्वारा बनेका हुन्छन् र कोषहरूको कृयालाई त्यस भित्रका क्रोमोजोम, डि.एन.ए, आर.एम.ए. इत्यादिले निर्देशन गर्छ । यी प्रणालीहरू राम्ररी चलेसम्म जीवन रहन्छ, नचले पछि मृत्यु हुन्छ । जीवन र मृत्युको भेद व्यवहारिक मात्र हो । यथार्थतामा जीवन र मृत्युमा कृयाशीलता र परिवर्तनको प्रकृति (स्वभाव) को मात्र फरक हुन्छ, जुन प्रकृतिको नियम अनुसार निर्जीव कहलिने वस्तुहरू संचालित रहन्छन् तिनै नियम अनुसार जीवित कहलिने शरीर, मस्तिष्क, र शरीर भित्रका प्रणालीहरू संचालित हुन्छन् । प्रकृतिमा नियमानुसार परिवर्तन बाहेक अरु केही हुँदैन । उदाहरणार्थ व्यवहारमा हामी विभिन्न वस्तुहरूलाई विभिन्न स्थितिहरूलाई विभिन्न संज्ञा (नाम) दिई हाम्रा इन्द्रियहरूद्वारा थाहा हुने गुणहरू अनुसार व्याख्या गर्छौं; प्राकृतिक वा वैज्ञानिक नियमानुसार परिवर्तनशील सबै अणुहरू, परमाणुहरू, परमाणविक कणहरू र तिनीहरूमा निहित शक्तिहरू द्वारा संचालित हुन्छन्, बाकी सबै शून्य (Void) हुन्छ । अणु परमाणुहरूको एक स्थितिलाई हामी जीवित भन्छौं र अर्को स्थितिलाई निर्जिव भन्छौं तर वैज्ञानिक दृष्टिकोणमा दुवैमा परिवर्तनको फरक सिवाय अरु केही हुँदैन । हामीले गरेका कृया कलापहरूले परिवर्तनको लहरमा परिवर्तन ल्याउँदै गर्छ, त्योनै असली अर्थमा हाम्रो पुनर्जन्म हो । एक पुस्ता र अर्को पुस्ताकोबीच यही कर्महरूद्वारा उत्पन्न परिवर्तनहरूको लहरले संयोजन गरीराखेको हुन्छ । वैज्ञानिक ज्ञान दर्शनले जस्तै बौद्ध दर्शनले पनि कर्मको लहर कुनै कारण



Downloaded from http://www.dhamma.digital

वश (परिवर्तनको नियम वश) सरेर पुनर्जन्म हुन्छ भनी व्याख्या गर्छ । 'मिलिन्द प्रश्न' मा भन्ते नागसेनले राजा मिलिन्दलाई कुनै तत्व नसरीकन कसरी पुनर्जन्म हुन्छ भन्ने बारे यसरी सम्झाउँछ -

"मानिलिउँ एकजना मान्छेले एउटा बत्तीको सहाराले अर्को बत्ती बाल्छ। यसो गर्दा एउटा बत्ती अर्कोमा सरेर जान्छ"

"जाँदैन, भन्ते"

"त्यसरी नै राजन कुनै 'तत्व' 'आत्मा' इत्यादि नसरीकनै पुनर्जन्म हुन्छ।"

"कृपया अर्को पनि उपमा दिनुहोस् "

"राजन् ! आफू बच्चा छँदा आफ्ना गुरूबाट केही कविता सिकी याद गर्नु भएको छ ?"

"छु, भन्ते !"

"राजन् के श्लोक गुरूबाट निस्केर तपाईमा प्रवेश गर्छ ?"

"गर्दैन, भन्ते"

"त्यसरी नै राजन् ! कुनै चिज एउटाबाट निस्केर अर्कोमा प्रवेश नगरीकनै पुनर्जन्म हुन्छ।"

यसरीनै नागसेन भन्तेले कसरी एक जनाको कर्मको कारण पछि आउने मान्छेको कार्यलाई प्रभावित गर्छ र पुनर्जन्म हुन्छ भन्ने कुरा सम्झाउंछन्।

जसरी गुच्चाहरूको एक लहरमा पछिल्लो गुच्चालाई एउटा गुच्चाले हिर्काउँदा हिर्काएको गुच्चा त्यहीं रहन्छ र सबभन्दा अगाडिको गुच्चा त्यस्को प्रभावले दौडन थाल्छ, त्यसरीनै कर्मको प्रवाहले पुनर्जन्म हुन्छ । त्यसरीनै अभिलाषाहरू बोकी मर्ने व्यक्ति एउटा हुन्छ, तर त्यसपछि त्यस प्रकारका अभिलाषा बोकी हिंड्ने व्यक्ति अर्कै हुन्छ ।

"मिलिन्द प्रश्न" मा भन्ते नागसेनले राजा मिलिन्दलाई संझाए जस्तै यहाँ रथ छ भन्छौ तर 'रथ' हुँदैन केवल पार्ट पूर्जाहरू हुन्छन्, कुनै एउटा 'पूर्जा' छ भन्छौ तर त्यस्मा पनि विभिन्न टुक्रा-टुक्रीहरू मात्र हुन्छन्, अझ अन्तिम विश्लेषणमा परमाणविक कण र शक्तिरेखा मात्र हुन्छ, त्यस्तै 'म' भन्ने पनि आस्तित्व बोधको एउटा नाम बाहेक अरु केही होइन, यो पञ्चस्कन्धमा 'म' भन्ने केही हुँदैन । त्यसैले 'म' छु भन्ने अज्ञान र सो



Downloaded from http://www.dhamma.digital

अज्ञानले जन्माएका 'मेरो' प्रतिको मोह, आसक्तिले नै पुनर्जन्मको अवधारणालाई टेवा दीई रहेको हुन्छ ।

वास्तविकतामा 'म' भन्ने शून्य भएता पनि व्यक्तिले अज्ञानतावश 'म' र 'मेरो' केही छैन भन्ने तथ्यलाई स्विकार्न सक्दैन, जसले गर्दा पुनर्जन्मको चक्र वा भवचक्रमा व्यक्तिलाई फंसाई रहेको हुन्छ । जीवन दुःखमय भएतापनि सो अज्ञान रहेसम्म पुनर्जन्मको चक्रमा घुम्नु पर्ने नै हुन्छ । यो अनन्त भवचक्रको यात्राबाट छुटकारा सम्भव छ कि ? अथवा दुःखको अन्त कहिल्यै नहुने हो कि ?

महाकारूणिक भगवान् बुद्धले दुःखी अज्ञानी प्राणीहरू उपर असीम करुणा राखी सांसारिक दुःखबाट छुटकारा दिलाउन निर्वाणको द्वार सबैको लागि खोली दिनुभएको छ ।

लोकमा सबै भन्दा सजिलो र आदि, मध्य तथा अन्तमा पनि कल्याण कारी शील, समाधि र प्रज्ञाको मार्ग अर्थात् आठ अंग युक्त मार्ग (अष्टांगिक मार्ग) लाई अनुशीलन गरी प्रज्ञाद्वारा पुनर्जन्मको फेरामा आफूलाई बाँधि राख्ने अविद्यारूपी मारको बन्धनबाट मुक्त हुने बाटो भगवान् बुद्धले प्रतिपादन गर्नुभएको छ ।

संसारका घटनाक्रमहरूमा 'म' 'मेरो' भन्ने मिथ्या मोह तथा अहंकारको भ्रमले आफैलाई पुनर्जन्मको बन्धनमा बाँधेर बसेका हामीहरूले त्यही मोह तथा अज्ञानलाई प्रज्ञारूपी शस्त्रले काटेर शान्ति प्राप्त गर्न सकौं, यसैमा हाम्रो कल्याण हुनेछ । सबैलाई शान्ति प्राप्त होस्, सबैको जय मंगल होस् ।

**आनन्द भूमि, ३१/४** ❤ ❤ ❤





Downloaded from http://www.dhamma.digital

# वर्तमान युगको धर्म-बुद्ध धर्म

वर्तमान युग विज्ञान तथा प्रविधिको युग हो । वर्तमान युगमा विज्ञान तथा प्रविधिको विकासले हाम्रो जीवनमा ठूलो प्रभाव पारिरहेको हामी स्पष्ट देख्न सक्छौं । जीवन राम्ररी बाँच्नको लागि आज हामीले विज्ञान तथा प्रविधिले दिएका विभिन्न सामग्रीहरूको व्यवहार गर्नु अत्यावश्यक भैसकेको छ । यसरी वैज्ञानिक उपजहरूसित कृया-प्रतिकृया गर्ने प्रकृयाको सिल-सिलामै औसत जन-मानसको चिन्तन प्रणाली पनि वैज्ञानिकता तर्फ ढल्कँदै गइरहेको छ । फेरि विद्यालय तथा महाविद्यालयहरूमा हुने विज्ञानको पठन-पाठनले पनि केही मात्रामा यस प्रकारको परिवर्तनलाई सघाउ पुऱ्याइ रहेको छ ।

आज कोही व्यक्ति बिरामी परेमा प्रकृति भन्दा फरक कुनै अदृश्य काल्पनिक शक्तिलाई गुहार्नुको साटो औसत मानिसहरू उपचारको निमित्त अस्पताल जान थालेका छन् । बाटोमा जाँदा-जाँदै गाडी बिग्रियो भने ड्राइभरले ईश्वरलाई पुकारेर होइन, गाडीको कुन भागमा के बिग्रियो भनी हेरी मर्मत गर्न पट्टि लाग्छ । आजको मानव समाज जीवनमा आइपर्ने कुनै पनि समस्यालाई समाधान गर्न प्रकृति भन्दा परको परिकल्पित शक्तिलाई गुहार्नको साटो प्रकृति भित्रै समस्याको कारणलाई बुझेर समाधान खोज्न पत्ती लाग्न थालेको छ । आजको औसत जन-मानसमा वैज्ञानिकता आउन थालेको अरु पनि कतिपय उदाहरणहरू दिन सकिन्छ ।

वैज्ञानिकतामा आधारित बुद्ध धर्मको लागि यसप्रकारको वैचारिक परिवर्तन वरदान सावित हुन लागिरहेको छ ।

एक कुशल वैज्ञानिकले जस्तै गौतम बुद्धले मानव जातिलाई आइपरेको दुःखको समस्यालाई प्रकृति भित्रकै यथार्थ तथ्यहरूको आधारमा समाधान गरे, प्रकृति बाहिरका कुनै परिकल्पित तत्वहरूको सहारा लिएनन् । यो बुद्ध धर्ममा निहित वैज्ञानिकताको लक्षण हो ।

कार्य-कारण सिद्धान्त अर्थात् समान कारणका समान असरहरू हुन्छन् र यसै सिल-सिलामा परिवर्तन हुँदै जान्छ भन्ने कुरा विज्ञानको मूल



Downloaded from http://www.dhamma.digital

आधार शीला हो- जुनसुकै कारणबाट जुनसुकै कार्य हुनसक्ने भए विज्ञानको जन्म नै हुन सक्दैनथ्यो होला । अगाडिका स्थितिहरूमा पछाडीका स्थितिका कारणहरू विद्यमान हुन्छन् र पछाडिका स्थितिहरू नै सो भन्दा पछाडीका स्थितिका कारणहरू बन्छन् र कारण उपस्थित हुन नसकेमा सो बाट हुने कार्य पनि स्वतः रोकिन्छ । यही कार्य कारण नियममा विज्ञानको जन्म र विकास आधारित छ । यसैलाई आधार बनाएर गौतम बुद्धले पनि दुःखबाट विमुक्तिको लागि मानवलाई कुनै बाहिर गएर हात पसार्न जानु आवश्यक छैन, स्वयं आफ्नै प्रयासले मानव दुःखको कारणलाई उपस्थित हुन नदिएर दुःखबाट विमुक्त हुन सक्छ भनी तद्नुसारको मार्ग प्रतिपादन गर्नुभयो र सोही मार्गद्वारा स्वयं निर्वाण प्राप्तभई अरुहरूलाई पनि निर्वाण पथमा अग्रसर गराउनु भयो । यो पनि बुद्ध धर्ममा निहित वैज्ञानिकताको लक्षण हो ।

गौतम बुद्ध के कस्ता किसिमका विचारक हुन् भनी एकजना जिज्ञासु (आयुष्मान अश्वजित्) लाई पछि भगवान् बुद्धका प्रमुख शिष्य हुने सारिपुत्र परिव्राजकले प्रश्न गर्दा उनी भन्छन् : ये धर्मा हेतु प्रभवाः हेतु तेषां तथा गतो आह, तेषां च यो निरोधो एवं वादी महाश्रमण" अर्थात् जुन धर्म (वा स्थितिहरू) सहेतु उत्पन्न हुन्छन् तिनीहरूको हेतु तथागत भन्नुहुन्छ र तिनीहरूको जुन् निरोध (अर्थात् उपस्थित हुन नदिई रोक्ने प्रकृया) छ, त्यो पनि (भन्नु हुन्छ) महाश्रमण यस प्रकारको वादको हुनु हुन्छ ।

हुन त गौतम बुद्धको महापरिनिर्वाणको धेरै समय पछि गएर बुद्ध धर्ममा पनि अन्य समकालीन धर्महरूको देखासिकी गरी अनेक अलंकारहरू जडान गरिए- सायद त्यसबेलाको अवैज्ञानिक जनमानसलाई आफूतिर आकर्षण गर्ने प्रलोभनले यसो गरिएको होला, तापनि सारिपुत्रको उपरोक्त भनाईबाट, जस्को उल्लेख महायानी ग्रन्थहरूले पनि ठाउँ-ठाउँमा उल्लेख गरेको छ, बुद्ध धर्ममा वैज्ञानिकताको मूललाई स्पष्ट गरेको छ ।

गौतम बुद्धले सर्वव्यापी अनित्यतालाई आफ्नो दर्शनको मूल स्तम्भ बनाएका छन् । विश्वमा जे-जति वस्तुस्थितिहरू वा चित्तस्थितिहरू छन्, सबै छिन-छिनमा परिवर्तन भैरहन्छन् । रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान- यी पाँच स्कन्धहरू पनि अनित्य छन्, यस अपवाद रहित व्यापक अनित्यतालाई विज्ञानले पनि पुष्टि गर्दछ । विश्व प्रवाहमा अनवरत



Downloaded from http://www.dhamma.digital

परिवर्तन भएर एकबाट अर्को, अर्कोबाट फेरी आर्को, एवं क्रमले कारण कार्यको श्रृंखलामा बाँधिएर परिवर्तन भैरहन्छन्, र पुराना स्थितिहरू बिलाउँदै नयाँ आउँदै फेरी बिलाउँने गर्दछन्। यथार्थतामा कुनै नित्य कुराको सर्वदा अभावलाई विज्ञानले पनि पुष्टि गर्दछ। यो पनि बुद्ध धर्मको वैज्ञानिकताको लक्षण हो।

परिवर्तनको अगाडि बढ्ने तरिका आफ्नै हुन्छ, कसैको अधिनमा हुँदैन। यसरी मानवको आफ्नो भित्रको या बाहिरको कुनैपनि स्थिति उस्को आफ्नो हुँदैन। परिवर्तनका प्राकृतिक नियमहरू अनुसार जो हुन्छ, सो हुन्छ, यस्मा कसैले यसो नहोस् भन्दैमा नहुने वा यसो होस् भन्दैमा हुने होइन, यस कारण सबै स्थितिहरू चाहे मनको होस् वा शरीरको वा वस्तुहरूको अनात्म हुन् भन्ने कुरालाई विज्ञानले पनि समर्थन गरीरहेको छ। विज्ञानले मानव शरीर तथा मस्तिष्कलाई एउटा अणु-परमाणुहरूको कार्यरत सम्मिश्रणको हिसाबले हेर्छ- यो बाहेक विज्ञानको अगाडि अर्को विकल्प छैन। विज्ञानले यसरी अवलोकन गर्दा 'म' भन्ने भावको उदुम हुने कारणको व्याख्या गर्न सक्छ तर अणु-परमाणु पुंजहरू बीच म को कुनै छुट्टै अस्तित्वलाई मान्न सक्दैन। जुन कुरा पदार्थ पनि होइन, शक्ति पनि होइन, यसकारण प्रकृतिको कुनै अंग पनि होइन, र जस्मा परिवर्तन पनि हुँदैन, यसप्रकारको कुनै वस्तु प्रकृतिमा रहन्छ भन्ने कुरालाई विज्ञानले मान्न सक्दैन।

गौतम बुद्धको 'सर्वम् अनित्यम्' र 'सर्वम् अनात्मन्' लाई मिलाएर एउटै समूहमा गाँसे 'सर्वम् शून्यम्' बन्छ। विज्ञानले पनि समष्टिरूपमा यस अनित्य विश्वप्रवाहमा कुनै पनि वस्तुको अस्तित्वको वास्तविकतालाई स्विकारे पनि वास्तवमा क्षणिक भएकोले कुनै एक बखतको एक ठाउँको वस्तु स्थितिलाई फेरी त्यही रूपमा दोहोरिनु असंभव मान्छ, यसरी नै वाह्य जगतको मन भित्र भैरहने जुन आघात प्रतिघातहरू छन्, तिनीहरू पनि, उत्पन्न हुँदै, विनाश हुँदै जाने हुनाले अस्तित्वविहीन शून्य प्रायः हुन्छन्।

वैज्ञानिकहरूले कुनै समस्या समाधान गर्नुपर्ने भएमा वैज्ञानिक पद्धति (Scientific method) लागू गर्छन। वैज्ञानिक पद्धतिका पाँच चरणहरू यस प्रकार छन्।

(१) समस्या के हो- त्यस्को यथार्थ निरूपण गर्नु।

(२) समस्या सम्बन्धी तथ्यहरू संकलन गर्नु।



Downloaded from http://www.dhamma.digital

(३) संकलित तथ्यहरूको आधारमा समस्या समाधानको दिशामा परिकल्पनाहरू (Hypothesis) पेश गर्नु ।

(४) परिकल्पनालाई प्रयोगद्वारा परिक्षण गर्नु ।

(५) प्रयोग सफल भएमा परिकल्पनालाई सिद्धान्त रूपमा मान्नु, नभएमा पुनः थप नयाँ तथ्यहरूको खोजी गर्नु ।

मानव जीवनका समस्याहरू विशेष गरी 'दुःख' को समस्या समाधान गर्ने दिशामा गौतम बुद्धले पनि वैज्ञानिक पद्धतिलाई नै अपनाए । यथार्थतः देखिने स्पष्ट तथ्यहरू भन्दा बाहिर उनी कहिल्यै गएनन् र यथार्थ तत्वहरू कै आधारमा समस्या समाधान गरे । यो पनि बुद्ध धर्ममा निहित वैज्ञानिकताको लक्षण हो । पराप्राकृतिक परिकल्पित तथ्यहरूको भरमा उनी कहिल्यै रहेनन् । जसरी एउटा कुशल चिकित्सकले रोगीको रोग निको पार्न वैज्ञानिक पद्दति अपनाउँछन्ः रोग सम्बन्धी सम्पूर्ण तथ्यहरूलाई होशियारी पूर्वक अध्ययन गर्छ अनि त्यस्को कारण पत्ता लगाई चिकित्सा गर्छन् यथार्थमा देखिएका कारणहरूबाट पर कपोल-कल्पित कारणहरूमा जाँदैनन्; त्यसरी नै गौतम बुद्धले पनि दुःखरूपी रोगको चिकित्सा गरी मानव मात्रको लागि दुःखबाट विमुक्तिको मार्ग प्रतिपादन गरेका छन् ।

आफ्नो मार्गको बारेमा गौतम बुद्ध भन्न सक्छन्- लौ, आएर आफै अनुभव गरेर हेर, यही जन्ममा हो होइन थाहा पाउन सकिन्छ । कालाम गाउँका वासिन्दाहरूले जब बुद्धलाई प्रश्न गरे- "हाम्रा गाउँमा थरी-थरीका प्रचारकहरू आउँछन् आफ्नो-आफ्नो डम्फू बजाउँछन् जान्छन्- हामीले कसको कुरा मान्ने कसको नमान्ने, बडो अन्योलमा पऱ्यौं ।" जवाफमा बुद्ध भन्नु हुन्छ- "कालामहरू हो, कसैले भन्यो भन्दैमा, कुनै शास्त्रमा लेखेको भन्दैमा, भन्ने व्यक्ति गन्यमान्य छ भन्दैमा, अथवा धेरैले मानी आएको कुरो भन्दैमा, कुनै कुरामा पनि विश्वास नगर जब आफूले परिक्षण निरिक्षण गरी हेरी जाँची आफूलाई ठीक लाग्छ, तब मात्र त्यस कुरालाई ग्रहण गर्नु ।" केवल एक वैज्ञानिकले मात्रै यसप्रकारको सल्लाह दिन्छन्'। यस प्रकारको सल्लाह केवल वैज्ञानिकतामा आधारित धर्मका प्रचारकले मात्र दिन सक्छन् । अन्यथा अरु प्रकारका धर्ममा विश्वास गऱ्यौ वा संका गऱ्यौ भने नाशिने छौ भनी तर्साउने परिपाटी बुद्धधर्ममा छैन ।



Downloaded from http://www.dhamma.digital

वर्तमान युगमा विज्ञान र प्रविधिको मद्दतले हामीहरू एउटा बहुजनको हित र सुखमा आधारित समृद्ध मानव समाजको निर्माण गर्नुको साथै सामाजिक एवं मानसिक शान्तिको पनि चाहना गर्छौं र यस काममा वैज्ञानिक चिन्तनमा आधारित बुद्ध धर्म सर्वाधिक सहायक सिद्ध हुनसक्छ। विज्ञानको विकासको साथै बुद्ध धर्मको पनि बृद्धि नै हुँदै जान्छ भन्ने कुरा सन्देह रहित छ। तसर्थ आजको वैज्ञानिक युगमा हामीहरूले बुद्ध धर्ममा रही आएका आवश्यक अलंकारहरूलाई छोडेर यसको शुद्धरूपलाई लिई अगाडि बढ्नु वाँछनीय हुनेछ।

❤ ❤ ❤



***मा पमादम'नुयुञ्जेथ–मा कामरतिसन्थवं।***
***अप्पमत्तो हि झायन्तो–पप्पोति विपुलं सुखं ॥७॥***

❖ प्रमादी न होऊ, काम विषयमा आसक्त न होऊ, अप्रमादी भई ध्यान गर्‍यो भने विपुल सुख प्राप्त हुन्छ।

(धम्मपद)



Downloaded from http://www.dhamma.digital

# विज्ञान तथा धर्म

आफ्नो वातावरणमा रहेका वस्तुहरू तथा भइरहेका परिवर्तनहरूलाई लिएर मानवको मस्तिष्कमा विभिन्न थरीका प्रश्नहरू उठ्छन्- यी सब के हुन् ? कसरी भइरहेका छन् ? किन भइरहेका छन् ? इत्यादि । अज्ञानजनित आफ्नो उत्कण्ठा (जिज्ञासा) को तृप्तिका लागि मानवले अपनाएका दुइ बाटो छन्- विज्ञान र धर्म । फेरी मानवले बाँच्नको लागि, अझ भनौं, आराम पूर्वक बाँच्नको लागि, आफ्ना चारैतिरका प्रकृतिलाई जानी-बुझी प्रकृतिकै गर्भबाट आवश्यक श्रोत साधनहरू तयार गरी खाँचो टार्दै पनि आइरहेका छन् । यस प्रकृयामा मानवलाई विज्ञानले सघाई आइरहेको छ ।

प्रकृतिलाई यथार्थतः बुझ्न एकातिर मानवले आफ्ना इन्द्रियहरूको प्रयोग गरी तथ्य कुराहरूको अवलोकन गरी अवलोकित तथ्यहरूकै आधारमा आफ्ना मनमा उब्जेका प्रश्नहरूको उत्तर पत्ता लगाउने तथा समस्याहरूको समाधान गर्ने प्रयत्न गरेका छन् । अर्कोतिर तत्कालै तथ्यहरूको खोजीनीति गरी समाधान गर्न नमिल्ने खालका प्रश्नहरूको उत्तर सीधा "थाहा छैन" भन्नुको साटो कुनै प्रकृतिलाई संचालन गर्ने, प्रकृति भन्दा परको, अर्थात पराप्राकृतिक तत्वको (देवी, देवताको संज्ञा दिई) परिकल्पना गरी त्यही तत्वको आधारमा उत्तर दिन खोजेका छन् ।

उदाहरणको रूपमा- "राम बिरामी छ" भन्ने तथ्य कुराको कारण जान्न एकातिर मानवले अनुसन्धान गरी रोगका किटाणुहरू फेला पारी किटाणु नाशक औषधिको आविष्कार गरी रोग निको पार्ने प्रयत्न गरे भने अर्कोतिर, तथ्य कुरा नजाने पनि उपचार गरी हाल्न जरूरी हुँदा कुनै परा-प्राकृतिक तत्वको कोपको कारण बिरामी भएको भन्ने विश्वास गरी कोप शान्त गरी रोग निकोगर्ने बाटो पनि उघारेका छन् । विशेष गरी जीवित वस्तुहरूको संदर्भमा कुनै यस्तै परा-प्राकृतिकको कारण तत्व जीवित छन् भन्ने कुरामा मानवले विश्वास गरी आएका पनि छन् ।



Downloaded from http://www.dhamma.digital

यसरी मानव जातिको कल्याण विश्वका नियन्ता भनिएका परिकल्पित परा-प्राकृतिक तत्व कै इच्छामा निर्भर रहने विश्वास हुनाले सो तत्वको कस्ता छन्, के गरे रिझिएलान्, मानव हितको लागि उनको के संदेश छ, भनी जान्न मानव कल्याणको लागि आवश्यक ठानी केही मनीषि वा विचारक चिन्तन मननद्वारा जुनकुरा समाजका अगाडि राखी दिए त्यसैद्वारा समाजका पूजा-आजा, रीति-थिति, चाल-चलन बाँधिनगई धर्मको प्रादुर्भाव भयो । सो तत्व बारे यथार्थतः बुझ्न नसकेता पनि सर्व साधरणमा पनि मनीषीहरूको कुरामा विश्वास गरी चाल-चलन, रीति-रिवाज भने चल्दै गए । मूलतः समाजकै कल्याणको चाहनाले धर्म द्रष्टाहरूले धर्मको प्रतिपादन गरेता पनि प्रत्येक जातिमा आफ्नै किसिमको धारणा तथा संस्कार हुने हुँदा सो तत्वको प्रकृति तथा संदेशमा पनि एक रूपमा हुन् सकेन । फलस्वरूप विविधताको कारण विभिन्न मतावलम्वीहरूमा वाद-विवाद तथा संघर्षहरू चर्किए ।

प्रकृतिको यथार्थ अध्ययन बाटनै आफ्ना प्रश्नहरू तथा समस्याहरूको समाधानको बाटो पहिल्याउन प्रयत्न गर्दै जाँदा विज्ञानले धेरै हदसम्म जान्न बुझ्न कठिन संझिएका प्रश्न वा समस्याहरूको पनि समाधान गर्दै गए । साथै प्रकृतिको गर्भबाट मानव जातिका आवश्यकताहरूको पूर्ति गर्दै विज्ञानको अध्ययनबाट मानव सभ्यताको विकास हुँदै गयो । विज्ञान र प्रविधिकै कारण पाषाण युगका गुफाहरूदेखि आजका भव्य बिल्डिङ्गहरू सम्म, गोरेटो बाटोदेखि आजका राजमार्गसम्म, रूख पातको पहिरनदेखि आजका फेशनदार पहिरनसम्म, घर्षणबाट आगो निकाल्ने तरिकादेखि आधुनिक इलेक्ट्रोनिक लाइटरसम्म, वनजंगलको औषधि मूलोदेखि आजका अस्पतालहरूसम्म, एवं रीतले हरेक क्षेत्रमा विकास हुँदै गए ।

कुनै कारणवश नै कुनै कार्य घट्छ भन्ने कारण-कार्य-प्रणालीमा विज्ञान आधारित छ । यसै कारण विज्ञानले समस्या समाधानको लागि प्रकृति भन्दा परको कुनै तत्वलाई गुहार्न आवश्यक ठानेनन् । परन्तु प्रकृतिमा रहेकै तथ्यहरूको गहन अध्ययनबाटनै समस्या समाधान हुने देखे । एक विशेष प्रकारको स्थितिमा एउटा कार्य हुन्छ भने फेरि कुनै बेला कुनै त्यस्तै प्रकारको स्थिति उत्पन्न भएमा त्यही नै कार्य हुन्छ भन्ने कारण-कार्य-श्रृखंला पद्धतिको



Downloaded from http://www.dhamma.digital

सत्यतामा विज्ञान आधारित छ। जस्तै हाइड्रोजन तथा अक्सिजन परमाणुहरू एक विशेष स्थिति तथा तापक्रममा संयोग भई पानी बन्छ भने फेरि कुनै बेला कतै त्यही प्रकारको तापक्रम र स्थितिमा ती परमाणुहरूको संयोग भएमा पानी नै बन्छ। यसो नभई जुनसुकै बेला जेसुकै पनि हुनसक्ने भए न त विज्ञानको नै कुनै अर्थ रहन्छ, न त मानवको बौद्धिक क्षमताको नै कुनै मतलव रहन्छ। आजसम्म विज्ञानद्वारा गरी आएका प्रगतिबाट पनि विश्वमा कारण-कार्य-प्रणाली छ भन्ने सत्यतालाई टेवा मिलेको छ।

कारण-कार्य-प्रणालीमा सम्पूर्ण विश्व बाँधिएकै हो भने फेरी परा-प्राकृतिक तत्वको निर्देशनमा विश्व संचालन हुन्छ भन्ने कुराको केही अर्थ रहँदैन, यहींनेरै विज्ञान र धर्मकोबीच द्वन्द्वयुद्ध शुरू हुन्छ। जड पदार्थहरूमा कारण-कार्य-प्राणाली लागू भएपनि चेतन पदार्थमा त कुनै दैवी शक्तिको वर दान अवश्य छ भन्ने धारणालाई खण्डन गर्नतर्फ पनि विज्ञान धेरै हदसम्म अगाडि बढी सकेको छ, र जड पदार्थहरूको एक विशेष स्थितिमा नै चेतना का गुणहरू देखा पर्छन् अथवा जड र चेतनमा परमाणुहरूको स्थिति बाहेक अरु भिन्नता छैन भन्ने कुरा पनि विज्ञानले एक दिन सिद्ध नगर्ला भन्न सकिन्न।

परिकल्पनामा आधारित तत्वको अस्तित्व विश्वासमा निर्भर रहन्छ। "केही त छ, चाहे जे सुकै नाम होस्" भन्ने विश्वासलाई पुष्टि गर्ने खालका घटनाहरू पनि घट्ने गर्छन्। जस्तै राम बिरामी पऱ्यो भने एक परा-प्राकृतिक तत्व 'क' लाई खुशी पार्न दान दक्षिणा गर्दा रोग निको पनि हुनसक्छ। सो रोग आफै पनि निको हुन सक्छ, तर दान दक्षिणाबाट भएको हो भनी 'क' तत्वको अस्तित्वमा विश्वास अवश्य पनि बढ्न जान्छ। यस्ता कुरामा 'क' तत्व परिकल्पित हुनाले विश्वास गर्ने बाहेक प्रयोगशालामा प्रयोगात्मक तवरले अध्ययन गरेर हेर्न पनि सकिन्न।

धर्मको उद्देश्य संसारमा दुःखले सताइएका मानवलाई सुख शान्ति प्राप्त गराउनु हो, र यदि कारण-कार्य-प्रणाली अनुसार-कारणवशै मानवलाई दुःख हुन्छ, सकारणै सुख हुन्छ, सकारणै शान्ति हुन्छ भने यसरी कारण-कार्य-प्रणाली अन्तर्गत दुःखी मानवलाई शान्तिको बाटो देखाउने धर्ममा र विज्ञानमा भने कुनै द्वन्द्व रहँदैन। बुद्धद्वारा प्रतिपादित बुद्ध धर्म एउटा यस्तो धर्म हो जस अनुसार मानवलाई दुःख हुन्छ, वा सुख हुन्छ वा शान्ति हुन्छ



Downloaded from http://www.dhamma.digital

भने सो विशेष प्रकारका कारणहरू उपस्थित रहेर नै हुन्छ र सो कारणहरू नरहेमा तद्जनित दुःख वा सुख वा शान्ति पनि रहँदैन । "ये धम्मा हेतुप्पभवा हेतु तेषां तथागतो आह, तेषां च यो निरोधो एवं वादी महासमण" अर्थात् "जुन धर्म सकारण हुन्छन्, तिनीहरूका कारण तथागत भन्छन्- तिनीहरूको निरोध पनि यस्तो वादी महाश्रमण हुनुहुन्छ"- भनी अस्सजीले बुद्धको धर्मलाई परिचय दिएका थिए। यस अर्थमा बुद्ध धर्मलाई एउटा वैज्ञानिक धर्मको संज्ञा दिन सकिन्छ ।

चाहे संसार जसरी नै संचालन भइरहेको होस्, चाहे जीव र शरीरमा जुनसुकै सम्बन्ध होस्, चाहे विश्व सोद्देश्य होस् वा निरूद्देश्य, चाहे मरेपछि व्यक्ति रहोस् या नरहोस् , मानवलाई जुन दुःखले सताइरहेको छ, त्यो छ र त्यसका कारणहरू छन्, ती कारणहरूको निरोध हुन सक्छ र निरोध गर्ने मार्ग पनि छ। बुद्ध धर्म अन्ध विश्वासमा आधारित न भै कारण-कार्य-प्रणालीमा आधारित भएकोले नै प्रतीत्य समुत्पादको सिद्धान्त (यो भएमा यो हुन्छ, यो नभएमा यो हुँदैन) यस धर्ममा छ, र यो नीति धर्मको स्तम्भ पनि हो। बुद्धको धर्ममा "आऊ र आफैले अनुभव गरी हेर" भन्ने निमन्त्रणा हुनुबाट पनि यो कुरा सावित हुन्छ कि यो धर्ममा आँखा चिम्ली विश्वास गर्ने प्रवृत्तिको भन्दा बौद्धिक चिन्तनको नितान्त आवश्यकता छ ।

दुःखले छटपटाई रहेका संसारिक प्राणीहरूलाई विषालु तीर लागेको बटुवाको उपमा दिंदै बुद्ध भन्नुहुन्छ- "यदि त्यो प्राणी जबसम्म यो तीर कसले हान्यो, किन हान्यो, त्यो हान्नेको रूपरंग कस्तो छ, कहाँ बस्छ, के गर्छ, आदि बारे यकिन थाहा हुँदैन तबसम्म तीर निकाल्दिन भन्यो भने बरु त्यो मान्छे त्यसै मरेर जान्छ, तीर हान्ने मान्छेको पत्तो उसलाई हुँदैन ।" यसरी दुःखले सताइएको जीवनमा मानवको पहिलो कर्तव्य हुन्छ, दुःख नाशगरी शान्ति प्राप्त गर्नु हो, जुन कि सकारण हुने हुनाले राम्ररी जानी-बुझी प्रयत्न गरेमा आफ्नै प्रयत्नले कारणको निरोधगरी दुःख नाश गरी शान्तिपूर्वक बस्न सक्छन्, यस्को लागि न त कुनै अदृश्य शक्तिलाई गुहार्न आवश्यक हुन्छ, न त्यस्मा विश्वास गर्नै जरूरी छ। जस्तै तीरको कारण भएको पीडा हटाउन तीर हान्ने व्यक्तिबारे ज्ञान प्राप्तगरी रहनु आवश्यक हुँदैन, न त लाभदायक नै हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्ध धर्मलाई अनीश्वरवादी धर्मको संज्ञा दिइन्छ । तर बुद्धको दश अव्याकृत (दश-मौन) बाट स्पष्ट हुन्छ कि शान्ति प्राप्तिको लागि यो संसार किन बनायो, कसले बनायो, कसरी बनायो, किन मलाई दुःखमा पाऱ्यो, के गरे मलाई उद्धार गर्ला, भनी अज्ञात तत्वलाई गुहार्नु भन्दा त्यतापट्टी मौन रही केवल आफ्नो बुद्धिको आँखा उघारी हेर्नु छ ।

(१) दुःख छ ।

(२) दुःखका कारण छन् ।

(३) दुःखका कारणको निरोध छ ।

(४) दुःखका कारणको निरोध गर्ने बाटो छ ।

यी चार सत्यहरूलाई थाहापाई शील समाधिको बाटोमा लागि दुःख नाशगरी शान्ति पूर्वक रहनु मान्छेले आफ्नै प्रयत्नले गर्नसक्ने कुराहरू हुन् । बुद्धका यी ४ आर्य सत्यहरूबाट यही कुरा स्पष्ट हुन्छ ।

शारीरिक एवं मानसिक सम्पूर्ण कृयाहरू वा स्थितिहरूको विश्लेषण गरी हेर्दा सम्पूर्ण कृयाहरू कारण-कार्य-प्रणाली अन्तर्गत नै सकारण उत्पन्न भई सकारण परिवर्तन भैरहेको बुद्धले देखेकाले, यी सबैमा व्यक्तिको आफू वा आत्म नभएको कुरालाई “सबै धर्म अनात्म हुन्” भनी बुद्धले व्यक्त गरेका छन् । पदार्थ एवं शक्तिको घात-प्रत्याघात स्वरूप प्रतिक्षण परिवर्तनभै भूतबाट वर्तमान र वर्तमानबाट भविष्यतिर प्रवाहित भैरहने विश्व-प्रवाहमा आफू भन्ने कुरा केवल वातावरणबाट आफ्नो देह तथा मानसिक कृयाहरूलाई अलग्याउन प्रयोग गरिने संज्ञाको रूपमा मात्र र हेको कुरातर्फ विज्ञानले पनि औंल्याई रहेको छ । यस अर्थमा पनि बुद्ध धर्ममा वैज्ञानिकता रहेको छ भन्न सकिन्छ ।

कालान्तरमा अनेक शाखा-विशाखामा विभाजित हुन गै बुद्ध धर्ममा पनि परा-प्राकृतिक परिकल्पनाहरू थपिंदै गए ता पनि मूल रूपमा बुद्ध धर्मले, मानवको बौद्धिक एवं प्राज्ञिक प्रतिभालाई, विज्ञानले जस्तै, विकास गरी प्रज्ञाको ज्योतिमा संसारिक जीवनलाई बुझी शान्ति प्राप्त गर्न मानवलाई सक्षम बनाएको छ ।



Downloaded from http://www.dhamma.digital

# दुःख सत्य

के हामी सुखी छौं ? के हामी सन्तुष्ट छौं ? के हामीलाई केही चाहिंदैन ?

हामीहरू हरदम-हरपल केही न केही चाहीं रहन्छौं । हामीहरू हरेक काम त्यही चाहनाले प्रेरित भएर गर्छौं । वर्तमान अवस्थाबाट हामी परिवर्तन खोज्छौं र परिवर्तित हुँदै विश्व प्रवाहसँगै दौडन्छौं । हाम्रो असंतुष्टिले गर्दा हरपल केही न केही गरी रहन्छौं । संक्षेपमा भन्ने हो भने, हामी दुःखी छौं ।

हामी जन्मेदेखि, सायद गर्भावस्था देखि नै, हाम्रा इन्द्रिय युक्त मनले परिवर्तनशील विश्वसँग बदल्दै केही न केही चाही रहन्छ । त्यसैले जन्मदेखि मृत्यु पर्यन्त दुःखै दुःख छ । चाहिएको पाइएन दुःख हुन्छ । चाहिएको पाइयो, तुरुन्तै अर्को चाहना उत्पन्न हुन्छ । विश्वको परिवर्तनशीलतासँगै हामीहरूले दौड्नु पर्छ, यसमा कुनै अपवाद पाइंदैन । यही अनन्तसम्मको भागदौड नै दुःख हो ।

हामी शरीरमा ममता राख्छौं । वातावरणसित कृया-प्रतिकृया गर्दा शरीरमा वेदनाहरू उत्पन्न हुन्छन् । वेदनाको कारण तृष्णा उत्पन्न हुन्छ । अनि हामीलाई दुःख हुन्छ । शरीरमा क्रमशः परिवर्तन आउँदै गर्छ । रोग लाग्छ, वृद्धावस्था आउँछ, मृत्यु हुन्छ, हामीलाई दुःख हुन्छ । त्यसो भए हामीलाई सुख भनेको हुँदै हुँदैन त ? हुन्छ यदि खोजेको पाइयो भने, तर त्यो सुख पनि क्षणिक हुन्छ । रेडियो खोल्दा हामीलाई मनपर्ने गीत आयो भने हामीलाई सुख लाग्छ, तर एकछिन पछि गीत सकिन्छ, फेरी हामीलाई खल्लो लाग्छ । त्यही गीत फेरी-फेरी सुन्न पर्‍यो भने हामीलाई दिक्क लाग्छ, किनकि सुख वास्तवमा गीतमा होइन, सन्तुष्टीमा हुन्छ तर मन संतुष्ट कहिल्यै हुँदैन किन भने स्वभावैले हामी दुःखी छौं ।

हाम्रो शरीर र मनको स्वभावै यस्तो छ, कि हामी केवल क्षणिक वर्तमानमा मात्र बाँच्छौं, जो बितिसक्यो त्यो वितिनै सक्यो, जो भएकै छैन



Downloaded from http://www.dhamma.digital

त्यो भएकै छैन । जो वर्तमानमा छ, त्यो परिवर्तनशीलताको कारण क्षणिक छ । परिवर्तनशीलतामा सुख होस् वा दु:ख अत्यन्त क्षणिक हुन्छ । अनि हरदम परिवर्तन खोज्दै हामी दु:खी नै रहन्छौं ।

हाम्रा कामनाहरू वा तृष्णाहरूको कारणले नै हामीमा लोभ, भय, क्रोध, मद, मात्सर्य आदि उत्पन्न हुन्छन् । यिनीहरू सबैको कारण हामी यस दुनियाँमा हाँसी, खेली, रोई, कराई, झगडा गर्दै, दिन गुजार्छौं । यसलाई हामी चाहनाहरू पूर्तिको लागि छटपटी भन्न सक्छौं । एकजना मान्छेको दिनभरीको कृयाकलाप बिहान उठेदेखि बेलुका नसुतेसम्मको गतिविधिलाई हेर्ने हो भने हामी यस छटपटीलाई प्रष्ट देख्न सक्छौं । यस छटपटीको मुख्य ध्येय हुन्छ- आफू र आफ्नो ममता भएका परिवारलाई बचाएर राख्नु वा बाँच्नु । तर परिवर्तन शीलताको कारण न आफू बचे जस्तो लाग्छ न आफ्नो ममता भएका कोही नै बचे जस्तो लाग्छ । यसै कारण हाम्रो कामना जति पूर्ति भएपनि अरु वढ्दै जान्छ । जस्तै कुनै व्यक्तिले एकलाख पायो भने एक करोडको सपना देख्न थाल्छ । आफू जुन स्थितिमा छ त्यो भन्दा माथि जान खोज्छ । आफूसँग जे छ त्यो केही जस्तो पनि लाग्दैन ।

कामनाको जडमा आसक्ति हुन्छ राग हुन्छ, तृष्णा हुन्छ । तृष्णाको पछाडि वेदनाहरू हुन्छन् । वेदना स्पर्शद्वारा हुन्छ, स्पर्श आयतनको कारण हुन्छ, आयतनहरू अविद्या र संस्कारबाट उत्पन्न विज्ञान (चेतना) र नाम रूप (शरीर स्नायुपुञ्ज) को कारण हुन्छ ।

❤ ❤ ❤

***अप्पमादरतो भिक्खु-पमादे भयदस्सि वा ।***
***अभब्यो परिहाणाय-निब्बानस्सव सन्तिके ॥***

❖ प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुको खराब गति हुँदैन ऊ निर्वाणको नजिकै आई पुग्दछ ।

***फन्दनं चपलं चित्तं-दुरक्खं दुन्निवारयं ।***
***उजुं करोति मेधावी-उसुकारोव तेजनं ॥***

❖ बुद्धिमान् व्यक्तिले वाणकारकले बाण सोझो पारी झैं आफ्नो चञ्चल तथा रक्षा गर्न गाह्रो चित्तलाई तह लाउँछ । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# अनित्यता भित्र शान्ति

भन्न त हामी सबै अनित्य छन्, सबै नाशवान् छ भन्छौं । यस सत्यलाई हामीले अलि गहिरिएर विचार गर्नु आवश्यक छ ।

विश्व परिवर्तनशील छ । क्षण-क्षणमा परिवर्तन भइरहेने अणु-परमाणु द्वारा निर्मित शक्तिद्वारा चलायमान ठोस, तरल र वायवीय पदार्थहरूबाट यो विश्वको रचना भएको छ। हाम्रो आफ्नो शरीर, मस्तिष्क, र मन यसबाट अलग्ग छैन । यही परिवर्तन शील पदार्थ- शक्तिको लहर अविरल घटनाक्रमको रूपमा अनादिदेखि विश्वमा चल्दै आएको थियो र अनन्त कालसम्म चल्दै जाने पनि छ। यहाँ एकछिन ठहरे जस्तो प्रतीत हुने यो शरीर र स्नायु पुञ्जद्वारा संचालित मन जो छ, त्यो पनि दीप शिखा जस्तै प्रतिपल परिवर्तन शील अणु-परमाणुहरूको अल्पकालीन जमघट मात्र हो ।

तर कारणवशनै परिवर्तनहरू हुन्छन्- अकारण होइन। कुनै परिकल्पित तत्वको मनमानीमा परिवर्तनहरू हुने होइन। एक विशेष प्रकारको कारण समुत्पन्न भएमा एक विशेष प्रकारको घटना सम्पादन हुन्छ, कार्य-कारण प्रवाहको यस श्रृखंला अपवाद रहितभै अनादि कालदेखि चलीआएको छ ।

यस अनित्य देह तथा यस भित्रका स्नायु पुञ्ज वातावरणसित कृया प्रतिकृया गर्ने प्रकृयामा- यसले वातावरणबाट अलग्गिएर आफ्नो छुट्टै अस्तित्व देख्छ- वातावरण सित कृया-प्रतिकृया गरीरहेको परिवर्तनशील तत्वहरूको जमघटको रूपमा देख्दैन- यहींबाट सब गडबढी सुरू हुन्छ। यहींबाट मायाजाल शुरू हुन्छ- 'ममता' म मेरोपना शुरू हुन्छ- मेरो, तेरो, राग, द्वेष, मोह, शुरू हुन्छ- यो सबै किन ? संसारमा बाँच्न र राम्रोसँग बाँच्नको लागि यो छुट्टै अस्तित्वको भावना आवश्यक हुन्छ। यही भावना, 'मेरो तेरो' को भावना स्वार्थ र संघर्षको जननी पनि छ। भनिन्छ निस्वार्थ व्यक्ति भएर संसारमा बाँच्न पनि मुश्किल हुन्छ ।

गहिरिएर विचार गर्ने हो भने यो 'म' भन्ने संज्ञा छुट्टै अस्तित्व जनाउने एउटा नाम मात्र बाहेक अरु केही होइन भन्ने यथार्थता प्रष्ट हुन्छ।



Downloaded from http://www.dhamma.digital

जस्तै एउटा 'कलम' भन्ने नाम भएको पदार्थमा पलास्टिक, नीप, मसी, धातुका अवयव बाहेक 'कलम' भन्ने कहीं पनि हुँदैन । यस्तै यस परिवर्तनशील विश्वमा व्यवहारमा अनेक नाम दिई, स्वार्थ संघर्षको अखाडा देखिएता पनि वास्तविकतामा परिवर्तनशील पदार्थ शक्ति समूह अनादि देखि चली आएको अर्थहीन प्रवाह मात्र हो- यस तथ्यलाई जति प्रष्ट देख्न सक्छौं उति मात्रामानै हामीले अनित्यतालाई बुझ्नसक्ने हुन्छौं ।

वास्तवमा भन्ने हो भने, अनित्यता र अनात्मिकता नङ्ग र मासु जस्तै जोडिएका तत्वहरू हुन् । अनि त्यही झूठो 'म' को कारण अनित्य परिवर्तनशील पदार्थ शक्ति समूहमा उत्पन्न ममता, राग, द्वेष, मोहको कारण उत्पन्न, तृष्णाको प्रवाहको कारण हामीलाई संसारिक जीवन सुखको आशामा भौंतारिरहेको दुःखमय भ्रम जस्तो मात्र लाग्न थाल्छ। दुःख पनि एउटा भ्रम मात्र हो जुन् दोषपूर्ण दृष्टिको कारण उत्पन्न हुन्छ। यथार्थ द्रष्टा अनित्यता व्याप्त परिवर्तनशील विश्वमा निस्सार पदार्थ शक्ति प्रवाहलाई छर्लंग देख्ने द्रष्टाको लागि यहाँ शून्यता बाहेक 'म' र 'ममता' र अहंकारलाई कुनै स्थान हुँदैन । अनि संसारमा जेजति भैराखेका छन् त्यसमा त्यस व्यक्तिले दुःख अनुभव गर्दैन न सुखनै। उसको लागि केवल शान्ति मात्र हुन्छ ।

भूत र भविष्यको अस्तित्व हुँदैन, भूत गइसकेको हुन्छ भने भविष्य आएकै हुँदैन, अनि वर्तमान एक प्रवाहित क्षण मात्र हो जसको अस्तित्व छैन । कति सम्यको परिवर्तनलाई वर्तमान भन्ने हो यस्को कुनै हिसाब छैन । गणितीय भाषामा भन्ने हो भने वर्तमानको क्षण एक सेकेण्डको अनन्त खण्डको एक खण्ड अर्थात् शून्य बराबर हुन्छ । यस हिसावले हेर्ने हो भने पनि यस महा-अनित्यता व्याप्त विश्व प्रवाह शून्यमय छ ।

व्यावहारिक जीवनमा हामी खेल्छौं, नाच्छौं, प्रेम गर्छौं, शोक गर्छौं, जन्मन्छौं, मर्छौं, रून्छौं, झगडा गर्छौं- यसलाई हामीले आफ्नोपना वा ममताको रंगीन संसार भन्नसक्छौं। मायामय संसार भन्नसक्छौं। वास्तविक जीवनमा हामी मायाभन्दा पर, महा अनित्यता भित्र परम शून्यमा लीन्छौं,- हामी र हाम्रो यहाँ केही छैन । परिवर्तनशील विश्व-प्रवाह मात्र छ, अनि विश्व प्रवाह भित्रका सत्यताहरू छन्, परम शून्यता भित्रको महान् शान्तितत्व मात्र वास्तविक यथार्थताको रूपमा यहाँ रहेको छ। यस महान शान्तिनै सांसारिक



Downloaded from http://www.dhamma.digital

दुःख चक्रबाट छुटकारा पाउनको लागि एउटा अवलम्बनको रूपमा रहेको छ। जसलाई प्राप्तगर्ने मार्ग तत्वदर्शीहरूले समय-समयमा देखाउँदै आएका छन् ।

अनित्यता, अनात्मिकता र दुःखको बारेमा यथार्थ बोध गराई महान् शान्तितत्व निर्वाण तर्फ मार्गदर्शन दिनुहुने उनै भगवान्, अर्हत, सम्यक् सम्बुद्धलाई कोटि-कोटि वन्दना छ, जसले प्रथम पटक हामीलाई प्रज्ञाको ज्योति देखाई संसारको दुःखबाट मुक्त हुने मार्ग प्रदर्शन गर्नुभयो ।

❤ ❤ ❤



*अनवट्ठित चित्तस्स–सद्धम्मं अविजानतो ।*
*परिप्लवपसादस्स–पञ्ञा न परिपूरति ॥*

❖ चित्त स्थिर नभएको सद्धर्म नजान्ने र प्रसन्न स्वभाव नभएको व्यक्तिलाई प्रज्ञा-ज्ञान पूर्ण रूपले प्राप्ति हुनसक्दैन ।

*अनवस्सुत चित्तस्त – अनन्वाहत चेतसो ।*
*पुञ्ञपाप पहोणास्स – नत्थि जागरातो भयं ॥*

❖ अनासक्त, स्थिर चित्त र जाग्रत चित्त भई पुण्य र पाप दुबै न भएको व्यक्तिलाई भय हुने छैन । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# अनित्यतालाई बुझौं

सबै अनित्य छ, भनी भन्न जति सजिलो छ, बुझ्न उतिनै गाहारो हुन्छ । अनित्य अर्थात् क्षणिक, एक छिन् मात्र पनि स्थिर नरहने, पल-पलमै बदली रहने । सानोमा- सानो परमाणुदेखि लिएर ठूलोमा- ठूलो सम्पूर्ण ब्रह्माण्ड पनि परिवर्तनशील छ ।

घडीको सुई जस्तै भूत-वर्तमान-भविष्यको श्रृंखला चलीरहेको छ । जुन् एक छिन अघि थियो त्यो अहिले छैन, जुन् अहिले छ त्यो एक छिन पछि रहने छैन । अतीतको कारणबाट कुनै वस्तुको संघटन भई देखापर्छ त कारण नरहेमा विघटन भएर जान्छ ।

यस विश्वमा परिवर्तनहरू भैरहन्छन्, घटनाहरू घटी रहन्छन्, प्रत्येक परिवर्तन, प्रत्येक घटनाका कारणहरू हुन्छन् । अर्थात् सो कारणहरू नरहेमा सो घटना घट्दैनन् । अगाडिका कारणहरूबाट हालका घटनाहरू घट्छन् भने हालका घटनाहरूनै यसपछिका घटनाका कारणहरू बन्छन् । कर्महरू अनुसारका परिणामहरू उत्पन्न हुन्छन् । प्रकृतिको यस नियम सदा रही रहन्छ । त्यसैले यस संसारको न आदि देखिन्छ, न अन्तनै ।

यस्तो स्वभाव भएको विश्वमा प्राणीहरूको शरीर र मन पनि अपवाद रहेको छैन । कारणवशनै शरीर र मन परिवर्तन हुँदै अगाडि बढी रहन्छ । शरीरमा रहेका इन्द्रियहरू, स्नायुहरू र मस्तिष्कद्वारा शरीर र वातावरणबीच अन्तर्क्रियाहरू भैरहन्छन् । त्यसैबेला जब-जब वातावरणबाट अलग्गाएर शरीर र मस्तिष्कको अस्तित्व स्नायुपुञ्जद्वारा अनुभव हुन्छ तब छुट्टै अस्तित्वको अनुभवलाई एउटा संज्ञा दिन्छ-"म" वा 'आफू' वा 'आत्म' । जुन कि केवल एउटा नाम मात्र हो, जस्को अस्तित्व छैन, अस्तित्व छ त केवल शरीर, इन्द्रियहरू र स्नायु प्रणालीहरूको छ ।

यही झूठो नामकरण 'आफू' वा 'म' लाईनै शरीर र स्नायु प्रणाली मान्ने जुन् अज्ञान हो, त्यहीनै वास्तवमा अनित्यतालाई बुझ्न गाहारो तुल्याउने बाधक भएर रहन्छ, किनकि व्यक्तिले जन्मदेखि मरणसम्म पनि



Downloaded from http://www.dhamma.digital

'म' वा 'आफू' भन्ने छ भनी गलत धारणा बनाउँछ, जुन वास्तवमा छँदै छैन । सबै अनित्य देखेर पनि हुँदै नभएको 'म' लाई जब व्यक्तिले अपरिवर्तनशील देख्छ, त्यहींबाट सबै गडबड शुरू हुन्छ । झूठो 'म' बाट अहंकार उत्पन्न हुन्छ, मेरो तेरोको झगडा शुरू हुन्छ, राग, द्वेष, मोह, जाग्छ । तृष्णाको भुंवरीबाट दुःखको धारा शुरू हुन्छ । ध्यान भावनाद्वारा व्यक्तिले जब आफ्नो शरीर र चित्तमा अनित्य स्थितिहरूको धार मात्र देख्छ र 'म' को सर्वदा अभाव देख्छ, तब उस्को अज्ञानको विनाश हुन्छ । तृष्णाको धार क्षीण भएर जान्छ र दुःखको जंजालबाट मुक्त हुन्छ ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा पनि यहाँ पदार्थ र शक्तिको अनवरत प्रतिकृया बाहेक अरु केही देखिन्न । व्यक्तिहरूले जतिपनि नाम करणहरू गरी राखेका हुन्छन् सबै व्यवहारको लागि मात्र हुन्छ । यथार्थतामा केवल परिवर्तनशील पदार्थको र शक्तिको मात्र अस्तित्व हुन्छ । यही परिवर्तनशील पदार्थ र शक्तिको विशेष संघटन मात्र शरीर र मस्तिष्क भएर देखापर्छ । अहंकार, तृष्णा, संरस्कार र सुख दुःखहरू विशेष स्थितिका नामाकरण मात्र हुन् जुनको स्वयं अस्तित्व छैन ।

यस विश्वमा जतिपनि घटनाहरू घटी रहन्छन्, हरेकको आफ्नै सत्यता छ, वास्तविकता छ । चाहे हामीले थाहा पाऔं वा नपाऔं, विश्व भरीका सम्पूर्ण घटनाहरूको आफ्ना निहित सत्यताहरू हुन्छन् । यी सत्यताहरूलाई पहिचान गर्ने कोशिस विज्ञानले गर्दछ । अनादिदेखि अनन्त सम्मका सम्पूर्ण घटनाहरूको सत्यताहरू पनि घटनाहरू जस्तै अनित्य रहेको हुनाले वास्तवमा सार रूपमा यहाँ केहीपनि छैन- शून्यमय छ । यही महाशून्यता भित्र हाम्रा सबै क्षणिक अस्तित्वहरू बिलाएर जान्छन् । हाम्रा शरीर र मस्तिष्क भित्रका परिवर्तनहरू साथै हामीले नामाकरण गरेको झूठो 'म' अहंकार, तृष्णा र अविद्यामा जन्मेका सम्पूर्ण भवचक्र समेत बिलाएर जान्छन् । यसरी नै हामीले यस महा अनित्यतालाई बुझ्न सक्छौं ।

♥ ♥ ♥



Downloaded from http://www.dhamma.digital

# अनात्मको रहस्य

बुद्धले प्राणी मात्रलाई संसारिक दुःखबाट मुक्त गर्न शन्तिको मार्ग देखाउनु भएको छ । मनमा हरदम उठीरहने कामनाका लहरहरूलाई सबै दुःखको मूल हो भनी बुद्धले उपदेश दिनु भएको सत्यलाई जो कोहीले पनि आफ्नो दैनिक जीवनमा देख्न सक्छ । कामनाको पूर्तिमा लोभ बढ्न थाल्छ, आपूर्तिमा क्रोध, उत्पन्न हुन्छ । इर्ष्या, भय, मद, मात्सर्य आदि तामसिक गुणहरू सबै कामनाकै कारण उत्पन्न हुन्छन् । कामना आसक्तिबाट उत्पन्न हुन्छ, आसक्ति भनेको लगाव झुकावबाट उत्पन्न हुन्छ । बुद्ध भन्नुहुन्छ- "ज्ञानेन्द्रियहरू र विषयहरूको संयोग वियोगबाट उत्पन्न हुने वेदनाबाट नै तृष्णा वा आसक्ति उत्पन्न हुन्छ ।"

मनको झुकाव वा आसक्ति त्यसमा उत्पन्न हुन्छ, जुन मनलाई प्रिय लाग्छ, जसमाथि व्यक्ति वा प्राणीको 'म' 'मेरो' भन्ने भावना हुन्छ । मेरो शरीर, मेरो मन, मेरो घर, मेरो परिवार, मेरा सामानहरू इत्यादि । अर्काको शरीरमा घाऊ लागेर 'म' लाई त्यति दुःख हुँदैन जति 'मेरो' शरीरमा लाग्दा हुन्छ, यो ममता वा मेरो पनाको कारणले हो ।

यस अनित्य छिन-छिनमा बदली रहने संसारमा जहाँसम्म 'म' 'म' 'मेरो मेरो' को झुकाव वा आसक्ति रहीरहन्छ, तबसम्म कामनाहरू र भय, क्रोध, लोभ, द्वेष, इर्ष्या, आदि भावनाबाट अभिप्रेरित, झगडा, लडाई, काटमार, दुराचार तथा अन्य दुःखयुक्त घटनाहरू घटीरहन्छन ।

त्यसैले आफ्ना उपदेशहरूमा भगवान् बुद्धले 'अनात्म' मा जोड दिनु वास्तविकतामा यस अनित्य परिवर्तनशील विश्वमा तथा प्राणीहरूका देह र स्नायु पुञ्जहरूमा हुने स्वभाविक कृया-प्रतिकृयाहरू बाहेक 'म' 'मेरो' भन्ने केही छैन भन्ने अनात्म तथ्यलाई यथार्थमा बुझी, तृष्णा वा आसक्तिको ज्वालाबाट अलग रही दुःखको, अन्तगर्ने उपदेश बुद्धले दिनु हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**"सब्बेधम्मा अनत्ता'ति यदा पञ्ञाय पस्सति**
**"अयो निब्बिन्दति दुक्खे, एस मग्गो विशुद्धिया ।"**

**-धम्मपद**

"सबै (स्वभाविक) धर्महरू अनात्म छन् भनी जब प्रज्ञाद्वारा देख्छ, तब दुःखबाट मुक्त हुन्छ । यही विशुद्धिको मार्ग हो "

तर, जन्मे देखिनै 'म' 'मेरो' को मिथ्या दृष्टिमा अल्फी आएका हामी प्राणीहरूलाई एकै छिन भन्दै सुन्दैमा अनात्मलाई बुझ्न गाह्रो हुन्छ । यसको लागि प्रज्ञा चक्षुको आवश्यकता छ र प्रज्ञा चक्षु शील र समाधिबाट उत्पन्न हुन्छ । यही शील समाधि प्रज्ञाको बाटोलाई आठ अंगयुक्त आर्यमार्ग भनिन्छ ।

ती आठ अंगहरू हुन्- सम्यक दृष्टि, सम्यक् संकल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक् आजीविका, सम्यक् प्रयत्न, सम्यक् स्मृति र सम्यक् समाधि । जुन प्रकारको दृष्टि, संकल्प, वचन, कर्मान्त, आजीविका, प्रयत्न, स्मृति र समाधिले युक्त हुँदा प्रज्ञा चक्षु खुल्छ र वास्तविकतामा 'म' 'मेरो' को सर्वथा अभावलाई देख्न सक्छ, त्यसैलाई सम्यक् अर्थात् उचित, ठीक दृष्टि भनिएको छ ।

भगवान् बुद्धको अनात्मिकताको घनिष्ट सम्बन्ध अनित्यता र दुःख सित छ । यस संसारमा जहाँ सबै अनित्य छन्, त्यहाँ 'म' 'मेरो' 'तँ' 'तेरो' गरी आसक्ति र तृष्णाको ज्वालामा जली रहने प्रज्ञाविहीन प्राणीहरूको लागि दुःख मात्र छ । जहाँ प्रज्ञा चक्षु उत्पन्न भई 'म' 'मेरो' 'तँ तेरो' को अर्थात् आत्म भावबाट रंगिएको मिथ्या दृष्टिको सम्पूर्ण विनाश भई तृष्णा वा आसक्तिको ज्वाला शान्त भएर निभ्छ, त्यहाँ सम्पूर्ण दुःखको विनाश भई अर्हतपद प्राप्त हुन्छ । यसैलाई संक्षेपमा, बुद्धको अनित्य दुःख र अनात्मि वादी दर्शनको सार मान्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मका मूलभूत समस्याहरु

अरु धर्महरूको दाँजोमा बुद्धधर्म एउटा वैज्ञानिक धर्म हो र यसका अनेकन् मानवीय मूल्यहरू पनि छन् । दश पारमिता एवं चार ब्रह्म विहारबाट सिंचित बुद्धधर्मले मानव मात्रलाई शान्तिको सन्देश दिरहेको छ । तर पनि बुद्धधर्मका केही मूलभूत समस्याहरू छन् जसको कारण यो धर्म संकुचित भएर जीर्ण अवस्थामा रहीरहनु परेको छ । यस लेखमा यस्ता केही समस्याहरू माथि प्रकाश पार्न कोशिस गरिन्छ ।

**पहिलो समस्या वैदिक ब्राह्मणवादको कुप्रभावः-**

बुद्धको जन्म, एउटा वैदिक ब्राह्मणवादलाई मान्ने राजा शुद्धोदनको छोराको रूपमा भयो । राजा शुद्धोदनको दरबारमा यिनै वैदिक ब्राह्मणहरूको प्रभुत्व थियो । दासप्रथा र जातपात साथै यज्ञमा प्राणी हिंसागर्ने प्रथा त्यस बेला चलेको थियो । मानिसहरू देव-देवताहरूमा, सात लोक, चौध भुवन, स्वर्ग, नरक र पुनर्जन्मका कुराहरूमा, विश्वास गर्थे । कुनै पनि व्यक्तिलाई पुर्नजन्म लिई भव चक्रमा घुमिरहनु, अनिवार्य सम्झिन्थ्यो र यसबाट बच्ने कुनै उपाय थिएन । राजा, भाइ-भारदार र उच्च जातिका मानिसहरू सुख शयलमा मस्त रहन्थे भने दासहरू तथा नीच जातिका मानिसहरूको जीवन अत्यन्तै कष्टपूर्ण हुन्थ्यो ।

राजकुमार सिद्धार्थले त्यसबेलाका कुरीतिहरूलाई विरोध गर्दै फेरी फेरी जन्मी रहनुपर्ने भवचक्रबाट छुट्ने व्यक्तिगत निर्वाणको बाटो निकाले, तर पनि उनले वैदिक ब्राह्मणवाद बाट आएका दासप्रथा, स्वर्ग नरक र लोकहरूको अस्तित्व, तथा जन्म मरण र पुनर्जन्मको सिद्धान्तलाई भने अंगीकार गरे ।

आज विज्ञानले हामीलाई भन्छ- यी सात लोक र भुवनहरू, स्वर्ग, नरक र पुनर्जन्म केवल, कपोल-कल्पित हुन् । बुद्धधर्मले साँच्चै वैज्ञानिक हुने हो भने यस्ता अन्ध-विश्वासहरूबाट आफूलाई छुटाउनु आवश्यक छ ।

**दोश्रो समस्या बुद्ध धर्ममा संघर्ष शीलताको कमीः-**

बुद्ध धर्म एउटा यस्तो धर्मको रूपमा विकास भयो जुन केवल धन धान्यले भरपूर शान्तिपूर्ण समयमा मात्र सम्भव हुन्छ । जहाँ खान पिउन,



Downloaded from http://www.dhamma.digital

प्रशस्त छ र बाँच्नलाई कुनै समस्या हुँदैन, तबमात्र मानिसहरू दर्शनतिर लागि स्वयं जीवनलाईनै समस्याको रूपमा देख्न थाल्छन् । तर अचेल स्थिति बदली सकेको छ । बढ्दो जनसंख्याको कारण बाँच्नलाईनै संघर्ष गर्नुपर्ने भएको छ । जब मानिसहरूलाई अस्तित्व र संघर्ष शील जीवन मध्ये एउटालाई चुन्नुपर्ने हुन्छ तब उनीहरूले अस्तित्वलाईनै चुन्छन् र संघर्ष गर्न तत्पर हुन्छन्। पुरानो रूपमा बुद्धधर्म संघर्ष पूर्ण जीवनलाई सुहाउने खालको भएन । आतंकवादीहरू र कट्टर-पन्थीहरूले आक्रमण गर्दा शुद्ध बुद्धधर्म वादीहरूले या त मैदान छोडेर गुफा र पहाडतिर लागेर गायब भए, यात सर्पलाई बिष खुवाउने जस्तै, आफूलाई खतम गर्न चाहनेहरूप्रति मैत्री र करूणाको वर्षा गरीरहे । यस क्रममा बौद्धहरूले कतिपय अन्य बलियो पक्षका धर्मका रीति रिवाजलाई पनि समेटेर बसे, जसबाट संघर्ष कम गरीरहन सकियोस, तर यस क्रममा आफ्नै धर्मलाई विकृत बनाएर बसे । बौद्धहरूको यस कमजोरीको कारण पनि एक समयमा बौद्धदेश भार तबाट बुद्धधर्मको पतन भएर गयो ।

बौद्ध शासकको छत्र-छाँयामा मात्र बुद्धधर्म फैलन सकेकोबाट पनि यो कुराको पुष्टि हुन्छ कि- बौद्धहरूमा आफ्नो धर्मलाई जोगाउन संघर्ष गर्ने क्षमतामा कमी छ। तसर्थ यदि आजको संघर्षपूर्ण जमानामा बुद्धधर्मलाई अस्तित्व कायम गरी बस्नुछ, भने यस्मा केही परिवर्तन हुनु आवश्यक भएको छ। बौद्धहरूले व्यक्तिगत निर्वाणको कामनालाई त्यागी पहिलो चर णमा अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा एउटा सामान्य व्यक्तिको लागि शान्तिपूर्वक जिउन संभव तुल्याउन संघर्ष गर्नु परेको छ, अनि मात्र दोश्रो चरणमा व्यक्तिगत निर्वाणको कामना गर्न सकिनेछ। घरमा आगो लागेको छ भने पहिलो प्रयास आगो निभाई घरमा रहेका व्यक्तिलाई बचाउनु हुन्छ, अनि मात्र घर छोडी शान्तिपूर्वक जिउन कतै जान उचित हुन्छ ।

**तेश्रो समस्या बुद्ध र बोधिसत्वलाई ईश्वर सम्झी पूजागर्ने प्रथा:-**

बुद्धले जब आफ्नो मार्ग प्रतिपादन गरे उनले यसलाई सरल रूपमा राख्न चाहे र यो संसार किन, कसरी जीवन के हो, किन हो ? आदि झमेला तिर जान चाहेनन् तर पछि उनका शिष्यहरूले अरु धर्मको देखासिकी आफ्नो धर्ममा पनि यी कुराहरू ल्याई छाडे । फलस्वरूप बुद्धधर्ममा पनि



Downloaded from http://www.dhamma.digital

अनेकन वाद-विवादहरू निस्के र बुद्धलाई ईश्वरलाई जस्तै पूजागर्न थालियो। बुद्धको सुनौला मार्ग आर्य-अष्टांगिक मार्ग गौण अवस्थामा रहन पुग्यो । बौद्ध शास्त्रमा उल्लेखित केही बोधिसत्वहरू र बुद्धको पूजा गर्नुनै लोक कल्याणको लागि प्रशस्त सम्भिन थालियो । जन साधारणलाई बुद्धधर्मको मूलभूत सत्यहरूको पनि ज्ञान हुन छाड्यो ।

सारांशमा, आज हामीले बुद्धधर्मलाई यसको ऐतिहासिक पृष्ठ भूमिमा अवलोकन गरी यसबाट यसमा रहेका त्रुटिहरूलाई हटाई सबैको निम्ति हुने वैज्ञानिक लोकोपकारी धर्म बनाउनु नितान्त आवश्यक भएको छ । हुनसक्छ यसो गर्दाखेरी अहिलेसम्म मानी आएका कतिपय अन्धविश्वासहरूलाई त्याग्नु पर्नेहुन्छ । तर कुनैपनि धर्मलाई बाँच्नुछ भन्ने समय अनुसार वातावरणलाई मिल्दो गरी सारभूत कुराहरूलाई लिएर अगाडि बढ्ने क्षमताको विकास सो धर्ममा हुनु आवश्यक हुन्छ ।

❤ ❤ ❤



*अचिरं वत' यं कायो – पठविं अधिसेस्सति ।*
*छुद्दो अपेत विञ्ञाणो – निरत्थं'व कलिंगरं ॥*

❖ चाँडै नै यो शरीर विज्ञान रहित भै काम नलाग्ने काठको मुढाभैं भूमिमा लडी रहने छ ॥ (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# ब्रह्म तथा निर्वाण

जीवन दु:खमय छ, परिवर्तनको कारण अनित्यताको कारण जीवन दु:खमय छ ।

यसैकारण हाम्रा ऋषिमुनि महर्षिहरूले हाम्रो लागि दु:खमय जीवनबाट मुक्ति दिलाउन अर्थात् जीवनलाई सुखमय तुल्याउन धर्मका मार्गहरू खोली दिएका हुन् ।

हिन्दू तथा बुद्ध धर्महरूमा धर्मको लक्ष्य सुखमय जीवनमात्र नभै मोक्ष प्राप्ति पनि हो परब्रह्ममा लीन भएर जानु तथा निर्वाण प्राप्त गर्नु दुबै धर्महरूमा जीवनको अन्तिम लक्ष रहेको छ ।

ब्राह्मी स्थिति भनौं या निर्वाण भनौं दुवै स्थितिमा व्यक्तिको चित्तको स्थिति एकै प्रकारको हुन्छ- मोह रहित, राग द्वेष रहित । ब्रह्ममय जगत् वा विश्व प्रवाह मात्र उस्ले देख्छ, आफू भने छुट्टै अस्तित्वको विलीन भई व्यक्ति र समष्टिको एकीकरण हुन्छ ।

व्यवहारिक नाटीकुटी र रूढीहरूलाई छोडेर धर्महरूको विशुद्ध रूपले हेर्ने हो भने, हिन्दू तथा बुद्ध धर्महरूको विकास क्रममा 'सर्वम् शून्यम्' र 'सर्वम् ब्रह्मं' यी दुइ धारणाहरूको सुमधुर मिलन हुनु कुनै आश्चर्यको कुरो होइन ।

त्यस्तै बुद्धधर्ममा आदिबुद्धको र हिन्दू धर्ममा परब्रह्म परमेश्वरको धारणा अति मिल्दो-जुल्दो छ । व्यवहारमा एकातिर संभोगकाय र निर्माण काय बुद्धहरू र बोधिसत्वहरू हाँगिएर गएका छन् भने अर्कोतिर उत्पति, स्थिति-संहार अर्थात् परिवर्तन र विकासको क्रम जारीराख्ने ब्रह्मा-विष्णु-महेश र अन्य देवताहरू हाँगिएर गएका छन् । हिन्दू तथा बुद्ध धर्मको सह अस्तित्व हाम्रो देशमा हुनु एउटा गौरवपूर्ण कुरा रहीआएको छ ।

आजको युगमा कुन धर्म ठूलो, कुन धर्म सानो, कुन धर्म राम्रो कुन नराम्रो भन्ने विवादमा अल्झनु भन्दा पनि जीवनको हर क्षेत्रमा नैतिकता तथा सदाचार ल्याउन सबै धर्म एकजूट भई आडी बढ्नु परेको छ । यहीनै सबै धर्महरूलाई आजको जमानाको ठूलो हांक रही आएको छ ।



Downloaded from http://www.dhamma.digital

धर्मको ह्रास भएपछि समाजमा देखापर्ने लक्षणहरू आज छ्याप छ्याप्ति देखा परिरहेका छन्– जस्तै पैसाको पूजा, असत्य वादन र हिंश्रक व्यवहारको खुलेआम सराहना, तामसी भोजनको बाहुल्यता, द्यूत क्रियाबाट धन र सम्यक्को बर्वादी, भ्रष्टाचार र शोषण, धर्मको भन्दा पनि शक्तिको पूजा, अनैतिक तथा असामाजिक तरिकाबाट धन धान्य वितरण, प्रकृतिको वरदानको दुरूपयोग, आदि । धर्म केवल समाजमा मुख देखाउनलाई पहिरने मुकुण्डो को रूपमा मात्र देखा परेको छ । प्रभावकारी धर्म र नीतिको अभावमा युवाहरू दिशा भ्रमितभै भट्की रहेका छन् । यस्तो स्थितिमा नातीकुटी रूढीहरू भन्दा पनि, धर्मका सारभूत कुराहरूलाई लिएर दैनिक व्यवहारमा नैतिकता एवं सदाचारलाई उतार्न धर्मप्राण व्यक्तिहरूले आफूलाई पूर्णरूपेण कर्तव्य पथमा समर्पण गर्नुपर्ने भएको छ ।



***को इमं पठविं विजेस्सति***
***यमलोकञ्च इमं सदेवकं ?***
***को धम्मपदं सुदेसितं***
***कुसलो पुप्फमि'व पचेस्सति ? ॥***

❖ यमलोक, देवलोक सहितको यो पृथ्वीलाई कस्ले जित्नु सक्तछ ? चतुर मालीले फूल छानेभैं राम्रोसँग देसित धर्मपद कसले रोज्न सक्ला ? । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# जीवन र निर्वाण

बाँच्नेहरूको मात्र एउटै धोको हुन्छ-
बाँच्नु, अभ्र राम्रोसँग बाँच्नु !
अनि बढ्छन् अघि- भविष्यका सपना संगाली,
अविद्या संस्कार र तृष्णाका भार बोकी,
धन, मान, इज्जत, र शक्तिको जोरजाममा
तर भेट्टाउँछन् मात्र दु:ख !
असंख्य अतृप्त चाहनाहरू- अनि बृद्धावस्था रोग र मृत्यु-
फेरी उही उही मात्र ।
तर बाँच्नेहरू अझै चाहन्छन् बाँच्न
अझ राम्रोसँग बाँच्न ।

बाँच्नेहरूलाई बाँच्न सिकाउन,
अमृतपदको बाटो देखाउन
मानवताको उच्च शिखरमा
प्रज्ञाको ज्योति बाली
अस्तित्वको सार बोकी
एक दिन आए महा कारुणिक
सम्यक् सम्बुद्ध तथागत भगवान् !
-कि जीवन होओस् यस पृथ्वी तलमा
एक भइकन मिली-जुली
शान्ति र समृद्धि पथमा,
-कि जीवन बनोस् दु:ख विहीन
शान्ति र सुखको एउटा महोत्सव !



Downloaded from http://www.dhamma.digital

जीवनमा पलायन, सामूहिक आत्महत्या,
घोर अन्धकारको बाटो होइन निर्वाण !
बाँच्नेहरूलाई अझ राम्रो बाँच्न दिने
जीवनको लक्ष निर्वाण त हुन्छ त्यहाँ
जहाँ प्रज्ञाको ज्योतिमा सत्यलाई भेट्टाई
जीवन अगाडि बढीरहेको हुन्छ,
शान्ति र संबृद्धिको पथमा ।
जहाँ सबै जीवन एउटै हुन्छ,
जहाँ आत्मीयता अन्तमा विलीन हुन्छ,
जहाँ सबैले सबैमा आफू अनि आफूमा सबै देख्छ,
अनि जीवन दुःख-विमुक्त शान्ति र सुखको
एउटा उत्सव बन्छ ।

❤ ❤ ❤



***फेणूपमं कायमिमं विदित्वा***
***मरीचिधम्मं अभिसम्बुधानो ।***
***छेत्वान मारस्स पपुप्फकानि***
***अदस्सनं मच्चुराजस्स गच्छे ॥***

❖ शरीरलाई पानीको फींज समान अथवा मृगतृष्णा समान सम्झेर पण्डितहरू मास बन्धनबाट मुक्त भई मारले नदेख्ने ठाउँमा पुग्दछन् । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# विज्ञान र धर्म

अज्ञान जनित् आफ्नो जिज्ञासालाई तृप्तगर्न मानवले अपनाएका दुइ बाटा छन्– विज्ञान र धर्म ।

प्रकृतिलाई यथार्थत बुझी प्रकृतिबाटै आफ्ना आवश्यकताहरू पूर्ति गर्न तथा जिज्ञासाहरू पुरागर्न विज्ञानलाई अपनाएका छन् भने तुरुन्तै तथ्यहरूको खोजी नीतिगरी समस्या समाधान गर्न नमिल्ने खालका प्रश्नहरूको उत्तर दिन प्रकृति भन्दा परको परा-प्राकृतिक तत्व (ईश्वर, अल्लाह, परम पिता, इत्यादि) लाई अपनाएका हुन् ।

आफ्नो कल्याण परा-प्राकृतिक तत्वकै इच्छामा निर्भर रहने विश्वासको कारण सो तत्वको प्रकृति कस्तो छ, मानव समाजको लागि सो तत्वको के आदेश छ, के गरे रिझिएलान्, आदि कुरा जान्न अत्यावश्यक ठानी केही मनिषी वा विचारकहरूले चिन्तन-मनन, वा प्रस्फुरणद्वारा प्राप्त केही विचारहरू मानव समाजको अगाडि राखी दिए । त्यसैमा विश्वास गरी समाजमा पूजा आजा रीति-रिवाज चल्नगई धर्महरूको प्रादुर्भाव भयो । मूलत: मानव कल्याणकै हेतुले धर्महरू प्रतिपादित भएता पनि विभिन्न समाजमा विभिन्न संस्कारहरूको कारण धर्महरूमा पनि भिन्नता देखिए, जुन् आ-आफ्ना धर्महरूमा कट्टर विश्वासको कारण वाद-विवाद झगडाहरू र धार्मिक युद्धका कारणहरू पनि हुनगए ।

प्रकृतिलाई यथार्थत: बुझी, प्रकृतिका नियमहरू थाहापाई प्रकृतिकै गर्भबाट आफ्ना आवश्यकताहरू पूर्ति गर्दै सभ्यतालाई विकासगर्ने क्रममा विज्ञान निकै हदसम्म सफल भयो । पाषाण युगको ओडारदेखि आजका भव्य बिल्डिङ्गसम्म, घर्षणबाट आगो बनाउने प्रकृयादेखि इलेक्ट्रोनिक लाटइर सम्म, गोरेटो बाटोदेखि राजमार्ग सम्म, भोज-पत्र देखि लिएर आधुनिक छापासम्म, दुइ खुट्टाले हिंड्नुदेखि लिएर आजको रकेटसम्म, यस्तै गरेर हरेक क्षेत्रमा विकास हुनु, वैज्ञानिक पद्धति एवं वैज्ञानिक चिन्तन मननको उपलब्धि मान्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

विज्ञानको मूलाधार कार्य-कारण-पद्धति हो। एक प्रकारको कारण उपस्थित हुँदा एक प्रकारको कार्य हुन्छ भने विश्वमा कतै कुनै बेला सोही प्रकारको कारण उपस्थित भएमा सोही प्रकारकै कार्य हुन्छ। जस्तै कुनै स्थितिमा हाइड्रोजन र अक्सिजन मिली पानी बन्छ भने विश्वमा कतै कुनै बेला त्यही स्थितिमा हाइड्रोजन र अक्सीजन मिलेर पानीनै बन्छ, अन्य कुरा बन्दैन। यदि कारण-कार्य-पद्धति विश्वमा नहुँदो हो त न प्रकृतिमा कुनै नियमनै हुन्थ्यो, न मानवको सोचाईकै जरूरत हुन्थ्यो न वैज्ञानिक ज्ञानकै विकास हुन्थ्यो। विज्ञानले आज सम्म गरेका उपलब्धिहरूबाट कारण कार्य पद्धति अनुरूपनै, विश्व परिवर्तित भैरहेको कुराको सत्यता प्रमाणित हुन्छ।

कारण-कार्य-प्रणाली अन्तर्गतका नियमहरू अनुसारनै विश्व संचालितभै रहेको भए परा-प्राकृतिक तत्वको इच्छामा विश्व संचालितभै रहेको छ भन्ने कुरा हुन सक्दैन- यहीं नेर विज्ञान र धर्मको टकरार शुरू हुन्छ।

यदि विश्वमा जतिपनि पदार्थ-शक्ति समूहहरू छन् आफ्नै निश्चित नियमानुसार परिवर्तित हुँदै गइरहेका छन् भने परा-प्राकृतिक तत्व केवल निष्कृय भई विश्वलाई हेरीरहने तत्व मात्रै रहन जान्छ। यदि सोही तत्वले विश्वलाई सृष्टि गरी साराका-सारा वैज्ञानिक नियमहरू दिएका हुन् भने आफ्नै नियम अन्तर्गत प्रवाहित विश्व र परा-प्राकृतिक तत्वको विश्वमा कुनै अन्तर रहेन। विश्वका नियमहरूको सत्यतामा पुग्न विज्ञानले जुन प्रयत्न गरी रहेको छ, त्यही सत्यको ज्ञाता परा-प्राकृतिक तत्वलाई मानेमा, सत्यताहरू जहाँ कहीं भएकोले सो तत्व सर्वज्ञ हुने भयो, सर्वव्यापी हुने भयो र सम्पूर्ण विश्वनै नियमानुसार परिवर्तितभै रहने भएकोले सर्व-शक्तिमान् पनि हुनेभयो। यसो भएमा सर्वज्ञ र सर्वव्यापी र सर्व-शक्तिमान परा-प्राकृतिक तत्व र विज्ञानको सत्यताहरूमा कुनै फरक हुने भएन। यदी यसो हो भने परा-प्राकृतिक तत्वलाई खुशी पारेर मानव समाजमा कल्याण ल्याउन पूजा आजा विधि-विधान गर्नु भन्दा विज्ञानद्वारा सत्यको परिशीलन गर्नुनै श्रेयस्कर हुनेभयो। यही कुराहरूमै विज्ञान र धर्मकोबीच मत-भिन्नताभै रहेको छ।

एउटा यस्तो धर्म पनि छ, जुन कारण-कार्य-प्राणालीमा आधारित छ- त्यो हो बुद्धधर्म। "ये धम्मा हेतुप्पभवा, हेतु तेसं तथागतो आह, तेसं



Downloaded from http://www.dhamma.digital

च यो निरोधो एवंवादी महासमणो।" अर्थात् "जुन धर्म संकारण हुन्छन्, तिनीहरूका कारण तथागत भन्नुहुन्छ र तिनीहरूको जुन निरोध छ (त्यो पनि), यस्तो वादी महा श्रमण (बुद्ध) हुनुहुन्छ" भनी अस्सजिले पछि बुद्धका प्रमुख शिष्य हुने सारीपुत्रलाई बुद्धधर्मको परिचय दिएका थिए। यस अर्थमा बुद्धधर्मलाई एउटा वैज्ञानिक धर्म भन्न सकिन्छ। चाहे संसार जसरीनै संचालन भएको किन नहोस् यो कुरा सत्य हो कि मानवलाई दुःखले सताई रहेको छ। ती दुःखका कारणहरू छन्, यी कारणहरूको निरोधबाट दुःख रोकिन्छ, अनि कारणहरूलाई निरोध गर्ने मार्ग पनि छ र जसमा व्यक्ति दृढताका साथ जान्न सक्छन्। आँखा चिम्ली विश्वास गर्ने प्रवृत्तिलाई त्यागी, आफूलाई भैरहेको दुःखको कारण यथार्थता बुझी जस्तो गर्नाले कारणहरूको निरोध हुन्छ। त्यस्तो गरी दुःखबाट मुक्त हुनुनै बुद्धधर्मको सार हो। कारण-कार्य-पद्धतिमा आधारित प्रतीत्यसमुत्पाद (अर्थात् यो भएमा यो हुन्छ, यो नभएमा यो हुँदैन) द्वारा भवचक्रको व्याख्या बौद्ध धर्ममा गरिएको छ। कसैको हाः हाः मा नलागि आफैले अनुभव गरी धर्मको सत्यतालाई प्रज्ञाको कसौटीमा कसेर हेर्न बुद्ध आह्वान गर्दछन्। शान्ति प्राप्तिको लागि कुनै परा-प्राकृतिक शक्तिलाई गुहार्न आवश्यक छैन, परन्तु अशान्तिको कारणलाई यथार्थत बुझी दृढताका साथ सो कारणहरूलाई निरोध गर्ने मार्गलाई प्रज्ञाको ज्योतिद्वारा पहिल्याई अगाडि बढेमा शान्ति प्राप्त गर्न सकिन्छ, स्वयं बुद्धको जीवनी र बुद्ध पछिका अर्हत्हरूको जीवनीबाट यो कुरा प्रमाणित हुन्छ।

बुद्धको दश अव्याकृत (दश मौन) बाट पनि स्पष्ट हुन्छ कि- यो संसार किन बनायो, यसको आदि अन्त कहाँ छ, आदि बारे मौन रही आफूलाई परेको दुःखबाट मुक्त हुनुनै श्रेयस्कर छ।

(१) दुःख छ।

(२) दुःखका कारणहरू छन।

(३) दुःखका कारणहरूको निरोध छ।

(४) दुःखका कारणहरूको निरोध गर्ने मार्ग छ।

यी ४ सत्यहरूलाई यथार्थतः थाहापाई दुःख नाश गरी शान्ति पूर्वक रहन मान्छेले आफैले प्रयत्नगरी गर्नसक्ने कुराहरू हुन्।



Downloaded from http://www.dhamma.digital

कारणवशनै सम्पूर्ण शारीरिक एवं मानसिक स्थिति (धर्म) हरूको उदय हुने र कारणवशनै व्यय हुने आफ्ना प्रज्ञा चक्षुले देखेर बुद्धले सबै (मानसिक तथा शारीरिक) धर्म अनात्म हुन् भनेका छन्। कुनैपनि परिवर्तन आफूले चाहेर वा नचाहेर होइन, कारणवशनै भइरहेकोलाई विज्ञानले पनि समर्थन गर्दछ । कुनैकुरा आफूले चाहनु वा नचाहनु पनि विशेष कारणहरूमै निर्भर गर्दछ- यस अर्थमा पनि बुद्धधर्मलाई एउटा वैज्ञानिक धर्म भन्न सकिन्छ ।

फेरी "सबै संस्कार अनित्य छन्" जतिपनि पदार्थ र शक्तिको संयोग भई कारण-कार्यवश संस्कारयुक्त भई प्रवाहितभै रहेका छन् सबै अनित्य छन् भन्ने जुन बुद्धधर्मको मन्तव्य छ, यस कुरासँग पनि विज्ञान शत-प्रतिशत सहमत छ। विश्वमा जतिपनि अस्तित्व युक्त वस्तुहरू छन्, परिवर्तन हुँदै बन्दै आइरहेका र बिग्रंदै गइरहेका स्थितिहरू छन् तिनीहरू सबै पदार्थ वा शक्ति वा पदार्थ शक्तिको रूपमा प्रतिक्षण परिवर्तनशील भैरहेका छन् । यो परिवर्तनशीलताको नियम मानसिक एवं शारीरिक स्थितिहरूमा पनि लागू हुन्छ। परिवर्तनहरू परस्परमा सम्बन्धित हुन्छन्। आफ्ना वातावरणका अन्य पदार्थ-शक्ति समूहरूसँग कृया-प्रतिकृया गर्दै वस्तुहरू अरुलाई परिवर्तन गर्ने क्रममा आफै पनि परिवर्तन भएर जाँदै गर्छन्। परिवर्तनको यही अन्तरसम्बद्धता स्वभावले गर्दा विश्वमा नित्य नयाँ-नयाँ संस्कारहरू देखापर्दै गइरहेका छन् जसलाई एक अर्थमा विकास भइरहेको भन्न सकिन्छ । भूतबाट वर्तमान र वर्तमानबाट भविष्यतिर यसरी संस्कार बदलिंदै परिवर्तनभै रहेका वस्तुहरूलाई अनित्य, क्षणिक, वा एकक्षणलाई पनि यस्तै हो भन्न नमिल्ने कुरामा बुद्धधर्म र विज्ञान दुवै सहमत छन् ।

बुद्धधर्ममा आठ अंगयुक्त त्यो मार्ग छ (आर्य-अष्टांगिक मार्ग) जसमा लागेमा व्यक्ति सम्पूर्ण दुःखबाट मुक्त हुन्छ। व्यक्तिको यस स्थितिलाई निर्वृत्त स्थिति वा निर्वाण प्राप्त स्थिति भनिन्छ। तृष्णाको सर्वथा अभावको कारण यस स्थितिमा व्यक्ति संस्कारमा आसक्त भएर परिवर्तत भएर जाँदैन, तर यसको अर्थ- यो कदापि होइन कि त्यस व्यक्तिको शरीर र मन परिवर्तनको नियमको बाहिर हुन्छ। परिवर्तन हुँदै गइरहे पनि संस्कार युक्त धर्महरूसँग



Downloaded from http://www.dhamma.digital

सर्वथा अनासक्तिको कारण व्यक्ति पूर्णतया शान्त हुन्छ । यस शान्तिको स्थितिमा कुनैपनि परिवर्तनशील धर्ममा अनासक्तिको कारण व्यक्ति सर्वथा अनाश्रित र ममताको अभावको कारण शून्यसरी हुन्छ जुन स्थितिलाई बुद्ध यसरी व्यक्त गर्दछन्– "त्यस्तो आयतन पनि छ, भिक्षुहरू हो, जहाँ न पृथ्वी छ, न वायु, न पानी न अग्नि, न त्यहाँ सूर्य र चन्द्रमाको किरणहरूनै हुन्छ, न त्यहाँ कुनै जन्म, मरण इत्यादिनै हुन्छ। यदि त्यस्तो आयतन नहुँदो हो त यो प्रतिक्षण परिवर्तनशील, जन्म मरण शील विश्वबाट निस्केर आश्रय लिने ठाउँ हुने थिएन ।" विज्ञानले पनि विश्वलाई अनन्त शून्य आकाशमा अवस्थित मान्छन्, वास्तवमा विश्व आफ्नो ढंगले जति परिवर्तनभै गइरहे पनि, त्यस अनन्त शून्य आकाश जस्मा विश्वस्थित छ, कुनै फरक पर्दैन। परिवर्तनको अर्को ध्रुव अपरिवर्तन भनेजस्तै अस्तित्वको अर्को ध्रुव शून्यता पनि हुन्छ । जब व्यक्तिमा आसक्तिको सर्वथा अभावले परिवर्तनका विभिन्न स्थितिमा, अर्थात् संस्कारका विभिन्न रूपहरूमा कुनै संलग्नतानै हुँदैन, तब त्यस व्यक्तिको मानसिक स्थिति संस्कारको अर्को ध्रुव असंस्कृतिमा, अस्तित्वको अर्को ध्रुव शून्यतामा पुग्दछ । यस अर्थमा पनि बुद्धधर्म र विज्ञानमा समानता छ । विज्ञानमा पनि त्यस अनन्त शून्य आकाशमा भैरहेका सम्पूर्ण परिवर्तनहरूको परियोवसान अन्तत्वगत्वा अनन्त शून्य आकासमै हुन्छ ।

समयको भेलले गर्दा, परिवर्तनका नियमानुसार, मानव जातिका विभिन्न संस्कारहरूसँग कृया-प्रतिकृया गर्दै जाँदा बौद्ध धर्ममा पनि कैयन् नयाँ कुराहरू जोडिंदै स्वयं बुद्धको मूर्तिले कहिले भारतीय कहिले नेपाली, कहिले जापानी, कहिले थाई, कहिले बर्मेली रूप लिएजस्तै, नयाँ-नयाँ अध्यायहरू जोडिंदै, ठाउँ-ठाउँमा परा-प्रकृतिक परिकाल्पनिक तत्वहरूको पनि समावेश हुँदै शाखा-प्रशाखाहरूमा फैलिंदै गए। कुनै-कुनै मतमा स्वयं बुद्धपनि त्रिकालज्ञ दैवी तत्वको रूपमा पूजिन गए । जेसुकै परिवर्तन हुँदै गएपनि बुद्धधर्मको मूलमा वैज्ञानिकता छ र सारांशमा बुद्धधर्म वैज्ञानिक धर्म हो भन्ने कुरामा केही संदेश रहँदैन ।



Downloaded from http://www.dhamma.digital

# सम्बोधि पछिका कुराहरू
## (सत्यतामा आधारित हास्य लेख)

सम्वोधिको अर्थ प्रबुद्धता हो । सम्वोधिले विश्वप्रतिको तपाईंको दृष्टिकोणलाई बदलिदिन्छ । पहिले सो दृष्टिकोण आत्म-केन्द्रित थियो, अब हुनसक्छ, यो प्रकृति केन्द्रित छ, जहाँ आत्म पनको बिल्कुल अभाव छ, अथवा ब्रह्म-केन्द्रित छ, जहाँ आफू सागरमा पानीको थोपासरी बिलाई सकेको छ ।

सम्बोधि अघि, तपाईले आफ्नो निकै समय यसरी चिन्तन मनन गर्दै, यसको लागि तैयारी गदै, दान-दक्षिणा, ध्यान र अरुपनि जो गर्नुपर्ने हो सो गरी बिताउनु भएको होला, सम्बोधिको अलिकति स्वादको लागि आफ्नो सानो दुनिया समेतलाई खतरामा राख्नु भएको होला । सायद कसैले तपाईलाई यो कुरा सुनाएको होला कि सम्बोधिमा तपाईले पृथ्वीमा हुनसक्ने सर्वोत्तम आनन्द पाउनु हुनेछ, त तपाईको छटपटी र वेचैनी जोशको कुनै हिसाव थिएन होला । तर यसबारे मजाको कुरा यो छकि तपाई जति यसको पछि दौड्नु हुन्छ, यो तपाईबाट उत्तिनै पछि हट्दै जान्छ । किनकि सम्बोधि तब मात्र तपाईको हात पर्छ, जब सबै प्रकारका दौड-धुपहरू बन्द हुन्छन् र तपाई केवल तपाई मात्र रहनु हुन्छ, बढी पनि होइन, घटि पनि होइन ।

सम्बोधि पछि, यसको पछाडि दौड्दा खेरीको तपाईको जो आनन्द वा तृप्ति हो सो सकिन्छ, संन्यासी बन्दाको तपाईको गर्व खतम हुन्छ, तपाईको आत्म केन्द्रित दुनियाँका आनन्दहरू र छटपटिहरू पनि बन्द हुन्छन् । तर तपाई आफ्नो वास्तविकतामा जस्तो हुनुहुन्छ त्यस्तै रहनु हुन्छ र यो संसार पनि जस्तो छ त्यस्तै रहन्छ । निर्वाण तपाईको लागि थियो किनकी त्यहाँ संसार थियो र तपाईले संसारलाई संसारसरी लिनुभयो, किनकी तपाईको नजर मध्यमा निर्वाण थियो । निर्वाण र संसार दुबै साथै जन्मेका हुन् । वास्तवमा न निर्वाण छ न संसारनै, यो त्यही हो जो यो छ ।



Downloaded from http://www.dhamma.digital

सम्बोधि पछि, तपाईं यो विश्वमा वास्तवमा तपाई जस्तो हुनुहुन्छ त्यस्तैगरी रहनुहुन्छ। फेरि पनि बिचरा धोवीले धोएका लुगाहरूको पोको बोकी घर-दैलो चहार्दै हिन्छ, कुकुरहरू अझै एक टुक्रा हाडको लागि बाटोको बीचमा झगडा गरिरहेकै हुन्छन्, आधारभूत आवश्यकता कार्यक्रम अझै जोडतोडका साथ अगाडि वढी रहेकै हुनेछ। छिमेकी घरमा बस्ने त्यो मर्न नसकेको जँड्याहा राति अबेर घर फर्केर आफ्नी स्वास्नीलाई कुटीनै रहने छ। तब, यस्तो पागल दुनियाँलाई लिएर तपाईं के गर्न लाग्नु हुन्छ ?

यस दुनियाँबाट भागेर जाने ? त्यो त एउटा सम्बोधि-अप्राप्त व्यक्तिले गर्छ। अब किन भागेर जाने, जब तपाईं यो विश्वकासाथ पूर्ण विश्राम र संयोजनमा हुनुहुन्छ। यस भित्र डुबुल्की मार्ने ? होइन, अब त तपाई संबोधिप्राप्त व्यक्ति हुनुहुन्छ, यसरी डुबुल्की मार्ने तपाईंका साराका-सारा ईच्छाहरू समाप्तभै सकेका छन्।

त्यसो भए खडा रहेर यो दुनियाँका सारा दुःख-दर्दहरूको तमासा हेरी बस्ने ? जबसम्म यस दुःखी दुनियाको लागि तपाईको आँखामा एक थोपा मात्र आँशु वाकि रहन्छ, तपाई त्यसरी बस्न सक्नुहुन्न। तब के, संसारलाई वास्तविकता भुलेर हरिनाम जपी बस्ने सल्लाह दिने ? यसरी त समस्या झनै चर्केर जान्छ। समस्यालाई भुल्दैमा समस्या टरेर जाने होइन। अब तपाईंसँग एउटा मात्रै उपाय बाकी रहे- दुनियाँको अवस्था सुधार्ने काम गर्नु। यसको अर्थ हो- राम्रो शिक्षाको लागि, राम्रो स्वास्थ्यको लागि, राम्रो यातायाातको लागि, राम्रो बाली-नालीको लागि, र अन्य आवश्यक माल-सामान उत्पादन गर्न काम गर्नु, राम्रो भवन र सुविधाको लागि काम गर्नु। तपाईलाई थाहै छ, हाम्रो जस्तो विकासोन्मुख देशमा लोभ-डाह र इर्ष्याको जालमा सजिलै फस्ने मानिसहरूसित काम गर्नुको अर्थ के हुन्छ ? सम्बोधि पछि एउटै फाइदा हुन्छ तपाईको लागि कि अब काम गर्दाखेरिका झंझट र मुद्दाहरूको मारहरूलाई तपाई महसूस गर्नु हुन्न।

अनि निश्चयनै तपाई राम्ररी काम गर्नसक्नु हुन्छ अर्थात् आफ्नो कामलाई स्वाद पूर्वक गर्न सक्नुहुन्छ। तपाईले अझै आफ्नो बारीमा लगाएका फर्सीका बोटहरूबाट फर्सीहरू टिपेर बजारमा लगी बेच्नु हुन्छ, तर अब सुसेली गीत गाएर बेच्नु हुन्छ, किनकि तपाइका भोकाएका



Downloaded from http://www.dhamma.digital

छोरा-छोरीका आवाजहरूले तपाईलाई अब उति पिरोल्दैनन् र तपाई अब आधिपेट माम खाएर पनि मस्तसँग सुत्न सक्नुहुन्छ ।

तर जेहोस्, तपाईं बाँचुन्जेलसम्म एउटा राम्रो संसारको निर्माण गर्ने काममा लागिरहनु हुनेछ, यही तपाईको सम्बोधिको संसारलाई ठूलो देन हुनेछ ।

❤ ❤ ❤



*यथापि रुचिरं पुप्फं–वण्णवन्तं अगन्धकं ।*
*एवं सुभासिता वाचा–अफला होति अकुब्बतो ॥*

❖ जस्तो वासना न आएको फूल राम्रो भएता पनि निष्फल हुन्छ, त्यस्तै क्रियाहीन कुरा पनि निष्फल हुन्छ ।

*यथा'पि पुप्फरासिम्हा–कयिरा मालागुणे बहु ।*
*एवं जातेन मच्चेन–कत्तब्बं कुसलं बहुं ॥*

❖ मालीले धेरै फूलबाट छानी/छानी राम्रो माला गांसेझैं संसारमा जन्मने मानिसले धेरै कुशल कर्म गर्नुपर्छ । (धम्मपद)



Downloaded from http://www.dhamma.digital

# पुनर्जन्मको परिकल्पना

पुनर्जन्म- एक परिकल्पना (Hypothesis) हो। जब दृश्य वास्तविकता (Fact, तथ्यता) हरू लाई व्याख्या गर्नलाई कुनै अदृश्य तर संभाव्य वास्तविकताको आधार लिनुपर्ने हुन्छ तब हामीहरू परिकल्पना खडा गर्छौं । तर व्याख्या गरिंदैमा परिकल्पना सत्य हुनैपर्छ भन्ने केही हुँदैन । परिकल्पनालाई प्रयोगद्वारा सिद्ध गरिएमा सो परिकल्पना सिद्धान्त (Theory) कहलाइन्छ तर सिद्धान्तको विपरित तथ्यता (Facts) हरू देखा परेमा पुनः अर्को परिकल्पना खडा गरीनु पर्ने आवश्यकता हुन्छ ।

केही तथ्यताहरूको व्याख्या गर्न पुनर्जन्मको परिकल्पना खडा गरिएको हो। प्राणीहरू जन्मन्छन्, मर्छन। फेरी जन्मन्छन्, मर्छन्। यो क्रम जारीनै रहन्छ। जन्मनु भन्दा अघि र मरे पछिको प्राणीहरूको स्थिति अदृश्यनै रहन्छ। फेरी बाँचेसम्म प्राणीहरू ममता (=राग, चाहना वा तृष्णा) द्वारा ग्रसित भएर आफ्ना अतृप्त चाहनाहरूको तृप्तिको लागि आतुर रहन्छन्। आतुरै भएर मर्छन्, यो पनि एउटा वास्तविकता हो। यिनीहरू मध्ये एकाध मानिसहरू तृष्णाको जालबाट निर्वृत्त हुन्छन्, अहंकार विहीन हुन्छन्, अर्हत हुन्छन्- यो पनि एउटा वास्तविकताकै रूपमा रहेको छ। मानिसहरू अविद्याले ग्रसित हुन्छन्, आफ्ना मानसिक स्थितिहरूलाई बुझ्दैनन्, यसकारण मानसिक स्थितिहरूद्वारा उत्पन्न अहंकार र ममताद्वारा बाँधिन्छन्, चाहनाहरूको तृप्तिको लागि आतुर रहन्छन् र यस स्थितिमा मृत्यु पछि पनि अस्तित्व राख्ने एउटा अभिलाषा व्यक्तिमा जागृत हुन्छ, यही अभिलाषासँग पुनर्जन्मको परिकल्पनाको घनिष्ट सम्बन्ध छ। तृष्णाको जालबाट मुक्त निर्वृत्त व्यक्ति मृत्यु पछि परिनिर्वृत्त हुन्छ, पुनः जन्म उसले लिनुपर्ने हुँदैन, मृत्यु पछि पनि चाहनाहरूको तृप्तिको लागि फेरी जन्मुँ भन्ने चाहनाको वीजकोनै अन्त भैसकेको हुन्छ। अर्को शब्दमा, उसको बारम्बार चोला फेरी-फेरी जन्मने आत्माको विश्वात्मामा विलीन हुन्छ महासागरमा जलको कणजस्तै। ऊ विमुक्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

अतृप्त चाहनाहरूको तृप्तीको लागि आतुर व्यक्तिको तृष्णाले वाहिरी चोला फेरी-फेरी आउन सक्ने, एउटा अजरामर आत्माको परिकल्पना गर्छ। यसरी पुनर्जन्मको परिकल्पनाको आधार स्वरूप रहेको आत्मा एक अर्को परिकल्पना हो, आत्मा याने व्यक्तिको 'आफू' जस्ले यसै जन्ममा प्रतिफल पैदा हुने र गर्ने मानसिक स्थितिहरूको श्रृंखलालाई मात्र होइन, यस जन्मको र मृत्यु पछिको स्थितिहरूलाई समेत जोड्ने प्रयत्न गर्दछ। जीर्ण शरीरहरूलाई जोडेर यस 'आत्मा' ले नयाँ देहहरू लाई ग्रहण गर्दछ।

आत्माको परिकल्पनाले एकातिर चाहनाहरूको तृप्तीको लागि आतुर व्यक्तिलाई सान्त्वना दिएको छ भने, अर्कोतिर अनेकौं समस्याहरू पनि खडा गरी दिएको छ, यो आत्मा कस्तो हुन्छ ? मरे पनि यो आत्मा संस्कारयुक्त हुन्छ वा संस्कार विहीन ? मृत्यु पछि, शरीरबाट संस्कार युक्त आत्मा कसरी छुट्टिन्छ, अथवा संस्कार विहीन भए, यस जन्म र पछिको जन्मको श्रृंखला कसरी रहन्छ ? भनिन्छ आत्मालाई नजान्नेहरूलेनै यसको बारेमा ज्यादा बोल्छन्, जो जान्छन् उनीहरू चूप रहन्छन्। भनिन्छ, मृत्यु पछि शरीरबाट परिकल्पित तत्व संस्कार छुट्छ र कर्मानुसारको फल भोग गर्न अर्को योनीमा (गर्भाधानको समयमा) प्रवेश गर्छ। त्यो तत्व जस्लाई हंस, मृतात्मा, प्रेतात्मा आदि भनिन्छ, फेरि अर्को परिकल्पित तत्व हो, त्यसकारण यस परिकल्पनाहरूको लहरलाई र अव्यक्त आत्माको बारेमा यहीं चूप रही केही मनन पुनर्जन्मको परिकल्पनाको यस जीवनमा असर बारे गरौं। पुनर्जन्ममा विश्वासको कारण प्राणीहरू मृत्युको भय त्रासबाट जोगिन्छन्। मृत्युको भय त्रास अतृप्त चाहनाहरू वा तृष्णाहरूको कारणलेनै उत्पन्न हुन्छ। जो निवृत्त छ उसको लागि, मृत्युको भय त्रास हुँदैन, उसको 'ऊ' भन्नेनै बिलाई सकेको हुन्छ। तर अन्य प्राणीहरूलाई मृत्यु पछिको जीवनले एउटा धाडस वा आश्वासन दिन्छ, कि यस जन्ममा नभए केही छैन् अर्को जीवनमा देखा जायगा।

कारण-कार्य प्रवाह (Causality) वा कर्म अनुसारको फलमा मानिसहरू विश्वास गर्छन्। पुनर्जन्ममा विश्वासको कारण मानिसहरूलाई राम्रो काम गर्ने प्रेरणा मिल्छ। कि स्वर्गमा स्थान मिलोस्, नरक भोग गर्न नपरोस्, उच्चघरानमा जन्म होस्। देव योनीमा जन्म मिलोस् आदि। यद्यपि राम्रो काम केलाई भन्ने कुरा विवादास्पदनै छ।



Downloaded from http://www.dhamma.digital

पुनर्जन्ममा विश्वासको कारण पूर्वजन्मको कर्म फलमा पनि विश्वास गर्न मानिसहरू बाध्य हुन्छन्, अगाडिको जन्ममा पाप गरेर यस जन्ममा दुःख कष्ट भोग्नु पऱ्यो । यसरी दुःखको वास्तविक कारणको खोज र निराकरण गर्ने प्रयत्नको साटो व्यक्तिहरू पूर्वजन्मको तकदीरलाई ठोकी बस्ने खालका हुन जान्छन् । भविष्यको जन्म सुधार्ने क्रममा यसै जन्ममा मेहनत नगरी दान दक्षिणा धर्म-कर्ममा बढी प्रवृत्त हुने संभावना हुन्छ, यसले गर्दा अगाडि आइ परेका वास्तविक समस्याहरूबाट व्यक्ति विमुख हुने डर हुन्छ ।

गुण-अवगुण जे भएता पनि पुनर्जन्मको परिकल्पनाले बिभिन्न योनीहरू र जीवन मात्रमा पनि परस्पर सम्वद्धतालाई दर्शाएको छ कि जीवन समष्टि रूपमा एउटै हो, एउटै जीवन प्रवाहरूपी नदिमा व्यक्तिहरू केवल अस्ताउने उदाउने पानीका फोकाहरू मात्र हुन्- भन्ने कुरोको पुष्टि हुन आउँछ । जीव मात्र एउटै हो, कर्मको भेदको कारण हामी जे पनि हुन सक्छौं भन्ने जुन धारणा पुनर्जन्मको परिकल्पनाले प्रष्ट गर्छ, त्यसले यदि जीवनप्रति मात्र व्यक्तिले आत्म सरहनै व्यवहार गर्ने प्रवृत्तिको उदय हुँदो हो त जीवन स्वर्गमय हुन्थ्यो होला तर वास्तवमा यस जीवनमा हामी संघर्ष, शोषण, र हिंश्रक व्यवहारहरू देख्छौं, अन्याय अत्याचारहरू देख्छौं, र आफ्नो-आफ्नो स्वार्थ पूर्तिको लागि आफू-आफूमा खिचातानी भैरहेको देख्छौं । वास्तवमा जुन तृष्णाको नदीबाट पुनर्जन्मको परिकल्पनाको जन्म भएको हो उसैबाट यी स्वार्थहरू र स्वार्थहरूको बीचको संघर्ष पनि जन्म भएको हो । सांसारिक जीवनहरूले सम्पूर्ण जीवनको एकताप्रति ध्यान नदिई केवल आफू-आफ्ना चाहनाहरूप्रति ध्यान दिएको यसबाट स्पष्ट हुन्छ । वास्तवमा निस्वार्थ उही हुनसक्छ जो निरहंकारी वीत तृष्णा हुन्छ, तर फेरी यस्ता जीवनहरूलाई पुनर्जन्मको आवश्यकता पनि हुँदैन । अतः पुर्वजन्ममा विश्वासको कारण व्यक्तिमा धार्मिकपना आउँछ भन्ने कुरामा कुनै निश्चितता देखिंदैन ।

पुनर्जन्ममा कत्तिको वैज्ञानिकता छ ? यस तर्फ कुनै ठोस अध्ययन भएको देखिएको छैन । मृत्युपरान्त शरीर छोड्ने र अर्को देहमा प्रवेश गर्ने आत्मालाई वैज्ञानिक कसीमा कस्न त्यति सजिलो पनि छैन । यस दिशामा



Downloaded from http://www.dhamma.digital

वैज्ञानिकता भन्दा चटकीपन वा जादूगरीनै बढी हुने संभावना हुन्छ। हिजो-आज यदाकदा अगाडिको जन्मको स्मरण राख्ने भनिएका केटा-केटीहरूको बारेमा कुराहरू सुनिन्छन्। साधारणतया यसै जन्ममा पनि हामीहरूले ३ वर्ष उमेर भन्दा अगाडिका घट्नाहरूको स्मरण राख्न सक्दैनौं। गर्भाधानको समय युग्मग (Zygote) हरू बन्दा कसरी अगाडिको जन्मको स्मृति ती Zygote भित्रका क्रोमोजोमहरूमा वा जिनहरूमा पर्न जान्छ यसबारे अनुसन्धान हुन बाकीनै छ र कुन रूपमा स्मृतिहरू मृत देहको मस्तिष्कबाट बाहिर जान्छ, यस बारे पनि कुनै ठोस अनुसन्धान भएको देखिएको छैन।

बुद्धधर्ममा पनि पुनर्जन्मका कुराहरू उल्लेख गरेको पाइन्छ। जातकका कथाहरूमा आफ्ना अगाडिका जन्मका कुराहरू बुद्धले भन्छन्। ध्यानको एक चरणमा पूनर्जन्मका स्मृतिहरू खुलेर आउने बारे पनि बौद्ध ग्रन्थहरूमा उल्लेखित छ। यो एउटा ध्यानको आत्म विमोहन (auto-hypnotisms) को स्थितिमा आफ्नो मनले आफैलाई दिने एउटा सुझाव (Suggestion) को रूपमा मात्र देखापर्ने अथवा यसमा कुनै तथ्यता छ, यसबारे ध्यानी मनो-वैज्ञानिकहरूले मात्र केही यथार्थ कुरा बताउन सक्ने छन्।

हिन्दू धर्मको अद्वैत दर्शनमा पनि चराचर सम्पूर्ण जगत्मा एउटै अविनाशी तत्व व्यापक भएर रहेको हुन्छ। सूक्ष्मातिसूक्ष्म अणु-परमाणुहरू देखि लिएर स्थूलातिस्थूल ब्रह्माण्डसम्म पनि उनै तत्व अवस्थित हुन्छन्। यो तत्व सबैमा निर्लिप्त निर्विकार हुन्छ, संस्कारहरूको जंजालले यसलाई छुन सक्दैन। सबैमा उही तत्वको सांक्षी रूपमा निवास हुन्छ, जड-चेतन दुबैमा। यस अर्थमा यस तत्व ससंस्कार एउटा शरीर छोडी अर्को शरीरमा प्रवेश गर्ने तत्व भन्दा भिन्न हुन आउँछ, किनकि जीवित तथा मृत शरीरको पनि कण-कणमा यसको निवास हुन्छ। यस दृष्टीमा जन्म तथा मृत्यु यस तत्व अन्तर्गत हुने एउटा सामान्य परिर्वतन मात्र हुन आउँछ, र सबै जीवहरू यही तत्वमै उनिएर एक भई अगाडि बढी परिवर्तित भइरहेको र यही परिवर्तनमा विकास भैरहेको हुन जान्छ। जब व्यक्तिको आत्मा यस तत्वमा विलीन हुन्छ तव उसको लागि जीवन तथा मृत्युको बन्धन पनि र हुँदैन, ऊ जीवन मुक्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

बौद्ध दर्शनको अनात्मवादले बारम्वार जन्म लिई रहनुपर्ने आत्माको झंझटलाई उखाडेर फ्याँकि दिएको छ । यस अनुसार स्थायी आत्माको अनुभव एक मिथ्या अनुभव मात्र हो जसले प्राणीहरूमा तृष्णा तथा चाहनाहरू उत्पन्न गरी भव-चक्रसँग बाँधी दिन्छ, र प्राणीहरू यस भवचक्रबाट तब मात्र मुक्त हुन सक्छन्, जब व्यक्तिमा सम्यक् दृष्टिको उत्पन्न हुन्छ र प्रज्ञाको ज्योतिमा जीवन प्रवाहलाई शून्य आत्मा विहीन प्रवाह मात्र देख्छ । सम्पूर्ण विश्वलाईनै एक आत्म विहीन कारण-कार्य श्रृंखलामा आधारित परिवर्तनशील प्रवाहको रूपमा मात्र देख्छ, यसरी जब ज्ञानको ज्योतिमा अहंकार विहीन भएर भित्र तथा बाहिरका परिवर्तनशील प्रवाहरूमा व्यक्ति निर्लिप्त हुन्छ, तब ऊ निर्वृत्त हुन्छ ।

जड वा चेतनको अन्तरतम आश्रय विश्वात्मामा जब व्यक्तिको आफ्नो पनाको विसर्जन हुन्छ, तब त्यही स्थिति प्राप्त हुन्छ, जब व्यक्ति विश्व-प्रवाहमा अहंकारको जड आफ्नो पनालाई मिथ्या देख्छ र केवल अनात्मिक क्षणिक परिवर्तनशील विश्व-प्रवाहलाई मात्र सत्य देख्छ । यही स्थितिमा आसक्ति युक्त पुनर्जन्मको अन्त हुन्छ ।

हाम्रा कतिपय संस्कृतिहरू पुनर्जन्मको परिकल्पनामा आधारित छन् । मृतात्माहरूको स्थितिलाई स्वीकारेर श्राद्धतर्पण गरिन्छ, गाईजात्रा पर्व मनाइन्छ, भूत, प्रेत, आदिको कु-प्रभावबाट बच्न शुद्धि कर्महरू गरिन्छन् । संस्कृतिहरू विश्वासमा आधारित हुन्छन् । मरेपछि एक व्यक्तित्वको अंत हुन्छ र जन्मदा अर्कै व्यक्तित्व जन्मिन्छ, (भला सबै निरात्म होस् वा आत्मा सबैको एउटै किन नहोस्) भन्ने कुरालाई हामी सजिलै हृदयंगम गर्न सक्दैनौं । तर विश्वास एउटा कुरो सत्य अर्को कुरो हो जेहोस् यस बारे विज्ञानले पछि तथ्यकुरा प्रकाशमा ल्याउने छ भन्ने कुरामा हामी आशावादी हुनसक्छौं ।

**॥ अस्तु ॥**



Downloaded from http://www.dhamma.digital

# वैज्ञानिक दृष्टिकोणमा पुनर्जन्म

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा र हामीहरूको आफ्नै अनुभवबाट विचार गर्दा पनि यो विश्वमा जुन परिवर्तनहरू भैरहन्छ, जति सबैका कारणहरू पनि अगाडिका परिवर्तनहरू हुन्, र हाल भैरहेका परिवर्तनहरू नै पछि हुने परिवर्तनका काराणहरू हुन् र परिवर्तननै परिवर्तनका असरहरू हुन्। वैज्ञानिक दृष्टिकोणबाट हेर्दा अनादि कालदेखि चलीआएका यी पदार्थ शक्ति समूहहरूका परिवर्तनहरू अनन्त कालसम्म पनि चलीनै रहने छ। यसको न आदि कारण (First Cause) भन्ने हुन्छ र अन्तिम असर (Last effect) भन्ने हुन्छ। समान कारणहरू उपस्थित भएमा समान कार्यहरू हुन्छन् यो परिवर्तनको नियम हो। तर विश्व अपरावर्तनीय छ अर्थात् परिवर्तनहरू एकतर्फ मात्र हुन्छ, पुनः त्यही स्थानमा त्यही स्थिति फेरी दोहोरिदैन। समय भविष्यतिर मात्र जान्छ भूततर्फ जाँदैन। फेरी विश्वमा एक परिवर्तनले अर्को लाई संगाली गइराखेको हुन्छ। आर्थत् यहाँ सबै परिवर्तनहरू अन्तर सम्बन्धित (interdependent) हुन्छन्, एकले अर्कोलाई असर गरीरहेको हुन्छ। परिवर्तनका यी नियमहरूको आधार शीलामा विज्ञान खडा भएर अगाडि बढीरहेको छ।

विश्वमा सौरमण्डलसँगै वैज्ञानिक दृष्टिकोणले पृथ्वीको उत्पत्ति, त्यसपछि पृथ्वीमा क्रमिक रूपमा प्राणीहरू (वनस्पति तथा जनावरहरू) को उत्पत्ति र विकासबारे खोजी-नीति गरी कसरी सुरुमा निर्जीव पृथ्वीमा पदार्थ र शक्ति समूहबीच अन्तर क्रियाको कारण जीवित कोषहरूको विकास भयो, कसरी सरल एक कोषीय जीवनहरू क्रमशः जटिल हुँदै बहुकोषीय जीवहरूमा विकास हुँदै गए, कसरी बिभिन्न जाति, उपजातिका जीवहरूको विकास हुँदै क्रमिक परिवर्तनको कारण अचेलको स्थितिसम्म आइपुगे, भन्ने बारे विस्तृत अध्ययन गरी जानकारी प्राप्त गराएको छ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा पुनरुत्पादन (Reproduction) जीवनको एउटा स्वाभाविक प्राकृतिक प्रकृया हो, जसको कारण समान प्राणीहरूबाट



Downloaded from http://www.dhamma.digital

त्यही सरहका प्राणीहरू उत्पादन हुन्छन् जस्तै धानबाट धान, मकैबाट मकै उत्पादन भएझैं, अमीवादेखि मानव जातिसम्ममा पनि यही प्रकृया चलीरहेको छ । तर यस प्रकृयामा पनि वातावरणमा परिवर्तन आए अनुसार, प्राणीहरू र वातावरणको सकृय प्रतिकृयाबाट फरक गुण भएका प्राणीहरूको विकास हुन्छ र कालान्तरमा नयाँ जातिका प्राणीहरू बन्न जान्छन् । यस प्रकृयामा प्राणीहरू केवल पदार्थ शक्ति समूहका विशेष स्थितिहरू मात्र हुन्छन्, त्यसकारण समान गुणका जीवनहरूमा पनि स्थितिअनुसार जीवहरू भिन्दाभिन्दै हुन्छन् । जीवनहरूको कर्म प्रवाह परिवर्तनका नियमहरूअनुसार चालु रहीरहेता पनि शरीरबाट भिन्न वा शरीरसँग सम्बन्ध भएको कुनै आफू वा आत्म भन्ने हुँदैन, वास्तवमा आफू र आत्म 'म र मेरो' 'मेरो र तेरो' भन्ने केही हुँदैन, जस्तै 'कलम' एउटा वस्तुको व्यवहारिक नाम मात्र हो, त्यस्का कलमका अवयवहरू बाहेक छुटै कलम भन्ने हुँदैन त्यस्तै स्नायुपुञ्ज युक्त  शरीरमा 'म' एउटा व्यवहारिक नाम मात्र हुन्छ, यहाँ कुनै 'म' 'मेरो' भन्ने हुँदैन ।

वैज्ञानिक चिन्तनसँग विशेष रूपले मेल खाने कुनै धर्म छ भने त्यो बुद्धधर्म हो । बुद्धको आनात्म दर्शनमा जस्तै विज्ञानमा पनि यो संसारमा प्राणीहरू र तिनीहरूको वातावरणबीच कृया-प्रतिकृया भई केवल कार्य कारणको श्रृंखलामा बाँधिएर कर्म-प्रवाहहरू अगाडि बढीरहेका छन्, वास्तवमा त्यस कार्य-प्रवाहमा कुनै व्यक्ति विशेष वा आत्मा भन्ने छैन । बिभिन्न स्थितिमारहेका बिभिन्न प्रणालीहरूयुक्त देहमा अविद्याको कारणलेनै, अथवा ठीकसँग नजानेर नै 'म' 'मेरो' भन्ने गलत धारणहरू पैदा हुन्छन् । अगाडिका कर्म प्रवाहहरूलाई लिएर अगाडि बढ्ने प्राणीहरू देखा पर्छन, चाहे ती प्राणीहरूमा चेतनाको स्तर फरक-फरक किन नहोस्, मानव जस्तो संवेदनशील प्राणीमा र भएर बोट बिरूवाहरूमा पनि प्रकृतिको नियमहरू लागूनै हुन्छन् ।

॥ अस्तु ॥



Downloaded from http://www.dhamma.digital

# बुद्ध, विज्ञान र पुनर्जन्म

मृत्यु पछि व्यक्ति फेरि जन्मन्छ वा जन्मदैन भन्ने बारे थरी-थरीका विचारहरू हुन सक्छन् । केही विचार (धारणा, मन्तव्य) का उदाहरणहरू यहाँ दिने प्रयत्न गरिन्छ ।

**(१) मरे पछि फेरी जन्म हुँदैन ।**

(क) यहां एकपल्ट मात्र बाँचिन्छ । भस्म भएको शरीर फेरी कहाँबाट आउनु ? खाऊ, पिऊ मोज गर । स्वार्थ-पूर्तिको बाटोमा लाग, कसैको परवाह नगर ।

(ख) एकैपल्ट मात्र बाँच्नु छ भने ठीकसँग बाँच । राम्रो काम गरी लोकमा नाम कमाऊ ।

(ग) एकपल्ट मात्र बाँच्नु छ भने, जे गर्दा आफ्नो स्वार्थ साधन हुन्छ, गर तर अरुलाई पनि बाँच्न देऊ ।

**(२) मरे पछि फेरि जन्म हुन्छ ।**

(क) आफ्नो कामअनुसार बिभिन्न योनीमा जन्म हुन्छ । राम्रो काम गरे स्वर्गमा, नराम्रो काम गरे नरकमा जन्मिन्छ । तसर्थ राम्रो काम गर ।

(ख) यस जन्ममा राम्रो काम गरे अनन्त स्वर्ग पाइन्छ, नराम्रो काम गरे अनन्त नरक पाइन्छ । तसर्थ राम्रो काम गर ।

(ग) यस जन्ममा सुख पूर्वक बाँच । येन-केन प्रकारेण धन कमाऊ, आफ्नो र परिवारको बन्दोवस्त गर, पछि जे सुकै होस् ।

(घ) यस जुनिमा धन कमाउने बाटोमा लाग । अर्को जन्म सुधार गर्न अलि दान पुण्य पनि गर ।

(ङ) संसार अनित्य, असार छ । दुःखमय छ । यहाँ ८४ लाखमा घुमीरहनु भन्दा मोक्ष निर्वाणको बाटोमा लाग । अथवा जवानीमा इलमगरी धनकमाई परिवार बसाली अन्तमा मोक्षको बाटोमा लाग ।

(च) सबै अनित्य छन् । यहाँ केही रहनेनै होइन भने बाचुन्जेल खाऊ, पिऊ मोज गर । भविष्यको चिन्ता नगर ।



Downloaded from http://www.dhamma.digital

पुनर्जन्ममा विश्वास गर्नेले र नगर्नेले पनि यस जन्ममा राम्रो काम गर्ने प्रेरणा पाउन सक्छ, यस्तै नराम्रो काम गर्नेले पनि प्रेरणा पाउन सक्छ। व्यक्ति कुन परिस्थितिमा जन्मन्छ, कस्तो लालन-पालन हुन्छ, कस्तो संगत पाउँछ, त्यसमा भर पर्छ, व्यक्ति कस्तो हुन्छ। दक्षिण एशियाली व्यक्तिहरू मध्ये धेरैजसो स्वर्ग र नरकमा विश्वास गर्छन, तैपनि अधिकांश व्यक्तिहरू दुष्कर्ममा चाहेर वा नचाहेर पनि लागिरहन्छन् । लोभ, रिस, इर्ष्या, भय, त्रोध, मात्सर्य यी मानिसका स्वभाविक प्रवृत्तिहरू हुन्। स्वर्गको प्रलोभन र नरकको त्रास भन्दा यी प्रवृत्तिहरू बलजफ्ती हुन्छन् । चाहे पुनर्जन्ममा विश्वास गर्ने होस् वा नहोस्, जबसम्म यी प्रवृत्तिहरू माथि विजय पाउन वातावरण, सत्संग शिक्षा-दिक्षा हुँदैन, तबसम्म व्यक्ति कु-कर्ममा लागिरहन्छन् ।

भगवान् बुद्धको अनित्यवादी र अनात्मवादी दर्शनमा शारीरिक र मानसिक प्रकृयाहरू स्वाभाविक प्रकृयाहरू हुन् जस्मा व्यक्ति वातावरणसित घात-प्रतिघात वा कृया-प्रतिकृया गर्दै, आफ्नो अस्तित्व कायम गर्दै जन्मदेखि मृत्यु पर्यन्त संघर्ष गर्दै जान्छन्। व्यक्तिका कर्मप्रवाहहरू प्रवाहित भईरहन्छन् र त्यसलाई अघि बढाउँदै लैजाने व्यक्तिहरूलाई अघिका व्यक्तिको पछिल्ला जन्महरूको अर्थमा लिन सकिन्छ, वास्तवमा यहाँ न 'कसैको' जन्म हुन्छ न 'कसैको' मृत्यु हुन्छ। व्यक्तिको शरीर वा मनमा यो 'म' यो 'मेरो' भन्ने केही हुँदैन । केवल परस्पर सम्बन्धित अनात्मिक घटनाक्रमहरूको अविरल लहरनै यो विश्व हो । यहाँ न कोही छ न कुनै कसैको हो । पलभर पनि नठहर्ने घटनाक्रमहरू शून्यमय छन् ।

आजभन्दा करीव २५०० वर्ष अघि भगवान् बुद्धले संसारिक जीवनको बारेमा जुन विचारहरू व्यक्त गरे आधुनिक विज्ञान तथा मनोविज्ञानले तिनीहरूको सांराशमा समर्थन गर्छन् । वैज्ञानिक चिन्तन बमोजिम पदार्थ र शक्तिको संयोग-वियोग, कृया-प्रतिकृयाबाट अगाडि बढीरहेको यो विश्व-प्रवाहमा न कोही छ, न कुनै कसेको हो । व्यवहारमा प्रयोग गरिने 'तेरो-मेरो' को मोहजालले भरिएको रंगीन संसार, वास्तविकतामा हुँदैन । परिवर्तनको क्रममा चलीरहने पदार्थ शक्तिको घात-प्रतिघातले युक्त घटनाहरूलाई 'कसै' द्वारा संचालित भनी एउटा सर्वज्ञ सर्वव्यापी



Downloaded from http://www.dhamma.digital

सर्वशक्तिवान तत्वको परिकल्पना गर्न सकिन्छ, तर त्यो परिकल्पनामै सीमित रहन्छ । वास्तविकता अर्कै हुनसक्छ ।

व्यक्तिले जब जीवित देह भित्र 'म' भन्ने कुनै तत्व छ भनी परिकल्पना गर्छ, तव शरीर मरी गएपनि त्यो 'म' रही रहन्छ, र त्यसले आफ्ना अतृप्त इच्छाहरूको पूर्तिको लागि वा आफूले गरेका कर्महरूको फल भोग्नलाई फेरि जन्मन्छ भनी कल्पना गर्न सकिन्छ। शरीरको 'म' भने जस्तै विश्वको पनि एउटा 'म' को परिकल्पना गर्न सकिन्छ । मोह जालद्वारा आवृत्त 'म' को अज्ञान र तृष्णाको कारण पुनर्जन्म भइरहन्छ र अज्ञान र तृष्णा मेटिए पछि, 'म' को सर्वथा अभाव भएर पुनर्जन्म पनि हराउँछ ।

अविद्या, संस्कार र तृष्णाले बाँधिएर शरीर र मन मा 'म' 'मेरो' भन्ने मिथ्या दृष्टि राखी, भव-चक्रमा घुमीरहनु पर्ने प्रकृयालाईनै पुनर्जन्म मान्न सकिन्छ ।

हुनपनि व्यवहारिक जीवनको मोह जालमा फँसेका हामीहरू मध्ये कसैलाई पनि लाग्दैन, कि मृत्यु पछि हाम्रो अन्त हुन्छ । जति तीव्र तृष्णा हुन्छ उति तीव्र पुनर्जन्मको चाहना हुन्छ । यसै कारणले होला प्रेममा बिछोडिएका प्रेमीहरू जन्म-जन्मान्तरसम्म एकसाथ रहने प्रण गर्छन ।

भगवान् बुद्धले यही शरीर र मनमा 'ममता' राख्ने मिथ्यादृष्टि हटाउन, ध्यान अभ्यास गरी शरीर र मनका कार्यहरूलाई यथार्थ दृष्टिले हेर्ने उपदेश दिनु भएको छ ।



बुद्ध जन्मभूमि : लुम्बिनी



Downloaded from http://www.dhamma.digital

# सम्यक् दृष्टि

सम्यक् दृष्टि भनेको ठीक यथार्थतः वास्वतमा जे जस्तो छ त्यसरी सम्झनु बुझ्नु हो । संसारमा मान्छेपिच्छे भने जस्तै फरक-फरक विचार र समझ हुन्छ, सबैलाई आफ्नो-आफ्नो विचार वा समझ ठीक जस्तो लाग्छ, तर वास्तवमा सबैको विचार सही हुँदैन । एउटा कथा छ– एकादेशका ६ जना अन्धा पण्डितहरूलाई हात्ती कस्तो हुन्छ भनी थाहा पाउन मन लागेर हेर्न गए रे । जब उनीहरू हात्ती कहाँ पुगे सबैले हात्तीको शरीरको विभिन्न भाग छुन पुगे । अन्धोले खुट्टा छुन पुगेर कराए- हात्ती त खम्बा जस्तो पो रहेछ, अर्को अन्धो पण्डितले पेट छुन पुगेर ऊ करायो- हैन, हात्ती त पर्खाल जस्तो पो रहेछ, अर्कोले दाँत छुन पुगेछ र भन्यो- हात्ती त तरवार जस्तो पो छ, फेरी अर्कोले कान छुन पुग्यो र भन्यो हात्ती त पंखा जस्तो पो छ त, अर्कोले पुच्छर छुन पुग्यो र भन्यो हात्ती त डोरी जस्तो रहेछ, अनि छैठौं चाहिंले सूडं समात्न पुगेछ र भन्यो हात्ती त सर्प जस्तो पो छ त । त्यसपछि यी ६ जना अन्धा पण्डितहरू आपस-आपसमा ठूल-ठूलो आवाज निकालेर हात्ती कस्तो छ भन्ने बारे झगडा गर्दै थिए, यत्तिकैमा त्यहाँ एकजना सद्दे आँखा भएको मान्छे पुगेछ र उसले ती पंडितहरूलाई सम्झाएछ, हेर तिमीहरू सबै आफूलाई ठीक छ भनी ठान्छौ वास्तवमा सबै गलत नै छौ ।

यस्तै मान्छेहरू साधारणतया भ्रममा परीरहेका हुन्छन् तर भ्रममा परेकोले आफू भ्रममा छु भन्ने थाहा हुँदैन, आफूलाई ठीकै सम्झन्छ । यही नै संसारमा सबै झगडाको बीऊ बन्न जान्छ । व्यक्ति जन्मदेखि भ्रम लिएर जन्मदैन, अज्ञान लिएर जन्मन्छ, अज्ञान सफा पाटी जस्तो हुन्छ जसमा भ्रम समाजले लेखी दिन्छ, कालान्तरमा त्यसमा यति धेरै भ्रमित कुराहरू लेखिन्छ कि सही कुराको निम्ति लेख्ने ठाउँ पनि बच्दैन, सत्य कुरा लेख्नलाई भ्रमित कुराहरू लेखिन्छ कि सही कुराको निम्ति लेख्ने ठाउँ पनि बच्दैन, सत्य कुरा लेख्नलाई भ्रमित कुरा समेटेर पढाउनु पर्ने हुन्छ, तर यो काम त्यति



Downloaded from http://www.dhamma.digital

सजिलो भने अवश्य हुँदैन, कति भ्रमित कुराहरू दोहोरिंदा दोहोरिंदा यति गाढा कोरिएको हुन्छ कि मेटेर पनि मेटिन्न । खासगरी वृद्धावस्थामा मानसपटलमा कोरिएका भ्रमहरू मेटेर पठाउन गाह्रो हुन्छ । त्यसकारण बाल्यावस्था वा किशोरावस्थादेखिनै सम्यक् दृष्टि विकास गर्ने बाटोमा लाग्नु श्रेयस्कर हुन्छ ।

सम्यक् दृष्टिको विकास कसरी गर्ने भन्ने बारे भगवान् बुद्धले आर्य अष्टांगिक मार्गमा अत्यन्त स्पष्ट व्याख्या गरीराख्नु भएको छ । त्यसो हुँदा-हुँदै पनि फेरि केही भन्नु सूर्यको अगाडि बत्ती बाल्नु जस्तो मात्र हुन जान्छ । आज २५०० वर्ष जति अगाडि जब विज्ञानको सायद जन्म पनि भएको थिएन होला भगवान् बुद्धको सोचन प्रणाली पूर्ण तवरले वैज्ञानिकताले भरिपूर्ण हुनु त्यसबेलाका दार्शनिकहरू वा धर्म प्रचारकहरूको लागि अद्वितीय मान्न सकिन्छ । त्यसबेलादेखि अहिलेसम्म विज्ञानले धेरै उन्नति गरीसकेको छ । प्रकृतिका प्रायः सबै जसो पक्षमा अचेत वैज्ञानिकहरूले पत्ता लगाएका ज्ञानको वैज्ञानिक ज्ञान तथा मनोविज्ञानलाई पनि उपयोग गरी आफ्नो चारैतिरको वातावरण, परिवर्तन शील वस्तु वा वस्तुस्थितिहरू बारे तथा आफ्नै शरीर मन मस्तिष्क बारे वैज्ञानिक अभिवृत्ति (Scientific Attitudes) आफूमा जागृत गरी वास्तविकतालाई केही सरल विधिहरू यहाँ उल्लेख गरिएको छ ।

**पहिलो अभ्यास-सम्यक् आचरण**

सम्यक् दृष्टिमा लाग्ने साधकले आफ्नो मन, वचन, तथा कर्मले कुनै यस्तो आचारण गर्नु हुँदैन, जसबाट चित्त चंचल, उद्विघ्न र उत्तेजित होस् ।

कस्ता कर्महरू गर्नाले चित्त चञ्चल, उद्विघ्न, उत्तेजित रहन्छ र ठीकसँग विचार गर्ने क्षमता नष्ट हुन्छ ? चोरी गर्नु झूठो बोलेर हिंड्नु, अरुलाई छकाउनु, काममा मिथ्याचार गर्नु, हिंसा गर्नु, मादक पदार्थ सेवन गर्नु, कठोर वचन बोल्नु, बकवास गरेर हिंड्नु, निन्दाचर्चा गर्नु, चुगली गर्नु, लोभी हुनु, द्वेष, इर्ष्या भावना राख्नु, अर्काको कुभलो चिताउनु यस्ता कर्महरू गर्नाले चित्त चञ्चल उद्विघ्न उत्तेजित हुन्छ । आफ्नो रोजगारमा कसैको हानी-नोक्सानी नहोस्, अलसी प्रमादी नहोस् भनी ध्यान पुऱ्याउनु



Downloaded from http://www.dhamma.digital

पर्छ। धेरै खाने, नून मसला अत्यधिक मात्रामा खाने, धेरै चिल्लो बोसोयुक्त पदार्थ खाने, गुलियो पदार्थ धेरै खाने, गर्नाले पनि शरीर बोझिलो भएर मनले राम्रो काम गर्न सक्दैन । शारीरिक परिश्रम पनि उचित मात्रामा गर्नुपर्छ, सकीनसकी परिश्रम पनि उचित मात्रामा गर्नुपर्छ, सकीनसकी परिश्रम गर्नाले वा धेरै आराम गर्नाले पनि मन शिथिल भएर जान्छ । त्यसकारण सम्यक् दृष्टि प्राप्त गर्न उचीत मात्रामा भोजन, व्यायाम, विश्राम, तथा सम्यक् आचरण पनि गर्नु आवश्यक हुन्छ । सबै मिलेर सबैको भलो गरूँ भन्ने उद्देश्यले मैत्री, करूणा, मुदिता र उपेक्षाको भावना राख्नु अति उत्तम हुन्छ । जीवन सरल हुनुपर्छ । ज्यादै महत्वाकांक्षी हुनु हुँदैन ।

सम्यक् दृष्टिको मार्गमा लाग्ने व्यक्तिले आफ्नो रोजगारको लागि उद्यमशील बनी राम्रो पेशाहरू अपनाउनु आवश्यक हुन्छ तर त्यसैमा डुब्ने खालको पेशाबाट बच्नु पर्छ, अरुलाई हानी नोक्सान हुने रोजगारबाट बच्नु पर्छ । जस्तै मासु, हतियार, जनावर वीषालु पदार्थ इत्यादिको बेच विखनबाट बच्नुपर्छ । सम्यक् आचरण र सम्यक् दृष्टिको अनन्य सम्बन्ध हुन्छ ।

**दोश्रो अभ्यास : अवलोकन**

जागरुक रही आफ्नो चारैतिरका आफूभित्र र बाहिर वातावरणमा भैरहको आफू संलग्न भएका र नभएका घटनाहरू वस्तुहरू वा वस्तुस्थितिहरूलाई आफ्ना इन्द्रियहरू प्रयोग गरी थाहा पाउनु होस् । [घटनाको अर्थ कुनै पनि हलचल, परिवर्तन इत्यादि हुन्, वस्तुको अर्थ कुनै पनि चीजवीजहरू र वस्तुस्थितिको अर्थ कुल अवस्थामा कसरी सो वस्तु रहेको छ त्यसलाई लिइएको छ ।]

अवलोकन केही बेरसम्म जबसम्म तपाई चाहनु हुन्छ गर्नसक्नु हुन्छ । अवलोकन गरिएकोलाई सकभर सम्झीराख्नु होस् ।

**तेश्रो अभ्यास : मनन / ध्यान**

प्रतिदिन केही फूर्सदको समय (आधा घण्टादेखि एक घण्टासम्म) निकाली, एउटा अरुले बाधा नपार्ने एकान्तको ठाउँ रोजी आफूले अवलोकन गरेका घटनाहरूबारे स्मरण र मनन गर्नुहोस् । ध्यान मुद्रामा बस्नु भए



Downloaded from http://www.dhamma.digital

राम्रो हुन्छ । आफ्नो चिन्तनको प्रकृयालाई ढीलो गर्नुहोस् । श्वास पनि विस्तारै फेर्नुहोस् । आँखा चाहे बन्द राख्नु होस् वा आधा खुला राख्नु होस् तर यताउती हेर्ने नगर्नु होस् । गौर गर्नु होस् अवलोकन गरिएका घटनाहरू कसरी परस्पर सम्बन्धित छन्, कसरी घट्छन् वस्तुहरू वस्तुस्थितिहरू कसरी उत्पन्न हुन्छन्, परिवर्तित भएर विलाएर जान्छन् फेरि अर्कै बन्छन् थाहा पाउनु होस् । यो ध्यान र अवलोकनको क्रमप्रतिदिन अटूट रूपमा भए लाभप्रद हुन्छ ।

**चौथो अभ्यास : अध्ययन**

आफ्नो वातावरण बारे, शारीरिक र मानसिक प्रकृयाहरू बारे वैज्ञानिक तथा मनोवैज्ञानिकहरूले खोजी गरेमा ज्ञान विज्ञान र मनोविज्ञान आदिको अध्ययन गर्नुहोस् । प्रतिदिन फुर्सदको केही समय सबै प्रकारको अध्ययनमा लगाउनु होस् । विज्ञानको अध्ययनले हामीमा निरपेक्ष भावले (Objectively) मनन गर्ने बानीको विकास हुन्छ । मन, इन्द्रियहरू तथा प्रकृतिमा भैरहने परिवर्तनहरू बारे अन्य उपलब्ध सामग्रीहरूको पनि अध्ययन गर्नुहोस् ।

**पाँचौं अभ्यास : वैज्ञानिक अभिवृत्तिहरूको विकास**

आफूमा वैज्ञानिक अभिवृत्ति (Scientific Attitudes) हरूको विकास गर्नुहोस् । कसैको हाऽहाऽ मा नलागि, आफै दिल र दिमाग खुला राखी स्वतन्त्र चिन्तन गर्ने बानी बसाल्नुहोस् । आफूले अध्ययन गरेका वा उसबाट सुनेका कुराहरूलाई आफ्नो मनको कसीमा कसेर ठीक लागेमा ग्रहण गर्नुहोस् नलागे फालि दिनुहोस् । झ्वाट्ट कुनै पनि निष्कर्षमा नपुग्नुहोस् । विचार गर्नुहोस्, फेरी विचार गर्नुहोस्, फेरि विचार गर्नुहोस्, जब सम्म आफ्नो मनमा प्रष्ट हुँदैन विचार गर्नुहोस् ।

उपरोक्त पाँचवटा अभ्यासहरू बारम्बार गर्दै जानुहोस् । केही समय पछि एउटा यस्तो अवस्था आउँछ, तब तपाईको मन सिर्जनशील हुन्छ र कुनैपनि समस्या वा प्रश्नको ठीक समाधान गर्न आफैले मनमा गुनी निकाल्ने सामर्थ्य आफूमा उत्पन्न भएको थाहापाउनु हुन्छ । कतिसमय पछि यस्तो अवस्था आउँछ, सो हतपाईको अभ्यासमा भर पर्छ ।



Downloaded from http://www.dhamma.digital

**छैठौं अभ्यास : समस्या वा प्रश्नहरूको समाधान**

अब आफ्नो मनलाई केही मूलभूत समस्या वा प्रश्नहरूको, समाधानको दिशामा लगाउनुहोस्। एक पटकमा एउटै प्रश्न वा समस्यालाई लिनुहोस्। हडबडीमा हैन, सुस्थिर समाहित मनले बुझ्ने अभ्यास गर्नुहोस्।

**उदाहरणको लागि केही प्रश्न/समस्या दिईएको छन्:**

(क) जीवनको उद्देश्य के हो ?

(ख) सुखी रहने सर्वोत्तम उपाय के हो ?

(ग) दुःख सुख कसरी उत्पन्न हुन्छ ?

(घ) परिवर्तनहरू कसरी हुन्छन् ?

(ङ) समाजमा किन दुःख र अशान्ति फैलिएको छ ?

इत्यादि।

प्रश्न : समस्या समाधानको क्रममा विभिन्न मत मतान्तरहरूको अध्ययन गर्न सक्नुहुन्छ, तर निर्णय आफैसँग राख्नुस्। स्मरण रहोस् विज्ञ विद्वानहरू पनि अज्ञानमा फसेका हुन सक्छन् भनी विश्वास गर्नुनै वैज्ञानिकता हो। रिचार्ड फेनमेन भन्ने विज्ञानमा नावेल पुरस्कार विजेता एकजना वैज्ञानिकको भनाईमा "science is belief in the ignorance of experts" अर्थात् विज्ञहरूको अज्ञानतामा विश्वास गर्नुनै विज्ञान हो। विना सूझबूझ कसैको भनाईमा विश्वास नगर्ने उपदेश भगवान् बुद्धले पनि दिनु भएको छ।

माथि उल्लिखित ६ प्रकारका अभ्यास निरन्तर गर्दै गर्नाले सम्यक् दृष्टि प्राप्त हुन्छ, हामी यथार्थतालाई बोध गर्नसक्छौं, संसारलाई जस्तो छ त्यस्तै बुझ्न सक्छौं। सम्यक् दृष्टि आवश्यक छ आफूले आफैलाई बुझ्नलाई आफ्नो वातावरण बुझ्नलाई ठीकसँग संसार वा बाँच्नलाई, आफूपनि सुखीभई बाँच्न र अरुलाई पनि सुखी राख्नलाई र जीवनमा आइपर्ने समस्याको ठीक समाधान गर्नलाई। मानव जीवनको श्रेष्ठोत्तम उपलब्धि सम्यक् दृष्टि प्राप्त गर्नु हो, सम्यक् दृष्टि प्राप्त गरी हामी सम्पूर्ण क्लेशबाट मुक्त हुनसक्छौं अरुलाई पनि यस मार्गमा लगाउन सक्छौं, र दुःखबाट मुक्त जीवन बिताउन सक्छौं। सम्यक् दृष्टि नभएका मिथ्या दृष्टिमा कुमार्गमा लाग्नेहरूले आफूसँग भएको धनमालको पनि सदुपयोग गर्न सक्तैनन्। मिथ्या दृष्टिले हाम्रो धन र शक्तिको पनि दुरुपयोग गराउँछ।



Downloaded from http://www.dhamma.digital

अचेल हाम्रो समाजमा जुन दुःख र अशान्ति छाएको छ त्यस्को मूलकारण मिथ्या दृष्टिमा परेकाहरूको समाजमा बाहुल्य हुनु हो। त्यसकारण बुद्धिमान व्यक्तिले आफ्नो सम्पूर्ण प्रयत्नले मिथ्या दृष्टि त्यागेर सम्यक् दृष्टिको विकास गर्ने मार्गमा लाग्नुलाईनै मानव जीवनको सार संझनु पर्छ। भगवान् बुद्धको आर्य अष्टांगिक मार्ग सम्यक् दृष्टिको मार्ग हो। तर यसको मतलव यो होइन कि सम्यक् दृष्टि बौद्धहरूको लागि मात्र हो। सम्यक् दृष्टिको आवश्यकता संसारमा सबै धर्म, वर्ण, जाति, सबै देशका मानिसहरूलाई पर्छ। चाहे हिन्दू होस्, बौद्ध होस्, इशाई होस् अथवा अझ कुनै धर्मका अनुयायी किन नहोस्, सम्यक् दृष्टिको आवश्यकता सबैलाई पर्दछ। स्वस्थ शरीरमा स्वस्थ समाहित सुस्थिर र शान्तमन राखी संसरालाई राम्ररी बुझी राम्रो जीवन बिताउन आवश्यक नपरेको व्यक्ति को होला ?

यदि कोही भन्ठान्छ कि जथाभावी जीवन बिताएर, चित्तलाई उत्तेजित र उद्‌विघ्न राखी, असमाहित र चंचल राखी छोटकरी मंत्र, फर्मूला वा विधिबाट सम्यक् दृष्टिको विकास गरी उत्तम जीवन बिताउन सकिन्छ भने ऊ भ्रममा परेको छ। सम्यक् दृष्टिको लागि अप्रमादी भई निरन्तर अभ्यास गरीरहनु पर्छ। स्वस्थ शरीर समाहित चित्त, सदाचरण र सम्यक् दृष्टिनै सफल जीवनका आधारशीलाहरू हुन्।

सम्यक् दृष्टिको मार्गमा सबै लाग्न सकून, सबैलाई शान्ति प्राप्त होस्।

**धर्मकीर्ति, २१, ६**



Downloaded from http://www.dhamma.digital

# विज्ञानको परिप्रेक्षमा बुद्धधर्म

विश्व एउटै छ, त्यसकारण यसविश्वका प्रकृयाहरू बारे 'सत्य' वा वास्तविकता पनि एउटै छ। त्यही एउटा 'सत्य' प्राप्त गर्न मानव जातिले दुइवटा राजमार्ग खोलेको छ - एक विज्ञानको र अर्को दर्शनको।

विज्ञानको बाटो हो - खोजीनीति, अनुसन्धान र प्रयोगको बाटो, प्रत्यक्ष अनुभवको बाटो, प्रकृतिमा जुन प्रकृयाहरू चलीरहेका छन् त्यसबारे के ? किन ? कसरी ? आदि प्रश्नहरू माथि खुला दिल र दिमागले सोच्दै प्रत्यक्ष प्रयोगहरूको आधारमा वैज्ञानिकहरूले 'सत्य' वा 'यथार्थ' कुरा अथवा 'वैज्ञानिक ज्ञान' (Scientific Knowledge) प्राप्त गर्छन्। यसकारण संसारका कुनैपनि देश काल, परिस्थितिमा बसेका वैज्ञानिक ज्ञान एउटै हुन्छ। जस्तै 'निश्चित चाप र तापक्रममा हाइड्रोजन र अक्सिजनबीच प्रतिकृया भई "पानी बन्छ" यस तथ्यलाई संसारको कुनै कुना काप्चामा गरे पनि सत्य हुने हुनाले कसैले पनि नकार्न सक्तैन। वैज्ञानिक ज्ञान सबैको साझा सम्पत्ति हो- यसलाई मान्छेको व्यक्तिगत धारणा वा विश्वासले असर पार्न सक्तैन।

विज्ञान खोज र अनुसन्धानको बाटो भएको हुनाले खोजीनीति गरी पत्ता लगाएका नयाँ तथ्यहरूको आधारमा पहिलेका निष्कर्षहरूलाई संशोधन गर्दै सत्यतिर अगाडि बढ्छ। जस्तै एक जमानामा मान्छेले बनाएको नहर जस्ता धर्साहरू देखेर मंगल ग्रहमा पनि जेहेन्दार जीवनहरू होलान् भनी अड्कल गर्ने वैज्ञानिकहरूले सो ग्रहमा अन्तरीक्ष यान पठाई हेर्दा कुनै जीवन नभेटेकोले पुरानो धारणा बदलेका छन्। वैज्ञानिक ज्ञान खारिंदै संशोधित हुँदै 'सत्य' नजिक पुग्ने प्रयत्न गर्छ र यहीनै अन्तिम सत्य हो भनी आफ्नो खोजी रोक्दैन।

दार्शनिकहरूले आफ्ना इन्द्रियानुभूतिहरूको आधारमा विश्वका प्रकृया बारे थाहा भएका कुराहरूलाई एकाग्र चित्तले मनन गरी जुन कुरा आफूलाई ठीक लाग्छ त्यसैको आधारमा आफ्नो दृष्टिकोण वा दर्शन



Downloaded from http://www.dhamma.digital

बनाउँछन् । यसकारण जीवनका आधारभूत प्रश्नहरू बारे दार्शनिकहरूका आफ्ना-आफ्ना दर्शन तथा वादहरू हुन्छन् ।

आजको वैज्ञानिक युगमा विज्ञानले विश्वका प्रकृयाहरू बारे नयाँ नयाँ धारणाहरू खडा गर्दै लगेकोबाट दर्शन तथा दर्शनको आधारमा खडा भएका धर्महरूलाई पनि प्रभाव पार्दै लगेको छ। कतिपय धार्मिक विश्वासहरू आज आएर अन्धविश्वासमा परिणात हुँदैछन् ।

वैज्ञानिक तथ्यहरूमा आधारित नभएका प्राकृतिक नियमहरूको विपरितका धेरैजसो धार्मिक विश्वासहरूलाई वैज्ञानिकहरू पुष्टि गर्दैनन्, जस्तै :

(क) ब्रह्माण्ड, सौरमण्डल, पृथ्वीको उत्पत्ति र विकासबारेका पौराणिक कुराहरू वैज्ञानिक ज्ञानसित मेल खाँदैनन् ।

(ख) पृथ्वीमा जीवनको उत्पत्ति र विकास, जीवनहरूको प्रजनन् र पुरानो पुस्ताबाट नयाँमा गुणहरू जाने पद्धतिलाई डार्विन, मेण्डल र त्यसपछिका वैज्ञानिकहरूका खोजहरूले गर्दा पुरानो धारणाहरूलाई अमान्य तुल्याइदिएका छन् ।

(ग) मृत्युपछिको पुनर्जन्म बारे र विशेष गरी मृतदेहबाट कुनै चीज निस्केर गई गर्भाधानको समय आफ्नो कर्मअनुसारको ठाउँ खोजेर पस्ने पुरानो विचारलाई आधुनिक प्रजनन विज्ञानले बदल्न बाध्य गर्दैछ । सरल प्राणीहरू जस्तै अमीवा, वेक्टेरिया, भाइरस आदि अनुकूल वातावरणमा एकबाट दुइ, दुइबाट चार हुँदै आफै विभाजित हुँदै प्रजनन गर्दछन् र अनुकूल वातावरण रहेसम्म यी जीवनहरू मर्दैनन् । प्रजनन कृयामा पनि प्रजनन कोषहरू वृद्धि भएर नयाँ जीवन बन्छ । कोषहरूको सिलसिला एक पुस्ताबाट अर्को पुस्तामा चलीनै रहन्छन्। आजका प्राणीहरूको शरीरमा भएका जुन जीवकोषहरू छन्, ती करोडौं वर्ष पहिलेका जीवनहरूको जीवकोषहरूनै समयानुसार परिवर्तन भइचल्दै आइरहेका हुन् । शरीरका विभिन्न कोषहरूमा भइरहने कृयाहरूमा व्यक्तिको जीवन निर्भर गर्दछ र स्नायू तथा मस्तिष्कका कोषहरूमा भैरहने कृयाहरूमा व्यक्तिको मानसिक स्थिति निर्भर गर्दछ। आधुनिक मनोविज्ञानले यी कुराहरूको पुष्टि गरेको छ । मनोविज्ञान पनि विज्ञानकै एक शाखा हो ।



Downloaded from http://www.dhamma.digital

(घ) आधुनिक विज्ञानको खोजले पृथ्वी बाहेक अन्य लोकहरू, भुवनहरू, स्वर्ग, नगरक आदि नभएको तथ्य हाम्रो अगाडि राखि दिएको छ ।

(ङ) वैज्ञानिकहरूको खोज अनुसार पदार्थ र शक्तिको अन्तर प्रतिकृयाले नै विश्व बनेको छ । पदार्थलाई शक्तिकै एउटा रूप मानिन्छ । पदार्थहरू हरबखत चलायमान छन् । यसकारण विश्वमा कुनैपनि स्थिति वा संस्कार क्षणिक छ, अनित्य छ र प्रकृति भन्दा पर पदार्थ - शक्ति दुवै नभएको कुनै चीजको अस्तित्वलाई विज्ञानले स्वीकार्दैन ।

विश्वमा भैरहने सारा परिवर्तनहरू अन्तर सम्बन्धित हुन्छन् । यसकारण विश्वमा कुनै पनि घटना (परिवर्तन) सकारण घट्छ । कारण-कार्य श्रृंखलामा घटनाहरू बाँधिएका छन् ।

विश्वका कुनै घटना के कारणले घट्यो कसरी घट्यो किन घट्यो भन्ने बारे 'सत्य' कुरा हामी आफ्नो इन्द्रियको सीमितताको कारणले गर्दा थाहा पाउँदैनौं । हाम्रै अगाडि घटेका केही घटनाहरूको आंशिक मात्रामासम्म हामीलाई बोध हुन्छ हाम्रो अज्ञानताले गर्दा हामीले एउटा यस्तो 'तत्व' को परिकल्पना गर्छौं, जो सर्वव्यापी छ, भूत, भविष्य, वर्तमान सबैकालमा घटेका घटनाहरूको यथार्थ ज्ञान राख्ने अर्थात् सर्वज्ञ र जो समस्त परिवर्तनहरूका कारक भएर पनि सबैमा निर्लिप्त छ । यसरी जब हामी एउटा परम तत्वको परिकल्पना गर्छौं, तब हामी विज्ञानभन्दा पर जान्छौं ।

परिकल्पित तत्वलाई वास्तविक तत्व मानेर, वास्तविक जीवनलाई अवास्तविक मान्ने छुट दर्शनमा हुन सक्छ, तर विज्ञानमा हुँदैन । तर आजको वैज्ञानिक युगमा विज्ञानका विचार धाराहरूबाट अछूत रहन धर्महरूलाई कठिन पर्दै आएको छ र विज्ञान र दर्शनको समन्वय आजको आवश्यकता भएको छ । विज्ञानको परिप्रेक्षमा बुद्धधर्मलाई हेर्दा हामीले बुद्धधर्मका निम्न आधारभूत कुराहरूलाई विज्ञान सम्मत पाउँछौं ।

जस्तै :

(क) **सर्वव्यापी सर्वकालिक अनित्यता** : विज्ञानको दृष्टिकोणमा पनि यहाँ नित्य केही पनि छैन । सबैमा हरबखत परिवर्तन भैरहेको छ । सबै अनित्य छ ।

(ख) **अनात्मिकता** : विज्ञानको दृष्टिकोणबाट पनि यहाँ 'म' भन्ने केवल



Downloaded from http://www.dhamma.digital

एउटा व्यवहारमा दिइएको आफ्नो अस्तित्व बोध जनाउने संज्ञा मात्र हो, विश्वको प्रकृयाको अभिन्न अंश शरीर भएकोले यसमा कुनै छुट्टै 'तत्व' को अस्तित्व संभव छैन ।

(ग) **प्रतीत्यसमुत्पाद** : 'यो भएपछि यो हुन्छ, यो भएन भने यो हुँदैन' विज्ञानको कारण कार्य नियमसँग मिल्दो जुल्दो, यस नियम अनुसार वास्तविकताको ज्ञान नभएपछि वा अविद्या भएपछि व्यक्ति संस्कारले बाँधिन्छ, संस्कार भएपछि क्रमशः विज्ञान (चेतना), नामरूप (स्नायुपुञ्जयुक्त शरीर), इन्द्रिय, स्पर्श, वेदना, तृष्णा उत्पन्न भइरहन्छन्, तृष्णा भएबाट उपादान (ग्रहण गर्ने इच्छा), भव (आवागमन), जाति (जन्म), अनि जरा, मराणादि हुन्छ । यसरी यो चक्र चलिरहन्छ ।

(घ) **चतुरार्यसत्य** : दुःख सत्य, दुःख - समुदय, दुःख निरोध सत्य र दुःख निरोध गामिनी मार्ग सत्य - यसरी ४ सत्यहरू मनोविज्ञान सम्मत छन् ।

शील- समाधि-प्रज्ञाको मार्ग दुःखनिरोध गामिनी मार्ग हो । कुबाटोमा नलाग्ने दृढ संकल्प गरी शील पालन गर्नाले (शरीर, वचन र मनले कुशल कार्य गर्नाले) चित्त स्थिर हुन्छ, शान्त हुन्छ, समाधिस्थ हुन्छ, अनि उत्पन्न हुन्छ, अविद्या हट्छ । अविद्या गएपछि संस्कारले बाँधिन्न, अनि क्रमशः आवागमनको चक्रबाट मुक्त हुन्छ, निर्वाण प्राप्त हुन्छ ।

अभिधम्ममा वर्णन गरिएका मानसिक स्थितिहरूको विश्लेषणलाई आफ्नो मनले ध्यानपूर्वक अध्ययन मनन गरेमा बोध गर्नसकिन्छ ।

(ङ) **दश अव्याकृत** : बुद्धले केही प्रश्नहरू बारे अव्याकृत (अकथनीय) भनी चूप रहनु भएको छ । जस्तै : लोक नित्य छ ? अनित्य छ ? अन्तवान् छ ? अनन्त छ ? जीव र शरीर एउटै हो ? भिन्न भिन्न हो ? मृत्यु पछि तथागत रहन्छ ? रहँदैन ? रहन्छ र रहँदैन पनि ? न रहन्छ न रहँदैन ? बुद्ध भन्नु हुन्छ - 'मैले यी प्रश्नहरूलाई अव्याकृत भनेको छु, किनकि यिनीहरू बारे भन्नु सार्थक छैन, भिक्षु चर्याको लागि उपयोगी पनि छैन, न निर्वेद, निरोध, परम ज्ञान र निर्वाणको



Downloaded from http://www.dhamma.digital

लागि आवश्यक छ ।' बुद्धले अव्याकृत भने जस्तै विज्ञानले पनि अन्वेषण र अनुसन्धानको क्षेत्रमा आउन सक्नेलाई मात्र आफ्ना अध्ययनको विषय बनाएको छ, प्रकृति भन्दा फरका, प्रयोगशालामा अनुसन्धान गर्न नसकिने परिकल्पित विषयमा आफ्नो कपाल दुखाउन चाहँदैन अर्थात् चूप रहन चाहन्छ ।

**वैज्ञानिक ज्ञानसित असम्मत बुद्धधर्मका पक्षहरू :**

